# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ७९




कोलम्बियाः
सडक र सशस्त्र
संघर्षको आँधीबेरी !




## गोर्खा-भर्तीभित्र
## बेलायती अन्यायको अन्तर्कथा

गोली थाप्दा समान
तलब पेन्सन चाहिं किन यति असमान ?

गाँस-बासविनाका मुक्त कमैयाहरु !

नाशवान
पूँजीवादका
विशिष्टताहरू !

डा. चैतन्य मिश्रको विचार


www.mulyankan.itgo.com

मूल्य रु. २०/-, भारतमा भा.रु. १५/-


GOLD LABEL
DE LUXE
BY APPOINTMENT TO THE ROYAL DANISH COURT
TUBORG
BEER
TUBORG BEER
GOLD LABEL
TUBORG
DE LUXE BEER
650ml
"Brewed by Gorkha Brewery Ltd., (Most modern and environmentally friendly brewery of Nepal) with genuine and pure Australian and European malts and selected European hops. Sold in more than 120 countries world wide."
TUBORG ... WHEREVER YOU ARE.

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ७९
भाद्र, २०५७



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइँटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल :*
yuwa@ntc.net.np
*वेबसाइट:*
www.mulyankan.itgo.com


# गोर्खा भर्तीभित्र बेलायती अन्यायको अर्न्तकथा

**गोली थाप्दा समानः तलब पेन्सन मात्रै किन यति असमान ?**

**ब्रिटिश गोर्खा सेनामा भएको अन्याय, भेदभावबारे को के भन्नु हुन्छ ?**

◆ पदम ब. गुरूङ ◆ सि.पी. मैनाली ◆ डिलाराम आचार्य ◆ सीताराम तामाङ्ग ◆ युवराज कार्की ◆ चेतेन्द्रजंग हिमाली ◆ अनीलकुमार शाह ◆ डा. ओम् गुरूङ



## कोलम्बिया : सडक र सशस्त्र संघर्षको आँधीबेरी !

विशेष सामग्री (दोस्रो खण्ड)

## निर्मल लामाका पछिल्ला नयाँ र भिन्न विचारहरु



## 'मूल्यांकन'ले एकताकेन्द्रप्रति भ्रम दिन खोज्यो !

## नाशवान पूँजीवादको विशिष्टता

- डा. चैतन्य मिश्रको चिन्तन


**हाम्रो मूल्यांकन**
प्रधानमन्त्रीको भारत भ्रमण ४
**आवरण कथा**
गोर्खा भर्तीभित्र बेलायती
अन्यायको अर्न्तकथा
*- श्याम श्रेष्ठ/युवराज संग्रौला* ३३
हाम्रै देशको सरकारबाट यस्तो
हुन नदिन कसरी षडयन्त्र भयो ?
*- पदमबहादुर गुरूङ्ग* ३८
नेपालको सार्वभौम संसदले
भू.पू. ब्रिटिश गोर्खा सैनिकबारे
के निर्देश दिएको छ ? ४१
भू.पू. ब्रिटिश गोर्खा
सैनिकका समस्यालाई कसरी
अन्तर्राष्ट्रियकरण गरिंदैछ ?
*- डा. ओम गुरूङ्ग* १६
**चिन्तन**
नाशवान पूँजीवादको विशिष्टता
*- डा. चैतन्य मिश्र* १४
**संक्षेप**
हामीले वकालत गरेको
प्रगतिशील राष्ट्रवाद हो
*- सी.पी. मैनाली* १६
**घटना र प्रवृत्ति**
लक्ष्मणपुर बाँध 'हुने भैहाल्यो...'? ४
कर्मचारीहरूको आन्दोलनप्रति
सरकार सहिष्णु भएन ५
गाँस बाँस विनाका
मुक्त कमैयाहरू ६
पारस शाहको राजकीय
उपाधि खोसिनुपर्छ ७
नेपाली कांग्रेसले आफ्नो
अनुहारमा थप कालो पोत्यो ७
विद्यार्थीहरूले संसद भवन
अगाडि नागरिकता
विधेयक जलाए १३
**विश्व कम्युनिष्ट आन्दोलन**
कोलम्बिया :
सडक र सशस्त्र
संघर्षको आँधीबेरी !
*- राजेन्द्र महर्जन* ८
**आँखीझ्याल**
विश्वका सबैभन्दा धनीहरू
*- दीपक वैद्य* १७
**विशेष**
निर्मल लामाका पछिल्ला नयाँ र
भिन्न विचारहरू १८
**अन्तर्क्रिया**
'मूल्यांकन'ले
एकताकेन्द्रप्रति
भ्रम दिन खोज्यो !
*- पियुष, ने.क.पा.(एकताकेन्द्र)* २०
**नीति / संस्कृति**
धुम्रपानकर्ता छिमेकीको
विरोध गर्नु सजिलो रहेछ तर...
*- चन्द्रदेव नेपाली* २४
**व्यंग्य**
चोरी
*- विमल निभा* २५
**पर्दा / रंगमंच**
जनवादी साहित्य कलाको
सफल प्रदर्शन
*- माणिकलाल श्रेष्ठ* २६
**रोचक प्रसंग**
लेनिनको भाषण सुनेर
जनता मन्त्रमुग्ध हुन्थे २८
**किताव**
समयचेतनाको प्रस्तुति
'कङ्गन खिल्का'
*- गोविन्द वर्तमान* २९
'योगमाया' बारे सार्थक संग्रह
*- उर्मिला पोखरेल* २९
**कविता**
मेलम्ची !
*-स्नेह सायमि* ३०
प्रश्नहरूको हूलमा फेरि
एउटा प्रश्न
*- कल्याण रोका* ३०
**दर्शन**
कसरी विकसित हुँदैछ संसार
निषेधको निषेध हुँदै ?
*- प्रज्ञानरत्न* ३१
**पाठकको कुरो** ४६




आवरणमा : गोर्खा सेनामा भर्ना हुने क्रममा नम्बर छाप लगाइएका नेपाली युवाहरू (माथि) र ब्रिटिश गोर्खा सैनिकहरू (तल) । काँधमा: एक कोलम्बियाली वामपन्थी छापामार
सज्जाः टाइम्स क्रिएशन, बागबजार, फोनः २५२६४५ । कलर सेपरेशनः पोलिइमेज, प्रदर्शनी मार्ग, फोनः २५२५७२ । कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२* । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

# प्रधान मन्त्रीको भारत भ्रमण

## ठूलो नोक्सानी भएन - त्यही नै उपलब्धि

यही गएको साउन १६ देखि २२ गतेसम्म भएको प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको बहु-प्रचारित औपचारिक भारत भ्रमणको मुख्य उपलब्धि नै यही देखिएको छ कि उहाँले यसपटक पहिलेभैं राष्ट्रलाई ठूलो हानी गर्ने कुरा गरेर आउनुभएन ।



फोटो साभार : नेपाली टाइम्स

भारत सरकारले नेपाल भारत व्यापार सन्धिको विपरीत गएर यो वर्षको बजेटमार्फत् भारततर्फ निर्यात हुने नेपाली बस्तुमा लगाउन शुरू गरेको ४ प्रतिशत अतिरिक्त महशूल खारेज हुनु नै यो भ्रमणको सबैभन्दा मूर्त सफलता देखापरेको छ । परन्तु भारत सरकारले यो मामुली छूट पनि मुफ्तमा दिएको छैन । त्यसको बदलामा नेपालले अब उप्रान्त आफ्नो वातावरण प्रदूषित पार्न सक्ने खालका नेपालमा भारतबाट निर्यात हुने भारतीय गाडीमा समेत स्वतन्त्र रूपमा प्रदूषण संभाव्यता निरीक्षण गर्न नपाउने भएको छ । भारतीय कम्पनीहरूले दिने 'प्रदूषण-मुक्त प्रमाण-पत्र'मै नेपालले अब चित्त बुझाउनु पर्नेछ । नेपालको निम्ति यो नोक्सानीको कुरो भएको छ ।

नेपालको सरकार-प्रमुखको एक प्रमुख छिमेकी राष्ट्रको औपचारिक भ्रमणको बस्तुसम्मत मूल्यांकन गर्दा नेपालले यतिखेर भारतबाट कुन कुन राष्ट्रिय स्वार्थ हासिल गर्नु थियो, भारतले पनि त्यस्तै नेपालबाट के के स्वार्थ हासिल गर्नु थियो र यथार्थमा दुईथरि स्वार्थको लेनदेनमा कसले के हासिल गऱ्यो भनेर मूल्यांकन गर्नुपर्ने हुन्छ ।

यो कोणबाट भ्रमणलाई केलाउँदा नेपालले यसपटक भ्रमणबाट हासिल गर्नुपर्ने मुख्य राष्ट्रिय स्वार्थहरू यी थिए :

◆ नेपाललाई भारतको सुरक्षा छाताभित्र पारिरहने र नयाँ उपनिवेश तुल्याई राख्ने विगतका सन्धिहरूबाट राष्ट्रलाई मुक्ति दिलाउनु

◆ भारतबाट नेपालको कालापानी लिम्पियाधुरा क्षेत्रमा भइरहेको सीमा अतिक्रमण र फौज-तैनाथीको स्थितिबाट देशलाई मुक्ति दिलाउनु

◆ अवैध रूपमा बाँके जिल्लाको राप्ती नदीमा भारतबाट निर्मित लक्ष्मणपुर ब्यारेजबाट सिर्जित डुबान तथा अन्य समस्या हल गर्नु

◆ भारतले नै बाटो दिनाले सिर्जित भूटानी शरणार्थी समस्या समाधानमा भारतको सहयोग हासिल गर्नु

◆ भारतसित विद्यमान विशाल व्यापार घटाउन भारतीय बजारमा अरू ज्यादा नेपाली बस्तु प्रवेश गराउने बाटो खोज्नु

ठीक त्यस्तै, भारतको पनि नेपालसित सुरक्षा, जलस्रोत र बजारका स्वार्थहरू थिए । सुरक्षा र बजारका मामलामा नेपाललाई यथास्थितिमै राखी छोड्नु र बढी से बढी जलस्रोत जसरी पनि सकेसम्म सस्तोमा हात पार्नु उसका प्रमुख स्वार्थहरू थिए ।

यस हिसावले हेर्दा नेपाललाई भारतको सुरक्षा छातामुनि बसिराख्नु पर्ने र नयाँ उपनिवेश भइराख्नुपर्ने स्थितिबाट मुक्त गर्न प्रधानमन्त्रीबाट यस भ्रमणमा जुन साहसपूर्ण कदम चालिनु पर्थ्यो त्यो चालिएन । नेपालले त सन् १९५० को सन्धि अब नेपाल स्वीकार्न सक्दैन भनेर भारतलाई सन्धि अन्तको एक वर्ष जनाउ दिने आँट गर्नुपर्थ्यो । अब हामी विना सन् १९५० को सन्धि नै शान्ति र मैत्री निर्वाह गर्न सक्छौं, गरौं भनेर प्रस्तावित गर्नु पर्थ्यो । त्यसो नगरी, ६ महिनापछि बैठक गरेर सन्धि पुनरावलोकन गर्ने जिम्मा परराष्ट्र सचिवलाई दिइयो । सर्वोच्च राजनीतिक तहबाट राजनीतिक तवरमा हुनुपर्ने यो सार्हासिक नीति निर्णय नोकरशाहको तहबाट गर्न खोज्नु बिल्कुलै गलत भएको छ । त्यसो गर्नु संभव नै छैन ।

कालापानी क्षेत्रको सीमा अतिक्रमणको समस्या सन् २००२-३ सम्ममा सीमाङ्कनमार्फत् संयुक्त प्राविधिक समितिले हल गर्ने टुंगो लगाइएको छ । यो पनि गलत भएको छ । अन्त्यमा यो प्राविधिक समितिले टुंग्याउनु पर्ने काम त हो नै, परन्तु शुरूमा यो राजनीतिक र प्राविधिकहरू संयुक्त रूपले बसेर समस्याको मुख्य चूरो राजनीतिक तवरले हल गरेर, अनि मात्र बाँकी विस्तृत कुरा प्राविधिक तवरले टुंग्याउन सकिने कुरा हो । कालापानीमा भारतबाट भएको सीमा अतिक्रमणको मूल कारण नै फौजी र राजनीतिक-रणनीतिक चरित्रको छ । र, यो उद्देश्यमूलक ढंगले राजनीतिक केन्द्रबाट भएको अतिक्रमण हो । यस्तो जटिल राजनीतिक समस्या प्राविधिकहरूको नक्साङ्कन कमिटीले मात्र कसरी टुंग्याउन सक्छन् भनेर सोचियो ?

लक्ष्मणपुर बाँध सम्बन्धमा प्रधानमन्त्रीबाट नेपालको समस्या जोडदारसाथ नै प्रस्तुत भएको देखियो । डुवानको सवाल संयुक्त विज्ञप्तिमा पारियो । यो राम्रो भएको छ । परन्तु भारतबाट यत्रो महा-गल्तीमा क्षमा नमागिनु, डुवानको मूल कारण - बाँध भत्काउने र सच्याउने निर्णय नहुनु र डुबानका पीडितहरूलाई क्षतिपूर्तिको व्यवस्था नहुनु बिल्कुलै बेठीक भएको छ । सीमा क्षेत्रमा वर्षेनी हुने डुवानको समस्या हल गर्न उच्चस्तरीय कार्यदल बन्नुचाहिं राम्रो भएको छ ।

भूटानी शरणार्थी समस्या सम्बन्धमा त ३२ बुँदे संयुक्त विज्ञप्तिमा एउटा शब्द पनि नपार्न भारत सफल भएको छ । शरणार्थी समस्या हल गर्नका लागि भारतको सहयोग प्राप्त गर्न नेपाल असफल भएको छ ।

भारतसित विद्यमान विशाल व्यापार घाटा घटाउने दिशामा चाहिं यो भ्रमणमा ४ प्रतिशत अतिरिक्त महसूल घट्नुवाहेक अरू कुनै मूर्त उपलब्धि भएको पाइएन ।

भारतका आफ्ना स्वार्थहरूमध्ये सुरक्षा र बजारमा यथास्थिति कायम गर्न ऊ समर्थ भएको छ । जलस्रोतको मामलामा पंचेश्वरको DPR सन्धिअनुसार ६ महिनामै नबनेपछि महाकाली सन्धि नै स्वतः अवैध हुनुपर्नेमा त्यो पुनः दुई वर्ष अरू पर धकेलेर सन् २००१ सम्म कायम गर्न ऊ सफल भएको छ । विगतका द्विपक्षीय सहमतिहरू, सुनकोशी कमला डाइभर्सन, सप्तकोशी परियोजना सम्बन्धमा कुरा अघि बढाउन जलस्रोत सचिव स्तरमा संयुक्त समिति गठन भएको छ ।

यसरी मूल्यांकन गर्दा यो यात्रा नेपालका मूलभूत राष्ट्रिय स्वार्थहरू हासिल गर्न मूलतः असफल भएको छ । यो भीना-मसिना उपलब्धि हासिल गर्न मात्र सफल भएको छ । भारत आफ्ना मूल स्वार्थहरू ज्यूँका त्यूँ कायम गरी छोड्न बढी मात्रामा सफल भएको छ । एउटा फरक चाहिँ के आएको छ भने गिरिजाले यो यात्राअघि पहिलेभन्दा निकै बढी मात्रामा प्रतिपक्षहरूसित बसेर छलफल र गृहकार्य गर्नु भएको छ र पहिलेभन्दा राम्रोसित आफ्नो कुरा भारतसित राख्नु भएको छ । ☐



# लक्ष्मणपुर बाँध :

## 'हुने भैहाल्यो...' ?

- समीर थापा

अन्ततः भारतले बनाएको लक्ष्मणपुर बाँधले नेपाली भूभागलाई डुबानमा पारेको समस्या यथावत् कायम रह्यो । साउन २४ गते संसदमा बोल्दै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भन्नुभयो : "हुने भइहाल्यो, अब भविष्यमा नेपालसँग सरसल्लाह नगरी त्यस्तो बाँध नबनाइने आश्वासन मैले भारतीय पक्षबाट पाएको छु ।"

अन्तरराष्ट्रिय कानून मिचेर भारतले बनाएको लक्ष्मणपुर बाँध भत्काउनुपर्छ भन्ने आवाज देशभित्र उठिरहेको बेला भारत भ्रमणमा जानुभएका प्रधानमन्त्री कोइरालाले भारतीय प्रधानमन्त्रीसमक्ष यस विषयलाई दह्रोसँग राख्न सक्नुभएन । फलतः अरु विषयहरुजस्तै यो विषय पनि नेपालको राष्ट्रिय हितको पक्षमा टुङ्गो लागेन ।

ज्ञातव्य छ - अन्तरराष्ट्रिय कानून-अनुसार दुई राष्ट्रको सीमाको ८ किलोमिटर वरपरसम्म कुनै बाँध बनाउन पाइदैन । तर भारतले उत्तर प्रदेशको बहराइच जिल्लामा पर्ने लक्ष्मणपुरमा नेपाली सीमानादेखि ५ किलोमिटरको दूरीमा बाँध बनाएको छ भने केवल ३०० मिटरको दूरीमा तटबन्ध बनाएको छ । त्यसबाट नेपालको बाँके जिल्लाको होलिया, बेतहनी, गंगापुर, मटौहिया, फत्तेपुर गा.वि.स. अन्तरगतका २७ वटा गाउँहरु डुबानको समस्याग्रस्त भएका छन् । ती गाउँका करीब दुईहजार घरधुरीमा करीब दशहजार परिवार तत्काल डुबानको समस्याबाट पीडित भएका छन् ।

भारतले आफ्नो बिस्तारवादी चरित्रअनुरुप एकतर्फी ढंगले लक्ष्मणपुर बाँध र तीनसय मिटरभित्र तटबन्ध बनाएको विरोधमा नेपालका राजनीतिक पार्टीहरुदेखि लिएर सम्पूर्ण संचारमाध्यमले व्यापक विरोध गरिरहेकै बेला नेपालस्थित भारतीय राजदूतावासले भ्रमपूर्ण विज्ञप्ती जारी गरेपछि नौ वाम समूहलगायत सम्पूर्ण राजनीतिक पार्टीहरुले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई उहाँको भारत भ्रमणको प्रमुख एजेण्डाभित्र लक्ष्मणपुर बाँधको विषय पनि पार्न दबाव दिएका थिए ।

यही साउन १० गते भारतीय राजदूतावासले एक प्रेस विज्ञप्ती जारी गरी लक्ष्मणपुर बाँध नेपाल भारत सीमाबाट ८ कि.मि. टाढा पर्ने र

अन्तरराष्ट्रिय प्राविधिक नियमअनुसार नै बनाइएको बताएको थियो । उता, त्यही दिन प्रतिनिधि सभामा परराष्ट्र तथा मानव अधिकार समितिले लक्ष्मणपुर बाँध भारतले भत्काएन भने श्री ५ को सरकारले यस विषयलाई अन्तरराष्ट्रियकरण गर्नुपर्ने सुझाव प्रधानमन्त्री कोइरालालाई दिएको कुरा एक पत्रकार सम्मेलनमार्फत् सार्वजनिक गरेको थियो ।

त्यस्तै, साउन ११ गते परराष्ट्रमन्त्री चक्रप्रसाद बाँस्तोलाले राष्ट्रिय समाचार समितिसँग कुरा गर्दै अघिल्लो दिनको भारतीय राजदूताबासको जिकिरलाई नेपालले नमान्ने कुरा बताउनुभएको थियो । साउन १० गते भारतीय राजदूतावासले जारी गरेको वक्तव्यले आक्रोशित भएर त्यस दिन सत्तापक्ष र प्रतिपक्ष दुवैथरिका सांसदहरुले संसदमै कडा विरोध व्यक्त गरेका थिए ।

यही विषयमा साउन ११ गतेकै संसदमा तीन घण्टा लामो छलफलमा उठेका प्रश्नहरुको जवाफ दिँदै जलस्रोत राज्यमन्त्री रामबहादुर गुरुङले लक्ष्मणपुर बाँध र तटबन्ध सीमाबाट आठ किलोमिटर पर छ भन्ने भारतीय दावी झूठो बताउँदै १९ नं. को सीमास्तम्भबाट तटबन्ध ३ सय मिटरमात्र पर रहेको बताउनुभएको थियो ।

यसरी सरकार र सत्तापक्षसमेत यो विषयमा प्रतिपक्षीहरुको बिचारसँग सहमत रहेको राष्ट्रिय परिस्थित हुँदाहुँदै पनि आफ्नो भारत भ्रमणको अवसरमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले त्यसबाट लाभ उठाउन सक्नुभएन । नेपाली जनताको आदेशको बललाई बुझेर महत्व दिनुभएको भए प्रधानमन्त्री कोइरालाले भारतीय पक्ष समक्ष यो विषय दह्रो किसिमले प्रस्तुत गर्नुहुने थियो ।

नौ वाम समूहले प्रधानमन्त्रीलाई उहाँको भारत भ्रमणको पूर्वसन्ध्यामा भेटी लक्ष्मणपुर बाँधका सम्बन्धमा एक सुझाव-पत्र समेत दिएको थियो । त्यसअघि नौ वाम समूह साउन १० गते नै लक्ष्मणपुर बाँधको स्थलगत निरीक्षण गरी भारतले बनाएको त्यो बाँध भत्काउनुपर्ने निष्कर्षमा पुगेको थियो । अझ त्यसभन्दा अघि नै गत असार २५ गते नै नौ वाम समूहले लक्ष्मणपुर बाँधका सम्बन्धमा भारतीय राजदूतावासमार्फत् लक्ष्मणपुर बाँध भत्काउने माग गरेर भारतीय प्रधानमन्त्रीलाई पत्र पठाएको थियो ।

त्यसपछि साउन ६ गते नेकपा मालेसँग आवद्ध ६ वटा जनवर्गीय संगठनहरुले लक्ष्मणपुर बाँध भत्काउने माग राखेर भारतीय राजदूतावास घेराउ गरेका थिए ।

उपर्युक्त घटनाक्रमहरुले के देखाएका छन् भने नेपालको राष्ट्रियता र राष्ट्रहितको पक्षमा नेपालका वामपन्थी शक्तिहरु गंभीर र क्रियाशील छन् । त्यसको सापेक्षतामा नेपाली कांग्रेस र उसको सरकार अकर्मण्य, भारतीय शासकवर्गको अघिल्तिर लाचार मात्र होइन, कतिपय अवस्थाहरुमा भारतीय स्वार्थकै निम्ति अग्रसर समेत देखिएको छ । नेपाली कांग्रेसले राष्ट्रहितको पक्षमा खुट्टा कमाउने रोगबाट मुक्ति नपाएसम्म लक्ष्मणपुर बाँधले उब्जाएको जस्तो समस्या अरु थपिँदै जानेछ र कांग्रेस सत्तारुढ भएको अवस्थामा उसको प्रधानमन्त्रीले फेरि पनि भन्नुपर्नेछ – "हुने भइहाल्यो, अब भविष्यमा ...."। ❑

◄ घटना र प्रवृत्ति

# कर्मचारीहरूको आन्दोलनप्रति

# सरकार सहिष्णु भएन



गत असार ९गते अर्थमन्त्रीमार्फत् प्रधानमन्त्रीसमक्ष ११ बूँदे माग प्रस्तुत गरी १५ दिने अल्टिमेटम दिएर आन्दोलनमा उत्रेका अन्तर संस्थान तथा अन्तर बैंकिङ्ग क्षेत्र अन्तर्गत रहेका दूर संचार संस्थान, विद्युत प्राधिकरण, शाही औषधि लिमिटेड, दुग्ध विकास संस्थान, गोरखापत्र संस्थान, नेपाल बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक लगायतका झण्डै तीन दर्जन संस्थानका हज्जारौं कर्मचारीहरु सरकारले उनीहरुको मागप्रति बेवास्ता गरेपछि चरणबद्ध आन्दोलनमा होमिएका छन् । तर सरकार भने कर्मचारीहरुको मागप्रति चासो राखी समाधानको उपाय खोज्नुभन्दा आन्दोलनलाई बलपूर्वक दमन गर्ने गैरप्रजातान्त्रिक कदम चाल्न अग्रसर भएको छ । गत श्रावण १३ गते अर्थ मन्त्रालयमा शान्तिपूर्वक धर्ना दिइरहेका कर्मचारीहरूलाई प्रहरीद्वारा लाठी चार्ज गरी सरकारले त्यसको संकेत दिएको छ ।

१५ दिने अल्टिमेटमको म्याद सकिएपछि सयुक्त संघर्ष समिति बनाई असार २६ गतेदेखि दोस्रो चरणको कार्यक्रममा उत्रेका अन्तर संस्थान/अन्तरबैंकिङ्ग कर्मचारीहरु गत श्रावण १३ गते उक्त दोस्रो चरणको कार्यक्रमको अन्तिम कार्यक्रमको रुपमा अर्थ मन्त्रालयमा धर्ना दिन गएका थिए । बिहान १० बजेदेखि अर्थ मन्त्रालयको प्राङ्गणमा शान्तिपूर्वक धर्ना दिइरहेका हज्जारौं कर्मचारीहरुलाई एक्कासी प्रहरीले लाठीचार्ज गरी दर्जनौं कर्मचारीहरुलाई गिरफ्तार गर्‍यो । प्रहरीको लाठी चार्जबाट नेपाल बैंक लिमिटेडका राजु प्याकुरेलको पिसाब थैलीमा गम्भीर चोट लागेको छ भने कृषि विकास बैंककी गीता खड्काको खुट्टा भाँचिएको छ । उक्त लाठी चार्जमा चालीसभन्दा बढी कर्मचारीहरु घाइते भएका थिए ।

चालू आर्थिक वर्ष २०५७/५८ को बजेटमा सरकारले सम्पूर्ण कर्मचारीहरुको तलब वृद्धि गरेको भए पनि कर्मचारीहरुले यसअघि पाइराखेको भत्ता सुविधालाई तलबमानमा नै समाहित गरी नयाँ तलबमान तोकेको कारणले संस्थानका कर्मचारीहरुले खाईपाई आएका धेरै सुविधाहरु कटौती भएका छन् । अहिले कर्मचारीहरुको असन्तुष्टिको मूल विषय यही बनेको छ ।

गत श्रावण २० गते शुक्रवार संयुक्त संघर्ष समितिले सार्वजनिक गरेको प्रेस विज्ञप्तिमा संस्थानभित्र बढिरहेको भ्रष्टाचार र अनियमितताको कारण आर्थिक स्थिति कमजोर देखाएर त्यहाँ कार्यरत कर्मचारीहरुको आर्थिक सुविधा कटौती गर्ने, दरबन्दी खारेज गरी कर्मचारीहरुलाई सेवाबाट हटाउने, बर्षौंदेखि खाईपाई आएको भत्तालाई 'तलब वृद्धि' भन्ने नाममा तलबमानमा समायोजन गरी कटौती गर्नेजस्ता काम सरकारले गरेको कारण आन्दोलन गर्नुपरेको कुरा उल्लेख गरिएको छ ।

संयुक्त संघर्ष समितिले प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको ११ बूँदे मागहरु भित्रका अन्य मागहरुमा सार्वजनिक संस्थानबाट सर्वसाधारणलाई सर्वसुलभ तथा गुणस्तरीय सेवा दिने व्यवस्था गरियोस्, गरीब नेपाली जनता तथा न्यून आय भएका कर्मचारीहरुलाई रासन कार्डको व्यवस्था गरियोस्, सार्वजनिक संस्थानभित्र भ्रष्टाचार हटाउन ट्रेड यूनियनहरुको समेत प्रतिनिधित्वमा उच्च स्तरीय छानबीन आयोग गठन गरिनुका साथै भ्रष्टाचारीहरुलाई तुरुन्त कारवाही गरियोस्, सार्वजनिक संस्थानहरुको निजीकरण बन्द गरियोस्, संस्थानहरुमा राजनीतिक नियुक्ति बन्द गरियोस् आदि रहेका छन् ।

यसैबीच, दोस्रो चरणको कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको लगत्तै श्रावण १५ गतेदेखि २७ गते सम्मको निम्ति तेस्रो चरणको कार्यक्रम घोषणा गरी संयुक्त संघर्ष समिति अझ सशक्त ढंगले आन्दोलन संपन्न गरेको छ ।

तेस्रो चरणको कार्यक्रम अन्तर्गत श्रावण १५ देखि १७ गतेसम्म उपत्यकाभित्र र बाहिर सबै ठाउँमा संस्थानहरुका कार्यालय प्रमुखको कार्य कक्षमा धर्ना दिई कर्मचारीहरुले आन्दोलन जारी राखे । त्यस्तै, गरी श्रावण १८ देखि २६ गतेसम्म देशभरिका संस्थानहरुमा कर्मचारीहरुले कलम बन्द कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेका छन् । तेस्रो चरणको अन्तिम कार्यक्रमको रुपमा श्रावण २७ गते कर्मचारीहरुले देशव्यापी आमहड्ताल गरेका छन् ।

उता सत्तारुढ दल नेपाली कांग्रेससँग निकट रहेका नेपाल अन्तरसंस्थान कर्मचारी संघ र नेपाल वित्तीय संस्थान कर्मचारी संघले पनि पाँच सूत्रीय मागहरु प्रस्तुत गरी सरकारविरुद्ध संघर्ष गर्ने घोषणा गरेको छ । साउन ५ गते अर्थमन्त्री महेश आचार्यलाई १५ दिने अल्टिमेटम दिई बसेका ती कर्मचारीहरुले त्यो अवधिभरमा सरकारले आफ्ना मागहरुप्रति बेवास्ता गरेको कारणले गर्दा वाध्य भई आन्दोलनमा उत्रनु परेको कुरा बताएका छन् ।

राष्ट्र र जनताका समस्याहरुप्रति चासो राख्ने भन्दा पनि सधैं सत्ताको कुर्सी तानातान गर्ने खेलमा व्यस्त भएको नेपाली कांग्रेसको वर्तमान सरकारले कुर्सी बचाउने खेल अन्तर्गत नै कर्मचारीहरुलाई खुशी पार्न चालु आर्थिक वर्ष ०५७/५८ को बजेटमा बजेटले धान्नै गाह्रो हुने किसिमले कर्मचारीहरुको तलबमान ह्वात्तै बढाएको थियो । तल्लो तहका न्यून आय भएका कर्मचारीहरुलाई थोरै र विपुल भ्रष्टाचार हुँदैआइरहेको माथिल्लो तहमा कर्मचारीहरुको तलबमानमा ठूलो वृद्धि गरिएको छ । यसबाट पनि सरकारको पक्षधरता कता छ भन्ने कुरा प्रष्ट हुन्छ ।

❑ तुल्सीदास महर्जन

# गाँस बाँस विनाका मुक्त कमैयाहरू

◆ दीपक वैद्य ◆

विशेषतः गत वैशाख १९ गतेदेखि थालिएको कमैयाहरूको आन्दोलनबाट लामो संघर्षपछि अन्ततः गएको साउन २ गते सरकारले संसदमा कमैया प्रथा अन्त भएको घोषणा गरेको छ । अब उप्रान्त कमैयाहरू मुक्त भएको र उनीहरूले जमिन्दार मालिकको सौकी (अर्थात ऋण) तिर्नु नपर्ने ऐलान गरिएको छ ।

यो घोषणाबाट नेपालमा पूँजीवादी प्रजातन्त्रका बावजूद बाँकी रहेको सामन्तवादको ज्यूँदो अवशेष 'बाँधा मजदूरी'को कानूनी रूपमा अन्त भएको छ । अब नेपालमा बाँधा मजदूर राख्ने कार्य गैरकानूनी भएको छ ।

परन्तु सरकारी घोषणा कुनै गम्भीर गृहकार्यविना नै गैर-जिम्मेवार ढंगबाट हचुवामा भएको देखिएको छ । किनभने, घोषणामा मुक्त भएका कमैयाहरूलाई न त वैकल्पिक जीविकाको प्रबन्ध गरिएको छ, न वैकल्पिक बासको न जमीनको, न पूँजी र शीपको । चन्द्र शमसेरले वि. सं. १९८१ सालमा कमारा-कमारी प्रथा उन्मूलन गर्दा जुन ढंगले वैकल्पिक गाँसबासको प्रबन्ध पनि साथसाथै गरेको थिए, त्यति बुद्धि विवेक समेत कांग्रेस सरकारले पुऱ्याएको पाइएन ।

त्यसो त, कमैया प्रथाको अन्तको घोषणा आफैमा एउटा युगान्तकारी कदम हो । बाँधा मदजूरहरूको निम्ति सामन्ती युगको अन्त्यको शंखघोष हो यो ।



आँकडाअनुसार नेपालमा २५ हजार ६७२ परिवार कमैया छन् । परन्तु BASE नामक गैर-सरकारी संस्थाको आँकडा अनुसार ३८, ५७४ परिवार कमैया छन् । एउटा कमैया परिवार सालाखाला ६ जनाको हुन्छ । यस हिसावले नेपालमा एक लाखदेखि दुई लाख व्यक्तिहरू कमैया प्रणाली अन्तर्गत उत्पीडित छन् । त्यसमाथि थप ७३ प्रतिशत कमैयाको आफ्नो घर छैन । ९८ प्रतिशत कमैयाको आफ्नो जोतीखाने जमीन छैन । करीब १८ प्रतिशत कमैया दीर्घरोगले पीडित छन् । त्यसैले, कमैया मुक्तिको समस्या त्यति सजिलो छैन । यो अत्यन्त महत्वपूर्ण तर अत्यन्त जटिल मुक्ति कार्य हो ।

कमैया मुक्तिको घोषणा कांग्रेसले गरेको हुनाले यसको जस उसलाई जान्छ नै, तर यति ठूलो ऐतिहासिक कदम चाल्दा सरकार जिम्मेवार र न्यायपूर्ण भएको भए मुक्त कमैयाले मुक्तिको भोलिपल्ट के गरेर खालान्, कसरी जीविका गर्लान्, कुन ओतमुनि सुत्लान्, कसरी ओखतीमूलो गर्लान् भन्ने सवालमा अवश्यै ध्यान पुऱ्याउँथ्यो । र, यो सामान्य ज्ञानको कुरो हो कि मुक्तिको घोषणा मात्रैले बाँधा मजदूरीको अन्त्य हुनसक्दैन । यो त्यति सजिलो काम भएको भए जोसुकैले पनि यसको घोषणा उहिल्यै गरीसक्थे । परन्तु यति ठूलो ऐतिहासिक घोषणा गर्ने कांग्रेस सरकार घोषणापछि लाखौं कमैयाको जीवनमा लगत्तै आउने समस्याप्रति बिल्कुलै बेपर्वाह देखापरेको छ ।

## मुक्तिले प्रगति र स्वतन्त्रता ल्याउनु पर्नेमा - कमैयाहरूको घरदैलामा अकल्पनीय बर्वादी मात्रै ल्याएको छ

यसको नतिजा उदेकलाग्दो भएको छ ।

एकातिर, कमैयाहरू कमैयाप्रथा अन्त्य भएकोमा र सौकी माफ भएकोमा खुशीले नाच्दै पनि छन्; अर्कोतिर, जीवन चलाउने अर्को कुनै विकल्प सरकारले तुरुन्तै र साथसाथै प्रस्तुत नगर्नाले, हज्जारौं संख्यामा मुक्त कमैयाहरू एक्कासी विनागाँस वास, कपास वर्षाको भरीमा भोक र रोगको शिकार पनि भएका छन् । कमैया बस्तीमा अहिले खुशी र विल्लीबाठ एकैचोटि छाएको छ । कमैयाको मुक्तिको घोषणापछि साहुले उनीहरूलाई काम र (बुकुरा अर्थात भुप्रो) बाट निकालीसके, तर न अर्को खाने बाटो छ, न जमीन्दारले दिने बिघा र मस्यौराको विकल्प, न बस्ने ओत, न अर्को उद्यम गर्ने शीप र पूँजी, न आफूले पुस्तौंदेखि जोतीआएको जमीन । यतिखेर मुक्तिले हर्षित कमैयाहरू अकस्मात सोमालियाको भयानक अनिकाल र बांग्लादेशको बाढी एकसाथ भोग्नु परेका मानिसभैं भएका छन् । मुक्तिले प्रगति र स्वतन्त्रता ल्याउनु पर्नेमा - कमैयाहरूको घरदैलामा अकल्पनीय बर्वादी मात्रै ल्याएको छ । यो बर्वादीको निम्ति पनि अरू कोही जिम्मेवार छैन - खालि 'जस' लिने मानसिकता मात्र राखेर हचुवा र गैर-जिम्मेवार ढंगबाट कमैया प्रथा अन्त भएको घोषणा गर्ने कांग्रेस सरकार ।

### अहिलेको अवश्यकता

कांग्रेस सरकार कमैया मुक्तिप्रति साँच्चै नै गम्भीर छ भने यतिखेरको

## नेपालमा कमैयाहरू

### मुख्य तथ्यांकहरू एक झलकमा

- ९६ प्रतिशत कमैया निरक्षर छन् ।
- ९३ प्रतिशत कमैया थारू जातिका छन् ।
- ७६ प्रतिशत कमैया ४० वर्ष मुनिका छन् ।
- ७३ प्रतिशत कमैयाको आफ्नो घर छैन ।
- ९८ प्रतिशत कमैयाको आफ्नो जग्गा छैन ।
- करिब १८ प्रतिशत कमैया दीर्घरोगी छन् ।
- २८ प्रतिशत कमैयाहरू दुई पुस्तादेखि, २२ प्रतिशत कमैयाहरू तीन पुस्तादेखि र ३ प्रतिशत कमैयाहरू चार पुस्तादेखि कमैया बसेका छन् ।
- कमैयाको औसत श्रम-समय दैनिक करिब १८ घण्टा हुन्छ ।
- कमैयाको वर्षमा एक दिन पनि सार्वजनिक बिदा हुँदैन ।
- श्रम मन्त्रालयको आँकडा अनुसार नेपालमा २५, ७६२ कमैया परिवार छन् । गैर-सरकारी संस्था BASE का अनुसार नेपालमा ३८, ५७४ कमैया परिवार छन् ।
- कमैया परिवारका सरदर ६ जना परिवार सदस्य हुन्छन् ।

एउटा प्रमुख आवश्यकता हो - कमैया मुक्तिसितै प्रगतिशील भूमिसुधारलाई जोड्नु । कमैयासित जीविकाको लागि पर्याप्त जमीन हुनुपर्‍यो । त्यो जमीन पुस्तौंदेखि उसैले पसीना बगाउँदै आएको जमीनबाट प्राप्त हुनुपर्‍यो । जसरी अन्य सबै जमीनमाथि सरकारले जोताहा मोहीको ५० प्रतिशत हिस्सा मोहीयानी हक लाग्ने प्रणाली लागू गरेको छ, ठीक त्यस्तै, आफूले पुस्तौंदेखि जोतीआएको जमीनमा मोहीयानी हक कमैयाहरूले पनि पाउने गरी प्रगतिशील भूमिसुधार लागु गर्नु पर्‍यो ।

वास्तविक जोताहा कमैयाहरूले जमीन पाए भने जमीनमा उत्पादकत्व पनि बढ्नेछ र कमैयाको गाँसको र बासको समस्या पनि हल हुनेछ ।

सरकारले कमैयाको वास्तविक मुक्ति गर्ने हो भने गर्नुपर्ने अर्को कार्य हो - पूँजी, शीप र शिक्षाको प्रवन्ध ।

९६ प्रतिशत कमैया निरक्षर छन् । निरक्षरताको कारणले उनीहरूलाई साहुहरूले पुनः फसाउन सक्ने संभावना ब्यापक छ । अतः सरकारले कमैयाको पूर्णतया निःशुल्क शिक्षाको प्रवन्ध गरिदिनु अत्यावश्यक छ । कृषि विकास बैंकबाट विनाधितो अति न्यून ब्याज दरको ऋण र शीप तालीमको प्रवन्ध गरीदिने हो भने कमैयाहरू कालान्तरमा स्वरोजगारीद्वारा आफ्नो खुट्टामा आफैं उभिने काम गर्न सक्छन् । कृषि बाहेकको अन्य पेशामा लाग्न पनि सक्छन् ।

सरकारले यो वर्ष कमैया मुक्तिको लागि भनेर बजेटमा सिर्फ ३ करोड १९ लाख रूपियाँ छुट्याएको छ । कम्तीमा एक लाख कमैयाको लागि ३ करोड भनेको प्रति ब्यक्ति ३०० रूपियाँ हो । ३०० रूपियाँले एउटा कमैयाँले एक जोर सस्तो शर्ट पाइण्ट वा चोलो सारीसम्म हाल्न सक्ला, त्यसबाहेक के गर्ने उसले यति थोरै रकमबाट ? सरकारले गम्भीरतापूर्वक कमैयाँ मुक्तिलाई लिएको छैन भन्ने कुरा यसैबाट प्रष्ट हुन्छ । कमैयालाई न्यूनतम पूँजी, आवास र शीपको प्रवन्ध गर्ने हो भने थोरैमा २ अरब रूपैयाँको जोहो गर्नु जरूरी हुन्छ ।

❑

स्रोत :

❑ *Forced to Plough Bonded Labour in Nepal's Agricultural Economy*

*- Anti-Slavery International*

❑ *नेपालमा कमैया प्रथाभित्र बाँधा मजदूरहरू र INSEC*

❑ *'मुक्ति यात्रा'- फ्रिन्सो, नेपाल*

◀ घटना र प्रवृत्ति

# पारस शाहको राजकीय उपाधि खोसिनुपर्छ



गत साउन २२ गते काठमाण्डौमा राजदरबारको छेवैमा राति ९:३० बजे शाहज्यादा पारस शाहले अर्को एक हत्या गरेका छन् । संगीतकार तथा गायक प्रवीण गुरुङ त्यतिखेर आफ्नो निवासतर्फ फर्कंदै थिए । रक्सीले उन्मत्त भएका पारसले प्रवीण चढेको मोटर साइकललाई धक्का दिएका थिए । उनले महेन्द्र प्रकृति संरक्षण कोषको पजेरो गाडी हाँकेका थिए । घाइते प्रवीण वीरअस्पताल पुग्न नपाई मृत घोषित गरिएका थिए ।

श्री ५ अधिराजकुमार ज्ञानेन्द्रका छोरा शाहज्यादा पारसले यसअघि पनि मादक पदार्थ सेवन गरी सवारी साधनद्वारा ठक्कर दिई काठमाण्डौ पुतली सडकमा र चितवन नारायणघाटमा एक एक जनाको हत्या गरिसकेका छन् । करीब एक महिनाअघि मात्र पनि उनले काठमाण्डौ लैनचोरमा एउटा टेम्पोलाई आफ्नो गाडीले ठक्कर दिएको र उल्टै, टेम्पो-चालकलाई पिटेका थिए । डेढ वर्ष जतिअघि उनले कुपण्डोलमा ड्युटीमा बसिरहेका प्रहरीलाई बन्दूक देखाएर धम्क्याएका थिए ।

प्रवीण गुरुङलाई गाडीले धक्का दिएपछि पनि उनी दरबार मार्गस्थित वडा प्रहरी कार्यालयभित्र पसेर प्रहरी सहायक निरीक्षकको छातीमा बन्दूक ताकी 'घटनाका बारे कसैले थाहा पायो भने....'भनेर धम्क्याएका थिए ।

हाल पारस शाहले यत्रो अपराध गरिसक्दा पनि निजलाई कारबाहीं नगर्ने सरकार र दरबार दुवैको व्यापक निन्दा जनस्तरमा भएको छ । सदनमा सत्ता पक्ष र प्रतिपक्ष दुवैथरिले र सडकमा लेखक-कलाकारहरु, जन संगठनहरु र सांस्कृतिक संगठनहरुले यो हत्याको व्यापक विरोध गरेका छन् । ने.क.पा. माले निकटको अ.ने.रा.स्व.वि.यूले त रत्नपार्कमा सडकमै उत्रेर केही समय चक्का जाम गरेको र निज पारस शाह रहने दरबार 'निर्मल निवास' अगाडि विरोध प्रदर्शन गरेको छ ।

"पारस शाहका यी कुकर्महरुले संविधान, ऐन कानून, प्रजातन्त्र र सरकारको हाक्काहाकी उपहास गरेको छ" भन्दै लेखकहरु, खगेन्द्र संग्रौला, हरिगोविन्द लुईटेल, गोविन्द वर्तमान, स्नेह सायमि, अशेष मल्ल, डा. ध्रुवचन्द गौतम, विमल निभा, रायन, रामेश, रुद्र खरेल, निनु चापागाई, शार्दूल भट्टराई, राजव, अग्निशिखा, राजकुमार के.सी, नरनाथ लुईटेल, उत्तम नेपाली (कलाकार), सुनील पोखरेल (कलाकार), पुरुषोत्तम सुवेदी, मित्रलाल पंगेनी, राजेन्द्र महर्जन, कृष्णज्वाला देवकोटा, दुर्गालाल श्रेष्ठ, रामप्रसाद ज्ञवाली, अर्जुन पराजुली, राजेन्द्रप्रसाद अधिकारी, निशा शर्मा (कलाकार), आभाष फुयाँल, राजेन्द्र शलभ, नवीन सुब्बा, हेम ब. बिष्ट, अनील तण्डुकार, मनोज गजुरेल, गोविन्द भट्ट र सुरेश किरणले एक वक्तव्य प्रकाशित गर्नुभएको छ ।

'सिर्जना चैत्र ३', 'सर्वनाम' र 'आरोहण'का लेखक कलाकारहरु र अन्य लेखक कलाकारहरुको पहलमा काठमाण्डौमा गत साउन ३० गते एक विरोध जुलूसको आयोजना पनि गरियो ।

देशका तमाम सचेत र जिम्मेवार नागरिकहरुको माग बमोजिम निज पारस शाहको राजकीय उपाधि खोस्नु जरुरी छ । उपाधि खोसेर निजलाई ज्यानमारेको अभियोगमा कारवाही गर्नु जरुरी छ । साथै, निजद्वारा मारिएका व्यक्तिहरुका टुहुरा परिवारजनहरुलाई उचित क्षतिपूर्ति दिलाउनु पनि त्यतिकै जरुरी छ ।

यदि यसो गरिन्न भने र मुलुकमा 'दण्डहीनता'को संस्कृति हुर्काइन्छ भने भोलि कुनै नागरिक पनि यहाँ सुरक्षित रहने छैनन् ।


अहिले यस घटनाबारे 'कान्तिपुर' पत्रिकामा समाचार दिने व्यक्तिको खोजी प्रहरी-बलभित्र भइरहेको बुझिन्छ । यस घटनाले अझै नेपालमा अनुचित दरबारिया दबाव र पंचायती निरंकुशतन्त्रको छायाँ हटीनसकेको देखाएको छ । कलाकार प्रवीणको हत्याबारे 'चुँ नबोल्ने केही मुट्ठीभर अखबारहरु र कलाकारहरुको पनि यतिखेर राम्रै भण्डाफोर भएको छ ।❑

*- चक्र जोशी*

# नेपाली कांग्रेसले आफ्नो अनुहारमा थप कालो पोत्यो

*नेपाली कांग्रेसले पुनः एकपटक आफ्नो 'राष्ट्रियता' र 'प्रजातन्त्र' रुपी मूल नाराको मर्मको खिल्ली उडाएर आफ्नो अनुहारमा कालो पोतेको छ । यसले नागरिकतासम्बन्धी विवादास्पद र राष्ट्रघाती दफायुक्त विधेयकलाई जबरजस्ती संसदबाट पास गरेर लालमोहरका निम्ति दरबार पठाएको घटनाले यस कुराको पुष्टी गरेको छ ।*

*यही साउन ११ गते प्रतिनिधि सभाबाट यो विधेयकलाई १०८ जना कांग्रेसी सांसदहरुको 'बहुमत'द्वारा पास गरियो । वामपन्थी पार्टीहरु एमाले, रा.ज.मो., स.ज.मो. र नेमकिपाले मात्र हैन, गैर-वामपन्थी पार्टी रा.प्र.पा.ले समेत सो विधेयकबारे मतदान हुने समयमा सदन बहिष्कार गरी विरोध जनाएका थिए ।*



प्र. म. गिरिजाप्रसाद कोइरालाः भारतीयलाई प्रत्यक्ष फाइदा हुने विधेयक पास गर्नुको नियत के ?

*राष्ट्रिय सभाले अस्वीकृत गरी फिर्ता पठाएको सो विधेयकमाथि पुनः छलफल गरी सहमतिको निकास खोज्ने आग्रहसाथ विपक्षीहरुले यसलाई पास गर्न हतारो नगर्न माग गरेका थिए । ने.का.ले यो माग पूरा गरेन । पुनः छलफल गरी यस विधेयकमा निहित राष्ट्रघाती बुँदालाई हटाई, सर्वसम्मत सुधार गर्ने प्रजातान्त्रिक परिपाटी अपनाउन कांग्रेसले चाहेन । गम्भीर मामलामा छलफलसम्म गर्न बेतयार यो कांग्रेसी रबैयाले गर्दा उसको 'प्रजातन्त्रवादिता' खोक्रो र पाखण्डी नारा मात्र सावित भएको छ ।*

*"... बंशजको नागरिकता ठहर्ने व्यक्तिको पिताले नागरिकता प्रमाण-पत्र नलिएको भए पनि निजको सन्तान नेपाली नागरिक हुनेछ" भन्ने आपत्तिजनक बुँदा रहेको वर्तमान पारित विधेयकले कालान्तरमा नेपाल पनि फिजी राष्ट्रजस्तै हुने प्रवल संभावना देखिएको छ ।*

*स्मरणीय छ, फिजीका आदिवासीहरुलाई उछिनेर भारतीय आप्रबासी नागरिकहरुको बहुमतको सरकार चुनिएको छ । नेपालमा पनि जथाभावी प्रवेश गरेका भारतीय नागरिकहरुले यो विधेयक बमोजिम 'बाबु नेपाली नभए पनि छोरो नेपाली ठहरिने' अर्थ लगाई नागरिकता प्रमाण-पत्र लिनेछन् र नेपालमा भारतीयहरुको 'नागरिक अधिकार' कायम हुनेछ ।*

*यस अर्थमा यो सरासर राष्ट्रघाती विधेयक हो । यस्तो राष्ट्रघाती विधेयक पास गर्न कांग्रेस किन हतारिएको हो ? यसले कांग्रेसको घोषित निर्देशक सिद्धान्त 'राष्ट्रवाद' वा 'राष्ट्रियता'को पनि खिल्ली उडाएको छ । र, यसले मुलुकलाई निकट भविष्यमै ठूलो संकटमा फसाउने षडयन्त्र गरेको छ ।*

*संसदमा नेपाल सद्भावना पार्टीले मतदानमा भाग नलिए पनि विपक्षी बेञ्च खाली हुन नदिएर अप्रत्यक्ष रुपमा कांग्रेसलाई सघायो । यसले उसलाई पनि यो 'राष्ट्रघाती' पंक्तिमै खडा गरेको छ ।* ❑

*- बसन्त शर्मा*

# कोलम्बिया : सडक र सशस्त्र संघर्षको आँधीबेरी !

राजेन्द्र महर्जन

कोलम्बियाका जनताले सामाजिक, राजनैतिक र आर्थिक रूपले संकटग्रस्त पूँजीपतिवर्गको शासनविरूद्ध चलाइरहेको आन्दोलनका दुईवटा धारहरू एकसाथ क्रियाशील छन् । एउटा हो - एफ.ए.आर.सी. र इ.एल.एन. जस्ता छापामारहरूले चलाइरहेको जनयुद्ध । अर्को हो - किसान, मजदूर, विद्यार्थी, कर्मचारी र आदिवासीहरूले चलाइरहेको जनसंघर्ष । जनताको आन्दोलनका यी दुवै धारहरू सैनिकहरूको श्वेत आतंक, अर्द्धसैनिक दस्ताको हत्या अभियान र बढ्दो अमेरिकी सैनिक हस्तक्षेपका बावजूद सन् १९९० को दशकको आधाआधीदेखि निकै मुखर रूपमा आफ्नो लक्ष्यतिर अगाडि बढिरहेको देखिन्छ ।

कोलम्बियाली पूँजीवादी शासन बचाउनका लागि भइरहेको अमेरिकी आर्थिक - सैनिक सहयोगको बढोत्तरी सगसँगैको एफ.ए.आर.सी.को सशक्त आक्रमणमा अत्यधिक बृद्धि भएको तथ्य विगत आधा दशकको परिदृष्यलाई खोतलेर हेरेमा प्रष्टै देखिन्छ । सन् १९९६ को आधाआधीबाट एफ.ए.आर.सी. ले १८ महिना लामो आक्रमणको क्रममा कोलम्बियाली सैनिकहरूलाई एकपछि अर्को गर्दै परास्त गर्दै लगेको थियो ।

सरकारी सैनिकका ब्यारेकहरूमाथि सफलतापूर्वक आक्रमण गर्ने क्रममा अगस्ट, १९९६ मा एफ.ए.आर.सी.का छापामारहरूले लास डेलिसियासमा अवस्थित सैनिक अखडालाई ध्वस्त पारेका थिए । डिसेम्बर १९९७ मा पनि पातास्कोयस्थित सैनिक चौकीलाई नराम्ररी कुल्चने क्रममा त्यहाँका सबैजसो सैनिकहरूलाई सखाप पारेका थिए । यी दुवै डरलाग्दा आक्रमण देखेर कोलम्बियाको नेशनल एशोसियशन अफ फिनासियल इन्स्टिच्यूटका अध्यक्ष अर्माण्डो मोन्टेनेग्रोले 'वाशिंगटन पोस्ट'मा भनेका थिए - 'यी आक्रमणहरू कोलम्बियाली संकटका अरू थप लक्षणहरू हुन् ।'

२०५४ फागुनको तेस्रो हप्तातिर (२ मार्च १९९८ मा) त्यसले दक्षिणी कोलम्बियाको काक्वेटा राज्यमा थर्ड मोबाइल ब्रिगेड अन्तर्गतको ५२ औं काउन्टर-इन्सर्जेन्सी ब्रिगेडमाथि बलियो आक्रमण गरेको थियो । एफ.ए.आर.सी.को साउदर्न ब्लकका अनुसार छापामारहरूले २२८ सदस्यीय ब्रिगेडका ८० जना सैनिकहरूको हत्या गर्नुका साथै ३० जनालाई घाइते बनाएका थिए भने ४३ जनालाई युद्धबन्दी बनाएका थिए । तत्कालीन राष्ट्रपति अर्नेष्टो साम्परका पूर्व सुरक्षा सल्लाहकार अल्फ्रेडो रांगेलको विश्लेषणअनुसार सैनिकहरूको यो पराजय निसन्देह नै ३५ वर्ष लामो छापामार संघर्षविरोधी सैनिक अभियानको इतिहासमा धेरै नै ठूलो पराजय हो ।

पराजय भनेको साह्रै नै तीतो हुँदोरहेछ । पराजयको यही तीतोपनाका साथ सैनिकहरूले कार्तेजेना डे छाइराका गाउँहरूमा हवाई आक्रमणको क्रममा बमवर्षा गरी एउटा परिवारका ११ जना सदस्यहरूका साथ २८ जना निहत्था नागरिकहरूको निर्मम हत्या गरेका थिए । यसको बदला लिने घोषणाका साथ छापामारहरूले प्रतिज्ञा गरेका थिए - 'कोलम्बियाली सैनिकहरूबाट भइरहेको निहत्था नागरिकहरूको हत्याको बदला लिंदै हामी सशस्त्र जनता गरीब किसान र उत्पीडित मजदूरहरूको पक्षमा लड्दै जानेछौं र उनीहरूको सुरक्षा गर्दै जानेछौं ।'

यसको लगत्तै डर र लोभको अस्त्र प्रयोग गर्दै जनताको 'मन-मस्तिष्क जित्ने अभियान' चलाइरहेका कोलम्बियाली सेनाका प्रधान सेनापति जनरल म्यानुयल होसे बोनेट छापामारहरूको हत्या प्रयासबाट रौं जत्तिले मात्रै बच्न सफल भए । छापामारहरूद्वारा गरिएको बम-बिस्फोटमा परी उनको सैनिक बाहन क्षतिग्रस्त भएपनि उनी भने बल्ल बल्ल बच्न सफल भए ।

'इकोनोमिस्ट'का अनुसार सन् १९९८ का प्रथम महिनाहरूसम्ममा, एफ.ए.आर.सी.ले करीब फ्रान्स जत्तिको भूभागमा आफ्नो नियन्त्रण कायम गरिसकेको थियो र उत्तर-पश्चिमी कोलम्बियाका कृषि मजदूर र किसानहरूबीच जरा गाडेर सशस्त्र संघर्ष गरिरहेको नेशनल लिबरेशन आर्मी ( इ.एल.एन.) को नियन्त्रणको क्षेत्रसमेत गर्दा यो आकार अझ बेसी थियो ।

'यू.एस. न्यूज एण्ड वर्ल्ड रिपोर्ट'को खबरअनुसार तीन तीन सय वा त्योभन्दा बेसीको संख्यामा रहेका छापामार इकाईहरूले सन् १९९८ को शुरूदेखि नियमित रूपमा प्रहरी र सैनिकहरूको चौकी र अखडा ध्वस्त पार्ने कामलाई निरन्तरता दिन थालेका थिए । यसैबीच चर्किएको शहरीया मजदूर, विद्यार्थी र कर्मचारी आन्दोलन तथा छापामार युद्धको तातो रापमा, त्यसबेलासम्म पदभार ग्रहण नगरिसकेका नवनिर्वाचित राष्ट्रपति एन्द्रेस पास्त्राना र एफ.ए.आर.सी.का प्रमुख नेता म्यानुयल मारूलांदा जोर्गे ब्रिकेनोबीच जुलाई ९ मा बहुचर्चित कुराकानी भएको थियो । उनीहरूले साँच्चैको आर्थिक, राजनैतिक र सामाजिक परिवर्तनको प्रक्रिया थाल्ने हो भने मात्रै युद्ध अन्त्य हुने बिचार राखेका थिए । सकेसम्म छिट्टै शान्ति वार्ता आरम्भ गर्ने समझदारीसहित उनीहरू छुट्टिएको केही समयपछि नै आक्रमण प्रत्याक्रमणको क्रम फेरि तीव्र भएको थियो ।




छापामारहरूको आक्रमणमा मारिएका कोलम्बियाका प्रहरीहरूको लाशः
आक्रमण जारी छ !



## १८ महिने आक्रमणको उत्कर्ष

सन् १९९८ को अगस्टमा आएर १९९६ बाट शुरू भएको छापामारहरूको १८ महिने आक्रमणले अत्यन्त उत्कर्ष र उग्र रूप लिएको थियो । एफ.ए.आर.सी. र इ.एल.एन.का छापामारहरूले कहीं संयुक्त रूपमा त कहीं एक्लाएक्लैले आक्रमण गरी ३५ वर्ष लामो छापामार युद्धको इतिहासमा साहस, शौर्य र सफलताको खुड्किला थपेका थिए । एन्ड्रेस

> *हाम्रो शासन व्यवस्थाको मोडेल समाजवादी हुनेछ । जनताको चाहना र आवश्यकता अनुकूलको यस व्यवस्थामा जनताको स्वाभिमान र सम्वृद्धिलाई उन्नत पार्ने कार्य गरिने छ : एफ.ए.आर.सी.*

पास्त्रानाले साम्परको राष्ट्रपतिको पदभार ग्रहण गर्नुभन्दा एकदिन अगाडिदेखि नै तिनीहरूले तीन दिनसम्म देशव्यापी रूपमा आक्रमण गरेका थिए ।

यसै सन्दर्भमा एफ.ए.आर.सी.ले भनेको थियो - "यो संयुक्त आक्रमण, अपराधी र आतंकवादी साम्पर सरकारको विदाइ र अमेरिका गई क्लिन्टनसँग गोप्य मन्त्रणा गरी फर्केका एन्ड्रेस पास्त्रानाको नयाँ सरकारको 'स्वागत'मा गरिएको समारोह हो ।"

एफ.ए.आर.सी.का छापामारहरूले मात्रै आक्रमणको क्रममा १० वटा सैनिक र प्रहरी अखडाहरू ध्वस्त गरेका थिए । यस आक्रमणमा १४३ जनालाई मारे, अनि १३३ जनालाई युद्धबन्दी बनाएका थिए । तर तिनीहरूतर्फ १५ जना छापामारहरूको क्षति भएकी थियो । कोलम्बियाली सेनाले पनि स्वीकारेको थियो- 'राजधानी बोगोटादेखि लिएर दोस्रो ठूलो शहर मेडलीन, उत्तरी शहर कुकुटा र पश्चिमी बन्दरगाह शहर बुयनाभेन्चुराका प्रहरी र सैनिक अखडाहरूमा भीषण आक्रमण भएको थियो । यसै सिलसिलामा छापामारहरूले ला उरिबेस्थित 'मिराफ्लोरेस बेस' नामक अमेरिकी-कोलम्बियाली सैनिक संयोजन केन्द्रलाई ध्वस्त पार्नुका साथै त्यस क्षेत्रमाथि आफ्नो कब्जा जमाएका थिए ।

सैनिक विश्लेषक अल्फ्रेडो रांगेलले यसलाई छापामार युद्धको इतिहासको एक उत्कर्ष र सैनिकहरूको अभूतपूर्व दुर्भाग्यको रूपमा व्याख्या गर्दै भनेका थिए - "यो आक्रमण विगत तीन वर्षदेखि छापामारहरूले थालेको विध्वंशका कडीहरूमा सबैभन्दा उच्च कडी हो ।"

एकजना सैनिक अधिकारीले 'वाशिंगटन पोष्ट' मा यसलाई कोलम्बियाली सेनाको ढाडै खुस्किने गरी प्रहार गरिएको छापामारहरूको लातको रूपमा विश्लेषण गर्दै भनेका थिए - "यसले पराजित हुँदै गएका सैनिकहरूको थप नयाँ पराजय र झन्झन् बलवान हुँदै गएका छापामारहरूको अर्को एउटा विजयलाई प्रामाणिकता प्रदान गरेको छ, जसलाई उल्ट्याउन सैनिकहरू असक्षम र असमर्थ देखिन्छन् ।"



अमेरिकी आर्थिक र सैनिक सहयोगको आधारमा कोलम्बियाली सैनिकहरूद्वारा गरिएको आक्रमणको क्रममा मारिएका छापामारहरू

**"यो संयुक्त आक्रमण, साम्पर सरकारको विदाइ र एन्ड्रेस पास्त्रानाको नयाँ सरकारको 'स्वागत'मा गरिएको समारोह हो ।"**

प्रहरी र सैनिकहरूमाथिको चढाइलाई जारी राख्दै सन् १९९८ को अन्त्यसम्ममा छापामारहरूले अरू आतंककारी शक्तिहरूमाथि पनि प्रहार गर्न थालेका थिए । एफ.ए.आर.सी.का प्रमुख नेता म्यानुयल मारूलांदाको भाषामा भन्ने हो भने फासीवादी चरित्र ग्रहण गरिसकेको पूँजीवादी राज्यसत्ताका बैधानिक हत्यारा पुत्रहरू अर्थात् अर्द्धसैनिक दस्तामाथि पनि उनीहरूले निर्णायक प्रहार गरेका थिए । डिसेम्बर २९ का दिन नुदो डे पारामिलोस्थित तथाकथित सेल्फ डिफेन्स फोर्सेज अफ कोलम्बिया (AUC) नामक हत्यारा दस्ताहरूको संयुक्त मोर्चाको मुख्यालयलाई सम्पूर्ण रूपमा नष्ट पारिएको थियो ।


त्यतिखेरसम्म छापामार संघर्षले कति उँचाइ र लोकप्रियता हासिल गरिसकेको थियो भने कोलम्बियाली संसदलाई संबोधन गर्नका लागि दुवै छापामार संगठनका नेताहरूलाई बोलाउने निर्णयसमेत गरिएको थियो । त्यस विषयमाथि टिप्पणी गर्दै एफ.ए.आर.सी.का नेता म्यानुयल मारूलांदाले भनेका थिए- "यदि म संसदमा गएँ भने म आफ्नो छापामार पोशाकमा शस्त्र-अस्त्रले सजिएर जानेछु, किनकि म जनछापामार-हरूको कमाण्डर हुँ ।"

तर पछि के भयो, छापामार नेताहरूद्वारा संसदलाई सम्बोधन गर्ने कार्यक्रम पछिसम्म पनि कार्यान्वयन भएन ।

### *जन-आन्दोलनहरूको उभार*

सन् १९९८ मै छापामार संघर्ष सँगसँगै किसान, मजदूर, कर्मचारी र विद्यार्थीहरूका आन्दोलनहरूले उभार लिएका थिए । कोलम्बियाका जन-आन्दोलनहरूको गहिरो अध्ययन गरिरहेकी अमेरिकी वामपन्थी नेतृ मोनिका सोमाकुर्सियोका अनुसार, सैनिक, प्रहरी र अर्द्धसैनिक दस्ताले १० वर्षभन्दा बेसी समयदेखि फैलाएको डर, त्रास र आतंकको वातावरणलाई चिरेर जब सन् १९९६ मा पहिलो पटक अभूतपूर्व रूपमा जन-आन्दोलनहरूको लहर उठ्यो, तबदेखि यो लहर थामिने छाँटकाँट देखाएकै छैन । त्यसबेला हजारौंहजार मजदूरहरूले राज्यले थोपरेको डर र त्रासलाई कुल्चँदै अन्तरराष्ट्रिय मुद्राकोषको नीति-निर्देशनमा साम्पर सरकारले लागू गरिरहेका जनविरोधी आर्थिक-सामाजिक नीतिहरूको विरोधमा राजधानी बोगोटालाई ठप्प पारेका थिए । अनि प्रहरी र सैनिकहरूको दमनविरूद्ध निहत्था जुधेका थिए । छापामारहरूको तीव्र आक्रमणको आगोको रापबीच शुरू भएको किसान, मजदूर, विद्यार्थी र कर्मचारीहरूको यो आन्दोलनको यो लहरले सन् १९९८ सम्म आइपुग्दा समुद्री आँधीबेरीको रूप लिइसकेको थियो ।

सन् १९९८ को फेब्रुअरी २३ मा अराउका प्रान्तका ५० हजार जनताले अर्द्धसैनिक हत्यारा दस्ताले चलाइरहेको हिंसा र दमनका विरूद्ध सडकमा उत्रेर आवाज घन्काएका थिए । सोही दिन बुयनाभेन्चुरा शहरमा ४५ वटा यूनियनहरूमा संगठित हजारौं मजदूरहरूले ६ महिनादेखि रोकिएको



*एफ.ए.आर.सी.को हेडक्वार्टरमा राजनैतिक प्रशिक्षण लिने क्रममा छलफल गरिरहेका छापामारहरुको जमात*


**छापामारहरूको तीव्र आक्रमणबीच शुरु भएको किसान, मजदूर, विद्यार्थी र कर्मचारीहरूको यो आन्दोलनले सन् १९९८ सम्म आइपुग्दा आँधीबेरीको रुप लिइसकेको थियो**

तलबको माग गर्दै जुलूस प्रदर्शन गरेका थिए । त्यसको तीन दिनपछि नै बिजुली र दूरसंचारका मजदूरहरूद्वारा गरिएको देशव्यापी हडतालदेखि तर्सिएर सरकारले 'सामूहिक सौदाबाजी गर्ने' अधिकार'लाई पुनर्स्थापित गर्नुपरेको थियो । सिन्तराइलेकोल पावर वर्कर्स यूनियनले यो विजय मजदूरहरूको संघर्षकै परिणामस्वरूप प्राप्त भएको उल्लेख गर्दै भनेको थियो : "यस्ता सफल मजदूर संघर्षहरूकै बलमा कोलम्बियामा औद्योगिक ट्रेड यूनियन महासंघ निर्माण गरेर हामीले नवउदारवादी मोडेलको विरोध गर्ने र आफ्ना हक-हितको सुरक्षा गर्ने काम गर्न सक्छौं ।"

जुलाईको अन्त्यतिर, छापामारहरूको युद्धले चर्को रूप लिइरहेकै बेला विभिन्न क्षेत्रमा संघर्ष गरिरहेका जन-आन्दोलनका ३ हजार जना प्रतिनिधिहरूको एक भेलाले बोगोटामा 'शान्तिका लागि नागरिक समाज' गठन गरेको थियो । त्यसले सरकार र छापामारहरूबीच शान्तिवार्ताको निम्ति वातावरण बनाउने लक्ष्य लिएको थियो । भेलामा विभिन्न ट्रेड यूनियनहरू, महिला संगठनहरू, विद्यार्थी संघहरू, सामुदायिक संगठनहरू देखि लिएर किसान संगठनका प्रतिनिधिहरूको सहभागिता थियो । भेला र त्यसको लक्षित उद्देश्यको सफलताको कामना गर्दै एफ.ए.आर.सी. र इ.एल.एन.को नेतृत्वले ऐक्यवद्धता सन्देश पठाएका थियो ।

त्यही बेला ६ हजार किसान, आदिवासी र घरवारविहीन भएका मानिसहरूले सारारे क्षेत्रको राजमार्ग पूरै बन्द गर्दै आफ्नो नागरिक अवज्ञा आन्दोलन शुरू गरेका थिए । उनीहरूले सरकारबाट आर्थिक सहयोगको माग गर्दै अर्द्धसैनिक हत्यारा दस्ताहरूको हिंसा अन्त्य गर्नका लागि सरकारलाई दवाब दिएका थिए । उनीहरूको आन्दोलन बढ्दै जाने क्रममा बोयोका र नोर्टे डे सान्तादोर क्षेत्रका २५ हजार किसानहरू पनि त्यसमा सहभागी भएका थिए ।

सेप्टेम्बरको शुरूमा १० हजार किसानहरूले उत्तर-पूर्वी कोलम्बियाको बाराकाबेर्मेजा क्षेत्रमा ठूला ठूला भूमिपतिहरू र सरकारद्वारा जफत गरिएको आफ्नो जमीन फिर्ता लिन र अर्द्धसैनिक दस्ताको हिंसा रोक्न सडकमा प्रदर्शन गरेका थिए । उनीहरूले प्रदर्शनको क्रममा अर्द्धसैनिक हत्यारा दस्ताहरूलाई प्रायोजन गर्ने सैनिक अधिकारीहरू र भूमिपतिहरूको नाम सार्वजनिक गर्न पनि सरकारलाई दवाब दिएका थिए । कोलम्बियाली तेल मजदूरहरूको लडाकू संगठन यूनाइटेड वर्कर्स यूनियन (USO) ले आफ्नो बलियो पकड रहेको क्षेत्रका किसानहरूको संघर्षलाई समर्थन गर्दै २४ घण्टे हडताल गरेको थियो । किसान र मजदूरहरूको संघर्षलाई दमन गर्न सरकारले बख्तरबन्द गाडीसहित सैनिक परिचालन गरेको थियो । तर इ.एल.एन.का छापामारहरूले आफ्नो प्रभाव रहेको सो क्षेत्रमा सैनिकहरूलाई दमन गर्न नदिन र किसान मजदूरहरूको संघर्षलाई साथ दिन ठाउँ ठाउँमा सैनिक गाडीहरूमाथि आक्रमण गरेका थिए । बम विस्फोटनका कारण कैयौं सैनिकहरूको मृत्यु हुनुका साथै गाडीहरू धेरै नष्ट भएका थिए ।



*लास्वौं*

छापामार-हरूद्वारा ध्वस्त पारिएको पुलिस स्टेशन

## *मजदूरहरूको लडाकू संघर्ष*

सेप्टेम्बरको अन्त्यतिर गएर पास्त्राना सरकारले शुरू गरेको जनताको ढाड भाँचिने खालको नवउदारवादी नीतिको विरोधमा भएको मजदूर हड्तालले कोलम्बियाको सार्वजनिक क्षेत्रलाई ४८ घण्टासम्म ठप्प पारेको थियो । यूनाइटेड वर्कर्स फेडरेशन (CUT) र जनरल फेडरेशन अफ कोलम्बियन वर्कर्स (CGTD) को आह्वानमा भएको अनिश्चित-कालीन हडतालमा सार्वजनिक क्षेत्रका करीव ८ लाख मजदूरहरूको सहभागिता थियो । त्यसले गर्दा देशको ९५ प्रतिशत भूभाग प्रभावित भएको थियो । त्यस हडताललाई तेल क्षेत्रका मजदूरहरूको यूनाइटेड वर्कर्स यूनियनले पूरै समर्थन गरेको थियो । हडतालको क्रममा दूरसंचारका मजदूरहरूले काम छाड्दा देशभरिनै संचारसम्पर्क अवरूद्ध भएको थियो । त्यस्तै, विद्यार्थी र शिक्षकहरूले स्कूल छाड्दा शिक्षा क्षेत्र पूरै ठप्प भएको थियो । त्यसमाथि इ.एल.एन.का छापामारहरूले हडतालको समर्थन गर्दै आफ्नो नियन्त्रणका क्षेत्रहरूमा सबैजसो यातायात ठप्प पार्नाले हडतालको सफलतामा निकै सघाउ पुग्न गएको थियो ।

पास्त्राना सरकारको नवउदारवादी योजना अन्तत निजीकरण गर्ने, सार्वजनिक सेवामा कटौती गर्ने, आधारभूत वस्तुहरूमा समेत १७ प्रतिशत भ्याट (VAT) लगाउने, र कोलम्बियाली मुद्रा-पेसोको अवमूल्यन गर्ने कार्यबाट कोलम्बियालीहरूमा असन्तोष र आक्रोशको भावना पैदा भएको थियो । यही असन्तोष र आक्रोश पोख्ने क्रममा किसान, मजदूर, कर्मचारी र विद्यार्थीहरू दिनदिनै सडकमा उत्रेका थिए । सेप्टेम्बरकै मध्यतिर काली शहरमा नगरपालिकामा काम गर्ने मजदूरहरूले प्रहरीसँग भिड्ने र टेलिफोन तथा बिजुली कम्पनीका मुख्यालय र पावरहाउसहरूमाथि कब्जा जमाएर आफ्नो आक्रोश पोखेका थिए ।

अक्टोबरको दोस्रो सातातिर यो अनिश्चितकालीन संघर्षमा यति धेरै वृद्धि भयो कि यसले देशलाई नै हल्लाउन थाल्यो । यो हडतालले दुई हप्ता नाघिसक्दा २ लाख मजदूरहरूले राजधानीका सडकहरूमा आफ्नो शक्ति र शौर्य प्रदर्शन गरेका थिए । 'बोगोटा कब्जा गरौं' भन्ने आक्रामक नाराका साथ सडकमा उत्रेका ती मजदूरहरूको संघर्ष देखेर विश्लेषकहरूले भनेका थिए - 'यो त बोगोटाको इतिहासमै सबैभन्दा ठूलो मजदूर प्रदर्शन हो ।'

अनिश्चित कालको हडतालको क्रममा अक्टोबर ७ का दिन ८ लाख मजदूरहरूले काम बन्द गरेका थिए । त्यस्तै, बाराकाबेर्मेजा शहरमा तेल कारखानामा काम गर्ने मजदूरहरू र कुकुटा शहरमा किसानहरू सडकमा प्रदर्शन गर्ने क्रममा प्रहरी र सेनासँग भिडेका थिए । यसरी देशभरि भएको सो हडताललाई पास्त्राना सरकारले अवैध घोषणा गर्दै सेना र प्रहरी परिचालन गरेको थियो । मजदूर संघर्षमाथि सेनाद्वारा हस्तक्षेप गर्न लगाएकोमा प्रतिक्रिया व्यक्त गर्दै जनरल फेडरेशन अफ कोलम्बियन वर्कर्स (CGTD) का अध्यक्ष जुलियो रोबर्टो गोमेजले भनेका थिए - "यो फासीवादी सरकारको जनविरोधी कार्य हो ।"

त्यसमाथि अर्द्धसैनिक हत्यारा दस्ताले सैनिकहरूको निर्देशनमा मजदूर नेताहरूलाई धमाधम मार्न थाल्ने क्रममा ८ जना मजदूर नेताहरूको निर्मम हत्या गरेका थिए । त्यसमध्ये यूनाइटेड वर्कर्स फेडरेशनका उपाध्यक्ष जोर्गे ओर्टेगा पनि थिए । पास्त्राना सरकारको जनविरोधी नीतिको कडा आलोचक ओर्टेगाको हत्यापछि ७ लाख सदस्य संख्या भएको उनको मजदूर फेडरेशनले संघर्षलाई अझ चर्काएको थियो । त्यसमाथि लाखौं सदस्य संख्या भएको निकै बलियो इन्टरनेशनल फेडरेशन अफ केमिकल, इनर्जी, माइन वर्कर्स (ICEM) जनरल वर्कर्स यूनियनले ओर्टेगाको हत्याको शोकलाई शक्तिमा बदल्ने घोषणाका साथ अनिश्चित कालको हड्ताललाई समर्थन र सहयोग गरेपछि मजदूर आन्दोलनले अभूतपूर्व सफलता पाएको थियो ।

सार्वजनिक क्षेत्रका मजदूरहरूमाथि सेना परिचालन भएको, त्यसका नेताहरूको हत्या हुन थालेको स्थितिमा निजी उद्योग-व्यवसायका लाखौं मजदूरहरूले पनि हड्तालरत मजदूरहरूको समर्थनमा आन्दोलन छेडेका थिए । निजी र सार्वजनिक क्षेत्रका मजदूरहरूदेखि लिएर तिनीहरूको संघर्षलाई समर्थन र सहयोग गर्ने आन्दोलनहरू र पार्टीहरूको एउटा मोर्चाको रूपमा 'नेशनल मोबिलाइजेशन इन कोलम्बिया' बनाइएको थियो । यी

सबैको संघर्षलाई एफ.ए.आर.सी. र इ.एल.एन.को पनि समर्थन थियो। संघर्ष झन् झन् चर्किंदै जाने क्रममा अक्टोबरको तेस्रो हप्तातिर ओर्टेगा लगायत ८ जना मजदूर नेताहरूको हत्याको बदला लिने र संघर्ष सफल पारीछाड्ने दृढताका साथ लाखौं मजदूरहरू देशभरका सडकहरूमा निस्केका थिए। त्यही प्रदर्शनलाई हेरेर CUT का लुइस गार्जोनले भनेका थिए - 'यो संघर्ष यस शताब्दीको हड्ताल हो।'

यी सबै सहयोग, समर्थन र लडाकू संघर्षको परिणामस्वरूप तीनहप्ता पछाडि कोलम्बियाली सार्वजनिक क्षेत्रका मजदूरहरूको माग पूरा गर्न सरकार विवश भएको थियो। उनीहरूको तलबमा १.५ प्रतिशत बृद्धि गर्ने, कोलम्बियाली दूरसंचार कर्पोरेशनलाई निजीकरण गर्ने कामलाई रोक्ने, अरू थुप्रै सेवा-सुविधाहरू बढाउनुका साथै हड्तालको अवधिभरको तलब दिने, मजदूर संघर्षमाथि दमन नगर्ने अनि जोर्गे ओर्टेगाको हत्याराको बारेमा सही सूचना दिनेलाई ६३ हजार डलर पुरस्कार दिने घोषणा गर्न सरकार बाध्य भएको थियो।

यी सानातिना मागहरू पूरा भएकोमाभन्दा लडाकू कोलम्बियाली मजदूर आन्दोलन शक्तिशाली शक्तिको रूपमा पुनरूत्थान भएकोमा मजदूर नेताहरू बेसी खुसी देखिए। पास्त्राना सरकारको मुद्राकोषवादी नवउदार अर्थतन्त्रलाई अहिले नै धेरै पछाडि धकेल्न नसके पनि उनीहरूले पास्त्राना सरकारलाई बलियो धक्का दिन सकेकोमा आफ्नो सफलता देखे। आन्दोलनकारी मजदूरहरूलाई दमन गर्ने र हड्ताल गर्ने अधिकारलाई अवैध ठहऱ्याउने पास्त्राना सरकारले वार्ता नगरीकन सेना परिचालनमै जोड दिइरहेको भए आन्दोलनकारी मजदूरहरूमा पनि वैधानिक र शान्तिपूर्ण संघर्षबाट विश्वास उठ्ने स्थिति आउने संभावना देखिसकेको थियो। एक जना मजदूर नेताले 'रायटर'संग कुराकानी गर्दै चुनौती दिएका थिए - "शान्तिपूर्ण ढंगले वार्ताद्वारा समस्याको समाधान गर्न नखोजीकन के हामी मजदूरहरू पनि हतियारले सुसज्जित भएपछि मात्रै वार्ता गर्न खोजेको हो कि के हो ? सरकारको नवउदारवादी नीतिलाई नउल्टाएसम्म हामी संघर्ष जारी राख्नेछौं। त्यसको लागि जुनसुकै उपाय प्रयोग गर्न पनि हामी पछि हट्ने छैनौं।"

सन् १९९६ देखि चर्किएको किसान, मजदूर र विद्यार्थीहरूको जनसंघर्षलाई एफ.ए.आर.सी.ले कसरी मूल्यांकन गरिरहेको छ त ? एफ.ए.आर.सी.को अन्तर्राष्ट्रिय आयोगका सदस्य मार्को लिओन कलार्का भन्छन् - "त्यस्ता संघर्षहरूको इतिहासले देखाइरहेको छः राज्यआतंकको भरमा जनतालाई मौन बनाउन सकिंदैन, उनीहरूको आवाजलाई दमन गर्न कोही पनि सफल हुनसक्दैन। राज्यले जनताका नेताहरूको हत्या गरेर, निर्वासित हुन बाध्य पारेर अनि जेल नेलद्वारा आतंकित पारेर सामाजिक आन्दोलनहरूको शीर काट्ने दुस्प्रयास गरिरहेको छ। तापनि जनताले आफ्नो हक र अधिकार प्राप्तिका लागि संगठित हुने, संघर्षशील हुने नौला-नौला बाटाहरू खोजी-हाल्छन् भन्ने कुरा अहिले प्रमाणित भइरहेको छ। यी बाटाहरू जतिसुकै कठिन र दुर्गम भएतापनि



ढीलो वा चाँडो उनीहरू आफ्नो संघर्षको प्रतिफल स्वरूप विजयी भइछाड्नेछन्।'

स्मरणीय छ, हतियारधारी एफ.ए.आर.सी. र इ.एल.एन.संग शान्तिवार्ता गरिरहेको सरकारसमक्ष ती सशस्त्र समूहका नेताहरूले अभूतपूर्व रूपमा गुञ्जेको मजदूर संघर्षको आवाजलाई शान्तिपूर्ण ढंगले हल गर्नुपर्ने माग गर्दै सशस्त्र संघर्षको शान्तिपूर्ण हल गर्न नवउदारवादी नीति त्याग्ने कार्यलाई शुरूको अत्यावश्यक पाईलाको रूपमा अगाडि बढाउन दवाब दिएका थिए।

सन् १९९९ को बर्ष पनि युद्ध र शान्तिप्रयास बीच झुलिरह्यो। पटक पटक शान्ति वार्ता हुने र भंग हुने क्रमसँगै युद्धका नगराहरू बजिरहे, छापामाहरूका आक्रमणहरूले तीव्रता र गहिराइ प्राप्त गरे। यसैबीच सरकारले लडाकू मजदूर संगठनका नेताहरूलाई पनि छापामारहरूसँगको शान्ति वार्तामा उपस्थित हुन अनुरोध गऱ्यो, तर तिनीहरूले वार्तामा बस्न अस्वीकार गरे। CUT का अध्यक्ष लुइस गार्जोनले स्पष्ट शब्दमा भनेका थिए - "हामी शान्ति वार्ताको नाटक गर्न चाहँदैनौ, बरू मजदूरहरूका हक-हितका सवालहरूलाई समाधान गर्ने बारेमा संवाद गर्न चाहन्छौं। तर राज्यलाई नवउदारवादी दिशातिर घिसार्ने, किसानहरूलाई ऋणदिने बैंक Caja Agraria लाई डुबाउने र तेलसम्बन्धी राष्ट्रघाती र मजदूरमारा संझौता गर्ने कार्यलाई जारी राखेर सरकारले एफ. ए. आर. सी. सँगको शान्तिवार्तामा हाम्रो सहभागिताको ढोका थुन्ने काम गरेको छ।"

*मजदूर नेताहरू सानातिना मागहरू पूरा भएकोमाभन्दा लडाकू कोलम्बियाली मजदूर आन्दोलन शक्तिशाली शक्तिको रूपमा पुनरूत्थान भएकोमा बेसी खुसी देखिए*

## देश नै ठप्प पार्ने हडताल

अत्यन्त उग्र र विशाल रूप लिएका जनसंघर्ष र छापामार युद्धका कारणले नराम्ररी धर्मराएको पास्त्राना सरकारलाई बचाउन अमेरिकाले प्रत्यक्ष सैनिक हस्तक्षेप गर्ने हो कि भन्ने आशंकाको बादल मडारिरहेको बेला फेरि एकपटक छापामार संघर्ष र मजदूर संघर्षले वेग हानेको थियो।

सन् १९९८ को संघर्षले अभूतपूर्व सफलता पाएको कारणले अत्यन्त उत्साहित लडाकू मजदूर संगठनहरूले सन् १९९९ मा मात्रै १३ वटा ठूल्ठूला हडतालहरूको सफल आयोजना गरेका थिए। ७० वर्षपछि अत्यन्त जटिल र गहिराइमा धँसिएको कोलम्बियाली आर्थिक-राजनैतिक संकटले गर्दा सन् १९९७ देखि १९९९ सम्ममा ४१ वटा हडतालहरू भएका थिए। गत वर्षको भाद्र १५ देखि शुरू भएको अनिश्चितकालीन विशाल मजदूर हडतालले फेरि उग्र रूप लियो।

पास्त्राना सरकारले शुरू गरेको मुद्राकोषवादी नवउदार अर्थतन्त्रलाई फिर्ता लिन लगाउन, निजीकरणको अभियान चलाउने र सार्वजनिक सेवामा बजेट कटौती गर्ने प्रयासलाई रोक्न तथा मुद्राकोषले पूँजीवादी सरकारलाई बचाउन हालै दिएको ३ अरब डलरको ऋण रद्द गर्न लगाउन मजदूर संगठनहरूले ४१ सूत्रीय मागसहित शुरू गरेको हडतालमा पहिलो दिनमै १५ लाख मजदूरहरूको सहभागिता थियो। रिपोर्ट अनुसार, हडतालको कारणले देशको ८० प्रतिशत आर्थिक गतिविधि ठप्प भएकोले सरकारलाई आच्छुआच्छु परेको थियो। हडतालको पहिलो दिनमै प्रहरी र सैनिकहरूसँग हडतालरत मजदूरहरूको सडकसंघर्ष शुरू भएको र २०० जनालाई गिरफ्तार गरिएको थियो।

मजदूर संघर्षको समर्थनमा सडकमा निस्केका बोगोटाको नेशनल यूनिभर्सिटीका विद्यार्थीहरू र दंगा प्रहरीहरूबीच भिडन्त भएको थियो। यही भिडन्त चर्किंदै जाँदा बोगोटाका मदजूर बस्तीहरू र त्यस वरिपरिका तीनवटा शहरमा कर्फ्यू लगाउनु परेको थियो। यो स्थिति राजधानी बोगोटादेखि लिएर मेडलीन, कार्ताजेना, रियोहाचा, काली, फुसागासुगा, इबाग्वे, परेइरा, पास्तो लगायत थुप्रै शहरमा विस्तार भएको थियो। देशका विभिन्न भागका किसान र आदिवासी जनताले सरकारको अर्थव्यस्थालाई ठप्प पार्न सडक र राजमार्गहरू बन्द गरेका थिए। लोस पास्तोसको आदिवासी समुदायले पाँच दिनसम्म प्यान अमेरिकन राजमार्ग बन्द गरिदिएकोले १ करोड डलर क्षति भएको थियो। हडतालरत मजदूरहरूसँग सरकारले संझौता गरिसकेपछि पनि ती आदिवासीहरूले आफ्नो संघर्षलाई जारी राखेपछि सरकारले तिनीहरूको क्षेत्रका लागि ६ लाख डलर रकम दिने बचन दिनुपरेको थियो।

यूनाइटेड वर्कर्स फेडरेशन र अरू दुईवटा मजदूर महासंघहरूको संयुक्त आयोजनामा भएको अनिश्चितकालीन राष्ट्रव्यापी हडतालको मुख्य निशाना पास्त्राना सरकारको जनविरोधी सामाजिक-आर्थिक नीतिमै केन्द्रित थियो। भाद्र १५ र १६ मा भएको विशाल हडतालको क्रममा ती मजदूर संगठनका १५ लाख सदस्यहरू मात्रै सडकमा उत्रेका थिए। तिनीहरूको समर्थनमा अरू किसान, मजदूर, विद्यार्थी, ग्रासरूट संगठनहरू, आदिवासी संगठनहरू पनि ज्यूज्यान छाडेर सडकमा उत्रेका र दंगा प्रहरी

र सैनिकहरूसँग भिडेका थिए । उत्पीडितहरूको विशाल मानव-समुद्र देशभरि उर्लेको देखेर फ्रान्सिसी समाचार एजेन्सी AFP ले हडतालमा दुई करोड जनताको सहभागिता रहेको हिसाब लगाएको थियो ।

मजदूर हडतालप्रति अन्तर्राष्ट्रिय स्तरमा समर्थन जनाउने इन्टरनेशनल कन्फिडरेशन अफ फ्री ट्रेड यूनियनले आफ्ना सबै शाखाका मजदूरहरूमार्फत् हडतालको समर्थनमा कार्यक्रम गरेको थियो । त्यस्तै, अमेरिका र क्यानाडाका मजदूरहरूले पनि कोलम्बियाली दूतावास र कन्सुलेट्सका कार्यालयमा पिकेटिङ गरेका थिए । कोलम्बियाली कम्युनिष्ट पार्टी (PCC) प्याट्रियोटिक यूनियन (UP) र एफ.ए.आर.सी. तथा इ.एल.एन.ले पनि संघर्षको समर्थन गरेका थिए । हडतालरत मजदूरहरू-प्रति ऐक्यवद्धता प्रदशर्न गर्दै एफ.ए.आर.सी.का लडाकूहरूले दक्षिण-पश्चिमी शहर आन्छिकायामा रहेको इ.पी.एस.ए. हाइड्रोलिक प्लान्टमाथि कब्जा जमाएका थिए । ती लडाकूहरूले त्यस क्षेत्रका जनताको लागि विद्युत महशुलमा ३० प्रतिशत कटौती गर्नुपर्ने र निजीक्षेत्रको मालिकत्वमा चलिरहेको प्लान्टले त्यस क्षेत्रको सामाजिक विकासमा पनि पैसा खर्च गर्नुपर्ने माग गरेका थिए ।

स्मरणीय छ, हडतालरत मजदूर संगठनहरू र एफ.ए.आर.सी. तथा इ.एल.एन.बीच कुनै प्रत्यक्ष सम्बन्ध नरहेको कुरा थाहा भएको छ । ती जन संगठनहरूमा कोलम्बियाली कम्युनिष्ट पार्टी, प्याट्रियोटिक यूनियन र स्वतन्त्र कम्युनिष्टहरूको नेतृत्व प्रभावशाली छ । ती जनसंगठन-हरूसँग प्रत्यक्ष सम्बन्ध नरहे पनि एउटै लक्ष्य र मागमा ती दुवै खेमा संघर्षरत रहेकोले ती दुवै खेमाको दुई खाले संघर्षबीच अनौठो खालको तालमेल र सरसहयोग भइरहेको देखिन्छ ।


अनिश्चितकालीन हडताल दुई दिनसम्म चलेपछि पूँजीवादी सरकारले मजदूरहरूसमक्ष भुक्नु पऱ्यो । सरकारले ४१ सूत्रीय माग पूरा गर्न मजदूर संगठनहरूसँग १ महिना लामो वार्ता गर्ने र नवउदार आर्थिक नीतिको बारेमा पनि पुनर्विचार गर्ने आश्वासन दिएपछि संघर्ष रोकिएको थियो । सरकारले संघर्षको क्रममा गिरफ्तार भएका हडतालीहरूलाई बिनाशर्त रिहा गर्ने र प्रतिशोधात्मक कारवाही नगर्ने बचन दिएको थियो । तर त्यसबीच अर्द्धसैनिक हत्यारा दस्ताले संघर्षरत किसान-मजदूरहरूको हत्या गर्ने, तीनवटा मजदूर संगठनका कार्यालयहरू र एउटा सामुदायिक संगठनको कार्यालयमाथि बम प्रहार गर्ने काम गरेको थियो ।

## युद्ध झन् झन् चर्कियो

मजदूर संघर्षको उभार आइरहेकै बेला देशका धेरैजसो गाउँ र शहरमा युद्ध चलाउँदै आइरहेको एफ.ए.आर.सी.ले सरकारसँगको वार्तामा असमझदारी पैदा भएपछि युद्धमाथि बेसी जोड दिएको थियो । छापामारहरूद्वारा राखिएको युद्धबन्दी आदान-प्रदान गर्ने र अर्द्धसैनिक हत्यारा दस्तालाई नष्ट गर्नुपर्ने मागलाई सरकारले पूरा नगरेपछि सन् १९९९ को मध्यावधितिर छापामारहरूले भीषण आक्रमणको क्रम चलाएका थिए ।

गत वर्ष असार २४ गतेदेखि शुरू गरिएको देशव्यापी आक्रमणको क्रममा साउन १ गते एफ.ए.आर.सी.का छापामारहरूले राजधानी बोगोटामै एउटा सैनिक गस्तीमाथि आक्रमण गरी ५ जना सैनिकहरूलाई मृत्युको मुखमा पुऱ्याएका थिए । बोगोटाको मजदूर बस्तीतिर भएको सो आक्रमणले स्पष्ट संकेत दिएको थियो- अब छापामार संघर्ष राजधानीसम्म बिस्तार भइसकेको छ, विशेष गरी शहरको वरिपरि रहेका मजदूर र सुकुम्बासीहरूको बस्ती-वस्तीसम्म !

असार २४ गते छापामारहरूले प्रहरी स्टेशन र सैनिक व्यारेकहरूमाथि निशाना लगाउने क्रममा थुप्रै क्षति पुऱ्याएका थिए । स्वचालित बन्दूक, बम र सैनिकहरूको जस्तै बख्तरबन्द गाडी लिएर आक्रमण गरिरहेका छापामारहरूको प्रहारले गर्दा प्रहरी चौकी, सैनिक व्यारेकहरू, सरकारी स्टोर र निवासहरू तथा बैंकहरू ध्वस्त भएको दृश्य टेलिभिजनहरूमा पनि देखाइएको थियो । सरकारले आक्रमणको क्रममा दर्जनौं दर्जन सैनिकहरू मरेको तथ्य स्वीकार्दै देशको धेरैजसो भू-भागमा कर्फ्यू लगाएको थियो ।



कोलम्बियाका राष्ट्रपति पास्त्राना



एफ.ए.आर.सी.का नेता मारुलांडा

**छापामारहरूको आक्रमणमा तीव्रता र गहिराइ आएपछि बोगोटा र वाशिंगटनका शासकीय दरवारहरूमा रातारात बैठकहरू भएका छन्**

## देशी विदेशी शासकहरूको निद हरायो

छापामारहरूबाट पटक पटक पराजय भोग्नु परेकोमा दुःखित पास्त्राना सरकारले रक्षामन्त्री लुइस फर्नाण्डो रामिरेजलाई अमेरिका पठाएर कम्युनिष्ट छापामारहरूसँग लड्न ५० करोड डलरको सहयोग माग गरेको छ । कोलम्बियाली सेनाका प्रमुख म्यानुयल होसे बोनेटले अमेरिकी सैनिक सहयोग माग्ने क्रममा 'एटम बम'समेत माग गरेका छन । छापामारहरूको आक्रमणमा तीव्रता र गहिराइ आएपछि बोगोटा र वाशिंगटनका शासकीय दरवारहरूमा रातारात बैठकहरू भएका छन् र द्विपक्षीय वार्तापछि थप सैनिक-आर्थिक सहयोग दिने र प्रत्याक्रमणको योजनाहरू तय गर्ने कार्य थालिएको छ । छापामारहरूको आक्रमण चलिरहकै बेला यू.एस. साउदर्न कमाण्डका कमाण्डर इन चीफ जनरल चार्ल्स विल्हेम, 'ड्रग वार'का प्रमुख जनरल बेरी मेक्काफ्रेइ हतार हतार बोगोटा गएर गोप्य मन्त्रणा गरेका छन् । मेक्काफ्रेइले संकटग्रस्त कोलम्बियाली सरकारको विजोग देखेर ५०० मिलियन डलरको सैनिक सहयोग थप दिइनुपर्ने र 'ड्रग वार' का लागि थप १ अरब डलर सहयोग दिइनुपर्ने माग गरेका छन् । उता कोलम्बियामा गोप्य मन्त्रणा गरिरहेकै बेला एउटा अमेरिकी जासूसी प्लेन छापामारहरूको मिसाइल प्रहारले ध्वस्त भएको खवर छ । छापामारहरूको गतिविधिको जासूसी गर्ने कार्यमा संलग्न RC-7 नामक अत्याधुनिक जासूसी प्लेनमा २ जना अमेरिकी सैनिक अधिकारीहरूका साथ ३ जना अमेरिकी र दुईजना कोलम्बियाली सैनिकहरू सवार थिए । यसैबीच कोलम्बियाली र अमेरिकी सैनिकहरूले आफ्नो नियमित र द्रुततर संचार प्रणाली स्थापित गर्दै छापामारहरूमाथिको प्रत्याक्रमणलाई तीव्र पार्ने क्रम शुरू गरेका छन् । अमेरिकी सूचनाकै आधारमा कोलम्बियाली सैनिकहरूले छापामार अड्डाहरूमा आकाशबाट बम बर्षा गर्ने, स्थल युद्धलाई चर्काउने प्रयास गरिरहेका छन् ।

यसैबीच अमेरिकी विदेशमन्त्री मेडलीन अलब्राइटजस्तो उच्च अधिकारीले समेत कोलम्बिया गई गोप्य मन्त्रणा गर्नुपर्ने स्थिति विकास भयो । विगत १० वर्षभित्र कोलम्बिया यात्रा गर्ने अमेरिकाका उच्चाधिकारीहरूमध्ये उनी सबैभन्दा माथिल्लो श्रेणीकी अधिकारी हुन् । उनले पास्त्राना सरकारलाई थप आर्थिक सैनिक सहयोग दिने बचन दिएर आएकी छिन् । यसबीच अमेरिकाले आफ्ना सैनिक प्रशिक्षकहरूको ओइरो लगाउने, हजारौं कोलम्बियाली सैनिकहरूलाई छापामार युद्ध विरोधी प्रशिक्षण दिने, र त्यहाँ लडाकू हेलिकोप्टर एवं हतियारहरूको थुप्रो लगाउने कार्यलाई तीव्रता प्रदान गरेको छ । सुपर हुये, यू.एच.-१, ब्ल्याक हकजस्ता लडाकू बमवर्षक हेलिकोप्टरहरू खेपकाखेप पठाउन थालिएको छ ।

## निराश सैनिकहरूको फितलो प्रतिरोध

अमेरिकी साम्राज्यवादको आड-भरोसा र नीतिनिर्देशनमा संघर्षरत कोलम्बियाली सरकार र सैनिकहरू तथा अर्द्ध सैनिक हत्यारा दस्तासमक्ष अब दुईवटा मात्रै विकल्प छ - ज्यान

रहेसम्म लडिरहने कि आत्मसमर्पण गर्ने । तर अमेरिकी शासकहरूलाई राम्ररी थाहा छ- कोलम्बियाी सैनिकहरू छापामारहरूसँग लड्न असमर्थ छन्, उनीहरूले अब विजय प्राप्त गर्ने संभावना नै छैन । अमेरिकी स्पेशल फोर्सेजका मास्टर सर्जेन्टबाट भर्खर रिटायर्ड भएका स्टान गोफ भन्छन् - "कोलम्बियाली सैनिकहरू तलब, सुविधा, प्रशिक्षण र प्रतिवद्धताको अभावमा अमेरिकी सैनिकहरूको कठपुतलीजस्तै भएका छन् । त्यसमाथि तल र माथिको विभेद, आदिवासी र अफ्रो-कोलम्बियालीहरूप्रतिको रंगभेद र विभाजनले पनि उनीहरूको लडाकूपनामा कमी ल्याएको छ । जनतामाथि दमन र अत्याचारले गर्दा उनीहरू जनताबाट पूरै कटिएका छन् । यो स्थितिमा बाहिरबाट जति हावा भरे पनि कोलम्बियाली सेनाको गाडी गुड्ने संभावना कम छ ।"

अर्कोतिर, बाहिरबाट हावा दिने अमेरिकी शासकवर्गलाई आफ्नो सेना त्यहाँको गृहयुद्धमा प्रत्यक्ष रूपमा होम्न भियतनाममा भएको विनाशको भूतले अहिले पनि उसलाई तर्साइरहेको छ । तापनि कोलम्बियालाई चुस्नसम्म चुस्ने कोलम्बियाली र अमेरिकी पूँजीपति वर्गको स्वार्थ हेरेर अमेरिकी शासक वर्गले कोलम्बियामा प्रत्यक्ष सैनिक आक्रमण गर्ने संभावना टड्कारो देखिन थालेको छ । यसो भएमा कोलम्बियाली र सिंगो ल्याटिन अमेरिकी जनमतको प्रचण्ड विरोध सामना गर्नु भनेको अमेरिकी साम्राज्यवादको लागि पनि त्यति सजिलो पक्कै हुनेछैन । त्यसमाथि ३६ वर्षदेखि दीगो रूपमा सशस्त्र जनयुद्ध गरिरहेका एफ.ए.आर.सी.का ३२ हजार छापामारहरू र इ.एल.एन.का ५ हजार छापामार-हरूको छापामार युद्धको कठोर र निर्मम प्रतिरोधको ज्वालामुखीको बिस्फोटले क-कस्लाई खरानी पार्ने हो, भन्न सकिने स्थिति छैन ।

> **बाहिरबाट हावा दिने अमेरिकी शासकवर्गलाई आफ्नो सेना त्यहाँको गृहयुद्धमा प्रत्यक्ष रूपमा होम्न भियतनाममा भएको विनाशको भूतले अहिले पनि उसलाई तर्साइरहेको छ ।**

यसरी सबै वास्तविकताहरू केलाएर हेर्दा स्पष्ट देखिन्छ - अहिले कोलम्बिया बिस्फोटनको स्थितिमा छ । चारैतिर बिस्फोटन भइरहेको छ । कहीं किसानहरूको लडाइँ, कहीं मजदूरहरूको प्रतिरोध । अनि कहीं विद्यार्थी र कर्मचारीहरूको संघर्षको बिस्फोट भइरहेको छ । त्यसमाथि देशव्यापी रूपमा एफ.ए.आर.सी. र इ.एल.एन.का छापामारहरूको तीसौं वर्ष लामो छापामार संघर्षले आगो लगाइरहेको छ । अर्कोतिर राज्यआतंक मच्चाइरहेका शासकहरू स्वयं जनताको सशस्त्र र सडक संघर्षबाट आतंकित भएर आफ्नो प्रभु-अमेरिकी साम्राज्यवादको पाउ समात्न थालिरहेका र अमेरिकी शासकहरू प्रत्यक्ष सैनिक हस्तक्षेपका लागि दाउपेच गरिरहेका वास्तविकताले पनि क बिस्फोटन भइरहेको कोलम्बिया झन् झनै संकटग्रस्त भइरहेको दृश्य देखाइरहेको छ ।

यस्तो बिस्फोटनको स्थितिमा नयाँ, उन्नत समाजवादी कोलम्बियाको निर्माणका लागि संघर्षरत एफ.ए.आर.सी. र इ.एल.एन.का छापामारहरू सत्ता कब्जा गर्न जमजमाएको देखेर आश्चर्यचकित हुने ठाउँ छैन । जंगल, सडक र टेबुलबाट क्रियाशील छापामारहरूका नेताहरूमध्ये एक राउल रेयेस किड्स भन्छन् - "हामी सत्ता प्राप्तिका लागि सबै अत्यावश्यक उपायहरू अपनाइरहेका छौं । एफ.ए.आर.सी जनता सँगसँगै, जनताको र जनताको लागि सत्ता प्राप्ति गर्ने कुरामा विश्वास गर्दछ र सत्ता प्राप्त गर्ने काम सकेसम्म विनाशक्तिप्रयोग, विनाहिंसा भए बेस हुन्छ भन्ने कुरामा पनि विश्वास गर्दछ । हामी जनता सँगसँगै, किसान, इण्डियन र मजदूरहरू सँगसँगै शासन गर्न चाहन्छौं । म यहाँ जोड दिएर भन्न चाहन्छु- हाम्रो शासन व्यवस्थाको मोडेल समाजवादी हुनेछ । कोलम्बियाली जनताको चाहना, भावना र आवश्यकता अनुकूलको समाजवादी व्यवस्थामा उत्पीडक र उत्पीडितको अस्तित्वलाई नामेट पार्ने, देशको सार्वभौमिकता बचाउने र जनताको स्वाभिमान र सम्वृद्धिलाई उन्नत पार्ने कार्य गरिने छ ।" ❑

---

◀ घटना र प्रवृत्ति

# विद्यार्थीहरूले संसद भवन अगाडि नागरिकता विधेयक जलाए



*छापामार शैलीमा संसद भवन अगाडि राष्ट्रघाती नागरिकता विधेयक जलाउँदै विद्यार्थीहरू*

अति कडा सुरक्षा घेराभित्र रहने सिंहदरवारको परिसरभित्र संसद भवनअगाडि गत श्रावण ३ गते अचानक नेकपा (माले) निकट अनेरास्ववियूका सयौं कार्यकर्ताहरुको टोलीले राष्ट्रघाती नागरिकता विधेयकलाई नारावाजीका साथ जलायो । नाटकीय ढंगबाट उक्त कार्यक्रम शुरु हुँदा प्रहरी र त्यस क्षेत्र वरपर रहेका सांसदहरु भागाभाग भएका थिए । उक्त कार्यक्रमको नेतृत्व अनेरास्ववियूका अध्यक्ष रवीन्द्र अधिकारीले गरेका थिए ।


कार्यक्रमको शुरुमा एक संक्षिप्त भाषण दिंदै अध्यक्ष रवीन्द्र अधिकारीले राष्ट्रघाती नागरिकता विधेयकलाई फिर्ता गर्नुपर्ने कुरा बताउनुभयो भने त्यसको लगत्तै सोही संगठनका सचिव कृष्ण के.सी. लगायतका विद्यार्थी नेताहरुले विधेयकको पुतलामा आगो लगाए । विधेयकको पुतला अगोले जलेपछि मात्र प्रहरीहरु त्यहाँ पुगेका थिए । प्रहरीले अनेरास्ववियूका अध्यक्ष रवीन्द्र अधिकारी, सचिव कृष्ण के.सी., कोषाध्यक्ष हिमाल शर्मा लगायत दर्जनौं विद्यार्थी नेताहरुलाई गिरफ्तार गऱ्यो ।

यसअघि पनि आषाढ २७ गते राष्ट्रघाती नागरिकता विधेयकको विरोधमा अनेरास्ववियू केन्द्रीय सचिवालयको आयोजनामा रत्नपार्कमा सो विधेयक जलाउने कार्यक्रम भएको थियो । यसैबीच राष्ट्रघाती नागरिकता विधेयकको विरोधमा नेकपा (माले)सँग निकट अनेरास्ववियू, प्ररायुसंघ, इकोण्ट, अनेमसंघ, अनेकिसंघ, राजसा संघद्वारा गत श्रावण १८ गते आयोजना गरिएको 'उपत्यका बन्द' कार्यक्रम पूर्णतः सफल भएको थियो ।

यी विरोधहरुको बेवास्ता गरेर नागरिकता विधेयकलाई नेपाली कांग्रेसले जबरजस्ती पास गरेको छ । र पनि, यी विरोधहरुमा राष्ट्रवादी नेपाली जनताहरुको आवाज प्रतिनिधित्व भएको हाम्रो ठहर छ । ❑

# नाशवान पूँजीवादको विशिष्टता

◆ के हो पूँजीवादको ऐतिहासिकता र ऐतिहासिक दृष्टिकोणको अपरिहार्यता ? के पूँजीवाद विशिष्ट परिस्थिति अनुरूप फेरिन्छ ?



चिन्तन

– डा. चैतन्य मिश्र –

वर्तमान विश्व मूलतः पूँजीवादी विश्व हो । यसो भन्दा पूँजीवादको बढाइचढाइ गरेको, तारीफ गरेको पक्कै ठहर्दैन । न त यसो भन्दा गैर-पूँजीवादी चिन्तन र व्यवहार हराउने स्थितिमा छ भन्ने अर्थ नै लाग्छ । गैर-पूँजीवादीहरुमध्ये मूलतः सामन्तवादी र समाजवादी सोच, जीवनयापन, संगठन र व्यवहार लोप हुने स्थितिमा छ भन्ने तात्पर्य पनि यसबाट निस्कँदैन । न त यसबाट पूँजीवादले अन्तिम विजय हासिल गरिसक्यो भन्ने अर्थ नै लाग्छ ।

नेपाल लगायत कतिपय तेस्रो विश्वका मुलुकहरुमा पूँजीवादको विरोध ज्यूँदोजाग्दो संघर्षको रुपमा उभिएको र पूँजीवादविरोधी संघर्ष धेरैजसो मुलुकहरुमा चलिरहेको छ । त्यसैले पूँजीवादले आफ्नो बाटो खोजेजस्तो गरी सुगम पार्न सकेको छैन । पूँजीवादी प्रणालीको केन्द्र बनेका मुलुकहरुमा समेत अधिकांश जनता पूँजीवादबाट पीडित छन् । त्यसैले उनीहरुले सिंगो पूँजीवादको विरोध नगरे पनि यसका खास खास पक्षहरुप्रति विरोध जनाइरहेकै छन् । पूँजीवादी प्रणालीको रुपमा केन्द्र रहेका मुलुक र क्षेत्रहरुबीच आपसी खिचातानी र मतभेद पनि प्रशस्त छ । यस्तो मतभेद चर्कंदै जाने धेरै संभावनाहरु छन् । यस्तो मतभेद फराकिलो र गहिरो हुँदै जाँदा सिंगो पूँजीवाद मासिन जाने संभावना पनि जीवित छ । साथै, सिंगो पूँजीवादी संरचनाको गर्भबाट प्रशस्त आन्तरिक अन्तरविरोधहरु निस्कने क्रम पनि जारी छ । यी अन्तरविरोधहरु 'संश्लेषित' हुने स्थितिमा पूँजीवादको ध्वंश हुने कुरा निश्चित छ ।

तर अहिलेको वास्तविकता के हो भने वर्तमानमाथि पूँजीवादी प्रणाली हावी छ र यो प्रणाली अझ सुगठित हुँदैछ । विभिन्न बाधा, व्यवधान, विरोध, अन्तरविरोधलाई पन्छाउँदै, पार गर्दै, सहँदै, बोक्दै यसले गति लिइनै रहेको छ । निश्चित रुपमा, पूँजीवादी व्यवस्थाभित्र अभूतपूर्व शोषण छ, अकथनीय असमानता, उत्पीडन छ र यी सबका विरुद्ध चर्को जनसंघर्ष पनि छ । यी सबै विद्यमान हुँदाहुँदै पनि कटु सत्य के हो भने वर्तमानमा पूँजीवाद अघि लम्कने क्रममा लगनशील र सफल दुवै रहेको छ ।

पूँजीवादको अघि लम्कने यो क्रमलाई बुझ्न पूँजीवादी व्यवस्थाका गुण-अवगुण र त्यसभित्रका क्रिया-प्रक्रियाहरु ठम्याउनु जरुरी हुन्छ । परोक्ष रुपमा यो क्रमलाई मत्थर तुल्याउने, रोक्ने र अन्ततः पूँजीवादी प्रणालीलाई ध्वंश गर्ने काममा सहायक बन्न त पूँजीवादी प्रणालीका विशिष्टताहरु खुट्याउन अतिआवश्यक हुन्छ । तर यस्ता विशिष्टताहरु खुट्याउन सिंगो पूँजीवादी प्रणालीबारे बुझ्न आवश्यक पर्ने दृष्टिकोणसम्बन्धी धरातल तयार गर्नुपर्ने हुन्छ । अर्थात् पूँजीवादका विभिन्न वैशिष्ट्यहरुलाई ठम्याउन र त्यसका फरक फरक विशिष्टताहरु मनन गर्न सिंगो पूँजीवादलाई हेर्ने उपयुक्त दृष्टिकोणको निर्माण गर्नु अत्यावश्यक हुन्छ ।

यसर्थ, यस अंकमा कसिंगो पूँजीवादी प्रणालीलाई बुझ्ने तीन मुख्य धरातलको बारेमा संक्षिप्त चर्चा गरिनेछ । यसैगरी आगामी दुई अंकहरुमा पूँजीवादी प्रणालीका विशिष्टताहरुको बारेमा संक्षेपमा व्याख्या गरिनेछ ।

### ❑ पूँजीवादको ऐतिहासिकता

पूँजीवादी प्रणालीलाई बुझ्ने मूल पक्षहरुमध्ये पहिलो पक्ष हो : पूँजीवादको ऐतिहासिकता ।


पूँजीवादको ऐतिहासिकता भनेको के हो त ? पूँजीवादको ऐतिहासिकता भन्नाले पूँजीवादी प्रणाली मानवीय सामाजिक इतिहासको विशिष्ट सन्दर्भमा जन्मिएको, हुर्किएको र अन्ततोगत्वा नाशवान प्रणाली हो भन्ने नै हो । पूँजीवादी प्रणाली प्रकृतिप्रदत्त प्रणाली होइन, न त यो दैवी वा आफसेआफ प्रकट हुने स्वयम्भू प्रणाली नै हो । यो त सामाजिक इतिहासको विशिष्ट संघारमा जन्मिएको र क्रमशः भाँगिदै गइरहेको सामाजिक संरचना, पद्धति र प्रक्रिया हो ।


पूँजीवादी प्रणालीको विकासक्रमलाई मूर्त रुपमा बुझ्न इतिहासको पाना पल्टाउनु पर्ने हुन्छ । चारसय वर्ष अगाडिको इतिहासको पाना पल्टाउँदा स्पष्ट देखिन्छ– यो प्रणाली पश्चिमी यूरोपमा शताब्दियौंदेखि विकसित कठोर खालको सामन्ती प्रणालीभित्र हुँडलीइरहेका अन्तरविरोधहरुको टक्करले सामन्ती व्यवस्थालाई ध्वस्त गर्दै जन्माएको व्यवस्था हो । त्यसबेलासम्ममा सामन्ती प्रणालीभित्र विकसित भएका थुप्रै अन्तरविरोधहरु बीच रडाको मच्चिसकेको थियो । भूमिपति, दास, अर्द्धदास र व्यापारीहरु बीचको अन्तरविरोध, गाउँ र शहरबजार बीचको, कृषि क्षेत्र र कुटीर उद्योग क्षेत्र बीचको टक्करले महत्वपूर्ण संघर्षको रुप लिइसकेको थियो । त्यस्तै, इसाई धर्म र विज्ञान बीचको संघर्ष, इसाई धर्मभित्रै हुँडलिएको क्याथोलिक र प्रोटेस्टेन्टपन्थीहरुको अन्तरविरोध तथा राजा र प्रजाहरु बीचको संघर्ष पनि सामन्ती प्रणाली भित्रका उल्लेखनीय अन्तरविरोधहरु थिए । यी सबै अन्तरविरोध र संघर्षलाई चिर्दै कठोर सामन्ती प्रणालीलाई ध्वंश गर्न थालिएको थियो । यस्तो विध्वंशको कार्यलाई नेतृत्व दिनेहरुले पूँजी र नाफालाई नयाँ सामाजिक प्रणालीको जग मानेका थिए । यसको नेतृत्व स्थापित भूमिपतिहरुले गरेका थिएनन्, बरु तिनीहरुसँग टक्कर लिँदै हुर्कंदै गरेको नयाँ वर्गका नायक पूँजीपतिहरुले गरेका थिए । यसरी सामन्ती प्रणालीभित्र हुर्केका अन्तरविरोधहरुसँग जेलिएर रहेका वर्गहरुको संघर्षकै परिणामस्वरुप चार सय वर्षअगाडि पूँजीवादी प्रणालीको जन्म भएको तथ्य इतिहासका पानाहरुमा अंकित देखिन्छ ।

चारसय वर्ष अगाडि यो व्यवस्था पश्चिमी यूरोपमा सामन्ती प्रणालीभित्र हुँडलीइरहेका अन्तरविरोधहरुको टक्करले सामन्ती व्यवस्थालाई ध्वस्त गर्दै जन्माएको हो ●

विगत चारसय वर्षको कालावधिभित्र सामन्ती र अन्य सामाजिक व्यवस्थाको ध्वंश गर्दै पूँजीवादी प्रणाली विश्वभरि भाँगिदै जान सफल रहयो । यस प्रणालीले स्वाभाविक रुपमा जन्माउने शोषण र उत्पीडनविरुद्ध शुरुदेखि नै जनसंघर्षहरु थालिए । पूँजीवाद अन्तर्गत नै दुईवटा अत्यन्त संहारकारी विश्व युद्धहरु संचालन भए । पूँजीवादी प्रणालीको व्यापक, संगठित र सशक्त विरोधमा र समाजवादी व्यवस्थाको पक्षमा पूर्व सोभियत संघ, चिनियाँ गणतन्त्र र अन्य केही राज्यको स्थापना भयो । माथि भनिएझैं हाल पनि कम संगठित र कम सशक्त भए पनि पूँजीवाद विरुद्धको जनसंघर्ष विश्वभरिको राजनीतिक संघर्षको मूल पाटो बनिरहेको छ ।

यसरी हेर्दा वर्तमान विश्व मूल रुपमा पूँजीवादी स्वरुपको भएता पनि यसका विभिन्न पाटाहरु छन् भन्ने कुरा छर्लङ्ग हुन्छ । वर्तमान विश्वमा कहीं पूँजीवाद सशक्त छ भने कहीं पूँजीवादविरोधी जनआन्दोलनको पकड पनि व्यापक छ । कहीं पूँजीवादको पराजयसमेत भएको छ र त्यहाँ समाजवादी राज्य स्थापना भएको छ । वर्तमान पूँजीवादी विश्वका यी अन्तरविरोधी पाटाहरुले कमसेकम के





देखाइरहेका छन् भने पूँजीवाद सर्वकालिक व्यवस्था होइन, न त यो दैवी, स्वयम्भू वा प्राकृतिक प्रणाली नै हो । यो नितान्त विशिष्ट ऐतिहासिक परिस्थिति र प्रक्रियाको उपज हो । यस प्रणाली विरुद्धको जनसंघर्ष व्यापक र संगठित हुँदा र यस प्रणाली भित्रका अन्तरविरोधहरु चरम स्थितिमा पुग्दा यो प्रणालीको नाश हुन्छ । आन्दोलन र अन्तरविरोधको गर्भबाट अर्को छुट्टै प्रणालीको जन्म हुन्छ । विशिष्ट ऐतिहासिक स्थितिको उपजको नाताले यो प्रणाली अजर अमर छैन, हुनसक्दैन ।

## ❑ ऐतिहासिक दृष्टिकोणमा पूँजीवाद

वास्तवमा अन्य कुनै पनि सामाजिक प्रणालीझैं पूँजीवादी प्रणाली पनि विशिष्ट ऐतिहासिक परिस्थितिको उपज हो भन्ने कुरा हामीमध्ये सबैजसोले पढेको, बुझेको कुरा नै हो । तर हामीमध्ये धेरैजसोले बिर्सने, आत्मसात् नगर्ने कुरा के हो भने यस्तो ऐतिहासिक दृष्टिकोण भनेको पूँजीवादको उद्‌भव बुझ्नको लागि मात्र होइन, यसको विगत चारसय वर्षको उतार-चढाव र विकास बुझ्नको लागि पनि अपरिहार्य छ । हामीमध्ये धेरैजसोले पूँजीवादलाई त्यसको शुरुवातकालीन अवस्थाका सार, आकृति र विशिष्टताहरुभित्र मात्रै कैद गरेर हेर्ने र ठम्याउने गरिरहेका छौं । पूँजीवादलाई गतिमा, द्वन्दमा र अन्तरसम्बन्धमा नहेर्ने गैर-ऐतिहासिक दृष्टिकोण धेरैजसोमा भएकोले यहाँ ऐतिहासिक दृष्टिकोणाको अपरिहार्यतामाथि विशेष जोड दिइएको हो ।

ऐतिहासिक दृष्टिकोण किन अपरिहार्य छ भने पूँजीवादका २-४ मूल विशेषताहरु बाहेकका अन्य विशेषताहरुमा यो चारसय वर्षको दौरानमा धेरै नै फेरबदल र उलटपुलट भएका छ्न । विशिष्ट ऐतिहासिक चरणमा पूँजीवादको मूल अंग ठहरिएका तथा नैसर्गिक विशेषता ठहरिएका कतिपय संरचना र प्रक्रिया कालान्तरमा पूँजीवाद अन्तर्गत नै नाश भएका छन् र पूँजीवादले अर्को चरणमा प्रवेश गरेको छ । समयको अन्तरालमा पूँजीवादी प्रणालीभित्र दासप्रथा, औपनिवेशिक शासन र राज्य व्यवस्था केन्द्रित विकासको रणनीतिको उत्थान र पतन भएको देखिन्छ । यसलाई अझ खुलस्त पार्ने हो भने दासप्रथालाई उदाहरणको रुपमा लिन सकिन्छ । दास प्रथाअन्तर्गतको सबैभन्दा उच्च तहको शोषण पूँजीवाद मै भयो । यस चरणमा दासप्रथा भनेको पूँजीवादको अन्तरंग संरचनाको रुपमा नै बुझिन्थ्यो । तर अभूतपूर्व उत्पीडन, यातना, आन्दोलन, संघर्ष, युद्ध आदि पश्चात् दास प्रथाको अन्त्य पनि पूँजीवाद अन्तर्गत नै भयो ।

यस्तै खाले अर्को उदाहरण हो- औपनिवेशिक शासन । उपनिवेशवाद र यससँग सम्बन्धित विश्व तहको शोषण, उत्पीडन, यातना आदि पूँजीवादकै उपज थियो । दुई शताब्दी लामो औपनिवेशिक कालमा यस्तो प्रतीत हुन्थ्यो कि सिंगो पूँजीवाद औपनिवेशिक व्यवस्थामा नै आधारित छ । यस्तो निष्कर्ष पूँजीवादको त्यस चरणका लागि धेरै हदसम्म उपयुक्त पनि थियो । तर यथार्थ के हो भने पूँजीवादी व्यवस्था अन्तर्गत नै फेरि पनि व्यापक शोषण र संग्राम पश्चात् औपनिवेशिक प्रणालीको अन्त्य पनि भयो ।

यसरी पूँजीवादी प्रणालीका उतार-चढाव र विकासलाई ऐतिहासिक दृष्टिकोणले हेर्नका लागि हाम्रो कालखण्डसँग धेरै नजिक रहेको समयावधिको अर्को उदाहरणलाई लिन सकिन्छ । त्यो उदाहरण हो - पूँजीवादभित्रै विकाससम्बन्धी रणनीतिमा आएको फेरबदल । सन् १९५० देखि करीब १९८० का बीच पूँजीवाद अन्तर्गत केही हदमा पूँजीवादी प्रणालीका केन्द्रीय थलोका मुलुकहरुको र केही हदमा समाजवादी मुलुकको समेत सिको लिंदै पूँजीवादले 'राज्य व्यवस्था केन्द्रित विकासको रणनीति' अख्तियार गरेको थियो । तर गएको २० वर्षको दौरानमा 'विकासको रणनीति झण्डै पूर्ण रुपमा बजार व्यवस्था केन्द्रित रहनुपर्छ' भन्ने रणनीति पूँजीवाद अन्तर्गत नै प्रतिपादित भयो । त्यस्तै गरी पूँजीवाद अन्तर्गत नै खास चरणमा प्रतिस्पर्धात्मक र खास चरणमा एकाधिकारी बजार व्यवस्था लागू भए । वर्तमान चरणमा अभूतपूर्व रुपले एकाधिकारी बजार व्यवस्थाको वकालत गर्ने काम भइरहेको छ । र यस्तै एकाधिकारी बजार व्यवस्थाको आडमा मूलतः एकध्रुवीय आर्थिक, राजनीतिक, सामरिक र सांस्कृतिक व्यवस्थाको पक्षपोषण भइरहेको छ ।

निचोडमा भन्दा पूँजीवादका २-४ मूल पारिभाषिक विशेषताहरु बाहेक अन्य विशेषताहरु सिंगो पूँजीवादसँग गाँसिएका देखिँदैनन् । बरु ती अन्य विशेषताहरु पूँजीवादका खास खास चरणहरुसँग मात्र आवद्ध रहीआएका छन् । यसरी हेर्दा देखिन्छ- पूँजीवाद कतिपय अवस्थामा हाम्रोसामु छद्मभेषमा प्रकट हुने गर्दोरहेछ ! छद्मभेषभित्र पसेर यसलाई सही रुपमा चिन्नको लागि हामीले यसको उद्‌भवकालीन विशेषताको साथै चारसय वर्ष यताको पूँजीवादका चरणहरु, त्यसका उतार-चढावहरु र पूँजीवादभित्रको आन्तरिक परिवर्तनलाई ऐतिहासिक दृष्टिकोणबाट नियालेर हेर्नु अपरिहार्य हुन्छ । नत्र हामी सिंगो पूँजीवाद पारिभाषिक विशिष्टताका साथै त्यसका तात्कालिक विशेषताहरु चिन्न, ती विशिष्टताहरुबीच भेद छुट्याउन, पूँजीवादको प्रक्रिकयाको गति मापन गर्न सक्दैनौं । यस्तो स्थितिमा 'ठोस स्थितिको ठोस विश्लेषण' नारामै सीमित रहन पुग्छ । ठोस स्थितिको सही आँकलन गर्न नसक्दा पूँजीवादविरोधी सोच, संगठन र आन्दोलनले सही दिशा र अपेक्षित गति लिन सक्दैन ।

## ❑ विशिष्ट परिस्थितिमा पूँजीवाद

ठोस स्थितिको ठोस विश्लेषण गरी पूँजीवादविरोधी आन्दोलन सही दिशामा गतिशील बनाउन हामीले ऐतिहासिक दृष्टिकोणलाई विशिष्ट परिस्थितिसँग जोडेर हेर्न सक्नुपर्दछ । ऐतिहासिक दृष्टिकोण भनेको समय र चरण-उपचरणसँग मात्रै सम्बन्धित हुने पक्ष होइन । यो त विशिष्ट स्थान र जनता अनि त्यहाँको अर्थतन्त्र, राजनीति र संस्कृतिसँग पनि अपरिहार्य रुपले सम्बन्धित छ । स्थान, जनता, अर्थतन्त्र, राजनीति र संस्कृतिविनाको इतिहास र समय हुनैसक्दैन । पूँजीवादलाई ऐतिहासिक दृष्टिकोणले ठम्याउन खोज्दा समय र चरण-उपचरणमा मात्रै सीमित पारेर अध्ययन गरिनु हुँदैन, किनकि पूँजीवादको चरित्र र विशेषता कालान्तरमा मात्र हेरफेर भएको होइन, विशिष्ट परिस्थितिले पनि यसमा धेरै परिवर्तन ल्याएको देखिन्छ । समाज र मुलुक, स्थान विशेषमा लागू भइरहेको अर्थतन्त्र, राजनीति र संस्कृतिको चरित्रअनुसार पनि पूँजीवादको चरित्र र विशिष्टतामा निकै हदसम्मको भिन्नता देखापरेको छ ।

इतिहासको पाना पल्टाउँदा छर्लङ्ग देखिन्छ- चारसय वर्षअघि पश्चिमी यूरोपको तात्कालीन

❑
विश्व पूँजीवाद र नेपालबीचको सम्बन्धको लामो इतिहासलाई पूरै उपेक्षा गर्दै विनाअध्ययन-अनुसन्धान हामी ५० वर्ष अगाडिको पुरानो निष्कर्षमा 'अडिग' हुँदै घोकिरहेका छौं - 'नेपाल अर्ध सामन्ती र अर्ध औपनिवेशिक मुलुक हो ।'
◆

❑
पूँजीवादका २-४ मूल विशेषताहरू बाहेकका अन्य विशेषताहरूमा यो चारसय वर्षको दौरानमा धेरै नै फेरबदल र उलटपुलट भएका छ्न ती के के हुन् ?
◆



*वर्तमान विश्वमा कहीं पूँजीवाद सशक्त छ भने कहीं पूँजीवादविरोधी जनआन्दोलनको पकड पनि व्यापक छ !*

## ◀ चिन्तन


विशिष्ट परिस्थितिमा उद्भव भएपश्चात् पूँजीवादले विश्वभरि नै बजार र नाफा बिस्तारको हेतुले गिद्देदृष्टि लगायो । बजार र नाफाविना जीवित रहनै नसक्ने पूँजीवादले क्रमशः विश्वको अन्य भूभाग, अर्थतन्त्र, राजनीति, संस्कृतिमाथि कब्जा जमाउन थाल्यो र त्यसमा सफल नभएका पक्षहरुलाई कमसेकम आफू अनुकूल बनाउन लागिपर्‍यो । यस्तो बिस्तार अहिले पनि पूँजीवादी केन्द्रथलोहरुमा समेत जारी नै छ । गैरपूँजीवादी क्षेत्र, मुलुक, अर्थतन्त्र, राज्यतन्त्र र संस्कृतिभित्र संक्रमण गर्ने दौरानमा स्वाभाविक रुपले पूँजीवादको चरित्र, विशेषता केही हदमा, अस्थायी रुपमा भए पनि फेरिनु अपरिहार्य छ । पूँजीवादले हालसालै संक्रमण गर्न थालेको क्षेत्र, मुलुक, अर्थतन्त्र, राज्यतन्त्र, संस्कृतिका साथै परिवार, समुदाय, रितिरिवाज आदि पूँजीवादले लामो समय चलखेल गरेको, आफ्नो पोल्टाभित्र झण्डै पूर्णतया हालिसकेको संरचनामा भन्दा पक्कै पनि भिन्न हुन्छ नै । केन्द्रथलोको पूँजीवादी चरित्र र विशेषता त 'मोफसल'को भन्दा अन्य कारणका अलावा यही कारणले गर्दा पनि धेरै हदमा भिन्न हुने गर्छ ।

यसबाट स्पष्ट देखियो- पूँजीवादले संक्रमण कालमा भिन्न भिन्न मुलुक, क्षेत्र, जनसमूह, अर्थतन्त्र, राजनीति र संस्कृतिमा फरक-फरक स्वरुप लिन सक्छ । त्यसैले नेपालको विशिष्ट परिस्थितिमा पनि पूँजीवाद कुन नौलो रुप-रंग र फरक स्वरुपमा विकसित हुँदैछ भन्ने कुरा हामीले राम्ररी ठम्याउनु जरुरी छ । पूँजीवाद समय र परिस्थितिअनुसार विभिन्न रुपरंग र स्वरुपमा प्रकट हुने यथार्थलाई ठम्याउन सकेनौं र ठम्याउन चाहेनौ भने हामी 'कुवाको भ्यागुतो' हुनेछौं । त्यसमाथि हामीमध्ये धेरैजसोमा देशमा पूँजीवादीकरण भएपछि मुलुक त धनी नै हुन्छ, त्यहाँ कलकारखाना र मजदूरहरुको संख्या बेसी हुन्छ नै भन्ने थोत्रो मान्यता पनि छ । यसरी हामीमध्ये धेरैमा रहेको वस्तुगत यथार्थलाई बुझ्ने ऐतिहासिक दृष्टिकोणको अभाव, त्यसलाई ठम्याउने चाहनाको खडेरी र लगनशीलताको कमी तथा पूँजीवादसम्बन्धी थोत्रा मान्यताहरुले गर्दा नेपालमा विकसित भइरहेको पूँजीवादलाई पटक्कै ठम्याउन सकिरहेका छैनौं । त्यसैले हामीमध्ये अधिकांश मानिसहरु पूँजीवादले हाम्रो मुलुकलाई जतिसुकै गाँजिसकेको भएतापनि 'नेपाल अर्ध सामन्ती र अर्ध औपनिवेशिक मुलुक हो' भन्ने निष्कर्ष बोकेर बसिरहेका छौं । यही निश्कर्षलाई आँखा चिम्लेर समात्दै हामीमध्ये अधिकांश मानिसहरुले विगत ५० वर्षको लामो कालखण्डदेखि भट्याइराखेका छौं- 'नेपाल अर्ध सामन्ती र अर्ध औपनिवेशिक मुलुक हो ।'

विश्व पूँजीवाद र नेपालबीचको सम्बन्धको लामो इतिहासको क्रमलाई पूरै उपेक्षा गर्दै, पूँजीवादको उद्भव र विकासको क्रम-उपक्रमलाई ननियालीकन, समय र परिस्थितिअनुरुप पूँजीवादले रंग फेर्दै नौला नौला अनुहारमा प्रकट हुने वास्तविकतालाई ठम्याउने जमर्को नै नगरीकन विनाअध्ययन, विनाअनुसन्धान, हामी ५० वर्ष अगाडिको पुरानो निष्कर्षमा 'अडिग' हुँदै घोकिरहेका छौं - 'नेपाल अर्ध सामन्ती र अर्ध औपनिवेशिक मुलुक हो ।'

के यसरी हामीले छद्मभेषी पूँजीवादका वास्तविक चरित्र र विशिष्टताहरुलाई ठम्याउन सक्छौं ? के यसरी हामीले ठोस परिस्थितिको ठोस विश्लेषण नगरीकनै पूँजीवादविरोधी सोच, संगठन र आन्दोलनलाई गतिवान पार्न सक्छौं ? ❑

## ◀ संक्षेप



*'संक्षेप' अन्तर्गत यसपटक हामीले नेकपा मालेका पोलिटब्यूरो सदस्य तथा देशभक्त प्रजातान्त्रिक मञ्चका संयोजक सी.पी. मैनालीसँग वार्ता गर्‍यौं । प्रस्तुत छ- देशभक्त प्रजातान्त्रिक मञ्चको विषयमा केन्द्रित रहेर गरिएको कुराकानी ।*

# हामीले वकालत गरेको प्रगतिशील राष्ट्रवाद नै हो

◆ सी.पी. मैनाली

### देशभक्त प्रजातान्त्रिक मञ्च किन ?

◆ *तपाईंहरूले निर्माण गर्न थाल्नुभएको देशभक्त प्रजातान्त्रिक मंचको यतिखेर किन आवश्यकता पर्‍यो ?*

- एक वर्षअगाडि नै यस्तो मंचको आवश्यकता छ भन्ने कुरा निर्णित भएको हो । तर विभिन्न कारणले गर्दा यस्तो संयन्त्र बनाउने काममा ढिलाइ भयो । राजनीतिमा धेरै विकृतिहरु आए । दोस्रो कुरो, ०४६ सालको परिवर्तनपछि जनताले आफ्नो जिविकामा जुन सुधारको अपेक्षा गरेका थिए, त्यसमा ठूलो गिरावट आयो । जनताले अधिकार पाएपछि आफ्ना राष्ट्रिय हित, स्वतन्त्रता र सार्वभौमिकतालाई पंचायत कालमा भन्दा बलियो गरी जगेर्ना गर्छौं भन्ने चाहेका थिए, त्यो पनि भताभुङ्ग भयो । तीव्र गतिले जनताका हितहरु कुण्ठित हुनथाले । यहाँसम्म कि देश बिस्तारै सिक्किमीकरणको दिशामा गइरहेको त छैन ? भन्ने प्रश्नसमेत उठ्यो । यो स्थिति आउनका लागि मुख्य धारामा रहेका राजनीतिक पार्टीका नीति र नेतृत्व नै मूल रुपमा जिम्मेवार भए । त्यसो हुनाले जनतालाई जागृत गरेर उनीहरुबाट दवाब सिर्जना गर्नुपर्ने आवश्यकता भयो । त्यसैले यस्तो मंचको परिकल्पना गरिएको हो ।

◆ *यी कामहरू त राजनीतिक पार्टीका नीतिहरूलाई सच्याएर पार्टीमार्फत् नै गर्नुपर्ने कामहरू होइनन् र ?*

- वाम पार्टीहरु संयुक्त अभियानमा सरिक हुन प्रयास गरिरहेका छन् । मार्क्सवादी विचारभित्रका मानिसहरुलाई संगठित गर्दै जाने उनीहरुको एउटा अभियान छ । यो अभ्यास नितान्त अर्थपूर्ण र प्रोत्साहित गर्दै जानुपर्ने अभ्यास हो । त्यसमा मेरो पूर्ण समर्थन छ । तर त्यसको साथसाथै मैले के देखें भने, ०४६ सालपछिका साना वा ठूला राजनीतिक पार्टीको नेतृत्वप्रति नै आम-जनता विकर्षित हुने स्थिति छ । त्यसले गर्दा विभिन्न पार्टीका व्यक्तिहरु माउ पार्टीबाट अलग रहेर बस्ने प्रवृत्ति बढेको छ । वामलगायत सबैजसो पार्टीको वृत्तमा संगठित नभएर स्वतन्त्र रहेका उर्जाशील व्यक्तिहरु छन् । त्यसरी स्वतन्त्र रुपमा रहेका ऊर्जाशील र रचनात्मक क्षमता भएका ती मानिसहरुलाई पनि समेटेर एउटा मंच दिनु आवश्यक छ । साना पार्टीमा रहेका ऊर्जाशील मान्छेका प्रयत्नहरुलाई संगेट्नु पनि जरुरी छ । यिनै दुई खाले मान्छेहरुलाई संगेट्दै विकृति, विसंगति र राष्ट्रघातको पनि विरुद्धमा लडिरहेका व्यक्तिहरुको लडाईमा सहयोगी हुनु पनि जरुरी भएकोले यस्तो मंचको खाँचो भएको हो ।

◆ *यस्तो मंचले पुराना स्थापित राजनीतिक पार्टीहरूको विचलनलाई सच्याउनको निम्ति दवाबकारी शक्ति कसरी प्राप्त गर्छ त ?*

- जनतालाई जागृत गर्ने काममार्फत् मूल धारमा रहेका राजनीतिक पार्टीहरुमा जनदवाब पुर्‍याउने हाम्रो प्रयत्न हुनेछ ।

◆ *नेपालको राष्ट्रियताविरूद्ध भारतीय पक्षले सीमा अतिक्रमण तथा जलस्रोतमाथि नियन्त्रण गर्ने काम चलाखीपूर्वक गर्दै आइरहेको पाइन्छ। तपाईंहरूको मंचले यस विरूद्ध यतिन्जेल के कस्तो गृहकार्य छ ?*

- हामीले अहिले भर्खर एउटा आधारपत्र मात्रै बनाएका छौं । तपाईंले उल्लेख गर्नुभएका सबै विषयहरुलाई त्यसमा हामीले समस्याको रुपमा अधिसारेका छौं । कतिपय समस्यामा हामीले सामान्य कार्यदिशा अधिसारेका छौं । कतिपयमा चाहिं हामीले छलफलपछि निश्चित गर्ने भनेका छौं । यस्तो दृष्टिकोणसहितका आधारपत्रलाई लिएर हामी अगामी महिनाहरुमा अभ्यास गर्नेछौं । त्यसपछि मात्रै राष्ट्रिय हित रक्षा लगायत प्रजातन्त्र, जनजीविका आदि तमाम कुराहरुमा विस्तृत कार्यक्रम तय गर्नेछौं ।

◆ *प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको हालैको भारत भ्रमणको बेला भारतले कालापानीबाट भारतीय सेना नहटाउने कुरा मात्रै गरेन, त्यस विषयलाई राजनीतिक विषय नबनाऊ भन्ने अर्ति पनि दियो। यस बारेमा चाहिँ तपाईंको प्रतिक्रिया के छ ?*

- त्यो भ्रमणमा जाँदा प्रधानमन्त्रीले वास्तवमा रत्तिभर गृहकार्य गर्नुभएको रहेनछ । यो कुरा अहिले प्रमाणित भएको छ । अर्को कुरा, त्यहाँ गएर राख्नुपर्ने कुरा उहाँले जोडदार किसिमले राख्न पनि सक्नुभएन । उहाँले त्यस भ्रमणबाट असफलताबाहेक केही हात पार्नु भएन । उहाँले गाडी भित्र्याउने शर्तमा अतिरिक्त केन्द्रीय शुल्कलाई हटाउने जुन काम गर्नुभयो त्यो कुनै उपलब्धी नै होइन, केही चीज गुमाएर ल्याएको क्षतिपूर्ति मात्र हो । यस भ्रमणबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई भारतले असहयोग गरेको देखिन्छ भने नेपाललाई त भारतले हेपेको नै देखिन्छ । यस विषयमा देशभक्त मान्छेहरु जागरुक हुनुपर्छ । र, सबै राजनीतिक पार्टीहरु मिलेर देशव्यापी रुपमा सशक्त देशभक्तिपूर्ण आन्दोलन अगाडि बढाउनु पर्छ । यस विषयमा हाम्रो मंच प्रतिबद्ध छ । चाँडै मंचको बैठक बस्दैछ र त्यसले यसबारे ठोस निर्णय लिनेछ ।

◆ *देशभक्त प्रजातान्त्रिक मंचमा केही व्यक्तिहरूको संलग्नताले गर्दा यसको प्रगतिशील स्वरूपमाथि प्रश्नचिन्ह पनि उठेको छ, तपाईं के भन्नुहुन्छ ?*

- यसमा सम्वैधानिक राजतन्त्रलाई मान्नेदेखि लिएर गणतन्त्रलाई मान्ने मान्छेहरुसम्म छन् । यो वैचारिक मंच होइन, कार्यक्रमिक मंच हो । यहाँ बसेर कसैले प्रतिगामी सोच राख्छन् भने हामी त्यसको सख्त विरोधी छौं ।

◆ *प्रगतिशील राष्ट्रवादको पक्षमा रहने तपाईंहरूसँग मण्डले राष्ट्रवादका अनुयायीहरू साथलाग्नु असंगतिपूर्ण भएन र ?*

- यस मंचको समग्र कार्यक्रम प्रजातन्त्रप्रति प्रतिबद्ध छ र त्यसलाई अँझ जनमुखी बनाएर गतिशील ढंगले अगाडि लाने विचारप्रति पनि यो मंच प्रतिबद्ध छ । अराजनीतिक ढंगले, मंडले ढंगले बहुदलको विरोध गरेर अरु कुनै किसिमको परिवर्तन ल्याउने यसको मान्यतै छैन । यसले आफ्नो कार्यक्रममा स्पष्टतः प्रतिगामी विचार-प्रवृत्तिको विरोध गर्ने बूँदा राखेको छ । हामीले वकालत गरेको राष्ट्रवाद पनि तपाईंले भन्नुभएझैं साम्राज्यवादविरोधी प्रगतिशील राष्ट्रवाद नै हो । ❑

**संसारका सबैभन्दा धनाढ्य २०० जनाको कुल संपत्तिमध्ये १ प्रतिशत मात्र वार्षिक रूपमा दिने हो भने संसारका संपूर्ण भागमा निःशुल्क सार्वजनिक प्राथमिक शिक्षा दिन पर्याप्त हुन्छ ।**




प्रथम धनाढ्य बिल गेट्स र तृतीय धनाढ्य पाउल एलेन

# विश्वका सबैभन्दा धनीहरू

- दीपक वैद्य -

अमेरिकाका कम्प्युटर सफ्टवेयर निर्माता पूँजीपति बिल गेट्स विश्वका सबैभन्दा धनी व्यक्ति ठहरिएका छन् । लगातार ६ वर्ष विश्वको सबभन्दा धनाढ्य कुवेर भएर उनले विश्वलाई नै चकित पारेका छन् । परन्तु उनको संपत्ति गतः वर्षको १०० अरब डलरबाट घटेर यसवर्ष ६० अरब डलर हुन पुगेको छ । उनको कम्पनी - माइक्रोसफ्टलाई दुई टुक्रा पार्नुपर्ने सरकारी आदेशपछि कंपनीको शेयर मूल्य घट्नाले उनको संपत्ति एक्कासी यति धेरै घट्न पुगेको हो । परन्तु ४० अरब डलर संपत्ति घट्दा पनि अहिले पनि उनी नै विश्वको सबैभन्दा धनाढ्य व्यक्तिका रूपमा रहेका छन् । सन् १९९६ मा उनको कूल संपत्ति १८ अरब डलर थियो । सन् १९९७ मा यो डबलिएर ३६.४ अरब डलर पुग्यो । सन् १९९८ मा उनको संपत्तिमा ४० प्रतिशत बृद्धि भएर ५१ अरब डलर भयो । १९९९ मा उनको संपत्ति पुनः शत प्रतिशत बढेर १०० अरब डलर हुनपुग्यो । अहिले त्यो ६० अरब डलरमा भरेको छ । (हेर्नुहोस्, तलको तालिका) ।

बील गेट्सको संपत्ति बृद्धिको यो तालिकाले उच्च प्रविधिवाले कम्प्युटर सफ्टवेयर उद्योगले विश्वका जनताको खल्तीबाट खुलेआम कति विशाल धनराशिको लूट मच्चाइरहेछ भन्ने कुरा छर्लङ्ग पारेको छ ।

यस वर्ष विश्वका दोश्रा धनाढ्य व्यक्ति अमेरिकाकै लैरी एलिसन हुनपुगेका छन् । उनको संपत्ति एकै वर्षमा ३७.५ अरब डलरबाट बढेर ४७ अरब डलर हुनपुगेको छ ।

तेस्रो विश्व-धनाढ्य भएका छन् - पउल एलेन् । उनको कुल संपत्ति २८ अरब डलर बराबरको छ । सन् १९९६ मा उनको संपत्ति सिर्फ ७.५ अरब डलरको थियो । १९९८ मा यो भण्डै तीन गुणा बढेर २१ अरब डलर बराबरको भयो । अहिले त्यसमा एक चौथाई बृद्धि भएको छ । र, उनले पनि यो अकूत संपत्ति माइक्रोसफ्ट कंपनीकै हिस्सेदारका रूपमा कमाएका हुन् ।

यू.एन.डी.पी.का अनुसार विश्वका सबैभन्दा धनाढ्य तीन जनाको संपत्ति सन् १९९९ मै यति ज्यादा थियो कि उनीहरूको संपत्ति एकै ठाउँमा जोड्दा विश्वका संपूर्ण अति कम विकसित राष्ट्रहरूको वर्षभरिको कुल राष्ट्रिय उत्पादनभन्दा ज्यादा हुन्छ ।

अमेरिकाको विश्व प्रशिद्ध पत्रिका Forbes ले आफ्नो जुलाइ ३ को अंकमा विश्वका सबैभन्दा धनाढ्य २०० जनाको सूची प्रकाशित गरेको छ । त्यस सूची मुताविक विश्वका सबैभन्दा धनी १० जना र उनीहरूको संपत्ति यस प्रकार छ :

**विश्वका सबैभन्दा धनी १० जनाको नामावली**

| नाम | देश | संपत्ति* |
|---|---|---|
| १. बिल गेट्स | अमेरिका | ६०.० |
| २. लैरी एलीसन् | अमेरिका | ४७.० |
| ३. पउल एलेन् | अमेरिका | २८.० |
| ४. वार्रेन बफेट् | अमेरिका | २८.० |
| ५. अल्ब्रेक्ट, थियो एण्ड कार्ल् एण्ड फाय्मीली | जर्मनी | २०.० |
| ६. प्रिन्स् अल् बालीद् वीन् तलाल अल साउद | साउदी अरेविया | २०.० |
| ७. एस् रब्सन वाल्टन | अमेरिका | २० |
| ८. मासायोसी सन | जापान | १९.४ |
| ९. माइकल् डेल | अमेरिका | १७.८ |
| १०. केनेथ थम्सन् | क्यानाडा | १६.१ |


*अरब अमेरिकी डलरमा

स्रोत: Forbes Magazine, USA

सूचीबाट के देखिन्छ भने, विश्वका दश सबैभन्दा धनाढ्यमध्ये ६ जना अमेरिकी छन् । गत वर्ष दशमा सात जना अमेरिकी थिए ।

सन् १९९९ को यु.एन.डी.पी.को मानव विकास प्रतिवेदनले जनाएअनुसार गत वर्ष संसारका सबैभन्दा धनी २०० जना मानिसहरूको संपत्ति संसारका संपूर्ण ४१ प्रतिशत जनसंख्याको वर्षभरिको कुल आम्दानीभन्दा ज्यादा थियो । यस वर्ष त त्यसमा पनि अझ १०० अरब डलर वृद्धि भएर २०० जनाको हातमा कुल १० खरब १० अरब डलर संपत्ति थुप्रिनपुगेको छ । विश्वको पूँजी अति थोरै मान्छेका हातमा कसरी केन्द्रित भइरहेछ, त्यसको यो ज्वलन्त उदाहरण हो । संसारका सबैभन्दा धनाढ्य २०० जनाको कुल संपत्तिमध्ये १ प्रतिशत मात्र वार्षिक रूपमा दिने हो भने संसारका संपूर्ण भागमा निःशुल्क सार्वजनिक प्राथमिक शिक्षा दिन पर्याप्त हुन्छ । ❑

**बिल गेट्सको कुल संपत्ति यसरी बढ्दैछ**




*बिल गेट्सको संपत्ति :* * अरब अमेरिकी डलर, स्रोत: Forbes Magazine, USA

# निर्मल लामाका पछिल्ला नयाँ र भिन्न विचारहरू

## पछिल्लो पटक शिक्षण अस्पतालमा जानुअघि क. लामाले 'मूल्यांकन' मा प्रकाशनार्थ रेकर्ड गराउनु भएका विचारहरूको दोस्रो अंश

◆ *२०४६ सालको जन-आन्दोलनले नेपाली जनतालाई बहुदलीय संसदीय रानीतिक प्रणाली दिएको छ । यस अवस्थामा चलाइने वा चलाइएका प्रजातान्त्रिक आन्दोलनहरू कार्यनीतिक हुन् कि रणनीतिक हुन् ?*


- कार्यनीति र रणनीति दुई छुट्टा छुट्टै कुराहरू भएर पनि यिनीहरू एक आपसमा अलग्याउँनै नसकिने चीजहरू हुन् । यिनीहरूलाई अल्याएर हेर्ने थाल्नेबित्तिक्कै एउटै काम पनि फरक भएर जान्छ । जस्तो कि २०४६ सालमा जन-आन्दोलन भयो र पंचायत पनि गयो । तर त्यो आन्दोलनको प्रमुख शक्ति जुन छ, त्यसको कार्यनीति रणनीतिसँग नगाँसिएको हुनाले अहिलेको बिसंसगतिपूर्ण र बदनाम किसिमको सरकार आयो । त्यसकारण कुनै पनि कार्यनीति रणनीतिसँग जोडिएको हुनुपर्छ । जहिले पनि कार्यनीतिले रणनीतिलाई फाइदा पुर्‍याइरहेको हुन्छ । जहाँ कार्यनीति रणनीतिसँग जोडिँदैन, त्यहाँ राजनीतिले प्रतिगामी दिशा समात्छ ।

त्यसकारण आजभोलि भइराखेका आन्दोलनहरूलाई नेतृत्व वर्गले रणनीतिसँग प्रत्यक्ष रूपले जोड्न सकेको देखिँदैन । तर त्यो अप्रत्यक्ष किसिमले जोडिएको छ । प्रत्येक आन्दोलनले जनताको चेतनास्तर उकास्छ । त्यसबाट पार्टी संगठन विकसित हुन्छ । र, त्यो अलिकति थोरै भएपनि रणनीतिसँग गाँसिएको हुन्छ ।

◆ *अहिलको सन्दर्भमा प्रजातान्त्रिक आन्दोलनका नाराहरू के हुन्छन् त ?*

प्रत्येक तात्कालिक राजनीतिक मागहरू जनताको चेतनास्तर, स्वयं आन्दोलनकर्ता वा जनताको आन्दोलनलाई नेतृत्व प्रदान गर्ने पार्टीहरूको चेतनास्तर र उनीहरूको शक्तिमा आधारित हुन्छन् । जस्तो कि बहुदलको लागि आन्दोलन हुँदा बहुदलको नारा जनताको चेतनास्तरले पचाउन सक्ने किसिमको थियो । पार्टीहरूले त त्यसलाई सहजै पचाए नै । जनता तथा पार्टीहरूले पचाउन सक्ने किसिमको भएकोले नै त्यसबेलाको नारा ठीक थियो । आज हामी जुन राजनीतिक नारा दिन्छौं त्यो हाम्रो शक्ति, जनताको चेतनास्तर र शत्रुको शक्तिलाई ख्याल गरेर तय गरिएको हुनुपर्छ ।

उदाहरणको निम्ति ०४६ सालमा सबैको स्तर हेरेरक हामीले नयाँ जनवादको नारालाई एकैछिनको निम्ति स्थगित गर्‍यौं । नेपाली कांग्रेसले संसदीय व्यवस्थाको नारालाई एकैछिनको लागि स्थगित गरिदियो । सबैले बुहुदीय प्रजातन्त्र मात्रै भने । त्यसैले समयसापेक्ष, शक्तिसापेक्ष राजनीतिक नारा हुनुपर्छ ।



फोटो सौजन्य: काठमाडौं पोष्ट

◆ *प्रजातान्त्रिक आन्दोलनको अधिकतम नारा के हुन सक्दछ त ?*

- प्रजातान्त्रिक आन्दोलनको अधिकतम नारा चीनको जस्तो, इङ्गल्याण्डको जस्तो, अमेरिकाको जस्तो, जापान-फ्रान्स-जर्मनीको जस्तो प्रजातन्त्र हो । त्यो प्रजातन्त्र बुर्जुवा प्रजातन्त्र हो । त्यो प्रजातन्त्र हुनेखाने, लुटिखाने वर्गको हो ।

तर जनताको प्रजातन्त्रमा सबभन्दा पहिला सेना जनताको कब्जामा हुन्छ । त्यस्तै सरकार पनि जनताको कब्जामा हुन्छ । जेल सरकारको कब्जामा हुन्छ । सम्पूर्ण आर्थिक उत्पादन जनताको कब्जामा हुन्छ ।

यी कुराहरू भएनन् भने सरकारमा दुईवटा सिट, संसदमा चारवटा सिटको लागि गरिने आन्दोलन बुर्जुवा वा हुनेखाने वर्गको प्रजातन्त्रभित्रको आन्दोलन हुनजान्छ । गरीखाने वर्गको प्रजातन्त्रमा जनताले सत्ता कब्जा गर्छ, सरकार होइन ।

◆ *सेना, सरकार जनताको कब्जामा हुने राजनीतिक संरचना कस्तो हुन्छ ?*

- जनताले सशस्त्र संघर्ष गरेर सत्ता कब्जा गरेको स्थितिमा त्यस्तो संरचना बन्छ । तर मार्क्सको भनाइअनुसार, लेनिनको भनाइअनुसार कहिलेकाँही त्यो शान्तिपूर्ण रूपले पनि बन्छ । तर त्यो विशेष अवस्थामा मात्र हुन्छ ।

मार्क्सले भनेको विशेष अवस्था कस्तो थियो भने, जस्तो कि त्यतिबेला सरकारले नियमित सेना राख्ने चलन थिएन । लडाईं भइन्जेल भाडावाल सेना भाडामा ल्याइन्थ्यो र लडाईं सिद्धिएपछि तिनीहरूलाई फर्काइन्थ्यो । त्यस्तै अन्य कैयौं चलनहरू पनि अहिलेभन्दा फरक थिए । त्यस अवस्थामा मार्क्सले शान्तिपूर्ण सत्ता कब्जाको कुरा ल्याउनु भयो ।

लेनिनले सन् १९१७ अगाडि एकपटक शान्तिपूर्ण रूपमा ड्यूमा कब्जा गर्ने कुरा ल्याउनु भयो । उहाँले २४ घण्टाभित्र कब्जा गर्ने हो भने शान्तिपूर्ण तरिकाले सत्ता कब्जा गर्न सम्भव छ भन्नुभयो । त्यो कुरालाई अरूले मानेनन् । पछि त्यो स्थिति कायम रहेन ।

◆ *सशस्त्र संघर्ष गरेर सत्ता कब्जा गरिसकेपछिको समयमा पछिसम्म निरन्तर रूपमा सेना जनताकै कब्जामा रहिरहने संरचना के हो ? सशस्त्र संघर्ष गरेर सत्ता कब्जा गरेको सोभियत संघ लगायत विभिन्न समाजवादी मुलुकहरूमा त पछि आएर सेना जनताको पकडबाट बाहिर रहन गयो नि ?*

- पहिलो कुरा मार्क्सवादी चेतना र दृष्टिकोणको विकास हो । दोस्रो कुरा जनवादी केन्द्रीयता हो । जनवाद बढी भयो भने पनि त्यो पकडबाहिर जान्छ । केन्द्रीयता बढी भयो भने पनि त्यो पकडबाहिर जान्छ । मूल कुरा के हो भने जनवादले विकास गर्नुपर्छ चाहे त्यो सेना, पार्टी, सरकार जहाँ सुकै होस् । केन्द्रीयता विस्तारै विलिन हुँदै जानुपर्छ । अन्ततः जनवाद, केन्द्रीयता, सेना सबै नै विलीन भएर जाने कुराहरू हुन् । तर प्रारम्भिक रूप के हो ?

प्रारम्भमा केन्द्रीयता नै बढी हुन्छ, किनकि शत्रु दबाउनु पर्‍यो नि । विरोधी वर्गहरूलाई उठ्न दिनु भएन । तर अर्कोतिर जनवादले चाहिं बिस्तारै विकास गर्दै गएर कन्द्रीयतालाई अधीनस्थ बनाउने दिशामा अग्रसर हुनुपर्छ । र, जनवादको प्रबलतामा केन्द्रीयता भएपछि त अन्य कुराहरू समाप्त भइसकेका हुन्छन् ।

- ◆ *अहिले नेपालको कम्युनिष्ट*

*आन्दोलनले ५० वर्ष बिताइसकेको छ । यसबीचमा यहाँ १७ सालको सैनिक कूपछि कम्युनिष्ट पार्टी क्रमशः विभाजनको स्थितिमा गुज्रेको छ । अहिले पनि त्यो स्थिति यथावत् छ । अहिले फेरि कम्युनिष्ट आन्दोलनको नयाँ धाराको खोजीका कुराहरू पनि आइरहेका छन् । अब यहाँ प्रश्न के उठ्छ भने कम्युनिष्ट आन्दोलन शुरूभएको ५० वर्ष बितिसक्दा पनि कम्युनिष्ट आन्दोलनले एउटा सही दिशा वा धाराको स्थापना गर्न सकेन, जसले क्रान्तिलाई सम्पन्न गर्न सकोस् । र, नेपाली कम्युनिष्ट आन्दोलनमा के त्यस्ता कमी कमजोरीहरू छन्, जसले गर्दा फेरि नयाँ धारको खोजी गर्नुपर्ने आवश्यकता पऱ्यो ?*

- अब यो विशुद्ध सैद्धान्तिक प्रश्न भयो । त्यसैले यसको समाधान पनि सैद्धान्तिक आधारमा नै हुनुपर्छ । मार्क्सवादको जन्म भएदेखि नै विश्वमा टुटफूटको क्रम चलिरहेको छ । बढी फूटको र कम जूटको अवस्था छ । यो अवस्था आउनुको कारण मार्क्सवादको जन्म हुँदाको परिस्थिति, त्यहाँ भएका तत्वहरू, ती तत्वहरूको द्वन्दबाट उत्पन्न परिणामहरूप्रतिको अज्ञानता वा अल्पज्ञान हो । क्रान्तिकारी उद्देश्यसम्म पुग्नको लागि अपनाइने रणनीति र कार्यनीतिमा त्यही अज्ञानता र अल्पज्ञानताकै कारणले सैद्धान्तिक प्रश्नहरूमा पनि विभिन्न मतहरू प्रकट हुनथाले । यही सैद्धान्तिक मतभेदको कारणले पार्टीहरू फुट्न थालेका हुन् । तर कहिलेकाँही अनावश्यक रूपमा र नेतृत्वको प्रश्नलाई लिएर पनि पार्टीहरू फुटेका छन् । जहाँ नेतृत्वको लागि पार्टी फुट्छ, त्यो कम्युनिष्ट पार्टी हुँदैहोइन । कम्युनिष्ट पार्टीमा नेतृत्वको होडबाजी हुँदैहुँदैन ।

अहिले हाम्रो देशमा पनि सबै कम्युनिष्ट भनाउँदाहरू एक भइदिए त्यसै बहुमत हुन्छ र सजिलै सरकारमा पुग्नसक्छ । मैले अघि नै भनें माले, एमाले सम्पूर्ण कम्युनिष्ट पार्टीको झण्डा बोक्नेहरूसँग यी विषयवस्तुमा एकता हुनसक्छ । तर सत्ता कब्जा गर्ने कुरामा एकता भने हुनसक्तैन । तर सरकारमा त जान सकिन्छ । सत्ता खोस्ने नीतिलाई बलियो पार्नको निम्ति, रणनीतिलाई बलियो पार्नको निम्ति सरकारमा बसेर माथिबाट पनि आक्रमण गर्ने नीतिलाई लिएर सरकारमा जान सकिन्छ । तर नेपालको कम्युनिष्ट आन्दोलनभित्र रणनीतिसम्म पुग्ने कार्यनीतिक प्रश्नहरूमा नै मतभेदहरू उत्पन्न भएका छन् । तुरुन्तै सशस्त्र क्रान्ति गर्नुपर्छ भन्ने माओवादीहरू । होइन, शान्तिपूर्ण ढंगले संसदीय बहुमत ल्याएर विस्तारै सत्ता कब्जा गर्नुपर्छ भन्ने एमालेहरू । उनीहरू दुवैसँग मिलेर सत्ता कब्जा गर्न सम्भव छैन । एमालेहरू संसदीय बाटोबाट सरकार कब्जा गर्ने कुराभन्दा माथि जाँदैनन् । माओवादीहरू हतियारभन्दा तलको कुरा गर्दैनन् । त्यसकारण यहाँ कम्युनिष्ट आन्दोलनमा फूट त भैहाल्छ नि । यस्तो फूट किन हुन्छ ?

हाम्रो देश निम्नमध्यम वर्गको बाहुल्य भएको वा किसानहरूको बाहुल्य भएको देश । ९५ प्रतिशत किसानहरू टाट पल्टेर दिनदिनै सकुम्बासी हुनुको संघारमा पुगेका



फोटो सौजन्य: काठमाडौं पोष्ट

**अहिले हाम्रो देशमा पनि सबै कम्युनिष्ट भनाउँदाहरू एक भइदिए त्यसै बहुमत हुन्छ र सजिलै सरकारमा पुग्नसक्छ**

छन् । ५ प्रतिशतमात्र हुनेखाने भएका छन् । टाटपल्टनेहरू हतियार समातेर तुरुन्तै डाङ्गडुङ्ग गरेर तुरुन्तै क्रान्ति गर्ने पक्षमा छन् । हुनेखानेहरू एमालेले जस्तै शान्तिपूर्ण रूपमा अगाडि बढ्नुपर्छ भन्नेमा छन् । अलि अलि हतियार उठाउने, अलि अलि शान्तिपूर्ण तरिकाले दुईटालाई मिलाएर जानुपर्छ भन्नेहरू पनि छन् । त्यसकारण यी यस्ता खालका कार्यनीतिमा एकता हुनसक्तैन । तर रणनीतिमा भने एकता हुन्छ । किनभने यो परको र भोलिको कुरा हो । त्यो त पछिको कुरा हो, पछि के गर्नुपर्ला 'पछि सोचौंला' भन्ने हुन्छ । कार्यनीतिक कुरामा त आजभोलि नै जुट्नु पर्ने भएको हुनाले एकता हुँदैन । संभवै छैन ।

◆ *भनिन्छ, नेकपा माओवादीले चीनको नक्कल गरेर नेपालमा जनयुद्धको थालनी गऱ्यो । चीनको अन्ध नक्कल गर्न खोज्नु भनेको जडसूत्रवाद हो । जडसूत्रवाद भनेको यान्त्रिक भौतिकवाद हो । उनीहरूले दर्शनलाई नै गलत ढंगले बुझेको कारणले नै यस्तो भएको हो भन्ने पनि गरिन्छ नि ?*

- यसैलाई म आफ्नो धारणा र सोचअनुसार भन्छु । कारखानामा मजदूरहरू एकत्रित भएर सामाजिक कामहरू गर्नथाले । उनीहरू बिस्तारै बिस्तारै ८ घण्टाको काम, बोनस बढाउने, ज्याला बढाउने आदि माग राखेर संघर्ष गर्नथाले । त्यो संघर्ष बोनस दिनेसम्मको माग पूरा गर्ने स्थितिसम्म पुग्यो । हतियार उठाउने बेला यही हो भनेर एउटा कारखानामा हतियार उठाइयो । संघर्ष असफल भयो । त्यस्तै, हाम्रो नेपालको संघर्ष पनि बोनस माग्ने स्तरको संघर्ष हो । यही बोनस माग्ने स्तरको बस्तुगत स्थितिमा माओवादीले हतियार उठायो । अब उनीहरूले दर्शन बुझे कि बुझेनन् त ? अथवा सबै कारखानाको रूप बुझेनन् । अब ५० वटा कारखाना छ भने एउटा कारखानाले मात्र हतियार उठाउने बेला हो त ?

भनिएला रूसले कसरी हतियार उठायो त ? त्यो विशिष्ट परिस्थिति थियो । युद्धको परिस्थिति थियो । युद्धले रूसका जनतामात्र होइन संसारकै जनता चिढिएको परिस्थिति थियो । चीनले कसरी त्यही परिस्थितिमा हतियार उठायो ? भियतनाम र कोरियाले कसरी त ? चीन र रूस समाजवादी भएको परिस्थितिमा त्यहाँ क्रान्ति भएको थियो ।

हामी पनि भन्थ्यौं- चाँडो गर्नुपर्छ भनेर । किनभने त्यतिबेला समाजवादी चीन हाम्रो छिमेकी थियो । तर अब भएन । किनभने चीनले अब समाजवादी बाटो छोडिसकेको छ । चीन भड्काउमा परिसक्यो । यस्तो बेलामा हतियार उठाउनु दार्शनिक गल्ति हो कि ?

◆ *तपाईंले अघि नेपालको कम्युनिष्ट आन्दोलन फुट्नुको एउटा कारण नेतृत्वको होडबाजी पनि हो भन्नुभयो । नेतृत्वको होडबाजी भनेको कस्तो संस्कृति हो ?*

- नेतृत्वको होडबाजीले पनि पार्टी फुट्नसक्छ भन्नुको मेरो ठाडो भनाइको आशय हो- केशरजंगको पार्टी फुट्यो, मानन्धरको पार्टी बन्यो । मानन्धरको पार्टी फुट्यो, बर्माको पार्टी बन्यो । यो नेतृत्वको होड चलेर फुटेको हो ।

चौथो महाधिवेशन फुट्यो । सबैले भन्छन्- निर्मल लामा र मोहनविक्रमको नेतृत्वको होड भनेर । त्यो होइन, बिल्कुल होइन । फुट्नुको हाम्रो अर्कै कारण छ । हामी दुईजनाको बीचमा अध्ययन गर्ने, पार्टीको नीति कार्यक्रम बनाउने काम मोहनविक्रमको थियो भने त्यसको कार्यान्वयन गर्ने काम मेरो हुन्थ्यो । त्यसकारण त्यहाँ नेतृत्वको कारणले पार्टी फुट्ने क्रम कहिल्यै चलेन । म महामन्त्री भएर काम गर्दा मलाई भारी बोकेजस्तो भयो । महामन्त्रीबाट मैले राजीनामा गरें, मलाई हल्का भयो । काम गर्न पनि फूर्ति जाँगर आयो । त्यसकारण त्यहाँ नेतत्वको होडको समस्या थिएन । त्यहाँ केही व्यक्तिगत प्रवृत्तिहरूले काम गरे । त्यो मार्क्सवादी प्रवृत्ति होइन । तर विशुद्ध मार्क्सवाद भनेको कुनै पार्टीमा हुँदैन । कहीं न कहीं प्वाल हुन्छ । कहीं न कहीं त्रुटी हुन्छ । कहीं न कहीं कमजोरी हुन्छ । त्यो त्रुटी कमजोरी हाम्रोमा हावी भयो । त्यसले बिगाऱ्यो । त्यतिबेला पार्टी फुट्नुको कारण हो- मोहन विक्रमको अति यौनवादी प्रकृति, अर्को उनले बुद्धिजीविलाई नसहने, उनको नेतृत्व मान्ने व्यक्तिलाई जिम्मेवारी दिएर विकास गर्न नखोज्ने । यसरी त्यो पार्टी फुट्नुमा मोहनविक्रमको व्यक्तिवादी शंकालु प्रवृत्ति, सम्पूर्ण चीज आफ्नै हातमा कब्जा गरेर राख्ने प्रवृत्ति हो । यो प्रवृति निश्चित रूपमा सामन्तवादी प्रवृत्ति र सामन्तवादी संस्कृति हो ।

◆ *त्यसो हो भने नेपाली कम्युनिष्ट आन्दोलन टुट र फूटको इतिहासबाट गुज्रँदै आउनुमा आन्दोलनभित्र हावी भएको यो पछौटे, सामन्तवादी वा गैरसमाजवादी संस्कृतिको भूमिकालाई तपाई कसरी हेर्नुहुन्छ ?*

- यसलाई म आफ्नै भाषामा भन्छु- कतिपय कामरेडहरूले मार्क्सवाद जन्मेको "कारखानाको संस्कृति"लाई नबुझेर सामन्तवादी संस्कृति अपनाए । तपाईं दर्शन बुझेन भन्नुहुन्छ, म कारखाना बुझेन भन्छु । मेरो सम्पूर्ण विश्वास कारखानामा छ । कारखानामा जन्म भई विकसित भएको समाजवादी आन्दोलन नै ज्ञानको स्रोत हो । ❑

*राजनीतिमा द्वेषको भूमिका निकृष्टतम हुन्छ*
*- लेनिन -*

# 'मूल्यांकन'ले एकताकेन्द्रप्रति भ्रम दिन खोज्यो !

## क. निर्मल लामाको प्रसंग पारेर चन्द्रदेव नेपाली र श्याम श्रेष्ठले नेकपा एकता केन्द्रबारे दिनखोज्नु भएको नकारात्मक प्रभावबारे

- पियुष -
*ने.क.पा.(एकताकेन्द्र)*

❑ *प्रारम्भमा भन्नु पर्ने केही कुरा*

क. निर्मल लामाको मृत्युपछि मूल्यांकन (पूर्णाङ्क ७७) मा प्रकाशित चन्द्रदेव नेपालीद्वारा लिखित 'क. निर्मल लामाको अन्त्येष्टीमा देखिएका संस्कृतिका दुई पक्षहरू' र श्याम श्रेष्ठद्वारा लिखित 'कसरी गरीब केटो मस्तराम प्रसिद्ध निर्मल लामामा बदलियो' को मूलतः पाँचौ खण्डमा दिइएका केही विवरण गलत भएको र तिनै गलत विवरणको आधारमा गरिएको विश्लेषण पनि नेकपा (एकता केन्द्र)प्रति नकारात्मक भाव सृष्टि गर्ने उद्देश्यद्वारा प्रेरित भएकाले मूल्यांकनका पाठकहरूलाई यथार्थ संप्रेषण हुन जरुरी देखिएकोले यो लेख तयार गरिएको छ ।

नौ वर्ष अघि नेपालको वाम आन्दोलनमा विचार अन्तर्क्रिया चलाउँदै विचारधारात्मक स्पष्टता पैदा गर्नका निम्ति 'मूल्याङ्कन' जन्मिएको थियो । मूल्याङ्कनले 'नेपालको वाम शक्ति नै आमूल परिवर्तनको निम्ति संघर्षरत एक मात्र जुझारु शक्ति भएकाले दिशा अस्पष्टता तथा चिन्तनमा जडता र सुधारवादी पथविचलन वाम आन्दोलनको मूल समस्या बनेको र सही चिन्तन पद्धतिमा आधारित विचार अन्तर्क्रिया नेपालको वाम आन्दोलनको निम्ति सर्वाधिक जरूरी भएको घोषणा गरी यही आवश्यकता पूरा गर्ने आफ्नो लक्ष्य बनाएको थियो । यसले 'निरुद्देश्य र अन्तहीन विवाद सिर्जना गरेर वैचारिक अन्यौल सिर्जना गर्ने प्रक्रियालाई र प्रयत्नलाई आफ्ना पृष्ठमा कुनै स्थान नदिने' प्रतिबद्धता जाहेर गरेको थियो । तर यी पूर्व घोषित मान्यताको विपरीत झुट कुरा छापी क. निर्मल लामाको प्रसंग पारेर नेकपा एकता केन्द्र (संक्षिप्तमा एके)प्रति नकारात्मक भाव दिने नियत देखिएको हुनाले मूल्याङ्कनको उद्देश्य र प्रतिबद्धतालाई एक पटक स्मरण गर्नु परेको हो ।

झुठ्ठा विवरण प्रस्तुत गरेर कुनै पार्टीप्रति नकारात्मक भाव सृष्टि गर्नु क्रान्तिकारीहरूलाई सुहाउँदैन । मूल्याङ्कनका उल्लेखित लेखहरूमा क. निर्मल लामाको प्रसंग जोडेर जीवनमा नै प्रमाणित गर्न नसक्ने कपोलकल्पित आरोपहरू खडा गरेर आफ्ना पाठकहरूलाई एकता केन्द्रप्रति भ्रम दिन खोजिएकोले त्यसको प्रतिकार गर्नु र तथ्यलाई जस्ताको त्यस्तै राख्नु जरूरी हुन गएको छ । पार्टीको भूमिगत पद्धति अनुरूप प्राविधिक पक्ष र नामहरू खोल्न नमिल्ने सीमाहरूलाई मूल्याङ्कन र यसका पाठकहरूले बुझ्नु नै हुनेछ भन्ने अपेक्षा गरेको छु ।



❑ *चन्द्रदेव नेपालीले उठाउनु भएका विषयहरू*

चन्द्रदेव नेपालीले आफ्नो लेखलाई 'जन अभिनन्दनलाई हेर्ने दृष्टिकोण' र 'पार्टीको लामो र घोच्ने वक्तव्य' शीर्षक अन्तरगत दुई भागमा बाड्नुभएको छ । लेखको दोस्रो खण्डमा उठाइएका विषय विशेषतः पार्टीको वक्तव्य सम्बन्धी सवाललाई छलफलको विषय बनाउन सकिन्थ्यो । तर यस सन्दर्भमा आलोचना गर्न खोजिएको विषय पनि अतिरञ्जित रूपमा प्रस्तुत गर्ने र एकेको विरोध गर्ने श्रृंखलासँग जोडिएकाले लेखले उजागर गर्न खोजेको पक्ष पनि नकारात्मक बन्न गएको छ । क. चन्द्रदेव नेपालीले विभिन्न विवरणहरू प्रस्तुत गरेर समग्र लेखमा तीन वटा कुरा भन्नुभएको छ : एक, क. लामाको जनअभिनन्दनलाई एकता केन्द्रले 'बाध्यात्मक समर्थन' गऱ्यो, दुई क. लामा पार्टीको साधारण सदस्य मात्र रहेकाले सम्मान नगर्ने निर्णय गरेको थियो र तीन, एकेले लामाको सेवा र अन्ततः सम्मानमा राम्रै सक्रियता देखाए पनि व्यवहारमा अस्पष्टता र संकीर्णता देखायो । के तथ्यहरूले यही भन्छ ?

❑ *जनअभिनन्दन कार्यक्रमलाई एकेले बाध्यात्मक समर्थन मात्र गऱ्यो ?*

एकता केन्द्रले जनअभिनन्दन अघि नकारात्मक रवैया देखाएको थियो भन्ने आफ्नो विश्लेषणलाई पुष्टि गर्न चन्द्रदेव नेपालीले ६ वटा आधार प्रस्तुत गर्नुभएको छ : आफ्ना मानिसलाई समितिमा नबस्न पार्टीले निर्देशन दिएको, कार्यक्रम तयारीको क्रममा नेताहरूले आयोजकसँग पटक्कै चासो नराखेको, क. लामालाई नै अभिनन्दनमा नजान दवाव दिएको, केही नेताहरू अभिनन्दन समारोहमा अस्पतालबाट नगएको, क. नरबहादुर कर्माचार्यलाई दोसल्ला ओढाउने कार्यक्रममा उपस्थित नगराइएको र अखबारले कतैको दवाव आएकोले अभिनन्दनको समाचार नछापेको । चन्द्रदेव नेपालीले यिनै ६ वटा आधार प्रस्तुत गरेर झुठा विवरणहरूको सिलसिला खडा गर्नुभएको छ । एकेले तीन वटा कारणले (एक, जनअभिनन्दन समितिमा आफ्नो पार्टीभित्रका भिन्नमत राख्ने वा कारवाहीमा परेका व्यक्तिहरू भएकाले, दुई, पार्टीमा कम्युनिष्ट नेताको अभिनन्दन गर्ने परम्परा नभएको विचार हावी भएकाले र तीन क. लामा पार्टीको साधारण सदस्य मात्र भएकाले विशेष कार्यक्रम गर्न ठीक हुन्न भन्ने धारणा भएकाले) यस्तो गरेको हुनसक्छ भन्ने ठोकुवा गर्दै यस्तो कार्यक्रमलाई सकारात्मक रुपले नलिनु वैचारिक संकीर्णता र अस्पष्टताको लक्षण हो भनी उपदेश दिनु भएको छ । जनअभिनन्दन समारोह सम्बन्धी सम्पूर्ण भित्री कुरा र घटनाको विवरणबारेमा चन्द्रदेव नेपालीलाई थाहा छैन अथवा उहाँको विवरण एकेप्रति नकारात्मकभाव राख्ने व्यक्तिहरूको भ्रामक रिपोर्टिङमा आधारित छ । अथवा उहाँको नियत जसरी भए पनि एकता केन्द्रको विरोध गर्नु नै भए पनि तथ्यहरूलाई तथ्यगत रूपमै बुझ्न आग्रह गर्दछु ।

- क. निर्मल लामा २०५६ फागुन १७ देखि २० गते जनकपुरमा सम्पन्न अनेरास्ववियु (२०२२) को सम्मेलनको उद्घाटन पछि बर्दिबास आएर बस्नु भएको थियो । नियन्त्रित भएको भनिएको क्यान्सर नयाँ ढंगले फैलिएको फेला पऱ्यो । उहाँलाई तुरुन्तै भरतपुर लगियो । त्यहाँका डाक्टर भक्तमान श्रेष्ठको टोली, बम्बैका डाक्टर आर.के. देश पाण्डेसँगको परामर्श र काठमाण्डौबाट गएका डा. प्रकाश सायमी लगायत तीन जना डाक्टरहरूको अध्ययनपश्चात् चालु केमोथेरापी उपचार विधिबाट सकारात्मक प्रगतिको संभावना अन्त्य भएको निष्कर्षपछि क. लामालाई २०५६ चैत्र १५ गते काठमाडौं ल्याइयो । भरतपुरबाट फर्किएपछि नौ दिन उहाँ आफ्नो पारिवारीक निवास म्हैपीमा बस्नुभयो । र, २०५६ चैत्र २४ गते टिचिङ अस्पतालमा भर्ना गरियो । म्हैपीमा क. निर्मल लामालाई हेर्नजानुभएका काभ्रेका दिलबरदानजीको मनमा उहाँलाई अभिनन्दन गर्ने विचार फुऱ्यो र यो कुरा उहाँले काभ्रेको नेकपा एकता केन्द्रका तीनजना साथीहरू र संजमो समर्थक एक जना बुद्धिजीवीलाई पनि भन्नुभयो (प्रसंगवस एउटा कार्यक्रमको सिलसिलामा होटल मल्लमा भेट हुँदा उहाँहरूको छलफल भयो ।) । क. लामाको सम्मानमा यस्तो कार्यक्रम गर्न सबैको उत्साहपूर्ण सहमति भयो र कार्यक्रम काभ्रेमा गर्ने भनी सल्लाह भयो । छलफलको क्रममा विगतमा यस्तो कार्यक्रम नभएको, बिमारीको सहमति लिनुपर्ने, बिमारीलाई अस्पतालबाट काभ्रे पुऱ्याउन सकिने कि नसकिने जस्ता सवाल पनि उठे । जे होस्, प्रस्ताव क. लामा समक्ष पुग्यो, उहाँले कार्यक्रमलाई सकारात्मक रुपमा लिनुभयो । चन्द्रदेव नेपालीले समग्र घटना क्रमको कुरा गर्दा यो प्रसंगलाई चर्चा गर्नुभएको छैन । क. निर्मल लामाको अभिनन्दन गरिनु पर्छ भन्ने विज अंकुरण एकेभित्रका कमरेडहरू बीचमै भएको हो । त्यो बाहिर पट्टि पैदा भएर अभिनन्दन समिति बनेपछि एकेलाई समेटेको स्थिति होइन ।

- अभिनन्दन कार्यक्रमको तयारी गर्ने क्रममा काभ्रेभन्दा काठमाडौं गर्नु उपयुक्त हुन्छ भन्ने सुझावहरू आए । काभ्रेकै केही साथीहरू कार्यक्रमलाई काठमाडौंमा गर्ने तयारी गर्न थाल्नुभयो । तर पार्टीको माथिल्लो तहको अनुमति प्राप्त भैसकेको थिएन । कुनै बाहिरका स्थानीय कमिटीका साथीहरूले काठमाडौंमा कार्यक्रम गर्न पद्धतिगत रुपमा माथिल्लो कमिटीसँग अनुमति लिनु पर्दैन र ? अभिनन्दन कार्यक्रम भावनात्मक रुपमा मन छुने विषय भएपनि आफ्नो पार्टी नेतालाई


आफैले अभिनन्दन गर्ने चलन अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा समेत नदेखिएको र नेपालमा पनि नभएको हुँदा यो नयाँ कुरा थियो । पार्टीका कुनै पनि निकायले यस्ता कार्यक्रम बनाउँदा नीतिगत रूपमा पनि सही हुनु पर्ने र पद्धतिगत रुपमा सांगठनिक मूल्य मान्यतालाई पक्रनु पर्ने भएकाले प्रारम्भमा पार्टीभित्र त्यस बारेमा आवश्यक छलफल हुनु स्वाभाविक थियो ।

- आयोजक कमरेडहरूले अभिनन्दन समारोह गर्ने प्रस्ताव नेकपा (एकता केन्द्र) का जिम्मेवार कामरेडमार्फत् एकता केन्द्रको केन्द्रीय कार्यालयमा पठाउनु भयो, त्यही माध्यममार्फत् पार्टी बाहिरका प्रतिष्ठित व्यक्तिहरू सहितको जनस्तरीय अभिनन्दन समिति निर्माण गरी त्यसमार्फत् अभिनन्दन गर्नु उपयुक्त हुने र त्यसो भएमा पार्टीको लागि गौरव र खुशीको कुरा हुने कुरा गर्दै अभिनन्दनलाई जनस्तरीय रूप दिन सुझाव दिइयो । आफ्नो पार्टीको नेतालाई आफ्नै पार्टीले मात्र अभिनन्दन गर्नुभन्दा निश्चय पनि जनस्तरबाट अभिनन्दन हुनु उपयुक्त कुरा हो । र, फेरि आफ्नो पार्टीका नेतालाई आफ्नै पार्टीले अभिनन्दन गर्ने कार्यले पार्टीका औपचारिक नेतृत्वदायी पदमा रहेका सबै नेताहरूलाई अभिनन्दन गर्दै जाने गलत परम्परा बस्ने र अझ त्यसबाट अनावश्यक समस्याहरू सिर्जना हुन सक्ने संभावनातर्फ पनि ध्यान दिनु आवश्यक थियो र छ । पार्टीसँग सम्बन्धित जिम्मेवार कमरेडको प्रस्ताव अनुसार नै क. पद्मरत्न तुलाधरको नाम सर्वसम्मत भयो । क. पद्मरत्न तुलाधरको सहमति पछि उहाँको संयोजकत्वमा अभिनन्दन समिति बन्यो । चन्द्रदेव नेपालीले 'क. निर्मल लामाको जीवन छोटो मात्र बाँकी भएको बुझी उहाँप्रति आदरभाव राख्ने केही व्यक्तिहरूले क. लामाको होस् हुँदै उहाँलाई सार्वजनिक अभिनन्दन गरी देश र जनताको निम्ति उहाँले दिनुभएको योगदानको निम्ति धन्यवाद अर्पण गर्न पाए कति जाति हुन्थ्यो होला भन्ने सोची अरु केही सहृदयी व्यक्तिहरूसँग कुराकानी चलाउनु भयो । सबैलाई यो कुरा चित्त बुझ्यो र क. पद्मरत्न तुलाधरको संयोजकत्वमा जनसमिति गठन भयो' भनी उल्लेख गर्नुभएको छ । प्रारम्भमा जनअभिनन्दनका लागि पहलकदमी गर्ने ती 'सहृदयी मानिसहरू' प्रमुख रूपले एकता केन्द्रसँग सम्बद्ध र एकता केन्द्र नजिक हुनेहरू नै थिए । एकैको केन्द्रीय नेतृत्वको सही सुझावपछि मात्र अभिनन्दन कार्यक्रम जनस्तरीय बनेको थियो । क. पद्मरत्न तुलाधारको संयोजकत्वमा जनअभिनन्दन समिति बनेपछि एकता केन्द्रसँग सम्बद्ध नेताहरू पनि त्यस समितिमा बस्नुभयो । यसमा सबै खाले मानिसहरू थिए । यहाँनेर चन्द्रदेव नेपालीले खास खास मानिसलाई समितिमा नबस्न पार्टीले निर्देशन दिएको बुझियो पछि धेरै मानिसहरू समितिमा समेटिएपछि मात्र एकैले उनीहरूलाई यसमा बस्न अनुमति दियो' भनी लेख्नुभएको छ । यो सतप्रतिशत गलत कुरा हो । कसैलाई बस्न कसैलाई नबस्न पार्टीले निर्देशन दिएकै थिएन । नीतिगत रुपमा पार्टी बाहिरका प्रतिष्ठित व्यक्तित्वहरू सहितको जनअभिनन्दन समितिमार्फत् जनस्तरीय अभिनन्दन गर्ने निर्णय भएमा पार्टीसँग सम्बद्ध नेताहरू त्यसमा बस्ने सहमति भएको थियो । समितिमा को राख्ने भन्ने कुरा एकै नेतृत्वले निर्णय गरेको थिएन, अभिनन्दनको तयारीमा जुटेका क्रियाशील साथीहरूले नै गर्नुभएको थियो । चन्द्रदेवले भने जस्तो 'मानिसहरू धेरै समेटिएपछि मात्र बस्न अनुमति दिएको होइन', मानिसहरू धेरै समेट्ने र प्रभावशाली जनस्तरीय समिति बनोस् भन्ने नै पार्टीको चाहना थियो ।

- चन्द्रदेव नेपालीले 'सम्बन्धित नेताहरूले आयोजकसँग पटक्कै चासो र सरोकार व्यक्त गरेनन्' भनी तिनै नेताहरूलाई भन्नुभएको छ, जसलाई आयोजक समितिमा राखिएको छ । आयोजक समितिका कुरा गर्ने हो भने बाह्य रूपमा २०३ जनाको समिति बनाइएको छ भने त्यसमध्ये मूल समितिको काम गर्ने ७ जनाको वर्किङ कमिटी बनाइएको थियो । त्यो मूल कमिटीको पनि एक पटक पनि बैठक बसेन । यदि सम्बन्धित नेताहरू भनेर खास खासप्रति चन्द्रदेव नेपालीले लक्षित गर्नुभएको हो भने एकैका ती नेताहरू वर्किङ कमिटीमा थिएनन् । परिस्थितिलाई ध्यान दिने हो भने एकैको नेतृत्वको एउटा प्रमुख हिस्सा क. लामाको उपचारमा जुटेको थियो । अर्को २०५७ वैशाख १९ गतेको सिंहदरबार घेराउ कार्यक्रमको तयारी गर्दै थियो । यी सबैका बावजुद कार्यकारी समिति (वर्किङ कमिटी) ले एकैका नेताहरूसँग कामको के के अपेक्षा गरेको थियो ? के त्यो सम्बन्धित नेताहरूलाई जानकारी थियो ? सम्बन्धित साथीहरूले भन्ने कुरा हो ।

- चन्द्रदेव नेपालीले एकैका नेताहरूलाई यति तल्लो स्तरमा उत्रिएर आरोप लगाउनु भएको छ कि 'एकता केन्द्रका नेताहरूले निर्मल लामालाई अभिनन्दन समारोहमा नजान दवाव दिए ।' क. निर्मल लामाको सम्पूर्ण उपचारमा जुट्ने एकैका नेताहरूले उहाँको स्वास्थ्य स्थितिलाई हेरेर कुनै कार्यक्रममा लानु उपयुक्त हुन्छ कि हुन्न भनेर बहस गर्नु पर्छ कि पर्दैन ? डाक्टरहरूसँग सरसल्लाह लिंदा पनि डाक्टरहरूले शुरुमै निर्णय लिन सकेका थिएनन् । स्थिति हेरौं भनिरहेका थिए । त्यस स्थितिमा डाक्टरहरूले अन्तिम निर्णय लिनुभन्दा अघि क. लामाको स्वास्थ्यस्थिति हेरेर आफ्नो विवेकका आधारमा विभिन्न व्यक्तिहरूले व्यक्तिगत रूपमा विभिन्न

- चन्द्रदेव नेपालीले एकैका नेताहरूलाई यति तल्लो स्तरमा उत्रिएर आरोप लगाउनु भएको छ कि ...



रायसल्लाह दिएका थिए भने त्यो कुनै अस्वाभाविक थिएन । तर त्यसबारेमा पार्टीको कुनै अर्को सोच थिएन, संभव नै थिएन । डाक्टरहरूको निर्णय नै पार्टीको निर्णय थियो । तर क. चन्द्रदेवले एकता केन्द्रका केही नेताहरूले क. लामालाई अभिनन्दन समारोहमा नजान दवाव दिएका थिए भनेर यस रूपमा प्रस्तुत गरेका छन् मानौं एकता केन्द्रका नेताहरू क. लामाको सार्वजनिक जनअभिनन्दन नहोस् भन्ने चाहन्थे वा अभिनन्दन हुन लागेकोमा उनीहरू दुःखी थिए । योभन्दा घटिया स्तरको आरोप अरू के हुन सक्ला ? उहाँको स्वास्थ्य स्थितिको कारणबाट चिन्तित भएर उहाँको जीवन रक्षा गर्न सम्पूर्ण प्रयत्न गरिरहेका एकता केन्द्रका नेताहरूको इच्छाको कुरा गर्ने हो भने त उनीहरू मृत्युको संघारमा पुगिरहनुभएका क. लामाको पूरा गर्न योग्य सम्पूर्ण इच्छाहरू पूरा गर्न चाहन्थे र सबैको त्यही प्रयत्न पनि थियो । एकता केन्द्रका नेताहरूसँग सरसल्लाह गरिरहेका सम्बन्धित डाक्टरहरूले क. लामाको समेत इच्छालाई ध्यान दिई आफूहरू पनि क. लामाको साथमा सँगै जाने गरी कार्यक्रममा लैजाने अनुमति दिए । मोडेल हस्पिटलको एम्बुलेन्स झिकाएर विशेष सुविधा सहित क. लामालाई सभागृह पुऱ्याउने काम भयो । डाक्टरहरू सकारात्मक नभएको भए बिमारीलाई सभागृहको अभिनन्दन कार्यक्रममा सहभागी गराउन कसैबाट पनि संभव थिएन । त्यति बेलाको अवस्थामा क. लामाको स्वास्थ्यस्थितिले साथ नदिए अभिनन्दनपत्र अस्पतालमै लगेर दिने विकल्पहरू पनि सुझाइएका थिए ।

- अस्पतालमा भएका केही कमरेड अभिनन्दन समारोहमा नगएकोलाई पनि चन्द्रदेवले ठूलै विषय बनाउनु भएको छ । आफ्ना प्रतिकूल स्वास्थ्यका बावजुद क. निर्मल लामाको हेरविचारमा जुट्नु भएका सम्बन्धित कमरेडहरू अभिनन्दन कार्यक्रमप्रति नकारात्मक हुनुहुन्थेन । बरू सो दिन एकजना कमरेडलाई पेट लागेको थियो र उहाँले क. लामालाई त्यसको जानकारी दिनु भएको थियो र क. लामाले उहाँलाई आराम गर्ने सल्लाह दिनुभएको थियो । धेरैलाई थाहा भएको कुरा हो अर्को प्रमुख कमरेडको स्वास्थ्य अनुकूल छैन र उहाँ कुनै पनि कार्यक्रममा सहजै जानुहुन्न । आफू नपुगी नहुने भएमा मात्र जानुहुन्छ । तथापि उहाँले क. लामाको अभिनन्दनको प्रस्ताव लिएर आउनेहरूप्रति सधैं सकारात्मक रायहरू दिनुभएको थियो ।

- जहाँसम्म क. नरबहादुर कर्माचार्यको कुरा छ (चन्द्रदेव नेपालीले कर्माचार्यलाई एकैको प्रवक्ता लेख्नुभएको छ, उहाँ एकैको नेता हो, प्रवक्ता होइन) उहाँबाट दोसल्ला ओढाउने योजना रहेछ । उहाँलाई उहाँमार्फत् दोसल्ला ओढाउने कार्यक्रम जानकारी गराइएको छैन । स्मरण रहोस्- क. कर्माचार्यलाई जनअभिनन्दन समितिमा राखिएको कुरा जानकारी गराइएको छ । तत्कालिन परिस्थितिलाई हेर्दा दोसल्ला ओढाउने सूचना सम्प्रेषण गर्नुमा ध्यान नपुगेकोमा अस्वाभाविकता पनि ठहर्दैन किनकि सबैको ध्यान क. लामाको बिग्रंदो स्वास्थ्यमाथि नै केन्द्रित थियो । तर चन्द्रदेवजीले कर्माचार्यलाई 'उपस्थित गराइएन', 'पार्टीले लिखित मन्तव्य नै पठाएन' भनी उहाँको अनुपस्थितिलाई सिधा सिधा पार्टीसँग जोड्नु भएको छ । चन्द्रदेव नेपालीले थाहा पाएर पनि बुझ पचाउनु भएको कुरा के हो भने त्यो सिंगो कार्यक्रममा पार्टीलाई बोलाइएको थिएन, वक्ताहरूलाई परिचय दिंदा पनि पार्टीसँग जोडिएको थिएन । पार्टीले लिखित मन्तव्य पठाउने कुरा कहाँबाट आउँछ ? क. कर्माचार्यलाई पार्टीले नै नपठाएको आरोप लगाउने चन्द्रदेवजीले बुझ्नु पर्ने कुरा के हो भने यदि अभिनन्दन कार्यक्रममा नपठाउने नियत भए पार्टीले जनअभिनन्दन समितिमा बस्न पनि अनुमति दिंदैनथ्यो । यदि क. कर्माचार्यबाट क. लामालाई दोसल्ला ओढाउने कार्यक्रम छ भनेर पार्टीलाई अग्रिम जानकारी गराएको भए विशेष ध्यान दिन्थ्यो । सबैलाई थाहा छ- क. नरबहादुर कर्माचार्य नेपाल कम्युनिष्ट पार्टीको संस्थापक हो । उहाँको उमेर र स्वास्थ्य युवाहरूको जस्तो छैन । उहाँका आफ्नै स्वभावहरू पनि छन् । मैले उहाँसँग अभिनन्दन कार्यक्रममा नगएको विषयमा चर्चा गरेको थिएँ । उहाँले भन्नुभयो- 'मेरो स्वास्थ्य राम्रो थिएन, त्यो दिन सिंहदरबार वैद्यखानामा औषधी लिएर कार्यक्रम जान सभागृह हिंड्दै जाँदै थिए । पद्मोदय हाइस्कूलनेर पुगेपछि पेट कटक्क दुख्यो । मेरो स्वास्थ्य खराब छ । म त्यहींबाट घर फर्कें । त्यसपछि म कार्यक्रममा गइन । उहाँलाई दोसल्ला ओढाउने कार्यक्रमको जानकारी पनि मलाई थिएन । उक्त कार्यक्रममा मलाई पार्टीले पठाएन भनेर दोष दिनु प्रगतिशीलहरूलाई सुहाउँदैन ।' जेहोस् उहाँ त्यो कार्यक्रममा पुग्नुभएको भए ज्यादै राम्रो हुन्थ्यो तर उहाँ नपुग्नु भएको विषयलाई तिललाई ताड बनाउनु पर्ने भने आवश्यकता थिएन । उहाँ आयोजक भएकाले पहलकदमी गर्नु पर्थ्यो भन्ने तर्क दिन सकिन्छ ।

कार्यपद्धतिकै कुरा गर्ने हो भने त्यहाँ अधिकांश मानिसहरूलाई मूल आयोजक समितिमा राख्ने क्रममा फोनद्वारा जानकारी गराउँदै सहमति लिइएको थियो । उनीहरू कार्यक्रमको निर्णय प्रक्रियामा सामेल थिएनन् । फोनद्वारा आयोजक समितिमा राखिएका भनिएका कतिपय व्यक्तिहरूले त अभिनन्दन कहिले गरिँदैछ, पनि थाहा पाएका थिएनन् । कार्यक्रम भैसकेपछि पत्रिकाबाट थाहा पाएका थिए । यसको अर्थ तात्कालिन अवस्थामा मूल समितिको बैठक बसेर मात्र अभिनन्दन गर्नु पर्थ्यो भन्ने मेरो जिकीर होइन । चन्द्रदेवजीले पार्टी र व्यक्तिको नियतसँग जोडेर यस्तो फत्तुर लगाउनु भएकाले नै समग्र परिस्थिति स्पष्ट पार्नु परेको हो ।

- अभिनन्दन समारोहको सूचना अखबारले नछापेको विषयलाई 'बहिष्कार गरेको', 'समाचार नछाप्न अखबारलाई दवाव आएको' जस्ता मनगढन्ते आरोपहरू लगाएर क. चन्द्रदेव अखबार र एकेप्रति ज्यादै पूर्वाग्रही हुन पुग्नु भएको छ । अखबारको टिमले समाचार छाप्ने सूची बनाएर पनि छाप्न सकेनछ । निर्मल लामा या उक्त कार्यक्रमप्रति अखबारको कुनै पूर्वाग्रह थिएन । निर्मल लामाको स्वास्थ्य, जीवनस्थिति र विचारलाई प्रकाशित गर्ने यही मात्र आधिकारीक साप्ताहिक थियो । परिस्थितिवस एउटा सूचना नछापिएकोमा 'बहिष्कार' गरेको आरोप लगाउन मिल्छ ? अघिल्लो हप्ता समाचार बहिष्कार गर्नेले पछिल्लो हप्ता अभिनन्दन समारोहको सम्पूर्ण विवरण छाप्छ र ? अखबारको कार्यकारी सम्पादकसँग कुरा गर्दा 'जनअभिनन्दन समारोह समितिका सदस्य दिलबरदानले फ्याक्समार्फत् पठाउनु भएको सो समाचार सम्पादन भैसकेर पनि आफ्नो कमजोरीले गर्दा छुट्न गयो, त्यो समाचार नछाप्ने हाम्रो कुनै नियत थिएन र हुन नै सक्दैनथ्यो । पत्रिका प्रकाशनको पूर्वसन्ध्यामा हुने व्यस्तता, तनाव र कामको संयोजनको अभावले त्यस्तो गल्ती हुनगयो, सबै पत्रिकाहरूमा त्यस्ता गल्ती हुन्छन् । मूल्याङ्कनका स्तम्भकारले हाम्रो चरित्र हत्या गर्नु र नियतमाथि प्रश्न उठाउनु अघि एकपटक सम्पर्क गर्नुभएको भए के बिग्रन्थ्यो ? म के पनि प्रष्ट पार्न चाहन्छु भने हाम्रो अखबारमा भएका कमीकमजोरी हाम्रै टीमको कारणले पैदा भएका छन्' भन्नुभयो । साप्ताहिक अखबारमा यस्ता गल्ती, कमजोरी हुन्छन् । एक समय नेकपा (एकता केन्द्र) र नेकपा (मसाल)का महासचिवले दिएको संयुक्त वक्तव्य पनि सो हप्ता अखबारमा छापिएको थिएन । अखबारले समाचार बहिष्कार गरेको मिथ्या आरोप लगाउँदा चन्द्रदेवले अखबारलाई समाचार नछाप्न दवाव आएको भन्न पनि हिचकिचाउनु भएन । अखबारलाई सूचना नछाप्न कहाँबाट दवाव आएको थियो- चन्द्रदेवजीले सार्वजनिक गरिदिए हुन्छ । मानिसबाट गल्ती हुन्छन्, अखबारमा काम गर्ने साथीहरूबाट पनि गल्ती भयो । तर त्यो नियतजन्य गल्ती थिएन । यो एउटा सामान्य घटनालाई निहुँ बनाएर पत्रिकाको नियतमाथि मात्र होइन, पार्टीमाथि कपोलकल्पित मनगढन्त आरोप लगाउनु कुनै प्रगतिशील लेखकका लागि शोभनीय कुरा हो ? चन्द्रदेवजीले जीवनको कुनै मोडमा आफूले लगाएका यी आरोपलाई प्रमाणित गर्न सक्नु होला ?

निचोडमा भन्दा माथि उल्लेखित स्पष्टीकरणले चन्द्रदेवजीले जनअभिनन्दन कार्यक्रमलाई एकता केन्द्रले 'बाध्यात्मक समर्थन' गऱ्यो भनी लगाउनु भएको आरोप सरासर झुठा र मनोगत देखिन्छ । तथ्य के हो भने एकता केन्द्रले अभिनन्दन कार्यक्रमलाई साँचो अर्थमा पार्टीका बाहिरका प्रतिष्ठित व्यक्तित्वलाई समेटी जनस्तरीय बनाउन सुझाव दिएको, पार्टीका सदस्यहरू मात्र बसेर आफ्नो पार्टीका नेताहरूलाई सार्वजनिक अभिनन्दन गर्ने गलत परम्परा बस्न नदिइएको, अभिनन्दन कार्यक्रमलाई जनस्तरीय बनाउने सहमति भएपछि मात्र एकता केन्द्रका नेताहरू अभिनन्दन समितिमा बस्ने निर्णय लिइएको हो । एकता केन्द्रको जनअभिनन्दन समितिसँग कुनै मतभेद थिएन बरू अभिनन्दन समिति बनाउने क्रममा पार्टी सदस्यहरूलाई पार्टी पद्धति र सांगठानिक मूल्यमान्यताका आधारमा काम गर्न गराउन प्रयत्न गर्नु स्वाभाविक र आवश्यक थियो । यसले कार्यक्रमलाई भव्य र गरीमामय बनाउन महत्वपूर्ण योगदान मात्र पुऱ्याएको छैन, भविष्यका लागि पनि एउटा परिपाटी बसालेको छ ।

### ❑ क. निर्मल लामा पार्टीको साधारण सदस्य मात्र भएकाले उहाँको सम्मान नगर्ने पार्टीको निर्णय थियो ?

क. निर्मल लामा पार्टीको साधारण सदस्य भएकाले उहाँको सम्मानमा विशेष कार्यक्रम गर्नुहुन्न भन्ने धारणा एकेमा थियो भन्ने जस्तो बेइमानीपूर्ण तर्क चन्द्रदेव आफैले उब्जाउनु भएको हो, हाम्रो पार्टीमा न त यस्तो सोच थियो, न त निर्णय नै । हाम्रो पार्टीमा पार्टीकै तर्फबाट पार्टी नेताहरूलाई अभिनन्दन गर्ने सोच अहिले पनि छैन । यस्तो गर्नु हुन्छ ? छलफल गरौं । हाम्रो विचारमा क्रान्ति, पार्टी र वर्गको स्वार्थको लडाईंका

**चन्द्रदेवजीले जनअभिनन्दन कार्यक्रमलाई एकता केन्द्रले 'बाध्यात्मक समर्थन' गऱ्यो भनी लगाउनु भएको आरोप सरासर झुठा र मनोगत देखिन्छ**



लागि पार्टीमा सामेल सबै समान छन्, सबै अभिनन्दनीय छन् । कम्युनिष्ट पार्टीले इतिहासमा 'नायकहरूको भूमिकालाई स्वीकार्छ. विभिन्न व्यक्तिहरूको फरक फरक भूमिकालाई स्वीकार गर्दै त्यस अनुसारको जिम्मेवारीहरू पनि दिने गरिन्छ, अनि पार्टीले हरेक व्यक्तिको समग्र जीवनको मूल्यांकन गर्दछ । सकारात्मक कुराबाट पाठ सिक्छ र त्यसलाई अगाडि बढाउँछ । अतः पार्टीले कसैको अभिनन्दन गर्ने कसैको नगर्ने गर्दैन । तर नायकहरूको विशिष्ट भूमिकालाई हेरेर जनताले अभिनन्दन गर्न सक्छन् । जहाँसम्म क. निर्मल लामाको साधारण सदस्यताको कुरा छ, जुन कारणले उहाँ केन्द्रीय नेतृत्वमा रहनुभएन र साधारण सदस्य रहने निर्णय गर्नुपऱ्यो, पार्टी नेतृत्वको त्यस्तो इच्छा थिएन । पार्टी पद्धतिलाई लिएर पार्टी भित्री संघर्ष चले पनि उहाँ नेतृत्वमा रहनोस् भनेर सबैबाट अथक प्रयत्न भएका थिए । पार्टी नेतृत्वका सम्पूर्ण कमरेडहरूले डेढ वर्ष लगातार प्रयत्न गर्दा पनि उहाँ नेतृत्वमा बसेर काम गर्न तयार हुनु भएन । पार्टीको नियमित कार्यहरूबाट अलग रहनुभयो र आफ्नो इच्छाले केन्द्रीय समितिबाट अवकास लिनुभयो । जुन बैठकले क. लामाको अवकासपत्रलाई अनुमोदन गऱ्यो, त्यसैले क. निर्मल लामाले 'नेपाली कम्युनिष्ट आन्दोलन र हाम्रो पार्टीमा दिनु भएका योगदानको परिप्रेक्ष्यमा उहाँप्रतिको पार्टीको सम्मान र सद्भाव यथावत रहने छ' भन्ने पनि निर्णय गरेको छ । त्यसलाई सिंगो पार्टीमा परिपत्रद्वारा जानकारी समेत गराइएको छ । इतिहासमा व्यक्तिहरूको मूल्याङ्कन गर्दा सम्पूर्ण कालखण्डमा उनीहरूले खेलेको भूमिकालाई समग्रतामा नलिने र अंश र तत्कालको स्थिति र भूमिकाको मात्रै मूल्याङ्कन गर्ने गलत प्रवृत्ति पनि आन्दोलनमा विद्यमान भएकाले हाम्रो पार्टी त्यसबाट मुक्त रहोस् भन्ने उद्देश्यले क. लामाको बारेमा उक्त निर्णय लिई परिपत्र समेत गरिएको थियो ।

इतिहासमा व्यक्तिको मूल्यांकन पदले होइन उसको जिम्मेवारीबोधले र त्यसको निर्वाह गराइले गराउँछ भन्ने कुरामा हामी सबै प्रष्ट छौं । पद त्यही बोधको सानो अभिव्यक्ति मात्र हो । इतिहासमा महत्वपूर्ण भूमिका खेल्ने कैयौं नायकहरू अथवा शहीदहरू कुनै पदमा थिएनन् । हाम्रो पार्टीको दृष्टिकोण र समझदारी यस्तो छ । क. निर्मल लामाकै कुरा गरौं । नेतृत्वको औपचारिक पदमा नरहने क. निर्मल लामाको इच्छालाई पार्टीले बाध्यात्मक समर्थन गर्नु परे पनि पछिल्लो समयमा पार्टीले उहाँलाई नेकपा (एकता केन्द्र) को मात्र होइन, कम्युनिष्ट आन्दोलनकै वरिष्ठ नेताको रूपमा मूल्याङ्कन गरेको छ । तर चन्द्रदेव नेपालीले क. निर्मल लामा साधारण सदस्य मात्र हुनुहुन्थ्यो भन्ने प्रचार गरी हाम्रो पार्टीको बारेमा के कथ्दै हुनुहुन्छ र कस्तो प्रचार गर्दै हुनुहुन्छ ?

### ❑ के 'एकेले क. लामाको सेवा र अन्ततः सम्मानमा राम्रै सक्रियता देखायो' भन्न मिल्छ ?

चन्द्रदेव नेपालीले एकेले क. निर्मल लामाको सेवा र अन्ततः सम्मानमा राम्रै सक्रियता देखायो भनेर यसरी कुरालाई प्रस्तुत गर्नुभएको छ, लाग्छ एकेको नियत त्यस्तो थिएन तर गऱ्यो । हेर्दा सकारात्मक जस्तो लाग्ने तर अन्ततः शब्द भित्र लुकेको नकारात्मक दृष्टि बिन्दुलाई चन्द्रदेवले लुकाउन सक्नु भएको छैन । जुन कमरेडको महत्वपूर्ण भूमिकालाई स्वीकार गर्दै पार्टी निर्माणको प्रक्रिया सुरु भयो, जुन कमरेडको सक्रिय सहभागितामा पार्टी र क्रान्तिका वैचारिक सैद्धान्तिक समस्या हल गर्न संघर्ष चले, जुन कमरेडको क्रान्ति र आन्दोलनप्रतिको समर्पणले पार्टीलाई एउटा दिशा दिन भूमिका खेलेको छ त्यस्तो कमरेडप्रति एकेले निर्वाह गरेको भूमिकालाई फगत सेवा गरेको र अन्तत सम्मान गरेको भनी पगरी गुथाउनु औपचारिक तर्क गर्ने काइदा मात्र हो, बौद्धिक वितण्डता मात्र हो । देश, जनता र क्रान्तिप्रति समर्पित क. निर्मल लामालाई अन्त्यसम्म क्रान्तिकारी आन्दोलनमा सक्रिय बनाइ राख्न, उहाँका विचारलाई नयाँ उँचाईमा उठाउन र उहाँलाई बचाउन पार्टीले खेलेको भूमिका हृदयदेखिको सम्मान थियो । क्रान्तिकारीहरूले क्रान्तिप्रति निर्वाह गर्ने दायित्वबोधले उत्प्रेरित थियो । जहाँसम्म, हाम्रो पार्टीको व्यवहारमा अस्पष्टता र संकीर्णता देखापऱ्यो भन्ने आरोप छ, त्यो माथि उल्लेखित कुराभन्दा भिन्नै मनमा लागेका अरू नै ग्रन्थीका उपज रहेका कुरा हुन् भने त्यसले स्पष्टीकरणको जवाफको अपेक्षा गर्दैन, होइन उल्लेखित लेखमा उठाउनु भएका विषय हुन भने माथिको जवाफले नै प्रष्ट पार्नेछ ।

### ❑ सरकारी सम्मानको कुरा

सरकारी सम्मानप्रति एकेका केही व्यक्तिहरूको अनौठो असहमति रहेको कुरा शव यात्रा सुरु हुनै लाग्दाको क्षणमा व्यवहारले देखाउथ्यो भनी चन्द्रदेव नेपालीले अर्को एउटा अनावश्यक प्रसंग पनि जोड्नु भएको छ । त्यो अनौठो व्यवहार के थियो ? कहाँ झल्कियो ? चन्द्रदेवलाई मात्र थाहा होला ' शव यात्राको आयोजनामा जुटेकाहरूलाई त्यसको अनुभूति छैन । बरु सत्य के हो भने शव यात्राको अघिल्लो दिन अर्थात् क. लामालाई अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्न आउँदा प्रधानमन्त्रीले सरकारले सम्मान गर्ने निर्णय गरेको सुनाउनु भयो । त्यो सुनेपछि कतिपय साथीहरूले

राज्यआतंक मच्चाइरहेको सत्ताको सम्मान लिनु हुँदैन भनी तर्क गर्नुभएको थियो । आजीवन क्रान्तिका लागि जीवन उत्सर्ग गर्ने क्रान्तिकारीलाई राजकीय सम्मान दे भनेर प्रतिक्रियावादी सत्तासँग पार्टीले माग्न जाँदैन र सरकारले त्यस्तो कुनै सम्मानको प्रबन्ध गर्छ भने हामीबाट त्यसको विरोध पनि हुँदैन भनी सम्बन्धित कमरेडहरूलाई पार्टी नेतृत्वले जवाफ दिएको थियो । एउटा जिवन्त पार्टीमा कुनै विचार निर्णय प्रक्रियामा रहँदा छलफल-बहस हुन्छन् । कुनै घटनाप्रति सकारात्मक नकारात्मक सोच हुनसक्छ । यस्तो हुनु गलत हुन्छ ? "नैतिक सांस्कृतिक रूपमा पूर्णरूपले सम्बद्ध" भनिने तपाईंहरूको 'संगठनमा चाहिं सबै सदस्यहरूको चेतनास्तर' सधैं एउटै तहमा पुगेको हुन्छ, त्यहाँ द्वन्द छलफल केही हुँदैन वा हुनु आवश्यक छैन भन्ने हो भने त्यो हामीलाई थाहा छैन र यो जगतमा त्यस्तो सर्वहारा वर्गको पार्टी हुन्छ भन्ने आदर्शवादमा हामी फस्न पनि चाहँदैनौं ।

क. निर्मल लामा जस्तो लोकप्रिय व्यक्तित्वको जीवनको अन्तिम अवस्था, त्यसमाथि क्यान्सर जस्तो असाध्य रोगले भेटेको बेला, उपचारदेखि अन्त्यसम्मका कामलाई कुशलतापूर्वक सम्पन्न गर्नु सजिलो कार्य थिएन । क्यान्सरले भेटेको ठहर भएको तेस्रो दिनमै उपचारार्थ बम्बई पुऱ्याउने कार्यदेखि लिएर मृत्युको अन्तिम संस्कारका कार्य सम्पादन गर्ने क्रमसम्म पुग्दा पार्टीबाट भूलचुक, गल्ती, कमजोरी र त्रुटीहरू पटक्कै भएका छैनन् होला भनेर हामी दावी गर्दैनौं । सानातिना कमी कमजोरी हुन सक्छन् । त्यसमाथि मृत्यु संस्कारसँग जुटेका कुरा पटक पटक घटिरहने विषय पनि होइनन् । यो समग्र घटनाक्रममा एकता केन्द्रको नेतृत्वले निर्वाह गरेको भूमिका सुझबुझपूर्ण थियो । तर क. निर्मल लामाको मृत्युको अन्तिम घडीसम्म आँइपुग्दा एकेको यो भूमिकालाई कतिपय साथीहरूले देख्न सक्नुभएन । क्रान्तिकारी भनिनेहरूबाट नै एके नेतृत्वलाई सकेसम्म अप्ठेरोमा पार्ने कोशिश भए । अहिले चन्द्रदेव नेपालीको लेख त्यही शृंखलाको पछिल्लो अभिव्यक्ति मात्र हो ।

### ❑ *के निर्मल लामा ज्यूँदै हुँदा भिन्न मत राख्न दिइएन ?*

क. निर्मल लामाको नाम जोडेर एकता केन्द्रप्रति हदैसम्म नकारात्मकता पैदा गर्न चन्द्रदेव नेपाली कुन हदसम्म लाग्नु भएको छ भन्ने कुरा मूल्यांकनकै अर्को अंकमा प्रकाशित 'के मार्क्सवाद भिन्नमत देखेर तर्सन्छ' भन्ने (पूर्णांक ७८) लेखमा पनि अभिव्यक्त भएको छ । क. निर्मल लामाका मनमा उठेका भिन्नमतहरूलाई उहाँ जिउँदो छँदैमा जनतामा प्रकट गर्न दिएको भए के नेकपा एकता केन्द्र गर्लामगुर्लुम ढल्थ्यो र ? भन्ने प्रश्न खडा गरिदिएर उहाँले विषयलाई यति भद्दा ढंगले उठाउनु भएको छ, कुरालाई यसरी पस्कन खोज्नु भएको छ जसले एकता केन्द्रले क. निर्मल लामालाई जिउँदो छँदासम्म भिन्न विचार प्रकट गर्न नै दिएन भन्ने अर्थ लागोस् अथवा एकता केन्द्रले भिन्न विचारलाई खप्न नै सक्दैन भन्ने भान परोस् । यस क्रममा उहाँले अख्तियार गर्न खोजेको पद्धतिको असली स्वरूप पनि प्रकट भएको छ । प्रिय मित्र ! कम्युनिष्ट पार्टी 'अराजकतावाद'लाई अभ्यास गर्ने स्थान होइन न त 'सर्वहारा जनवाद'ले मान्छेका मनमा लागेका विचारलाई जथाभावी प्रस्तुत गर्ने अनुमति दिन्छ । के भिन्न विचारका बाहक कुनै पनि नेताले आफ्ना विचारलाई सुव्यवस्थित ढंगले कमिटीमा राख्नु पर्दैन ? के भिन्न विचारहरू प्रकट हुने वैज्ञानिक विधि छैनन् ? के मान्छेको मनमा उठेका सबै लहड र शंका उपशंकाहरूलाई विचार भन्न मिल्छ ? त्यसलाई छुट्याउने कसी हुँदैन ? यसले चन्द्रदेवसँग छुट्टै सैद्धान्तिक बहसको माग गर्दछ । तर




*क. निर्मल लामाको शव यात्राको एक भावपूर्ण दृश्य*

एउटा कुरो अहिले नै प्रष्ट पार्न आवश्यक देखिएको छ । त्यो हो- एके भित्र भिन्नमतको स्थान । नेपाली कम्युनिष्ट आन्दोलनका टुटफुटका अनुभवहरू र विश्व कम्युनिष्ट आन्दोलनबाट समेत पाठ सिक्दै जनवादी केन्द्रीयतालाई सृजनात्मक ढंगले लागू गर्न (औपचारिक र नोकरशाही दुवै प्रवृत्तिबाट मुक्त) एकता केन्द्र गंभीर छ र पार्टीभित्र त्यस्तो अभ्यास गरिरहेको छ । अल्पमत या भिन्न विचारले कुण्ठित भएको महसुस गर्ने स्थिति नआओस् भनेर नै एकता केन्द्रले सैद्धान्तिक राजनैतिक मतभेद सम्बन्धी विचारलाई सम्बन्धित विचारवाहकले पार्टी सदस्यसम्म पठाउने माग गरेका खण्डमा केन्द्रीय समितिले निर्णय गरेर कुनै पनि बेला तलसम्म पठाउने नीति लिएको छ । जहाँसम्म क. निर्मल लामाको सवाल छ, उहाँलाई पनि नेतृत्वले आफ्ना विचार व्यवस्थित ढंगले पार्टीमा राख्न पटक पटक आग्रह गरेको थियो तर उहाँले राख्नुभएन । क. लामाले पार्टीको अहिलेको आधिकारीक विचारभन्दा भिन्नै विचार पार्टीमा राख्नुभएको भए त्यसबारे पार्टीमा छलफल चल्थ्यो । पार्टीमा छलफल भएपछि त्यो विचार स्वाभाविक रूपमा कम्युनिष्ट आन्दोलनको विषय हुन सक्दथ्यो । तर क. लामाले पार्टीको भन्दा भिन्नै आफूलाई लागेका विचार यी हुन भनी पार्टी भित्री छलफलका लागि अथवा सार्वजनिक रूपमा छलफल होस् भनी दिनु नै भएको छैन भने क. लामाको भिन्न विचार छलफल गर्न नै दिइएन भन्ने कुरामा के तुक हुन्छ ? अझ, 'क. लामाले नेतृत्वबाट अवकाश लिने इच्छापत्र पार्टीलाई दिएपछि पार्टीको आधिकारीक विचारसँग मेल नखाने विचारहरू पार्टीका विचारहरू होइनन् भन्ने कुरा सार्वजनिक गरिने' भनी नीति नै तय गरेको थियो । स्वयं निर्मल लामाले पनि आफ्नो पत्रमा 'मूल रूपमा म पार्टीको नीति र निर्णय विरुद्धमा जानेछैन । तर आधारभूत नीतिमा मतभेद भयो भने सम्बन्धित कमरेडहरूसँग अन्तर्क्रिया गरी आवश्यक परे सार्वजनिक रूपमा जाने मेरो अधिकार सुरक्षित राख्न चाहन्छु' भन्नु भएको छ । यसरी कमरेड निर्मल लामाले कुनै भिन्न विचार भएमा पार्टीमा राख्ने र आवश्यक भएका खण्डमा सार्वजनिक रूपमा जाने भनी घोषणा गर्नुभएको र पार्टीले पनि आधिकारीक नभएका उहाँ विचारलाई निजी विचार हुन भनी सार्वजनिक गरिदिने छ भनी नीति नै तय गरिसकेको परिप्रेक्ष्यमा क. निर्मल लामाका मनमा उठेका भिन्न मतलाई उहाँ जिउँदो छँदैमा जनतामा प्रकट गर्न दिइएन भनेर चन्द्रदेव नेपाली हुँदै नभएको हद दर्जाको आरोप खडा गरेर जनता सामु एक मिनेट पनि टिक्न नसक्ने भ्रम किन दिँदै हुनुहुन्छ । यो लेखमार्फत् नै क. चन्द्रदेव नेपाली जस्ता व्यक्तिहरूलाई हाम्रो पार्टी के कुरा पनि प्रष्ट पार्न चाहन्छ भने क. निर्मल लामालाई आफ्ना विचार राख्न पटक पटक आग्रह गरेको, आवश्यक परेका खण्डमा पार्टीको भन्दा भिन्न विचारलाई व्यक्तिका निजी विचार हुन भनी जनतामा प्रकट गरिदिने नीति पनि तय गरेको तर क. लामाले आफ्ना छुट्टै विचार भनेर पार्टीमा नराख्नु भएको हुँदा क. निर्मल लामा २०५६ चैत्र २४ गते टिचिङ अस्पतालमा भर्ना गर्नु अघि नै पार्टीले उहाँका विचार केही छन् भने राख्नुस् भनेर क्यासेटमा रेकर्ड पनि गराएको छ । यस्तो स्थितिमा क. निर्मल लामालाई विचार राख्न दिइएन भनेर एके विरुद्ध 'भ्रमको खेती' गर्नुको उद्देश्य के ?

### ❑ *सुझाव*

चन्द्रदेव नेपाली नेपालको प्रगतिशील आन्दोलनमा नीति, नैतिकता र संस्कृतिसम्बन्धी लेख लेख्ने व्यक्ति हुनुहुन्छ । विशेषतः प्रगतिशील आन्दोलनमा नैतिक सांस्कृतिक स्तर गिर्दै गएको अवस्थामा त्यसलाई माथि उठाउन कलमद्वारा प्रयत्न गर्ने मूल्यांकनको स्थापित स्तम्भकार हुनुहुन्छ । तर यसपटक कृत्रिम फुलबुट्टा भरेर झुठा विवरणहरूको कथा तयार पारेर चन्द्रदेव नेपाली एकेको विरोध गर्न किन उत्रिनु भयो ? झुठको संस्कृतिद्वारा एउटा पार्टीको विरोध गर्न किन तम्सिनु भयो ? नीति नैतिकताको कुरा गर्ने व्यक्ति नै नकारात्मक ढंगले उदाहरण दिने दृष्टान्त किन बन्नु भयो ? नीति संस्कृति स्तम्भको स्तम्भकार आफै किन आफूले गतकालमा लेख्ने गरेका लेखहरूको नकारात्मक पात्रकै स्तरमा उभिन आइपुग्नुभयो ? गंभीर प्रश्नहरू उठिरहेका छन् । के यो कुण्ठा, निम्न पूँजीवादी ईर्ष्या, द्वेष र गुटगत स्वार्थको परिणाम त होइन ? नचाहँदा नचाहँदै पनि मान्छे कुण्ठाबाट निस्कन सकेन भने, झुठको सहारा लिएर आत्मसन्तोष गर्ने र गुटगत स्वार्थ पूरा गर्ने स्थितिमा पुग्न सक्छ । चन्द्रदेव नेपाली कतै यसको शिकार त हुनुभएको होइन ? उहाँले गंभीर आत्मसमीक्षा गर्न जरुरी छ । आफ्नो उद्देश्यपूर्ण यात्रामा जान उहाँले आफूलाई यो गल्तीबाट समयमै बचाउन जरुरी छ । ❑

आगामी अंकमा : "श्याम श्रेष्ठको लेखबारे"

## माधव नेपालले श्रीमती विदेश लैजाँदा विरोध गर्ने तर गिरिजाले छोरी लैजाँदा चुं सम्म पनि नबोल्ने ?

❑ एमालेको नौ महिने शासनकालमा तात्कालीन उप-प्रधानमन्त्री क. माधवकुमार नेपाल सरकारी भ्रमणको अवसरमा विदेश जानलाग्दा स्वाभाविक रूपमा उनले आफ्नी श्रीमती गायत्री नेपाललाई पनि साथै लैजाने योजना गरे । यस कुरालाई लिएर प्रायः सबै कांग्रेसी अखबारहरूले उनको विरोध गरे- सरकारी खर्चमा श्रीमतीलाई विदेश लैजान पाइदैन भनेर । केही कांग्रेसी अखबारहरूले त यो कुरालाई ज्यादै नै ठूलो 'इस्यू' बनाउन नै खोजे ।

आज ती कांग्रेसी अखबारहरू वर्तमान कांग्रेसी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफ्नो साथमा आफ्नी विवाहिता छोरी सुजाता कोइरालालगायत दर्जनौं व्यक्तिहरूलाई हालै भारत भ्रमणमा लगेको कुरामा भने चूँ पनि बोल्दैनन् । श्रीमतीभन्दा विवाहित छोरी निश्चयनै नातामा 'टाढा' नै पर्छिन् । त्यसमाथि सुजाता त विदेशी नागरिक पनि भैसकेकी छिन् । सरकारी खर्चमा उनी किन गिरिजाप्रसादसँगै प्रायः सधैं विदेश-यात्रामा जानुपर्ने ?

एमाले र माधव नेपालसँग जो कोहीको पनि वैचारिक मामलामा ठूलो विरोध होला र छ पनि । त्यस मामलामा एमाले वा माधव नेपालको व्यापक विरोध गर्ने छुट सबैलाई छ । तर सामान्यतया शीर्षस्थ नेताहरू विदेश जाँदा श्रीमती वा श्रीमानलाई सँगै लैजाने स्वाभाविक काम माधव नेपालले गर्दा त्यसलाई अनावश्यक विरोधको 'इस्यू' बनाउनु वाइहात कुरा थियो र यो घोरपूर्वाग्रही कुरा थियो ।

लौं, कांग्रेसी चिन्तक र अखबारहरूले एमालेकै शासनकालदेखि नै नेताको परिवारबाट कसैलाई पनि सरकारी खर्चमा विदेश लान नपाइने नैतिकता लागू गर्न खोजेका हुन् भने यस्तै केसहरूमा पछि पछि चाहिँ किन विरोध गरिएन ? किन आफ्ना कांग्रेसी मन्त्रीहरूले चाहिँ श्रीमतीसहित विदेश जाँदा उनीहरू त्यसको विरोधमा चूँ पनि गर्दैनन् ?

किन उनीहरू विवाहित छोरीलाई सरकारी खर्चमा विदेश लैजाँदा चाहिँ विरोध गर्दैनन् ? के कुनै वाम नेताले यसो गरेको भए उनीहरू सहन्थे ?

❑ यस्ता थुप्रै कुराहरू छन् । यिनीहरूमध्येको अर्को एउटा हो- एमालेले आफ्नो सरकारका पालदेखि एस.एल.सी. परीक्षामा 'टप टेन' प्रथा खारेज गर्‍यो । त्यसको व्यापक विरोध गर्ने कांग्रेसीहरू यस वर्ष आफ्नै सरकारले यो 'टप टेन' घोषणा गर्ने प्रथा बन्द गरेकोमा भने चूप छन्, अक्क न बक्क छन् ।

वास्तवमा, एमालेले नै पनि जनताबीच व्यापक छलफल गरेर, गराएर मात्र 'टप टेन' खारेज गर्नुपर्थ्यो । यसको विकल्पमा ८५ प्रतिशतभन्दा बढी प्राप्तांक ल्याउनेहरूलाई छुट्टै विशिष्ट श्रेणीको रूपमा प्रस्तुत गर्ने कुरा पनि सोच्न सकिन्थ्यो कि ? - यस्ता पक्षहरूमा पनि छलफल हुनु जरूरी थियो । यो बेग्लै कुरा हो ।

तर आज आफ्नो कांग्रेसी सरकारले त्यही नीति लागू गर्दा स्वीकार्नेहरूले हिजो एमाले सरकारले गर्‍यो भन्दैमा त्यही नीतिको विरोध किन गरेको ?

यो त संपूर्णतः अवसरवादी पूर्वाग्रही रवैया भएन र ?

यो त कुनै 'नीति'मा आधारित व्यवहार भएन, यो त सनक वा स्वार्थमा आधारित व्यवहार भयो, बेइमान व्यवहार भयो ।

"सर्प देख्दा दुलो बाहिर हात, माछा देख्दा दुलोभित्र हात" उखानकै सेरोफेरोमा घटित हुने यस्ता द्वैध-व्यवहारहरू जब हाम्रो समाजका धेरै तह र तप्काहरूमा देख्न हामी बाध्य हुन्छौं, तब हामीलाई ठूलो असुरक्षा बोध हुँदोरहेछ ।

को व्यक्तिले कतिखेर के बोल्छ वा कतिखेर त्यसको ठीक उल्टो बोल्छ ? - त्यो कुरा कुनै सिद्धान्तमा आधारित भएन । यो त वक्ताको आफ्नो स्थितिमा स्वार्थमा आधारित हुने भयो ।

यस्तो व्यवहारले 'राजनीति' वा 'सार्वजनिक सरोकारका कामहरू' स्वयंकै बदनाम गर्ने काम गर्छ । आज कुनै कुरालाई बेठीक भन्ने व्यक्ति, भोलि संपूर्ण परिस्थिति जस्ताको जस्तै रहँदा पनि त्यही कुरालाई 'ठीक' भन्न थाल्छ । उसलाई त्यो कुरा साँच्चै ठीक वा बेठीक हुनुसँग मतलव छैन । ऊ त आफूलाई जे गर्दा फाइदा हुन्छ, त्यही गर्छ, त्यही भन्छ ।

❑ हालसालै युद्धमा कुनै कायर योद्धाले आत्मसमर्पण गरेजस्तै गरी



# धुम्रपानकर्ता छिमेकीको विरोध गर्नु सजिलो रहेछ तर...

◆ चन्द्रदेव नेपाली ◆

नारायण ढकाल एमालेमा प्रवेश गरे । हिजोसम्म 'पीत संवाद' उपन्यास लेखेर, 'शोकमग्न यात्रीहरू' निबन्ध संग्रह लेखेर र थुप्रै कथा, कविता र अखवारी लेखहरू लेखेर उनी एमालेको व्यापक विरोध गर्दैथिए । अचानक मुलुकको परिस्थिति वा एमालेको स्थिति कुनै पनि कुरा नबदलिँदै एमालेप्रतिको नारायण ढकालको आफ्नै दृष्टिकोण रहस्यमय ढंगले बदलियो । उनले आफैंले ठूलो महत्व दिएर पक्षपोषण गरेको 'तेस्रो धार' निर्माणको कामलाई आज उनी आफैं हप्ता दिनमै मरेको कुनै कथाको पात्रसँग दाँजेर लेख लेख्दैछन् ।

'तेस्रो धार' हिजो महान थियो, आज एकाएक तुच्छ भयो, कसरी ? नारायण ढकाल एमालेमा गए भन्दैमा के कुनै कुराको वस्तुगत महत्व हठात् घट्ने वा बढ्ने हुन्छ र ? यी पंक्तिको लेखकको घरनेरको पचास फूट अग्लो रूख लेखक मामाघर जाँदा बाह्र फूटको वा ससुराली जाँदा एकतीस फूटको हुन्छ र ? स्वयं यो लेखकको मृत्यु हुँदा पनि रूख पचास फूटकै रहन्छ, जबसम्म रूख आफैंमा भौतिक परिवर्तन हुन्न ।

❑ एउटा 'अमुक' वामपन्थी पार्टीमा हिजो अल्पमतमा रहेका नेताहरू आज बहुमतमा छन् । तर आज उनीहरू स्वयं पार्टीको अल्पमतका व्यक्तिहरूको विचारलाई त्यसरी नै दमन गरिरहेछन्, जसरी हिजो उनीहरू स्वयं अल्पमतमा छँदा हिजो दमनमा पारिएका थिए । त्यस्तै तिकडमहरू, गुटबन्दीहरू, अर्कोलाई उपयोग गर्ने काइते व्यवहारहरू, षडयन्त्रहरू ! आदि आदि । हिजो आफू जेको विरोध गर्थे, आज त्यही आफैं गर्दैछन् । यो 'अमूक' पार्टी कुनै एउटा पार्टीमात्र हैन, यस्ता केही पार्टीहरू नेपालमा राम्ररी नै विद्यमान छन् ।

❑ यसै क्रममा पार्टीहरूभित्र रहेका गुट-उप-गुटहरूमा पनि हामी यस्ता प्रवृत्तिहरू पाउँछौं । आज पार्टीको नेतृत्वको पक्षमा अन्ध भएर लाग्छ कुनै कार्यकर्ता, भोलि त्यो नेतृत्वले उसलाई निश्चित कुनै पदबाट हटाइदिन्छ, अनि ऊ नेतृत्वको विपक्षमा अन्ध भएर लाग्छ ।

❑ नेतृत्वमा रहेका केही व्यक्तिहरूमा पनि यो प्रवृत्ति विद्यमान देखिन्छ । पार्टीमा आफ्नो 'सत्ता' टिकाउने 'अस्तित्ववादी अवसरवाद'का कारण नेतृत्वले आज 'एकदम खराब तत्व' भनेर दुत्कार्ने गरेको कार्यकर्तालाई भोलि अचानक आफैंले 'दूधले नुहाएको र बत्तीस लक्षणले युक्त मान्छे त को नै हुन्छ र ?' भन्ने सार्वभौम सिद्धान्तको आड लिएर 'असल तत्व' भनी मान्न थालेको हुन्छ । कारण, त्यो कार्यकर्तालै अब नेतृत्वको 'जय' भन्न थालेको हुन्छ ।

यी उदाहरणहरू सबैले हाम्रो राजनीतिक आन्दोलनमा हावी भएका अवसरवादहरूतर्फ हामीलाई औंल्याइरहेका

**'तेस्रो धार' हिजो महान थियो, आज एकाएक तुच्छ भयो, कसरी ? नारायण ढकाल एमालेमा गए भन्दैमा के कुनै कुराको वस्तुगत महत्व हठात् घट्ने वा बढ्ने हुन्छ र ?**

छन् । आम-समाजको स्तरमा हेर्ने हो भने पनि हामी यो प्रवृत्ति व्याप्त रूपमै पाउन सक्छौं । घरघरमा, टोलटोलमा, समूहसमूहमा आज र यहाँ ठीक भनेको कुरालाई, भोलि र त्यहाँ पुग्ननपाई 'बेठीक' भन्ने गरेका स्वार्थी बानीबेहोराहरू धेरै छन् । त्यही काम समान उमेरकी छोरीको निम्ति 'ठूलो', बुहारीको निम्ति 'सानो', त्यही भोक आफ्नो लागि 'ठूलो', अर्कोको लागि 'सानो', त्यही समस्या समान स्थितिको सालोको लागि 'उल्लेख्य' भानिजको लागि 'नगण्य' आदि इत्यादि ।

यही पिछडिएको र खुराफाती सामन्ती संस्कृतिको जगमा हुर्केको हाम्रो आन्दोलनले यो संस्कृति त्याग्न सकेन ।

यो काम निकै गाह्रो काम पनि हुँदोरहेछ । कारण यो भनेको प्रवृत्तिगत लडाईको काम रहेछ, प्रवृत्तिगत विरोधको काम रहेछ, प्रवृत्तिगत सुधार र परिवर्तनको काम रहेछ ।

धुम्रपानकर्ता छिमेकीको विरोध गर्न सजिलो रहेछ । धुम्रपानकै विरोध गर्नुचाहिँ गाह्रो रहेछ । कारण धुम्रपान समग्रकै विरोध गर्ने भए त आफैंले पनि धुम्रपान नगर्नु पर्ने हुँदोरहेछ । यहीनेर पुगेपछि हामीलाई हम्मेहम्मे पर्दोरहेछ ।

यहांनेर पुगेपछि हामी 'धुम्रपान विरोधी बडे बडे' मान्छेहरू अचानक, रातारात, आजको भोलि, अहिलेको अहिल्यै आफ्ना अडान वा मान्यताहरू बदल्न पुग्दारहेछौं । बस्तुगत स्थिति हाम्रा लागि गौण हुन पुग्दोरहेछ, आफ्नो स्थिति र स्वार्थ अनुकूल हामी ब्याख्या र अपब्याख्याहरू गर्दारहेछौं, वाद र प्रतिवादहरू चलाउँदा रहेछौं ।

यसरी समग्रमा हामी आफूलाई 'विचारक'बाट तल झारेर 'कूट-कलाकार'को रूपमा दुनियाँका सामु प्रस्तुत गर्दारहेछौं । 'नेता'बाट तल झरेर उपल्लो दर्जाको 'खुराफाती'मा, 'लेखक'बाट तल झरेर 'लेखन्दास' मा र पत्रकारबाट तल झरेर कुनै गुटको अन्ध 'भाट'का रूपमा हामीले आफूले आफूलाई झार्दा रहेछौं ।

परिणामतः समाज परिवर्तनको बाटोमा अग्रसर इमान्दार मानिसहरूलाई पनि काम गर्न गाह्रो परिस्थिति पैदा हुँदोरहेछ ।

- 'खै ! कसको बोलीको के भर भयो र ?'

- 'खै ! कसको ब्यवहारको के भर भयो र ?'

- 'खै ! कसको अडानको के भर भयो र ?'

- 'खै ! कसको मान्यताको के भर भयो र ?'

यी प्रश्नहरूको जवाफ दिने थप दायित्वको बोझ पनि उनीहरूका काँधमा थपिदोरहेछ । ❑



व्यंग्य

- विमल निभा -

# चोरी


हिजो राति नेपाल टेलिभिजनमा गृहमन्त्रीज्यूको अनुहार हेरर निदाएको थिएँ, घरमा चोरी भयो । यो देशमा शान्ति सुरक्षाको स्थिति असाध्यै उत्तम छ भन्ने आश्वासनले मेरो घरमा चोरी गरायो । राम्रो साम्रोको भरोशा गर्दा मलाई जहिले पनि यस्तै हुन्छ । के भएको हो यो ?

म हरहिसाब गरिरहेछु- के के सरसामानहरू चोरज्यूले लग्नुभयो ? मेरो आफ्नै गफलतको सुपरिणाम भन्नोस् अथवा कुपरिणाम, के भयो ? चोरज्यूलाई के के फाइदा भयो र म केकेबाट एक रातमै च्यूत हुन पुगें ?

संक्षेपमा भन्ने हो भने मेरो घरबाट हिजो के के चोरी भयो ?

## एउटा थोत्रो बाकस

बाकस थोत्रो भएता पनि कम नठानियोस् । यो एक साहित्यिक बाकस हो । कविवर सिद्धिचरण श्रेष्ठबाट पाइएको । परन्तु अप्रत्यक्ष रूपमा । कविवर मेरो ससुराज्यूको मित्र हुनुहुन्थ्यो । अतःएव उहाँले बाकस (त्यस बखत नयाँ नै थियो) आफ्नो मित्रको छोरीलाई उपहारमा दिनुभएको थियो । यसरी यो मेरो घरमा आयो ।



बाकसमा म आफ्ना कागजपत्रहरू राख्ने गर्दथें । अर्को शब्दमा भन्ने हो भने- मेरा थुप्रै कविता र व्यंग्य लेखहरू बाकस सँगसँगै गए । चोरज्यू कृपया सुरक्षित राखिदिनु होला । मसँग अर्को प्रति छैन । तपाईलाई के काम ? - कुनै दिन भेट हुने सौभाग्य प्राप्त भएमा म विनम्रतापूर्वक माग गर्नेछु ।

अँ, त्यसभित्रको कुनाको पकेटमा एउटा चेकबुक पनि छ । (के म न्यून हैसियतको लेखक हुँ ?) बैंकले आफ्ना ग्राहकहरूलाई दिने बुकलाई चेकबुक भनिन्छ । तर चेकबुक शब्दले गलत अर्थ नलगोस् । विचरा चोरज्यूलाई कुनै लाभ भएको छैन । मेरो ५७५ रूपियाँ खातामा जम्मा थियो । किन्तु एकदिन अगावै मैले आफ्नो सबै पूँजी झिकिसकेको थिएँ । (बैंकलाई धेरै बोझ थप्ने पक्षमा म छैन) चोरज्यू बोर भइरहनु भएको होला, क्या दरिद्रको घरमा खुट्टा टेक्न पुगिएछ ! (तर यो चोरीले छिमेकीहरू माझ मेरो इज्जत बढेको छ । कवि भएता पनि यो त निकै मालदार पो रहेछ ए !) चेकबुकसँगै केही अन्य बुकहरू पनि थिए । जस्तो मेरो कविता संग्रह- *अगोनेर उभिएको मानिस*, व्यंग्य संग्रह- *चौथो कालम* र कविताहरूका अंग्रेजी अनुवाद- ROARING RECITALS (FIVE NEPALI POETS), इत्यादि । यसले चोरज्यूको साहित्यिक रूचि जागृत हुनसक्छ । एउटा साहित्यकारको लागि योभन्दा आनन्दको कुरा अरू के हुनसक्छ ?

## दुई जोर जुत्ता

जुत्ताहरू सर्वथा नयाँ नै हुन् । परन्तु यहाँनेर म एउटा कुरा स्पष्ट पारिदिन आवश्यक ठान्छु । दुईमध्ये कपडाको सेतो रंगको जुत्ता ठीकै छ । (म सँधै मर्निङ्गवाकमा जाँदा लगाउने गर्दथें । कहिलेकाँही दगुर्दा पनि सजिलो हुन्थ्यो । अब खुट्टा नाङ्गो नै हुने भयो । होइन, छेउको पुरानो घरमा लगाउने चप्पललाई भने घोर उपेक्षा गरियो । त्यही लगाएर काम चलाउनेछु । घरबाहिर के चप्पल लगाउन सकिदैन ?) अर्को एकजोर कालो, बाक्लो छालाको, टलक्क टल्किने जुत्ता भने फरक-फरक साइजको छ । (बाटाको बम्पर सेलमा गरीद गरको थिएँ । निकै सस्तोमा हातलागी, होइन, जुत्ता भएकोले 'खुट्टालागी' भएको थियो) तर जुत्ता लगाउनेलाई मात्र यो भेदको ज्ञान हुन्छ । बाहिरबाट त उस्तै लाग्छ । तर एउटा भन्दा अर्को केही ठूलो छ । हिंडाइको लय नै बिग्रन्छ । लगाउँदा विचार गर्नुपर्छ । नबिर्सनु होला चोरज्यू ।

## एउटा पुरानो रेडियो

मेरो पुस्तैनी रेडियो । स्वर्गीय बाजेबाट बुवाले, बुवाबाट ममा क्रमशः सर्दै आएको । म यो पुरानो रेडियो आफ्नो एकमात्र छोराको जिम्मा लगाउन चाहन्थें । किन्तु एक्कासी चोरी भयो । अहिले सोचिरहेछु, बेसै भयो । कुरो के हो भने रेडियोबाट प्रसारित हुने वाहियात र झूठो आवाज सुनेर म आजित भइसकेको थिएँ । (यो एक बैण्डको रेडियोको मलाई कहिले पनि विश्वास भएन) चोरज्यूको असीम कृपाले अब म मुक्त भएँ । यही सिलसिलामा मेरो भावी सन्ततिले पनि स्वतन्त्रताको लामो सास फेरे हुन्छ । के यो एउटा महान उपलब्धि भएन ? चारज्यूलाई मेरो तर्फबाट साधुवाद ।

[टेलिभिजनको साइज ठूलो भएकाले (रेडियो भन्दा) जोगियो । चोरज्यूलाई बढी कष्ट गर्ने इच्छा भएन होला । म दंग छु । अन्यथा म हाम्रा प्यारा-प्यारा मन्त्रीज्यू हरूका (प्रधान-मन्त्रीज्यू त हेड भइ नै हाले) छवि दर्शनबाट बञ्चित हुने थिएँ ।]

मलाई के लाग्छ भने हिजोको चोरीमा चोरज्यूलाई कुनै खास प्राप्ति भएन । मलाई पहिले नै खबर गरेर (टेलिफोनबाट पनि हुन्छ) चोरज्यू मेरो घरमा पाल्नुभएको भए म अझ बहुमूल्य र दामी दामी वस्तुहरू टक्र्याउने थिएँ । म एक लेखक हुँ । मसँग विचार, भोगाइ, संवेदना, अनुभूति, सोच, भावना, कल्पना आदि सुरक्षित छन् । कुनै पनि सच्चा लेखक यी कुराहरू शेयर गर्न अस्वीकार गर्न सक्दैन । म किन कन्जुस्याइँ गरूँ ? अझ म त तपाईहरू जस्तै हुँ चोरज्यू । म पनि एक चोर नै हुँ । म वरिपरिको समाजबाट घटनाहरू चोरी गरेर लेख्छु । जस्तो यही लेखलाई लिनोस् । यो पनि शुद्ध चोरीकै उपज हो । मेरो घरमा चोरीको घटना घटित नभएको भए के म लेख्न सक्थें ? यस हिसाबले त एउटा चोरले अर्को चोरको घरमा चोरी गर्न मिल्दैन । चोरीको पनि आचार-संहिता हुन्छ । होइन र ?

शान्ति-सुरक्षा राम्रो छ भन्ने गृहमन्त्रीज्यू, म अपराधभावले ग्रस्त छु । किनभने मेरो घरमा चोरी भयो । हो, हिजैमात्र मेरो घरबाट माल-सामानहरू लगिए । के गर्ने ? यो अपराधमा तपाई चोरलाई गिरफ्तार गर्नोस् अथवा नगर्नोस्, म कुनै उजूरी हालिरहेको छैन । मलाई चाहिँ गरे हुन्छ । म गिरफ्तारीको लागि हाजिर छु । ❑


*पो.ब.नं. : १८१६ काठमाण्डौं, फोन : २७८१२८*

# जनवादी साहित्य कलाको सफल प्रदर्शन

– प्रो. माणिकलाल श्रेष्ठ –



## इसास कीर्तिपुरद्वारा आयोजित 'लसय् हंगु विरोध' सांस्कृतिक अभियानको समीक्षा



गत साउन १४ गते 'इन्द्रेणी सांस्कृतिक समाज (इसास) कीर्तिपुर'द्वारा काठमाण्डौंस्थित नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको हलमा एक सांस्कृतिक समारोहको आयोजना गरियो । सो समारोहमा नेपालभाषाका गीतहरूको संगालो रहेको 'लसय् हंगु विरोध' (संगीतद्वारा मालाझैं उनिएको विरोध) नामक क्यासेटका गीतहरूको पृष्ठभूमिमा गीतकै भाव अभिव्यक्त हुने नृत्यहरूको सिर्जना गरेर एक गीति-नृत्य (ब्याले) प्रदर्शन गरियो ।

ती गीतहरू कवि दुर्गालाल श्रेष्ठद्वारा रचित तथा विभिन्न विशिष्ट संगीतकारहरूद्वारा संगीतबद्ध गरी विशिष्ट गायक कलाकारहरूद्वारा गाइएका ख्यातिप्राप्त गीतहरू थिए । गीत तथा नृत्य निर्देशक हरि दर्शनधारीद्वारा प्रस्तुत गरिएको यो गीति-नृत्यको प्रस्तुती वास्तवमा जनवादी संस्कृतिको एक उल्लेखनीय प्रदर्शन हुनपुगेको छ ।

यस गीती-नृत्य (करीव ४५ मिनेट अवधिको)को बाहेक सो समारोहमा कवि दुर्गालाल श्रेष्ठद्वारा रचित नेपाल भाषाका अन्य विभिन्न गीतहरू र तिनमा आधारित नृत्यहरू पनि प्रस्तुत गरिए । कार्यक्रमको थप डेढ घण्टा अवधिको यो खण्डमा प्रस्तुत गरिएका ती गीतहरू विभिन्न गायकहरूद्वारा गाइएका थिए ।

समग्रमा, यो कार्यक्रम एउटा सफल कार्यक्रमको रूपमा दर्शकहरूमाझ स्थापित भयो ।

कार्यक्रमको यो सफलतामा लेखक-कवि, नृत्य निर्देशक हरि दर्शनधारी तथा गीतहरूका विशिष्ट संगीतकारहरू तथा गायकहरू सबै तथा इसास कीर्तिपुरसमेतको सामूहिक योगदान रहेको छ । यसको साथै, नेपाल भाषाको जनपक्षीय सांस्कृतिक प्रदर्शनमा अभिरूचि लिने दर्शकहरूको उत्साहपूर्ण सहभागितालाई पनि यस कार्यक्रमको सफलताको एक अभिन्न कारक मान्नु पर्दछ । वास्तवमा कुनै पनि प्रगतिवादी जनवादी साहित्य-कलाको आन्दोलन प्रगतिकामी मानिसहरूको सामूहिक प्रयत्न, अझ संगठनात्मक प्रयासबाट मात्र अगाडि बढाउन सकिन्छ भन्ने कुरा इसास कीर्तिपुरद्वारा आयोजित यो कार्यक्रमले छर्लङ्ग देखाएको छ ।

साहित्य, कला र संस्कृतिको क्षेत्रमा आजको हाम्रो देशको टड्कारो आवश्यकता के हो भन्ने विषयमा वामपन्थी राजनैतिक पार्टीहरू, व्यक्तिहरू, प्रगतिशील लेखक कलाकारहरू सबैले करीव करीव एकै स्वरले भन्दछन्- "आजको खाँचो जनवादी कला-सांस्कृतिको विकास हो ! तर सामान्यीकृत रूपले मात्र 'जनवादी संस्कृति' भनेर केही अर्थ हुँदैन, यसको स्वरूप मात्र होइन, सार कस्तो हुन्छ भनी ठोस रूपमा स्पष्ट गर्नु आवश्यक छ ।

वास्तवमा समयसापेक्ष साहित्य संस्कृति भन्नु हाम्रो वर्तमान चरणको क्रान्तिलाई सहायता हुने साहित्य-संस्कृति हो । वर्तमान चरणको क्रान्तिको माग भन्नु नै देश र समाजको वर्तमान आवश्यकता एवं जनताको माग र आकांक्षा हो ।

यसरी ठोस रूपमा आउँदा हाम्रो वर्तमान चरणको क्रान्तिको माग दुई पक्षका छन् ।

१) हाम्रो देश र जनतामाथि बाह्य शक्तिको थिचोमिचो र नियन्त्रणबाट मुक्ति प्राप्त गरी देशको स्वतन्त्रता र सार्वभौमिकता प्राप्त गर्ने र सुदृढ पार्ने । (२) हाम्रो समाजको प्रजातन्त्रीकरण अथवा जनताको निम्ति स्वतन्त्रता र समानता प्राप्त गर्ने ।

यसरी हाम्रो वर्तमान चरणको क्रान्तिका दुई पक्ष छन्, पहिलो राष्ट्रिय पक्ष वा राष्ट्रिय क्रान्ति र दोस्रो प्रजातान्त्रिक पक्ष वा जनतान्त्रिक क्रान्ति । पहिलो पक्षको क्रान्तिको लक्ष्य अर्ध-औपनिवेशिक स्थितिबाट मुक्त हुने, स्पष्ट शब्दमा भनौं भने, अमेरिकी साम्राज्यवादको नेतृत्वमा रहेको विश्व-साम्राज्यवाद र प्रतिक्रियावादको शोषण र दमनबाट र भारतीय एकाधिकार पूँजीको विस्तारवादी थिचोमिचोबाट मुक्ति प्राप्त गर्ने, अनि दोस्रो पक्षको क्रान्तिको लक्ष्य नेपाली जनतालाई सबै प्रकारको सामन्ती शोषण, दमनबाट मुक्त पार्ने अथवा आन्तरिक रूपमा प्रजातन्त्र प्राप्त गर्ने ।

दोस्रो पक्षको क्रान्तिको लक्ष्य अथवा प्रजातन्त्रको प्राप्तिका लागि धेरै कुराहरू आवश्यक छन्, त्यसमध्ये एक अत्यन्त जरूरी कुरा सम्पूर्ण जनताका लागि समानता र स्वतन्त्रता प्राप्त गर्ने, 'समानता र स्वतन्त्रताको आधारमा समस्त नेपाली जनताको बीच भातृपूर्ण सहयोग साकार पार्ने', जुन कुरा हाम्रो वर्तमान सम्विधानको प्रस्तावनामा 'उद्देश्य' भनी उल्लेख गरिएको छ, तर त्यसलाई साकार पार्ने प्रावधान सम्विधानका धाराहरूमा छैन ।

निश्चय पनि 'भातृपूर्ण सहयोग' जनताका बीच समानता र स्वतन्त्रता नभईकन विकास हुँदैन । हाम्रो बहुजातीय, बहुभाषिक, बहुधार्मिक समाजमा 'समानता स्वतन्त्रता' भन्नु सबै जातिका जनताको समान जातीय अधिकार, सबै भाषाहरूको समान स्थिति र सबै धर्मावलम्बीहरूको समान अधिकार रहनु हो । एकजाति विशेषलाई भाषिक, धार्मिक वा सांस्कृतिक कुनै रूपले विशेष स्थान दिई अरूलाई दोस्रो स्थानमा राख्नु प्रजातन्त्र होइन, सामन्तवादी संस्कार हो । एक भाषा, एक धर्मको वर्तमान राज्य-नीतिका विरूद्ध देशका सबै जातिका जनताको संयुक्त संघर्ष चलाउनु हाम्रो वर्तमान क्रान्तिको अभिन्न अङ्ग हो ।

इसास कीर्तिपुरद्वारा आयोजित 'लसय् हंगु विरोध' गीति-नृत्यको प्रदर्शन र कार्यक्रममा प्रस्तुत अरू गीत र नृत्यहरूले हाम्रो क्रान्तिको यो

पक्षलाई अगाडि बढाउन सशक्त योगदान दिने कुरा निश्चित छ । इसास कीर्तिपुरले यसलाई एउटा कार्यक्रमको प्रदर्शनमा मात्र सीमित नगरी निरन्तर आन्दोलनको रूपमा ठाउँ ठाउँमा जनतासमक्ष पुग्ने योजना गरेको कुरा पनि निकै महत्वपूर्ण छ ।

प्रस्तुत गरिएको 'लसय् हंगु विरोध' गीति नृत्यमा समावेश सबै गीतहरू र कार्यक्रममा गाइएका अरू सबै गीतहरूका रचयिता कवि दुर्गालाल श्रेष्ठ हुनुहुन्छ । 'लसय् हंगु विरोध'का सबै गीतहरू २०२२ सालमा त्यस बेलाको पंचायती सरकारले नेपाल भाषालाई दमन गर्ने र राज्यद्वारा बहिष्कार गर्ने कदम स्वरूप रेडियो नेपालबाट नेपाल भाषा समाचार तथा नेपाल भाषाका सबै कार्यक्रमहरू हटाएको कदमको विरोधमा नेपाल भाषाभाषी जनताको विरोध-आन्दोलनको क्रममा लेखिएका गीत हुन् ।

तीमध्ये १० वटा गीतहरू रहेको 'लसय् हंगु विरोध' क्यासेटका ९ वटा गीतहरू समावेश गरी 'लसय् हंगु विरोध' गीती-नृत्य सिर्जना गरिएको हो ।

ती गीतहरू र कार्यक्रममा गाइएका अरू गीतहरू सुन्दा एउटा पुरानो घटना मलाई झलझल्ली याद आउँछ ।

२०१५/१६ सालतिर एकफेर एकजना निकै प्रबुद्ध व्यक्ति (साहित्यिक क्षेत्रका नभएर पनि प्रशानिक र व्यवस्थापन क्षेत्रका एक विशिष्ट बौद्धिक प्रतिभा) भक्तबहादुर रायमाझीले दुर्गालालका कविताहरूबारे आफ्नो विचार मलाई सुनाउनु भएको थियो- "दुर्गालालका कवितामा नेपाल भाषाभाषी जनताको दुःख, दर्द र पीडाको निकै राम्रो अभिव्यक्ति देखिन्छ । तर त्यसमा विलौना मात्र झल्किन्छ, तर विद्रोहको अभिव्यक्ति छैन । हुन त यो प्रवृत्ति नेपाल भाषा साहित्यकै सामान्य प्रवृत्ति हो ।"

दुर्गालाल श्रेष्ठका त्यसबेलाका केही कविताहरूबारे उहाँको कुरा मिल्छ होला, तर २०२२ सालका कविताहरूमा भने, नेपाल भाषाभाषी जनताको दुःख, दर्दको अभिव्यक्ति विलौनाको रूपमा होइन, असन्तोष र स्पष्ट विरोधको रूपमा, तात्कालीन सत्ता-राजनीतिविरुद्ध अस्वीकृति र प्रतिरोधको रूपमा प्रकट भएका थिए । यो कुरा यस गीति-नृत्यका सबै गीतहरूमा र कार्यक्रममा प्रस्तुत गरिएका अरू सबै गीतहरूमा पनि स्पष्ट देखिन्छ ।

**दर्शनधारीको खुवी केमा देखिन्छ भने, कविका नौ वटा गीतहरूलाई मिलाएर एउटा नृत्य-नाटक नै सिर्जना गरिदिएका छन्,**

गीती-नृत्यका केही गीतहरूको केही अंशहरूको अनुवाद प्रस्तुत गरी त्यसको भाव बुझ्न खोजौं । -

*"घाउ त हामीलाई हिजो पनि परेको थियो*
*दुखेको थाहा पाउन आज मात्र सिक्यौं*
*यही पीर र बाधाले हामीलाई*
*रमाइलोसँग जिउने बाटो देखाइदियो ।"*

यसमा पीडाको अभिव्यक्ति छ, तर विलौना होइन, त्यसको प्रतिरोध गरी सामना गरी आफ्नो अधिकार खोज्ने जनताको दृढता यसमा झल्किन्छ ।

*"रङ्गीचङ्गी जाति फूलको*
*नाम नै नेपाल हो है*
*आफ्नो मात्र भाषामा मलजल दिई*
*अरु सबै बोट किन मार्न खोज्छौ ?*
*तर हामी रहन्जे यो नेपाललाई*
*मास्न दिन्नौं दिन्नौं ।*
*धारिलो चुपीको धारमाथि रहेर पनि*
*हामी फूल्छौं, अब मर्दैनौं ।"*

यी पंक्तिहरूमा बहुजातीय देशमा सबै जातिले समान रूपमा फल्न फुल्न पाएमा मात्र देश रहने विश्वास अभिव्यक्त गरिनुको साथै राज्यद्वारा लिइएको 'एक भाषा'को जातिवादी नीतिको विरोध तथा जनताको विजयमा दृढ आस्था व्यक्त गरिएका छन् ।

साथै अन्यायीहरूलाई चेतावनीको शब्द यसरी पोखिएको छ : -

*"भन, के यही हो इन्साफ ?*
*ए इन्साफका मालिकहरु हो !*
*दुःखित हृदय रोएपछि के हुन्छ हेर*
*पल्टाई हेर इतिहासका पानाहरु"*

त्यस्तै, अर्को गीतका यस्तै पंक्तिहरू :

*"हाँस्न नपाएकाहरुको काम सँधैभरि*
*रोइरहने मात्र त हुँदैन है*
*क्रान्तिको इतिहास कहिल्यै*
*आँशु-पानीले मात्र लेखिँदैन ।"*

अधिकार मागेर पाइने होइन, विद्रोह र त्यागबाट मात्र पाइन्छ भन्ने भाव झल्किएका पंक्ति यस्ता छन् :

*"हात थापेर मात्र पाइने हो भने*
*हामीलाई अधिकार पनि मन पर्दैन ।*
*हामीलाई त हामी प्यारो छ, हाम्रो निम्ति*
*किन न होऊँ बलिहार पनि !*
*हाम्रो आवाज नै पक्षपातप्रति*
*इन्कारको आवाज हो ।"*

गीति-नृत्यमा समावेश सबै गीतहरूमा तीव्र देशभक्ति र राष्ट्रप्रेमको अभिव्यक्ति छ ।

*"मैं मरिगए पनि, म बनी रहिरहने त*
*मेरो देशबाहेक अरु छैन मेरो केही !"*

दुर्गालालजीद्वारा रचित यस क्यासेटमा समावेश भएका गीतहरूमा नेपाल भाषाप्रति गरिएको दमनको विरोध प्रत्यक्ष रूपमा देखिए पनि सारमा कविले नेपाल भाषाको मात्र होइन, देशका सबै जातिका भाषाहरूको अधिकारको वकालत गरेको देखिन्छ ।



निर्देशक हरिकृष्ण दर्शनधारी

कविको यो भावनालाई अझ सशक्त रूपले प्रस्तुत हुने गरी नृत्य-निर्देशकले ब्याले प्रस्तुत गरेका छन् । ब्यालेको पृष्ठभूमिमा त क्यासेटका गीतहरू नै छन्, विशिष्ट संगीतकारहरूको लय र सशक्त गायकहरूको स्वरले निकै प्रभावकारी गीतहरूलाई प्रतिभाशाली नृत्य-निर्देशक हरि दर्शनधारीले सिर्जेको नृत्यले चौगुना प्रभावकारी तुल्याएको छ ।

दर्शनधारीको खुवी केमा देखिन्छ भने, कविका नौ वटा गीतहरूलाई क्रम अगाडि पछाडि पारी मिलाएर उनले एउटा सिलसिलाबद्ध कथा वा नृत्य-नाटक नै सिर्जना गरिदिएका छन्, जसको विषयवस्तु बहुजातीय देश नेपालका सबै जातिका जनताको

**रायन, रामेश, रामकृष्ण दुवाल, मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, हरिकृष्ण दर्शनधारी, वीरप्रसाद भन्सारी, गुजय मालाकार र रमन महर्जन एउटै मञ्चमा !**





नवोदित संगीतकार गुजय मालाकार

समान जातीय अधिकारको माग बुलन्द पार्नुको साथै संयुक्त संघर्षद्वारा समानता प्राप्त गर्ने दृढता हो । यो कुरा गीतमा एक शब्द पनि थपघट नगरी नृत्य-निर्देशकले मूक-भाषामै पात्रहरूको भेषभूषा र नृत्यद्वारा व्यक्त गरेका छन् ।

'लसय् हंगु विरोध' (संगीतमा उनिएको विरोध) गीती-नृत्यमा समावेश गरिएका ९ वटा गीतहरू सबै जनतालाई गरेको सम्बोधन वा दिएको सन्देशको रूपमा नभई कविले दिएको जनताको आवाजको अभिव्यक्तिको रूपमा देखिन्छन् ।

यी ९ वटा गीतका साथै कार्यक्रममा प्रस्तुत गरिएका अरू गीतहरूमा पनि कवि होइन, देशका उत्पीडित जातिहरूका जनता बोलिरहेका छन्, तर कवि आफैं ती उत्पीडित जाति अन्तर्गतको व्यक्ति भएकाले सबै गीतहरू कविको आफ्नै हृदयका अभिव्यक्ति हुन् ।

'लसय् हंगु विरोध'का गीतहरूको समग्र सार हेर्दा देशका सबै भाषा संस्कृतिको समान अधिकार, संरक्षणको माग, 'एक भाषा'को जातिवादी दृष्टिकोणको विरोध, राज्यगत पक्षपातप्रति असहमति, सबै जातिका नेपाली जनताका छोराछोरीहरूको आफ्नो भाषाको माध्यमबाट शिक्षा पाउने अधिकारबाट वञ्चित गर्ने राज्य-नीतिको विरुद्ध विद्रोह र तीव्र देशभक्ति तथा राष्ट्रप्रेम हो ।

एउटा कवितामा उच्चतम् कल्पना तथा सम्वेदनशील भाषामा चित्रण गरिएको नेपालको वर्तमान स्थिति ज्यादै हृदयस्पर्शी छ । नेपाल आमाको आर्तनादको रूपमा लेखिएको यो काव्यात्मक गीतका केही पंक्ति यसप्रकार छन् : -

*"यति ठूलो धर्तीमा*
*एउटा सानो बास पनि आफ्नो भागमा नपाएका*
*मानिसको समाजमा मानिस बन्न नपाएका*
*ती छाप्रोमा बस्नेहरु*
*ती पाटीमा बस्नेहरु,*
*ती बाटो बाटोमा धुलोमा कुकुरझैं सुत्नेहरु*
*कसैले नअपनाएका ती दुःखित हृदयको*
*म ज्वालामुखी हुँ व्यथा-वेदनाको*
*यी सब त तिमीजस्ताहरुले दिएको इनाम हो*
*छाती नै चिरेर देखाउँछु लौ हेर म नेपाल ।"*

तीव्रतम आवेशयुक्त हृदयस्पर्शी भाषामा कवि दुर्गालालद्वारा चित्रण गरिएको नेपाल आमाको यो आर्तनादलाई नृत्य-निर्देशक दर्शनधारीले नृत्यमा मूक भाषामा पीडा सुनाइरहेकी नेपाल आमा तथा तिनका उत्पीडित छोराछोरीहरू (विभिन्न जातिका नेपालीहरू)को दृष्य देखाई कविको भावनात्मक अभिव्यक्तिलाई ठोस रूप दिनुभएको छ । निर्देशकको उत्कृष्ट खुबी यसमा स्पष्ट देखिन्छ ।

'लसय् हंगु विरोध'का गीतहरू २०२२ सालमा लेखिएका त्यसबेलाको स्थितिमा नेपाली जनताको चित्कार थियो, तर स्थिति बदलिएको छैन, आज पनि गीत र नृत्य त्यतिकै सान्दर्भिक छन् ।

कार्यक्रममा प्रस्तुत गरिएका अरू गीतहरू र नृत्यले गीती-नृत्यलाई थप बल मिलेको छ र गीती-नृत्यको सन्देशलाई अझ सुदृढ पारेको छ । २०२२ सालभन्दा पछि कवि दुर्गालालले लेख्नुभएका ६ वटा गीतहरू र उहाँले अनुवाद गर्नुभएको (बाङ्ला कवि नजरूल इस्लामको) एउटा गीतसमेत सातवटै गीतको सार 'लसय् हंगु विरोध'का गीतहरूसित मिल्दछ ।

माथि उल्लिखित नेपाल आमाको आर्तनाद व्यक्त गरिएको गीतका उत्पीडित नेपालीहरूलाई नजरूल इस्लामको गीती कविताले *'भोलि यहाँ रातो घाम झुल्कने छ, धर्तीको काखमा विशुद्ध मानिसहरू मात्र हुनेछन्, नयाँ फूल फुल्ने छ, नयाँ हावा बहने छ'* भन्ने आशा भर्दछ ।



नवोदित संगीतकार रमन महर्जन

यो उज्वल भविष्यप्रति विश्वास र जनताको विजयप्रति दृढ आशायुक्त गीत रामेश र रामकृष्ण दुवालको प्रभावकारी युगल स्वरमा गाइँदा श्रोताहरूमा प्रगतिशील आशावादी उत्साह संचार भएको थियो । कार्यक्रम शुरू गरिएको 'ब्याँचुली' रूपी स्वागत गीत, वरिष्ठ गायक रायनको गीत, ईश्वर जोशी, रमण महर्जन जस्ता कलाकारहरूद्वारा प्रस्तुत सदाबहार नेवारी धून र अरू नृत्यहरूले कार्यक्रम निकै प्रभावकारी बनेको थियो ।

इन्द्रेणी सांस्कृतिक समाज, कीर्तिपुरद्वारा आयोजित यस कार्यक्रमले जनवादी साहित्य कलाको एउटा नमूना सफलतासाथ प्रस्तुत गरेको छ ।

यस्ता कार्यक्रमहरू इसास कीर्तिपुरले व्यवस्थित र निरन्तर अभियानकै रूपमा चालू राख्ने अपेक्षा गर्नु उपयुक्त हुन्छ । ❑

# लेनिनको भाषण सुनेर जनता मन्त्रमुग्ध हुन्थे

◀ रोचक प्रसंग




लेनिन लोकप्रिय वक्ता हुनुहुन्थ्यो । जब उहाँ मञ्चमा उभिएर हरेक वर्गका जनतालाई सम्बोधन गर्नुहुन्थ्यो, त्यो बेला उनीहरुमा उत्साह, जोश, उमंग तथा वीरता जागृत हुन्थ्यो ।

लेनिन सधैं नै साधारण जनताले पनि सजिलैसँग बुझ्नसक्ने किसिमको भाषामा भाषण गर्नुहुन्थ्यो । लेनिन आफ्नो भाषणमा कहिल्यै पनि अतिरंजक शब्दहरु प्रयोग गर्नुहुन्नथ्यो । उहाँ जहिले पनि गंभीर तर्कहरु दिएर आफूले जसलाई सम्बोधन गरेर भाषण गरेको हो, उनीहरुको पक्षपोषणप्रति आफ्नो अडिग आस्था प्रकट गर्नुहुन्थ्यो । र, जनतामा विश्वास र प्रेरणा जगाउनु हुन्थ्यो । उहाँ आफ्नो भाषणमा अक्सर उपमाहरु, चुट्किलाहरु, कसैका भनाइहरु तथा अरु भाषाका ग्रन्थहरुको उद्धरण प्रयोग गर्नुहुन्थ्यो ।

उहाँ जहिले पनि आफ्ना श्रोताहरु को हुन् भन्ने कुरा ध्यानमा राख्नुहुन्थ्यो । उहाँ कहिल्यै पनि किसान, मजदूर, विद्यार्थी आदिको जमघटमा एउटै किसिमको भाषण गर्नुहुन्नथ्यो । उहाँ जुन समुदायमा बोलिरहनु भएको हो, त्यस समुदायको सांस्कृतिक स्तर, आवश्यकता आदिलाई ध्यानमा राखेर बोल्नुहुन्थ्यो ।

लेनिन कहिल्यै पनि लिखित भाषण पढ्नु हुन्नथ्यो । कुनै कुनै बेला भाषण गर्नको लागि आवश्यक खाकाहरु तयार गर्नुहुन्थ्यो । विशेष महत्वपूर्ण भाषण भएको खण्डमा पहिले नै त्यसको आवश्यक तयारी गर्नुहुन्थ्यो । आवश्यक परेमा त्यसमा तथ्याङ्कहरु पनि समावेश गर्नुहुन्थ्यो । तर उहाँको असाधारण स्मरणशक्तिले गर्दा भाषणको बेलामा उहाँ त्यो तयारीपत्र कमै मात्र हेर्नुहुन्थ्यो । तर हरेक वाक्य उमंगले भरिएको र सृजनात्मक हुन्थ्यो । लेनिनको भाषण सुनेर, उहाँले लेख्नुभएको पत्र वा लेखहरु पढेर जनता आफ्नो संघर्षको महानता तथा वीरताको अनुभव प्राप्त गर्थे । र, लेनिनको निश्वार्थ निष्ठाको अनुशरण गर्दथे ।

लेनिनले धेरैचोटि मास्कोको त्रियोख्गोर्नाया सुती मीलमा भाषण गर्नुभएको थियो । उहाँले गर्नुभएको त्यो भाषणबाट मजदूरहरुमा कस्तो असर पर्‍यो भन्ने बारेमा स्वयं मजदूरहरु यसो भन्थे- "लेनिनको हरेक शब्दले मजदूरहरुको हृदयमा विजयको विश्वास पैदा हुन्थ्यो, हाम्रो बाटोमा खडा भएका कठिनाइहरुमाथि काबु पाउने इच्छा बढ्दै जान्थ्यो । मानिसहरु उहाँको हरेक शब्दमा विश्वास गर्थे । उहाँको हरेक शब्दमा सत्य तथा समझदारी झल्कन्थ्यो ।"

चेन्यार्क नामक एक मजदूरले लेनिनको भाषणको बयान यसरी गरेका थिए- "अक्टोबर क्रान्तिको चौथो वार्षिकोत्सवको उपलक्ष्यमा लेनिनले एउटा हलमा भाषण गर्नुभएको थियो । त्यो हल श्रोताहरुले खचाखच भरिएको थियो । जब लेनिन भाषण गर्न मञ्चमा उक्लिनुभयो, त्यतिबेला मानिसहरुमा ठूलो जोश उर्लियो । मान्छेहरुको बीचमा ठूलो खलबल मच्चियो । लेनिनको स्वागतमा धेरै बेरसम्म नारा लागेकोलाग्यै भयो । त्यो नाराले गर्दा लेनिनले धेरै बेरसम्म आफ्नो भाषण शुरु गर्न नै सक्नुभएन । लेनिनलाई हेर्न मानिसहरु झ्याल, झ्यालमा मेच मेचमा चढ्नथाले । लेनिनलाई देख्न पाएर हरेक दर्शकको मनमा निकै ठूलो साहस र उमंग बढ्नथाल्यो । त्यहाँ जम्मा भएका मानिसहरुलाई शान्त गर्नको लागि अध्यक्षमण्डलले ठूलो कठिनाईको सामना गर्नुपर्‍यो ।

भीड शान्त भएपछि बल्ल लेनिनले भाषण शुरु गर्नुभयो । उहाँको भाषण शुरु भएपछि वक्ता र श्रोताहरु पारस्परिक संवेग, प्रेम तथा भक्तिको शसक्त बन्धनले एक हुनथाले ।" ❑

*- मुक्ता श्रेष्ठ*




# समयचेतनाको प्रस्तुति
# कञ्जन खिल्का

◆ गोविन्द वर्तमान

समकालीन नेपाली कथा साहित्यका एकजना सशक्त हस्ताक्षर हुनुहुन्छ - राजव । 'समयपीडा' र 'इतर जिल्लावासी'पछि उहाँको तेस्रो कथा संग्रह प्रकाशित छ - *कञ्जन खिल्का* । मूलतः प्रजातन्त्र पुनःस्थापनापछिको परिवेशमा लेखिएका १६ वटा कथाहरू यसमा संग्रहित छन् । यी कथाहरूले पनि कथाकार राजव नेपाली समाजको सुक्ष्म अध्ययन गर्ने एक सशक्त कथाशिल्पी हुन् भन्ने प्रमाणित गरेका छन् ।

संग्रहमा पाँचवटा कथाहरू नेपाली मुसलमान समुदायको विषय र परिवेशमा लेखिएका कथाहरू छन् भने बाँकी एघारवटा कथाहरू ०४६ सालपछि मुलुकको राजनीतिमा प्रकट र हावी भएका खराबीहरूविरूद्ध लेखिएका कथाहरू छन् ।

'चलेको मुखमण्डल' शीर्षकको कथाले चाकरी वृत्तिद्वारा अवसरको लाभ उठाउने कर्मचारी वर्गको कुरूप मनोदशालाई प्रजातान्त्रिक व्यवस्थाले झन् प्रोत्साहित गरेको बिडम्बनाप्रति व्यंग्य प्रहार गरेको छ । त्यस्तै, प्रतिगामी चिन्तनका पञ्चहरू मूलतः नेपाली कांग्रेसको सुरक्षाछातामा ओत लागेको यथार्थलाई 'नोकर, कुकुर र बाबुको राजनीति' शीर्षकको कथाले मार्मिक ढंगले प्रष्ट पारेको छ । बहुदलीय व्यवस्थामा इमान्दार कार्यकर्ताहरूलाई स्वार्थी नेताहरूले पाखा लगाउँदै गएको तथ्यलाई 'उसको गोडा बल्नथाले' कथाले चित्रित गरेको छ भने 'यान्त्रिकालाई खियाले छोएन' शीर्षकको कथाले प्रजातान्त्रिक व्यवस्थामा पनि, दलाली र कमिशनखोरीलाई पेशा बनाएका यान्त्रिक शर्माजस्ता पंचायती व्यवस्थाका हर्ताकर्ताहरूकै हुकुम चलिरहेको कुरा दर्शाएको छ ।

पार्टीलाई सात लाख 'चन्दा' दिएपछि टिकट पाएको एउटा भ्रष्ट नेताको मनोदशालाई 'निराश दुईनम्बर' शीर्षकको कथाले व्यक्त गरेको छ । 'मन्त्रीको अर्को पोशाक' त्यस्तै अर्को सशक्त कथा हो, जसमा पंचायतको स्वाद चाखिसकेको एउटा व्यक्ति प्रजातन्त्रमा भेष बदलेर पुनः मन्त्री हुन्छ र जनतालाई ठग्न सक्षम हुन्छ ।

'एउटा चिन्तनको आत्मबिनाश' शीर्षकको कथा यस संग्रहको सबभन्दा नौलो लाग्ने कथा हो । शैली र प्रस्तुति दुवैमा नयाँपन भएको यस कथाले मार्क्सवाद विरोधी कार्ल पाँपर मरेको दिन नेपालको एउटा मार्क्सवाद विरोधीले आत्महत्या गरेको विषय प्रस्तुत छ । मार्क्सवादको अन्धाधुन्द विरोधको अन्तिम परिणति आत्मविनाशमा पुगेर टुंगिन्छ भन्ने कुरा कथाले बताएको छ ।

*जहाँ पिंजडा पनि देखिन्न, ह्वीस्की थप बरू र कञ्जन खिल्का* शीर्षकका कथाले मुसलमान समुदायमा अहिलेसम्म व्याप्त धार्मिक कट्टरताले उब्जाएका सामन्तवादी व्यवहारहरूलाई विविध प्रकारले दर्शाएका छन् । ती कथाहरूमा नवाज सिद्दीकीको पाखण्ड, सनिउल्लाको लाचारी र अब्दूलको निरीहताले मुसलमान सम्प्रदायमा आधुनिक शिक्षाको भूमिका पनि प्रभावहीन भएको देखिन्छ ।

समग्रमा, यस संग्रहले नेपाली कथा साहित्यलाई थप समृद्ध तुल्याउन महत्वपूर्ण योगदान गरेको छ । ❑

# 'योगमाया' बारे सार्थक संग्रह




आजभन्दा ५९ वर्ष पहिले देशमा विद्यमान शासनको विरोध गर्दै आफ्ना ६८ जना अनुयायीहरुका साथ अरुण नदीको भेलमा हामफालेर जलसमाधी लिने योगमाया न्यौपाने । उनी नेपालको पहिलो विद्रोही नारी मानिन्छिन् । उनले राणाकालीन कालरात्रीको बेला तात्कालीन पितृप्रधान सामन्ती व्यवस्था र राणाशाहीको अत्याचारको विरोध गर्नेजस्तो पुरुषहरुले समेत गर्न नसकेको काम आफ्ना कविता र कामहरुमार्फत् गरेकी थिइन् । उनले तात्कालीन पुरोहित वर्गको पनि खुलेर विरोध गरेकी थिइन् ।

उनै 'योगमाया' बारे प्रकाशित यस पुस्तकको पहिलो भागमा २० वटा रचनाहरु रहेका छन् । त्यसमा विभिन्न व्यक्तिले योगमायाको बारेमा विभिन्न समयमा व्यक्त गरेका विचारहरु छन् भने, दोश्रो भागमा योगमायाको 'योगदान र मूल्यांकन' शीर्षकका १८ वटा लेखमा विभिन्न व्यक्तित्वहरुले आ-आफ्ना विचारहरु राखेका छन् ।

मातृका तिम्सिना, लक्ष्मणसिंह कुँवर, लेखनाथ भण्डारी, र कोमल भट्टराईको संयुक्त सम्पादनमा प्रकाशित यस पुस्तकले तात्कालीन सामाजिक आन्दोलनकी अग्रणी तथा कवि योगमायाका बारेमा स्रष्टाहरुलाई अध्ययन अनुसन्धानका निम्ति आधारभूत सामग्री प्रदान गरेको छ ।

भोजपुर जिल्लाको नेपालेडाँडा गा.वि.स.- ५, मझुवा सानो सिम्लेको एउटा सामान्य परिवारमा वि.सं. १९१७ सालमा योगमायाको जन्म भएको देखिन्छ । ७ वर्षको उमेरमा विवाहित उनले २ वर्ष पछिनै वैधव्यको पीडा भोग्नुपरेको थियो । दोस्रो विवाहपछि उनी तीर्थयात्रा गर्ने क्रममा भारत पुगेकी थिइन् । भारतको आर्य समाजी र स्वतन्त्रता आन्दोलनबाट प्रभावित भएर नेपाल फर्किएपछि सामाजिक र धार्मिक अन्धविश्वासको विरोध गर्ने जोसमनी सन्त पराम्परामा लागी उनले भक्तिमार्ग समातेकी थिइन् । योगमायाले सामाजसुधार र समाजिक न्यायको पक्षमा विभिन्न खाले अन्यायका विरुद्धमा २६८ वटा मागहरु समावेश गरी सरकारलाई चेतावनी दिएको प्रसंगलाई विभिन्न सन्दर्भमा यस पुस्तकले प्रस्तुत गरेको छ ।

पुस्तकमा लेखिका सुधा त्रिपाठीले योगमायाले जीवनबाट निराश र हतास भएर वा स्वर्गपुग्ने हतारले हैन बरु थोरैको मृत्युले, बाँच्नेहरु धेरैले जीवन उज्यालो बनाउन सकून् भन्ने विचारले प्रेरित भएर शासक वर्गलाई घच-घच्याउन जलसमाधी लिएकी थिइन् भन्नु भएको छ । तर पनि यो पक्ष अझै अनुसन्धानकै विषय रहेको देखिन्छ ।

यो कृतिले नेपाली बौद्धिक वर्गका बीच चर्चित तर उचित 'मूल्यांकन' हुन बाँकी अग्रणी प्रतिभा योगमायाबारे पाठकहरुलाई थुप्रै कुराहरु उपलब्ध गराएको छ । नेपाली इतिहासलाई खोतल्ने यो पुस्तक मननयोग्य र संग्रहणीय छ । - नेपाल अध्ययन केन्द्रले यसको प्रकाशन गरी सहाहनीय काम गरेको छ । ❑

- उर्मिला पोखरेल





कृति : फेवादेखि विवासम्म
कृतिका : नन्दु उप्रेती
विधा : यात्रा-संस्मण
प्रकाशक : एशिया पब्लिकेसन्स्, काठमाण्डौ
पृष्ठ : ८२+१०
मूल्य : रू. ३५/-



कृति : किराँत राईहरू शैक्षिक क्षेत्रमा किन पछि परे एकचर्चा
कृतिकार : रमेश गाउँले
विधा : अनुसन्धानमूलक लेख-माला
प्रकाशक : राजेन्द्र-निरा राई लगायत राई बन्धुहरू
पृष्ठ : १३२+१६
मूल्य : रू. ९९/-




कृति : धर्मया बारे छकूचा खँ
कृतिकार : श्यामप्रसाद शर्मा
विधा : धर्मबारे नेपाल भाषामा लेखिएका लेखहरूको संगालो
प्रकाशक : कुतः पिकाक तिबुक्छें भक्तपुर- ८
पृष्ठ : २८
मूल्य : रू. १५/-




कृति : आगोको यात्रा
कृतिकार : सुकुम शर्मा
विधा : गद्य-खण्डकाब्य
प्रकाशक : निरन्तर प्रकाशन
पृष्ठ : ६१+१०
मूल्य : रू. २०/-



कृति : जंगली युगदेखि सभ्य युगसम्म संपत्तिको विकास
कृतिकार : पौल लाफार्ज
अनुवादक : कृष्णदास श्रेष्ठ
विधा : निवन्धहरू (पाँच अध्यायमा)
प्रकाशक : प्रगति पुस्तक सदन, काठमाण्डौ
पृष्ठ : ८५+८
मूल्य : रू. ३५/-



कृति : राजनैतिक अर्थशास्त्रको मूलभूत सिद्धान्त
अनुवादक : युवराज पन्थी
विधा : शांघाई पाठ्य पुस्तक माल अन्तरगत सामाजवादी राजनैतिक अर्थशास्त्रका सिलसिलाबद्ध लेखहरू
प्रकाशक : संगम प्रकाशन, बागबजार, काठमाण्डौ
पृष्ठ : १५७+५
मूल्य : रू. ७०/-

# मेलम्ची !



- स्नेह सायमि

पहाडकी छोरी
बागमती
जब कलकलाउँदी यौवाना थिई
उसले काठमाण्डौलाई
प्रेम गरेकी थिई ।

बागमतीको रूप, स्वभाव र सरलता देखेर
काठमाण्डौले पनि मन पराएको थियो,
पुरोहित 'बनारस'लाई साइत हेर्न लगाएको थियो,
चरित्रहीन पण्डित 'बनारस'
काठमाण्डौ र बागमतीको जोडीप्रति
इर्ष्याएको थियो
र उसले
'विहे गर्ने साइत नभएको' भनेर ढाँटेको थियो !

विहे नगर्दै बागमती काठमाण्डौसँग बसी
काठमाण्डौको प्यास बुझाई
काठमाण्डौको जीवन सिंचित गरीदिई
काठमाण्डौलाई सुन्दर बनाइदिई ।

'बनारस'को गलत सल्लाहमा
धूर्त मित्र 'दिल्ली'को सिको गर्दै
बागमतीलाई रोगी बनायो काठमाण्डौले ।

बागमती साह्रै दुःखी भई
उमेर नघ्दै बुढी भई
त्यसपछि,
काठमाण्डौले विष्णुमतीलाई फकायो
निश्चल विष्णुमतीले
काठमाण्डौलाई नुहाइदिई
पखालीदिई
प्यास मेटाइदिई
काठमाण्डौका निम्ति जीवन-समर्पण गरीदिई ।

काठमाण्डौले बागमती र विष्णुमतीसँग
कहिल्यै माया साटेन,
उनीहरूको जीवनमा आफ्नो जीवन देखेन
खोक्रो रवाफ
फोहरी बानी
अल्छी र चरित्रहीन संस्कार पनि बदलेन ।

विष्णमती पनि थाकी
र रोगी भई ।

समयको गतिसँगै,
काठमाण्डौ पनि
भत्किन लागेको खण्डहर भइसकेको छ
सम्पूर्ण रोगले ग्रसित छ
मृत्युको संघारमा उभिरहेको छ
जिर्ण, बदनाम र बुढो काठमाण्डौ
डेण्टपेन्ट गरेर
आफूलाई युवक भनाउन खोजिरहेको छ
र आफू अविवाहित भएको कुरो दोहोऱ्याईरहेको छ
फेरि ऊ
नव-यौवनाहरूतिर आँखा लगाइरहेको छ ।

नगरेर बिहे,
नसाटेर माया,
बाठो भएर 'उपयोग' गरेको प्रतिफल
आज काठमाण्डौ भोगिरहेको छ

र सुन मेलम्ची !
मृत्योन्मुख उमेरमा
काठमाण्डौ
तिमीसँग विवाह गर्ने योजना गरिहेको छ ।

जन्ती र बाजाका कुरा भइरहेको छ
लुगा र गहनाका कुरा भइरहेको छ
ऋणमाथि ऋण थप्ने योजना भइरहेको छ ।

चंचल मेलम्ची !
तिमीलाई काठमाण्डौसँग विहे गराउन,
तिम्रो अभिवाकहलाई रिभाउन,
भेट र भेला चलिरहेको छ ।

मान्छ्यौ यदि भने
प्रिय मेलम्ची बहिनी,
तिमीले काठमाण्डौसँग विहे नगर्नू
त्यतै एउटा जीवन-साथी खोज्नू,
काठमाण्डौको 'विकल्प'को जन्म दिनू ।

किनकि
अब
काठमाण्डौलाई-
मेलम्चीहरूले जवान बनाउन सक्दैनन्
काठमाण्डौलाई-
मेलम्चीहरूले पखाल्न, सुधार्न सक्दैनन् ।

जिर्ण भग्नावशेष हो काठमाण्डौ,
यो भग्नता नत्याग्ने हो भने
उसले मृत्युको लागि तयार हुनुपर्छ
काठमाण्डौको यो मृत्युमा
मेलम्चीहरू 'सती' जानु हुँदैन । ❑

# प्रश्नहरूको हूलमा फेरि एउटा प्रश्न

- कल्याण रोका



कवि

*फल्ने र फुल्ने*
*लामो रहर बोकेको त्यो बिरूवा*
*एकपल्ट फेरि निमोठिन लागिरहेछ - ननिमोठिनु पर्थ्यो ।*
*मरूभूमिहरूलाई चुनौती ठड्याएरै*
*हरियाली वस्तिको घोषणा गर्दै - जन्मिएको*
*वीउ मास्न खोज्ने*
*खडेरीहरूलाई पनि पचाएरै झाँङ्गिएको*
*हाम्रो विश्वासको बिरूवा सित्रिन लागिरहेछ - नसित्रिनु पर्थ्यो ।*

*बगैंचाको सुरक्षार्थ खटाएका मालीहरू*
*दिउँसैको उज्यालोमा*
*चुक छर्न खोजिरहेछन् - शैतानहरू ।*
*वास्ता गर्नुपर्नेहरूलाई पनि*
*अब त रात नै मन पर्न थालिसकेको छ*
*हाम्रो वलिदानी खेतीको रोपोसँगै*
*निर्लज्ज उम्रिएका छन् - कुलंगार सामाहरू ।*
*यही बेला*
*दाउ छोपेर पैराहरू*
*हाम्रो छलफलको चौतारो खलबल्याउन खोजिरहेछन्*
*धावा बोलेर आराहरू*
*हाम्रो मेहनतको बगैंचा फाड्न खोजिरहेछन्*
*ठीक यही बेला*
*पल्लो डाँडाका भलायोहरू*



*चोप उछियाएर मान्छेहरूलाई*
*वल्लो डाँडाका काउछोहरू*
*पीडा खन्याएर मान्छेहरूलाई*
*पूजापाठका संकटका सङ्खहरू फुकिरहेछन् ।*
*अनि सिनो खोज्ने श्यालहरूलाई*
*सोझाहरूको बस्तिमा*
*भ्रमको हुइयाँ छर्न लगाइरहेछन् ।*

*सज्जनहरू !*
*भोलि श्याल कराएकै बेला*
*हाम्रो सिंगारे हराएको कथा नदोहोरिएला भन्न सकिन्न !*
*तिमीसंग*
*मात्र अलिकति भावना भए अब त्यसलाई फुकाऊ*
*मात्र अलिकति कामना भए अब त्यसलाई देखाऊ*
*अब*
*उज्यालो खोज्नेहरूको कुनै निकास छ कि छैन ?*
*बाँच्न खोज्नेहरूको कुनै न्यानो ओत छ कि छैन ?*
*प्रश्नहरूको हूलमा*
*मेरो एउटा प्रश्न छ - अग्रजहरूलाई,*
*हामीकहाँ मात्र हो कि - संसारका अरू ठाउँमा पनि*
*सत्यलाई असत्यले जितेको छ ?*
*कि छैन ?* ❑

गतः अंकको बाँकी

# कसरी बिकसित हुँदैछ संसार
# निषेधको निषेध हुँदै ?

- प्रज्ञानरत्न

हामीले देख्यौं- निषेधको निषेध हुने प्रक्रिया एउटा त्यस्तो सर्वव्यापी नियम हो, जो प्रकृति, इतिहास र विचारका हरेक क्षेत्रमा कायम छ । संसारमा त्यस्तो कुनै क्षेत्र छैन, जहाँ यो प्रक्रिया नचलिरहेको होस् । प्रकृति, इतिहास र विचारको लगातार विकास हुँदैछ र यो निषेधको निषेध हुने प्रक्रिया हुँदै विकसित भइरहेछ । ब्रम्हाण्डमा कुनै पनि नयाँ वस्तु पुरानो अर्को वस्तुको निषेधमा पैदा हुन्छ र अन्तरविरोध एउटा खास बिन्दुमा पुगेपछि त्यो वस्तुको पनि निषेध हुन्छ ।

यो ब्रम्हाण्डको तमाम वस्तुको विकासको प्रवृत्ति यही हो । विकासको दिशा पनि यही हो ।


पूर्वका महान चिन्तक गौतम बुद्धको भनाइ छ - "संसारमा हरेक कुरा नाशवान छ, हरेक कुरा अनित्य छ । नित्य अस्तित्वमा रहिरहने, कहिल्यै नाश नहुने त्यस्तो कुनै कुरा संसारमा छैन । यदि वास्तविकता यही हो भने नाश हुने कुरामा दुःख किन ? मृत्युमा भय र शोक किन ?

बुद्धले यो कुराभन्दा उहाँ पनि वास्तवमा अर्को भाषामा निषेधको निषेधकै कुरा गर्दै हुनुहुन्थ्यो । उहाँ पनि भन्दै हुनुहुन्थ्यो कि हरेक कुराको निषेध हुन्छ ।

अधिभूतवादीहरू के धारणा राख्छन् भने, जब पुरानोको निषेध हुन्छ, पुराना सारा कुराको निषेध हुन्छ र वस्तुको विकास प्रक्रिया नै खत्तम हुन्छ । परन्तु द्वन्दवादको निषेधसम्बन्धी धारणा भने बिल्कुलै बेग्लै छ । द्वन्दवादका अनुसार, निषेधको निषेध हुने प्रक्रियामा पुराना सारा कुराको निषेध भइहाल्दैन । निषेध पुरानो थोत्रो-मक्किएको कुराको मात्र हुन्छ । निषेध त्यो रूपको मात्र हुन्छ, जो विकासको लागि तगारो भएको छ । ती कुराहरू भने बाँकी नै रहन्छन्, जो अझै सकारात्मक छन् । निषेधको निषेध हुँदा म्याद गुज्रिसकेको थोत्रो कुराको निषेध पनि हुन्छ, सकारात्मक पुरानो कुराको निरन्तरता पनि हुन्छ । निषेध भए पुराना सारा कुराको निषेध, निरन्तरता भए पुराना सारा कुराको निरन्तरता -यस्तो हुँदैन ।

उदाहरणको निम्ति- मानव सभ्यतालाई लिऊँ ।

नयाँ मानव सभ्यता पुरानो मानव सभ्यताको निषेधबाटै पैदा हुन्छ । परन्तु, नयाँ मानव सभ्यताले पुरानो संपूर्ण मानव सभ्यताका सकारात्मक कुराहरूलाई निषेध गरेको हुन्न । बरू, यसको ठीक विपरीत, पुरानो सभ्यताका सबै सकारात्मक ज्ञान, अनुभव, शीप र उत्पादक शक्तिलाई नयाँ सभ्यताले पनि निरन्तरतामा अंगालेको हुन्छ । यदि त्यस्तो नहुँदो हो त सबै नयाँ मानव सभ्यताहरू शून्यबाट शुरू गर्नुपर्ने हुनजान्थ्यो । अघिल्लो पुस्ताले खोजीसकेको सत्य पछिल्लो पुस्ताले फेरि फेदैदेखि खोज्नुपर्ने हुनजान्थ्यो । लाखौं वर्ष लाएर मानव जातिले हासिल गरेको सम्पूर्ण ज्ञान, अनुभव र शीप बेकारको हुनजान्थ्यो, त्यो पछिल्लो पुस्ताको कुनै काममा आउँदैनथ्यो ।



कार्ल मार्क्स फ्रेडरिक एंगेल्स

*उग्र-वामपन्थी चिन्तन भनेको दार्शनिक रूपमा अरू केही होइन, 'निषेधको निषेध मनोगत रूपले क्रान्तिकारीहरूले इच्छाएको बेला हुनसक्छ' भन्ने यान्त्रिक निषेधको अवधारणा हो*

यो स्थितिमा मानव जातिको विकास नै संभव हुने थिएन । के प्रत्येक मानव पुस्ताले एउटै पांग्रा बारम्बार आविष्कार गर्न परिरहेको भए बयलगाडा चलाउने मानव आज बुलेट ट्रेन बनाउने मानवसम्म विकसित हुन्थ्यो ?

त्यसैले, नयाँ मानव सभ्याता भनेको पुरानोको विषेध पनि हो, सकारात्मक कुराहरूको निरन्तरता पनि हो । पुरानो सभ्यताका ती पक्षहरूको निषेध हो, जो थोत्रो भइसकेको छ, म्याद गुज्रेको ओखती झैं भइसकेको छ, र जो मानव जातिको विकासको लागि बाधक बनेको छ । ती पुराना पक्षहरूको चाहिं निरन्तरता हो, जो नयाँ समय र परिवेशमा पनि अझै सान्दर्भिक र उपयुक्त छन्, जो अझै प्रगतिका लागि सहायक छन् ।

निषेधको निषेधको यो नियम ज्ञान र विज्ञानका सम्बन्धमा पनि लागु हुन्छ । नयाँ वैज्ञानिक आविष्कारले पुराना सबै आविष्कारहरूको निषेध गर्दैन । नयाँ बैज्ञानिक ज्ञानले पुराना सबै ज्ञानको निषेध गर्दैन । निषेध त ती कुराको मात्र हुन्छ, जो अब असान्दर्भिक बनेको छ, वा जो गलत सूचना वा अपर्याप्त तथ्यमा आधारित छ ।

चालचलनकै सवालमा पनि पुराना सबै चालचलनहरू निषेधयोग्य हुँदैनन् । ती चालचलनहरू मात्रै निषेध योग्य हुन्छन्, जो नयाँ समय र परिवशेमा समाजको विकासको लागि तगारो सावित भएका छन् । अथवा जो अब असान्दर्भिक बनेका छन् ।

कार्ल मार्क्सको एउटा घतलाग्दो भनाइ यहाँनेर उल्लेख गर्नु सान्दर्भिक होला । उहाँको भनाइ छ -

"...त्यो सामान्य तथ्यको कारणले कि हरेक पछिल्लो पुस्ताले अघिल्लो पुस्ताले हासिल गरेका उत्पादक शक्तिहरूलाई आफ्नो विरासतमा प्राप्त गर्छ, र तिनीहरूले यसलाई नयाँ उत्पादनको निम्ति कच्चा पदार्थका रूपमा उपयोग गर्छन्, इतिहासमा सिलसिलाबद्धता पैदा हुन्छ, मानवताको इतिहासले आकार लिन्छ ।"

हेर्नुहोस् : *Marxist-Leninist Philosophy, Progress Publishers Moscow, 1987,* पृष्ठ ६५ ।

अधिभूतवादीहरूको धारणा के हुनेगर्छ भने, कुनै पनि वस्तुको निषेध कुनैपनि बेला संभव छ । तर, यथार्थ यस्तो देखिन्न । हो, यान्त्रिक निषेध त कुनै पनि बेला संभव छ । जस्तो, मकैको बोटलाई खुर्पाले फाँडेर पनि निषेध गर्नु संभव छ, उडीहिँड्ने पुतलीलाई हातले किचीमिची पारेर पनि निषेध गर्नु संभव छ, प्रतिक्रियावादी शासकहरूको एउटा डफ्फालाई भुक्याएर बम हानेर निषेध गर्नु पनि संभव छ, अन्नको गेडोलाई भुटीदिएर निषेध गर्नु पनि संभव छ ।

तर द्वन्दवादको निषेधसंबन्धी धारणा यो होइन । द्वन्दवादका अनुसार यान्त्रिक निषेधबाट कुनै पनि वस्तु कुनै पनि बेला निषेध त गर्न सकिन्छ, तर यसबाट वस्तुको विकास हुँदैन । एउटा वस्तु निषेध त हुन्छ, तर अर्को निषेधको कार्य असंभव हुन जान्छ । यदि मैले मकैको बोट घोगा नलाग्दै खुर्पाले फाँडें भने मकैको बोटको निषेध त भयो, तर त्यो निषेधबाट नयाँ मकैको गेडा त विकसित हुँदैन । मकैको गेडाको निषेधबाट मकैको बोट त विकसित भयो, तर मकैको बोटको यान्त्रिक निषेधबाट नयाँ मकै निक्लनु संभव भएन । विकासको धरहरा-सिँढी बीचैमा टुट्यो ।

तसर्थ, द्वन्दात्मक निषेध भनेको त त्यस्तो निषेध हो, जसमा अघिल्लो निषेध यसरी हुन्छ कि त्यसमा पछिल्लो निषेध पनि संभव रहन्छ वा हुन्छ र निषेधको निषेधको यो प्रक्रियामा वस्तु नयाँ विकासको उँचाइतिर उठ्छ ।

फ्रेडरिक एंगेल्सले अत्यन्त सटिक भाषामा यो कुरा यसरी स्पष्ट पार्नु भएको छ :

"मैले निषेध मात्र गर्ने होइन, अर्को निषेधको निम्ति निकास खुला पनि गर्नुपर्छ । त्यसैले, मैले पहिलो निषेधलाई यो ढंगबाट घटित गर्नु पर्छ कि दोश्रो संभव रहन्छ वा हुन्छ । कसरी त ? प्रत्येक व्यक्तिगत केसको खास खास स्वभावअनुसार । मैले जौको गोडो पिँधीदिएँ भने, मैले कीरालाई किचीमिची हुने गरी कुल्चीदिएँ भने, यो साँचो हो कि मैले पहिलो कार्य त संपन्न गरेँ, परन्तु मैले दोश्रो निषेधलाई असंभव बनाएँ । त्यसैले, हरेक किसिमको वस्तुको निषेध हुने ढंग विशेष किसिमको हुन्छ, निषेध यो ढंगबाट हुन्छ कि यो विकासतर्फ उक्लन्छ । र, हरेक किसिमको धारणा र विचारको मामलामा पनि यो प्रक्रिया दुरूस्त उही हो ।"

(हेर्नुहोस् : *Anti Duhring, Foreign Languages Press, Beijing, 1976,* पृष्ठ १८१)

एंगेल्सको ठम्याइमुताविक निषेधको निषेध भनेको व्यक्तिलाई मनलागेको ढंगबाट मनलागेको बेलामा वस्तुलाई नष्ट गरीदिनु होइन । यो त प्रत्येक वस्तुको स्वाभाविक विकासको प्रक्रिया हो । हरेक वस्तुको निषेध त हुन्छ, निषेधबाट पैदा भएको 'नयाँ' भनिएको वस्तुको पनि विशेष ढंगबाट निषेध हुन्छ, परन्तु विकासको उँचाइतिर उक्लने गरी, कुम्हालेको चक्रझैं उहीँको उहीँ रहने गरी होइन । यो ढंगको द्वन्दात्मक निषेध कुनै पनि बेला इच्छाएको बखत संभव हुँदैन । यो मनोगत इच्छामा घट्ने घटना होइन, यो एउटा वस्तुगत घटना हो, वस्तुको परिमाणात्मक हेरफेरको प्रक्रिया निश्चित उँचाइमा पुगेपछि अथवा अन्तरविरोधहरू उत्कर्षमा पुगेपछि मात्र द्वन्दात्मक निषेधको घटना घटित हुन्छ ।

**बुद्धले पनि वास्तवमा अर्को भाषामा निषेधको निषेधकै कुरा गर्दै हुनुहुन्थ्यो । उहाँ पनि भन्दै हुनुहुन्थ्यो कि हरेक कुराको निषेध हुन्छ ।**



मकैको बोट सामान्य परिस्थितिमा तब मात्र निषेध हुन्छ, जब मकैको घोगा मात्रात्मक हेरफेरको एउटा खास उँचाइमा पुगेर परिपक्व भैसक्छ । क्रान्तिद्वारा पुरानो समाज व्यवस्थाको तब मात्र निषेध हुन्छ, जब समाजमा विद्यमान विपरीत वर्गका अन्तर्विरोधहरू चर्किएर उत्कर्षमा पुग्छन् र अन्तर्विरोधको छिनोफानोसिवाय अर्को कुनै उपायले जीवन र प्रगति संभव हुँदैन ।

उग्र-वामपन्थी चिन्तन भनेको दार्शनिक रूपमा अरू केही होइन, 'निषेधको निषेध मनोगत रूपले क्रान्तिकारीहरूले इच्छाएको बेला हुनसक्छ' भन्ने यान्त्रिक निषेधको अवधारणा हो । क्रान्तिको निम्ति वस्तुगत रूपले सामाजिक अन्तर्विरोधहरू उत्कर्षमा पुग्नु नै पर्दैन, वस्तुगत र आत्मगत स्थिति मात्रात्मक हेरफेरको प्रक्रियामा चुलिएर परिपक्व हुनै पर्दैन, व्यक्तिले इच्छाएपछि चाहेको बेला पुरानो समाज व्यवस्थाको निषेध संभव छ भन्ने धारणा नै उग्र-वामपन्थी चिन्तन हो ।

अधिभूतवादीहरू निषेधको निषेधको कारण वस्तुभन्दा बाहिर खोज्छन् । बाहिरी बलले यान्त्रिक निषेध त संभव छ, परन्तु द्वन्दात्मक निषेध संभव छैन । विकासमुखी निषेध संभव छैन । विकासमुखी निषेधको निषेधको कारण त वस्तुहरूको अन्तर्विरोधमा हुन्छ, वस्तुहरूको अन्तरसंबन्धमा हुन्छ ।

एउटा मान्छेको वा कुनै पनि जीव जन्तुको शरीर संघटन र विघटनको क्रियाबीच चल्ने अन्तर्विरोधको कारणले मृत्युतिर अर्थात् निषेधतिर उन्मुख हुन्छ । ब्रम्हाण्डमा विद्यमान तमाम पदार्थहरूसितको अन्तरसम्बन्ध वा अन्तर्क्रियाबाट यो निषेधतिर उन्मुख हुन्छ ।

त्यस्तै, यो ब्रम्हाण्डमा रहेका तमाम पिण्ड, नक्षत्र, ग्रह, र उपग्रहहरू आकर्षण र विकर्षणको क्रियाबीच चल्ने अन्तर्विरोधबाट गतिवान पनि भइरहेछन्, निषेधतिर पनि उन्मुख भइरहेछन् । कतिपय पुराना तारा निभिरहेछन्, कतिपय नयाँ तारा पैदा पनि भइरहेछन् ।

तसर्थ, द्वन्दवादका अनुसार, निषेधको निषेधको कारण वस्तुभन्दा बाहिर छैन, वस्तुहरूबीचको अन्तर्विरोध र अन्तरसम्बन्धमा छ । ❑

## कुलमानसिं भण्डारीको निधन !



वरिष्ठ जनपक्षीय कलाकार कुलमानसिंह भण्डारीको ७५ वर्षको उमेरमा यही साउन २ गते काठमाण्डौ वीर अस्पतालमा निधन भएको छ । उहाँ कलेजोसम्बन्धी रोगले ग्रस्त हुनुहुन्थ्यो ।

चित्रकलामा वि.सं. १९९८ सालदेखि नै साधनारत स्व. भण्डारी आफ्ना कलाकृतिहरूमा प्रगतिशीलताको स्पष्ट र दृढ प्रयोगकर्ताको रूपमा स्थापित हुनुहुन्थ्यो । चित्रकलालाई हुनेखानेहरूको बैठक-कोठामा सीमित गर्ने परिपाटीसँग उहाँ सहमत हुनुहुन्थेन । उहाँ आफ्ना चित्रहरूलाई सर्वसाधारण जनताबीच लैजान साधारण र छरितो ढंगमा तिनीहरूका प्रदर्शनीहरूको आयोजना पनि गर्नुहुन्थ्यो ।

उहाँ साहित्यकार पनि हुनुहुन्थ्यो । उहाँका निबन्धहरूको एक संग्रह र थुप्रै फुटकर कविताहरू प्रकाशित भएका छन् । बालसाहित्यका पुस्तकहरू पनि उहाँले लेख्नुभएको छ । थुप्रै पुस्तक, पत्रिकाहरू र रचनाहरूमा उहाँका चित्रहरू प्रयोग भएका छन् । उहाँ नेपाल ललितकला ऐकेडेमीको स्थापनार्थ गठित समितिका संस्थापक सदस्य हुनुहुन्थ्यो भने नेपाल बालसाहित्य समाजका सदस्य पनि हुनुहुन्थ्यो ।

स्व. भण्डारीप्रति हामी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

\- 'मूल्यांकन' परिवार


मनोज गजुरेलका हास्यव्यंग्यहरूको संगालो



**लुखास्त**

केही दिनभित्रै प्रकाशित हुँदैछ

विक्रेताहरूले सम्पर्क गर्नुहोला ।

**अन्तर्क्रिया प्रकाशन प्रा.लि.**

पुतलीसडक, काठमाण्डौ

फोनः ४२२७६९, फ्याक्सः ४२३५४९



# गोर्खा भर्तीभित्र बेलायती अन्यायको अन्तर्कथा

## गोली थाप्दा समान तलब पेन्सन मात्रै किन यति असमान ?

◆ श्याम श्रेष्ठ/युवराज संग्रौला ◆

ब्रिटिश सेनामा काम गरेर फर्केको लाहुरे भन्ने बित्तिकै हाम्रो समाजमा निकै गाँठवाल, सुख-सुविधा सम्पन्न मान्छे भनेर बुझ्ने व्यापक प्रचलन छ । परन्तु बेलायतीहरूको निम्ति कुनै पनि बेला निष्फिक्री छातीमा गोली थाप्ने यिनै लाहुरेहरू बेलायत सरकारबाट कति चर्को अन्याय र भेदभाव भोग्दैछन्, त्यो हामीमध्ये साह्रै थोरैलाई मात्र थाहा छ ।

नेपालीहरूले अरू कुनै बिदेशी मुलुकको निम्ति त्यति धेरै रगत पसीना बगाएका छैनन्, जति बेलायतको निम्ति बगाएका छन् । बेलायती साम्राज्य थाम्न र बिस्तार गर्नका लागि, बेलायती शासकहरूको एकलौटी स्वार्थको लागि हज्जारौं नेपालीहरूको अनमोल ज्यान गएको छ । लाखौं युवाहरूले तन्नेरी उमेरमै अपांग भएर जिन्दगीभर असहाय, दुःखपूर्ण जीवन बाँच्नुपरेको छ ।

सभ्यताको एउटा प्रमुख लक्षण कृतज्ञता हो । परन्तु आश्चर्यजनक कुरो के देखिन्छ भने आफ्नो निम्ति यति ज्यादा रगत पसीना बगाएर बलिदान गर्ने नेपालीहरूप्रति आफूलाई संसारकै सबभन्दा सभ्य ठान्ने बेलायत सरकार ठ्याप्पै कृतज्ञ देखिन्न । कृतज्ञताको त कुरै टाढा रह्यो, ऊ आफ्नो सेनामा कार्यरत नेपालीहरूलाई ब्रिटिश समकक्षीसरह समान कामको लागि समान ज्याला दिनसमेत तयार छैन ।

प्रजातन्त्रको एउटा मुख्य सिद्धान्त समानता हो । समान कामको लागि समान तलब सुविधा प्रजातन्त्रको एउटा मूलभूत आदर्श हो । बेलायतकै प्रचलित कानूनअनुसार पनि जातियता र राष्ट्रियताको आधारमा श्रमिकहरूको तलब/सुविधामा कुनै भेदभाव गर्न पाइन्न । परन्तु 'प्रजातन्त्रको जननी' भनेर आफूलाई गौरवका साथ विश्वसामु प्रस्तुत गर्ने मुलुक स्वयम्ले ब्रिटिश सेनामा ज्यान अर्पेर काम गर्ने नेपालीहरूको तलब सुविधाको हकमा प्रजातन्त्रको त्यो मूलभूत सिद्धान्त समानताको हक लागू गरिरहेको देखिएन ।


अन्याय र भेदभावको कथा
गोर्खा भर्तीको उत्पत्ति
वर्तमान समस्याको जड के ?


### *अन्याय र भेदभावको कथा*

गोर्खा भूतपूर्व सैनिक संघका अध्यक्ष पद्मबहादुर गुरूङका अनुसार - "एउटा तल्लो तहको गोर्खाली सिपाहीको आधारभूत बेतन मासिक ५१ पाउण्ड मात्र छ । परन्तु त्यही समान पदमा काम गर्ने ब्रिटिश सिपाहीको तलब चाहिं त्योभन्दा २० गुणा बेसी छ । एउटा नेपाली सैनिक अफिसरले तल्लो तहको गोरा सिपाही जति पनि तलब पाउँदैन ।"

"अहिले ब्रिटिश सेनाबाट अवकाश पाउने गोर्खा सैनिकले मासिक पेन्सन ६० पाउण्ड पाउँछ, जब कि समकक्षी गोरा सैनिकको पेन्सन ४७५ पाउण्ड छ । यसको मतलब गोर्खालीको भन्दा गोराको पेन्सन ८ गुणा ज्यादा छ । गोराहरू एक हप्ता मात्र आफ्नो परिवारसँग छुट्टिनु परे पनि क्षतिपूर्तिस्वरूप 'पारिवारिक भत्ता' पाउँछन्, परन्तु नेपालीहरू १२ वर्ष छुट्टिनु परे पनि त्यस्तो भत्ता पाउँदैनन्"

अध्यक्ष गुरूङ बताउनु हुन्छ : "भेदभाव यतिसम्म छ कि एउटै ब्यारेकमा पनि गोराको मेस अलग्गै उच्च दर्जाको हुन्छ, गोर्खालीको अलग्गै निम्न दर्जा दर्जाको गोराको मेसमा गोर्खाली अफिसरलाई समेत छिर्न दिइन्न ।"

यो भेदभावबारे ब्रिटिश सेनामा सन् १९५५ देखि कार्यरत र हाल अवकाश प्राप्त मेजर मानबहादुर राई गोर्खा सैनिक आवाजको भाद्र, २०५५ को अंकमा पृष्ठ ५ मा यसरी बताउनुहुन्छ : "ब्रिटिशहरूलाई बिहानको ब्रेकफाष्टमा रोटी, बटर,

# ◀ आवरण कथा

## के भन्नु हुन्छ ?

◆ पदम ब. गुरूङ
◆ सि.पी. मैनाली
◆ डिलाराम आचार्य
◆ सीताराम तामांग
◆ युवराज कार्की
◆ चैतेन्द्रजंग हिमाली
◆ अनीलकुमार शाह
◆ डा. ओम् गुरूङ

जाम, दूध, परिच्, अण्डा दिन्थ्यो भने हामीहरूलाई एक कप चिया र एउटा अण्डामात्र दिन्थ्यो । मलाई पनि ब्रेड खान मन लागेकाले नर्सलाई रिपोर्ट गरें, तर भोलिपल्ट जवाफ आउँदा 'तेरो पाउनेमा नाम छैन' भनेर टार्‍यो ।"

ब्रिटिश सरकारले गरेको अन्यायपूर्ण भेदभावको चित्र बेलायतको प्रतिनिधि सभा 'हाउस अफ कमन्स' मा त्यहीँकै डिफेन्स कमिटीले सन् १९८९ मा पेश गरेको 'फस्ट रिपोर्ट, द फ्युचर् अफ द ब्रिगेड अफ गोर्खाज्'मा प्रस्तुत तालिकाबाट पनि छर्लङ्ग हुन्छ । (हेर्नुहोस्: यसै पृष्ठमा छापिएको तालिका)

अहिले यही गएको अप्रिल महिनादेखि यस तालिकामा उल्लेखित यो सुविधामा १०० देखि १९२ प्रतिशतसम्म वृद्धि गरिएको छ । परन्तु अझै पनि ब्रिटिश र गोर्खालीहरूको पेन्सन सुविधामा ८-१० गुणा ठूलो खाडल देखिन्छ ।

गोर्खा रेजिमेण्टमा ब्रिटिश सेनाकै ढाँचामा ओहोदाक्रम कायम गरिएको छ । परन्तु ब्रिटिश सिपाही र अफिसरको तुलनामा गोर्खा सिपाही र अफिसरको मर्यादाक्रम तल्लो तहको पारिएको छ । त्रिपक्षीय सन्धि, १९४७ का अनुसार पदोन्नतिमा गोर्खाली र ब्रिटिश सैनिकबीच कुनै भेदभाव गर्न पाइन्न । परन्तु वास्तविकतामा गोर्खालीहरूलाई पदोन्नतिमा निकै भेदभाव गरिन्छ । जति तरक्की गरे पनि गोर्खालीहरू अहिलेसम्म पुग्न सकेको सबैभन्दा ठूलो पद लेफ्टिनेण्ट कर्णेल हो । अन्यथा, धेरैजसो तरक्की गर्नेहरू मेजर पदमै पुगेर थन्किन्छन् । ब्रिटिश सैनिकहरूको सेवा अवधि २२ वर्षको हुन्छ, तर गोर्खालीहरूको १५ वर्षमात्र । पदोन्नतिमा यो तत्वले पनि भाँजो हालेको देखिन्छ ।

ब्रिटिश सरकारले गोर्खालीहरूलाई खालि भेदभाव मात्र गरेको होइन, बिकाउ मालझैं बिक्री गरेर नांगो ढंगले ठगीसमेत गरेको गोर्खा भू.पू. सैनिक संघको दावी छ । संघका

### ब्रिटिश र गोर्खालीहरूको पेन्सन सुविधा - एक तुलना

| पद | ब्रिटिशको बार्षिक | गोर्खालीको बार्षिक |
|---|---|---|
| कर्पोरल | २८८५ पाउण्ड | ३५२ पाउण्ड |
| स्टाफ सार्जेण्ट | ४६६७ पाउण्ड | ४५८ पाउण्ड |
| डब्ल्यू ओ-१ | ५२६९ पाउण्ड | ४९४ पाउण्ड |
| क्याप्टेन | ६३४८ पाउण्ड | ६०६ पाउण्ड |

*स्रोत : Defence committee, First Report, The Future of the Brigade of Gurkhas, 1989, House of commons*

अनुसार गोर्खालीहरूलाई मलायाका कम्युनिष्टहरूलाई दबाउन ब्रिटिश सरकारले १९४८ देखि १९६० सम्म प्रयोग गर्‍यो । यो १२ वर्षको अवधिमा कम्युनिष्ट दवाइदिएबापत मलायाको सरकारबाट ब्रिटिश सरकारले प्रतिगोर्खाली हरेक महिना ४५० मलेशियन डलरका दरले भाडा असुल्यो । परन्तु खुद गोर्खाली सैनिकहरूलाई प्रतिव्यक्ति प्रतिमहिना ४२ मलेशियन डलर मात्र दिइयो, जब कि ब्रिटिश सैनिकहरूलाई भने पुरै तलब दिइएको थियो । त्यसबेला मलायामा गोर्खालीलाई सैनिकहरूको संख्या १४,६०० पुगेको थियो । यो हिसाबले ब्रिटिश सरकारले मलायाबाट मात्रै प्रतिवर्ष गोर्खालीलाई भाडामा बेचेर ७ करोड १५ लाख मलेशियन डलर चोखो नाफा गर्‍यो र १२ वर्षमा झण्डै १ अरब मलेशियन डलर ।

मलायामा कम्युनिष्ट दवाईसकेपछि सन् १९७१ सम्ममा गोर्खाली फौज घटाएर ७ हजारमा झारियो । बाँकी सारालाई बिना कुनै पेन्सन वा उपदान र बिना कुनै क्षतिपूर्ति रित्तै हात नेपाल फर्काइयो । अहिले नेपालमा सबैभन्दा ज्यादा बर्बाद भएका र अन्यायमा परेका लाहुरेहरूमध्ये एकथरि यिनै मलाया-लाहुरे छन् । सारा गोर्खालीको रगत बेचेर मुफ्तमा अरबौं डलरको भाडा असुल्ने, अनि अंगभंग भएका र युवा उमेर गुज्रिसकेका गोर्खालीलाई रित्तै हात घर फर्काउने ? अन्यायको योभन्दा ठूलो चुली अरू के हुनसक्छ ?

सन् १९६२ मा ब्रुनाइका सुल्तानविरूद्ध उठेको जन-बिद्रोह दवाउन पनि ब्रिटिश सरकारले गोर्खाली सेनालाई नै प्रयोग गर्‍यो । त्यो घटनापछि बार्षिक १० लाख पाउण्ड भाडा लिएर एक बटालियन गोर्खाली फौज ब्रुनाइका सुल्तानको सुरक्षार्थ त्यहीं तैनाथ राखिएको छ (हेर्नुहोस् मानवशास्त्री मेरी डेशनको शोधग्रन्थ Relies of Empire, 1991, पृष्ठ २०८) भनिन्छ, ब्रुनाइबाट ब्रिटिश सरकारले जति भाडा असुल्छ, त्यसको एउटा सानो अंशमात्रै गोर्खाली जवानलाई दिइन्छ । यसरी गोर्खालीलाई 'भाडाका सैनिक'झैं महँगोमा भाडामा बेचेर त्यसबाट ब्रिटिश सरकारले नाफा हसुर्ने अन्यायपूर्ण कार्य ब्रुनाइमा पनि भइरहेछ ।

पहिलो विश्व युद्ध (सन् १९१४-१९)मा २ लाख गोर्खाली जवानहरू ब्रिटिशहरूको निम्ति युद्धको मैदानमा होम्मिएका थिए । तीमध्ये ५५ हजार स्थल सेनामा थिए र बाँकी भारतीय सेनाकै अन्य यूनीटमा । यो युद्धमा २० हजार गोर्खालीहरू या मरे या नराम्ररी घाइते भए । अपांग हुनेहरूको त गन्ती नै थिएन । दोस्रो विश्व युद्धमा पनि दुई लाख गोर्खालीहरू ब्रिटिशहरूको तर्फबाट लडे । ७,५४४ जवान लडाइंको दौरानमा मरे, १४४१ जवान बेपत्ता भए र उनीहरूको पनि मृत्यु भएको अनुमान गरियो । २५,६५५ जना घाइते भए । यो

*आन्दोलनरत भू.पू. गोर्खा सैनिकहरूको माग : प्ले-कार्डहरूमा*



बेलायतको तल्लो संसदको ८ फरवरी १९८९ को डिफेन्स कमिटीको रिपोर्टमा उल्लिखित आधिकारिक आँकडा हो । काठमाण्डूस्थित ब्रिटिश राजदूतावासले डेढ वर्षअघि, दुइटा विश्व युद्धमा गरी जम्मा १४,९८४ गोर्खालीहरू मरेको तथ्य पहिलो पटक आधिकारिक तवरले नेपालको परराष्ट्र मंत्रालयलाई बताएको छ । स्वतन्त्र स्रोतहरू मर्नेहरूको संख्या योभन्दा चार गुणा ज्यादा भएको र अपांग हुनेहरूको संख्या लाखौं भएको बताउँछन् । दुई विश्व युद्धपछि नेपाली गाउँमा गुरूङ, मगर, राई, लिम्बूहरूमा सद्दे युवक नै बाँकी नरहेको उनीहरूको दावी छ । यो दावी सत्यको नजीक देखिन्छ, किनकि यी जनजातिका सारा युवकहरू सद्दे बाँकी नरहेपछि शेर्पा, तामाङ, सुनवार र नेवारहरूबाट, त्यसले पनि नपुगेपछि जेलका युवा कैदीहरूबाट समेत राणा प्रधानमन्त्री चन्द्रशमशेरले ब्रिटिशहरूको निम्ति रिक्रुट भर्ना गरेर पठाएका थिए । (हेर्नुहोस् - प्रेम रमण उप्रेतीको Nepal : A small Nation in the Vortex of International Conflicts पृष्ठ १४९)

परन्तु जब युद्ध सकियो, तब ब्रिटिशहरूको साम्राज्य विस्तारको निम्ति लडेर मृत्यु भएका वा अपांग भएर संपूर्ण जीवन बर्वाद पारेका लाखौं गोर्खालीहरूले युद्ध बिजयमा टुंगेपछि पनि ब्रिटिश सरकारबाट जीविकाको निम्ति क्षतिपूर्ति स्वरूप केही पनि प्राप्त गरेनन् । ब्रिटिशहरूको स्वार्थको लागि रगत पसीना बगाएका नेपालीहरूमध्ये सबैभन्दा ज्यादा दुर्दशाग्रस्त र अन्यायमा परेका अर्कांथरि नेपालीहरू यी हुन् । यिनको लागि न पेन्सन छ, न उपदान, न कुनै क्षतिपूर्ति । युद्ध मैदानबाट यस्ता योद्धाहरू लाखौंको संख्यामा रित्तै हात गाउँ फर्काइएका छन् ।

गोर्खा भू.पू. सैनिक संघका अध्यक्ष पद्मबहादुर गुरूङका अनुसार अहिले नेपालमा लगभग ५५ हजार भू.पू. ब्रिटिश गोर्खा सैनिक छन् । त्यसमध्ये उहींबाट पेन्सन पाई आएका २७ हजार भू.पू. गोर्खा सैनिकले सामान्य सेवा अन्तरगत नियमित पेन्सन पाइरहेछन् । १२ हजारले कल्याणकारी पेन्सन अन्तरगत मासिक १००० देखि १५०० पाइरहेछन् । पेन्सन पटक्कै नपाउनेहरू चाहिँ १५/१६ हजारभन्दा ज्यादा छन् । पेन्सन ठ्याप्पै नपाउनेहरूमा तिनीहरू छन्, जो विश्वयुद्ध सकिएपछि अपांगै भए पनि लाखौंको संख्यामा रित्तै हात घर फर्काइए । साथसाथै उनीहरू, जो सन् १९६८ मा मलेशिया र इण्डोनेशियाको आन्तरिक विप्लव दवाइसकेपछि सैन्य कटौती कार्यक्रम अन्तरगत सैनिक सेवाबाट हटाएर रित्तै हात नेपाल फर्काइए । खालि १० वर्ष सेवा पुग्नेले मात्र त्यतिखेर पेन्सन पाए, अरूले केही पनि प्राप्त गरेनन् । सबैभन्दा धेरै अन्यायमा परेका गोर्खालीहरू यिनै दुईथरि हुन् ।

*ब्रिटिश सेनामा गोर्खा भर्तीको थालनी सर्वप्रथम भगौडा सैनिक र युद्धबन्दीहरूबाट गरियो । अक्टरलोनीले भगौडा र युद्धबन्दीहरूबाट सन् १८१५ मा चारवटा बटालियन खडा गरे ।*



*ब्रिटिश गोर्खा सैन्यलाई बेलायती अधिकारीहरूले यसरी बेलायतको झण्डा छुवाएर "कसम" खुवाउने गर्छन् ।*

## गोर्खा भर्तीको उत्पत्ति

लडाका जातिमा पर्ने नेपालको पश्चिमी उत्तरी क्षेत्रका गुरूङ मगरहरूमा दक्षिणतिर लामो यात्रा तय गरेर बिदेशमा भर्ती हुन जाने चलन सुगौली सन्धिभन्दा धेरै अगाडि पनि भएको बताइन्छ । रोजगारीको खोजीमा उनीहरू यसो गर्थे र विदेशी फौजमा भर्ती हुनु भनेको उनीहरूको निम्ति काम पाउनु थियो ।

सन् १८१४-१६ को अंग्रेज-नेपाल युद्धअघि तात्कालीन पंजावका राजा रणजीत सिंहको फौजमा सन् १८०९ मा गोर्खालीहरू भर्ती भईसकेका थिए । उनको राजधानी त्यतिखेर लाहोरमा थियो र त्यहाँ फौजी नोकरीमा कार्यरत नेपालीलाई नै त्यतिखेरदेखि 'लाहुरे' भनिन थालेको हो । भारत/पाकिस्तानको विभाजनपछि लाहोर पाकिस्तानमा परेपछि गोर्खालीहरूले लाहोर जान बन्द गरे । परन्तु 'लाहुरे' शब्द चाहिँ अहिले पनि प्रचलनमा छ । अहिले लाहुरे भनेपछि विदेशमा भर्ती भएर काम गर्ने सबैलाई बुझाउँछ ।

गोर्खाली जवानहरूसित ब्रिटिश साम्राज्यवादीहरूको पहिलो जम्काभेट युद्धको मैदानमा नै भयो । सन् १७६७ मा कप्तान किन्लोकको नेतृत्वमा काठमाण्डौंका राजा जयप्रकाश मल्ललाई गोर्खालीहरू-विरूद्ध सहायता दिन आएको इष्ट इण्डिया कंपनीको फौजलाई सिन्धुलीगढीतिर अकस्मात आक्रमण गरेर गोर्खाली फौजले नराम्ररी हराए । गोर्खालीहरूको शूरवीरताको पहिलो जानकारी अंग्रेजलाई यहींबाट प्राप्त भयो ।

गोर्खालीहरूको राज्य बिस्तार अभियानबाट भारतस्थित ब्रिटिश इष्ट इण्डिया कंपनीको स्वार्थमा ठाडो धक्का पुगेको महशूस गरेपछि सन् १८१४ मा अंग्रेजहरूले नेपालविरूद्ध युद्ध शुरू गरे । सन् १८१६ को मार्च महिनामा सुगौली सन्धि भएपछि यो युद्ध त टुंगियो, तर गोर्खालीहरूको शूरवीरता र युद्धशैलीबाट भित्रभित्रै प्रभावित भएका अंग्रेजहरूले युद्ध भइरहकै बखतमा गोर्खालीहरूलाई आफ्नो सेनामा भर्ती गर्न प्रारम्भ गरिसकेका थिए । २४ अप्रिल १८१५ मा नै इष्ट इण्डिया कंपनीका तात्कालीन गभर्नर जनरल वारेन हेस्टिंग्सले जनरल डेभिड अक्टरलोनीको सिफारिशलाई स्वीकृत गर्दै गोर्खालीहरूलाई ब्रिटिश सेनामा भर्ना गर्न अनुमति दिएबाट यो कुरा पुष्टि हुन्छ । ब्रिटिश सेनामा गोर्खालीहरूको भर्ती गर्ने कार्य यहींबाट प्रारम्भ भयो ।

ब्रिटिश सेनामा गोर्खा भर्तीको थालनी सर्वप्रथम भगौडा सैनिक र युद्धबन्दीहरूबाट गरियो । अक्टरलोनीले गभर्नर जनरलको स्वीकृति पाएपछि भगौडा र युद्धबन्दीहरूबाट सन् १८१५ मा चारवटा बटालियन खडा गरे :

- *फस्ट नासिरी बटालियन*, जो कालान्तरमा फस्ट गोर्खा राइफल्समा बदलियो
- *सेकेण्ड नासिरी बटालियन*, जो सन् १८३० मा विघटित गरियो ।
- *सिरमोर नासिरी बटालियन*, जो पछिगएर सेकेण्ड गोर्खा राइफल्समा बदलियो
- *कुमाउँ बटालियन*, जो पछि गएर थर्ड गोर्खा राइफल्समा बदलियो ।

पछि गएर गोर्खालीहरूको अन्य चारवटा बटालियन पनि खडा गरियो ।

शुरूमा शत्रुको पक्षमा लडाकु जनशक्तिको खडेरी होस् भन्ने हेतुले अंग्रेजहरूले ब्रिटिश सेनामा गोर्खा भर्ती प्रारम्भ गरेका थिए । परन्तु पछि गएर थुप्रै युद्धमा गोर्खाली बटालियनको अग्निपरीक्षापछि, विशेषतः सन् १८५७ को भारतीय सैनिकको बिद्रोहपछि, अंग्रेजहरूले आफ्नो साम्राज्य थाम्ने र बिस्तार गर्ने युद्धका निम्ति सबैभन्दा विश्वसनीय फौज गोर्खा बटालीयनहरूलाई नै ठहऱ्याए ।


यो विद्रोह दबाउन प्रधानमन्त्री जंगबहादुर स्वयम् १० हजारको फौज लिएर अवध पुगेका थिए ।

भारतीय सैनिक विद्रोहको दमनमा नेपाली सैनिकको निर्णायक भूमिका रहेको देखेपछि अंग्रेजहरूको सेनामा गोर्खालीहरूको हैसियत बढ्यो । गोर्खालीहरू सिपाहीबाट 'राइफल म्यान' भए । थप दुईवटा नयाँ बटालियन खडा गरियो । सेनाबाट अवकाशप्राप्त गोर्खालीहरूले धर्मशाला, देहरादुन र अल्मोडामा बसोवास गर्न पाउने भए ।

सन् १८६१ मा संपूर्ण भारतीय सेना ब्रिटेनकी सम्राज्ञीको अधीनमा सारियो । त्यसबेलासम्म बनिसकेका गोर्खा बटालियनहरूलाई फर्स्ट गोर्खा राइफल्स, सेकेण्ड गोर्खा राइफल्स र एवं रीतले नामाकरण गरियो ।

गोर्खा भर्ती भसरी सन् १८१५ मा प्रारम्भ भए पनि सन् १८८५ सम्म यो भर्ती खुलेआम भइसकेको थिएन । संयोगवश, सन् १८८५ मा नेपालमा जंगबहादुरका भाई रणोद्दीप सिंहलाई षड्यन्त्रपूर्वक मारेर शमसेर राणाहरू नेपालमा सत्तारूढ भएपछि ब्रिटिशहरूको समर्थन आफ्नो पक्षमा तान्ने ध्येयले उनीहरूले गोर्खा भर्ती केन्द्रलाई खुलेआम प्रोत्साहन दिए । प्रधानमन्त्री वीर शमसेरको सहमतिपछि नै गोर्खा भर्तीले तीव्रता र व्यापकता पायो । त्यसपछि त ब्रिटिशहरूले गोरखपुरको कुँडाघाटमा खुलेआम रिक्रुटिङ डिपो खडा गरेर सैनिक भर्ती लिन शुरू गरे । गोर्खा भर्ती त्यहाँपछि पहिलेको भन्दा डबल, तेब्बर बढ्यो । सन् १८९० को दशकमा दार्जीलिङ्गको घुममा पनि गोर्खा भर्ती खुल्यो । सन् १९०८ सम्म पुग्दा ब्रिटिश गोर्खा सेनाको दशवटा रेजिमेण्टमा २० बटालियन गोर्खाली सेना पुगिसकेका थिए । थुप्रै युद्धमा गोर्खालीहरूले आफ्नो स्वामीभक्ति र वीरताको नमूना प्रदर्शित गरिसकेका थिए, चाहे त्यो सन् १८१७ को मरहट्टा युद्ध होस् वा सन् १८२५ को भरतपुर युद्ध, चाहे १९४५-४६ को पहिलो सीख युद्ध होस् वा १८४५ को वर्मा युद्ध, चाहे त्यो १८५७ को सैनिक विद्रोह होस् वा १८७७-७९ को दोश्रो अफगान युद्ध, चाहे त्यो सन् १९०० मा चीनमा भएको युद्ध होस् वा मलायाको युद्ध ।

पहिलो र दोश्रो विश्वयुद्धमा ब्रिटिश सेनामा गोर्खालीहरूले खेलेको भूमिका यति अद्वितीय थियो कि ब्रिटिशहरूले गोर्खाली बिग्रेडलाई विश्वका सर्वश्रेष्ठ सेनामध्ये एक ठान्न थालेका थिए । राणा प्रधानमंत्रीलाई खालि वार्षिक १० लाख रूपियाँ नजराना दिएर निकै सस्तोमा लाखौं अद्वितीय गोर्खाली युवा लडाकूहरू ब्रिटिशहरूले प्राप्त गरेका थिए । एकातिर नगद नजरानाको थैलीबाट राणा शासकहरूलाई आधारभूत रूपमा आफूप्रति आर्थिक रूपले निर्भर बनाउने, अर्कोतिर कौडीको भाउमा अत्यन्त फुर्तिलो जुझारू श्रमशक्ति हात पार्ने राणनीति ब्रिटिशले दुवै विश्वयुद्धताक अख्तियार गरेको थियो ।




*ब्रिटिश गोर्खा सैन्यमा भर्ना हुन चाहने नेपाली युवाहरूको शरीरको नाप तौल गरिँदै*

एकातिर नगद नजरानाको थैलीबाट राणा शासकहरूलाई आधारभूत रूपमा आफूप्रति आर्थिक रूपले निर्भर बनाउने, अर्कोतिर कौडीको भाउमा अत्यन्त फुर्तिलो जुझारू श्रमशक्ति हात पार्ने राणनीति ब्रिटिशले दुवै विश्वयुद्धताक अख्तियार गरेको थियो ।

## *वर्तमान समस्याको जड*

दोश्रो विश्वयुद्धपछि सन् १९४७ मा पुग्दा भारतीय स्वन्त्रता संग्रामको कारणले अंग्रेजहरूले भारत छोड्नुपर्ने स्थिति सिर्जना भयो ।

परन्तु बेलायतले गोर्खाली सेनाको महत्व बुझिसकेको थियो । त्यसैले ऊ कुनै पनि हालतमा विश्वको यो उत्कृष्टतम्, परन्तु ज्यादै सस्तो र सोझो सेनालाई सिर्फ भारतको मात्र पोल्टामा सुम्पन तयार थिएन । "गोर्खालीहरू अत्यन्त मिहेनती हुन्छन्, सँधै खुश र काम गर्न इच्छुक रहन्छन् । ... विगतमा उनीहरू ब्रिटिश सेनामा भर्ती पाउँथे, तर त्यो सुविधा सबै समाप्त नभए पनि अब उप्रान्त साँघुरिनेछ । बेलायतले भारत छोडेपछि हामीहरूलाई पनि छाड्नेछ भन्ने सोचाइ अहिले नै उनीहरूमा आइसकेको छ । मलाई के कुरामा विश्वास छ भने उनीहरूलाई कृषिको कार्य गर्न खेतालाको रूपमा भर्ना दिने हो भने थुप्रै जना बेलायत आउन तैयार हुनेछन् । ....अझ महत्वपूर्ण कुरा त उनीहरूलाई खान पुग्ने जति दिएमात्र पनि चित्त बुझाउँछन् । एकमुष्ट वर्षको रू. १०००/- दिए पुग्छ, जुन पाउण्डमा ७७ हुन्छ ।" - दोश्रो विशवयुद्धमा ब्रिटिश सेनाका कमाण्डिङको हैसियतमा रहेका R.N.W. विशपले बेलायतको कृषि तथा मत्स्यपालन मन्त्री टम विलीयम्सलाई १५ अप्रिल १९४७ मा लेखेको चिठीमा गोर्खाली जवानको मूल्यांकन यसरी गरिएको थियो ।

यो मूल्यांकन सिर्फ उसको मात्र सोच नभएर समूचा ब्रिटिश शासक वर्गको नेपाली प्रतिको दृष्टिकोणका रूपमा देखिन्छ ।


ठीक यही दृष्टिकोण बोकेर भारत मुक्त हुन लागेपछि ब्रिटिश सरकार र नयाँ भारत सरकारले भारतस्थित गोर्खाली सेनाको बाँडफाँड गरे । २० बटालियनमध्ये ८ बटालियन छानेर ब्रिटिशले लाने भो, १२ बटालियन भारतमै रहने भयो । ब्रिटिशले लाने गोर्खालीहरूको तलब भारतीयहरूको भन्दा ज्यादा हुँदा ब्रिटिश सेनातिर गोर्खालीहरूको ज्यादा आकर्षण हुन जाने कारण देखाएर भारतले ब्रिटिश सेनाको गोर्खालीको तलब पनि 'भारतीय पे कोड'मा तोकिए मुताविकमात्र हुनुपर्ने माग गर्‍यो । गोर्खालीलाई ज्यादै सस्तो श्रम मात्र ठान्ने दृष्टिकोण ब्रिटिशसित छँदै थियो, अतः ब्रिटिशले यो कुरा सजिलै मंजुर गर्‍यो । यस मामलामा सर्वप्रथम ७ नोभेम्बर १९४७ मा ब्रिटिश र भारत दुई पक्षमात्र बसेर एउटा द्विपक्षीय संझौता गरे, जुन गर्ने उनीहरूको हक नै थिएन । नेपालका जवानहरूको पारिश्रमिक बारेको फैसला नेपालको प्रतिनिधिको अनुपस्थितिमा पराया दुई देशमात्र मिलेर गर्नु सरासर बल मिच्याइँ र अवैध कुरो थियो । वास्तवमा अहिले गोर्खालीहरूले ब्रिटिश सरकारबाट जुन अन्याय र भेदभाव भोग्दैछन् त्यसको मुख्य जड यही अवैध द्विपक्षीय संझौता हो ।

९ नोभेम्बर १९४७ मा नेपालका तात्कालीन प्रधानमन्त्री पद्म शमसेरसित बसेर त्रिपक्षीय सहमतिपत्रमा हस्ताक्षर भएको देखिन्छ । परन्तु, हस्ताक्षर गर्नुअघि पद्म शमसेरले २/४ वटा सवालमा स्पष्टता खोजेको सहमतिपत्रबाटै प्रष्ट देखिन्छ । पहिलो, नेपाली सैनिकहरू स्पष्टतः भाडाका सैनिकझैं देखिनु हुन्न भन्ने । दोश्रो, गोर्खाली सेनालाई अर्को गोर्खाली सेना, हिन्दूहरू र निशस्त्र जनसमुदायविरूद्ध प्रयोग गर्न पाइन्न भन्ने । तेश्रो, गोर्खाली सैनिक र ब्रिटिश सैनिकका बीचमा पदोन्नति, कल्याण र अन्य कुनै सुविधामा पनि भेदभाव हुनुहुन्न भन्ने । चौथो, नेपाललाई एउटा अत्याधुनिक साधन-संपन्न हतियार कारखाना बनाउन र केही सैनिक परिवहन विमान दिन सघाउनुपर्छ भन्ने । यी चारैवटा सवाल संझौताको अनुसूची नं-३ मा समावेश गरिएपछि र ब्रिटिश सरकारका प्रतिनिधि एसिवि साइमनले लिखित पत्रद्वारा र मौखिक रूपमा पनि यी कुरा त्रिपक्षीय वार्तामा पद्म शमसेरलाई बताएपछि पद्म शमसेरले संझौतामा हस्ताक्षर गरेको देखिन्छ ।

परन्तु यो संझौता जालसाजीपूर्ण, अवैध र अन्तरिम देखिन्छ । जालसाजीपूर्ण यस कारणले कि नेपालले राखेका सबै शर्तहरू अनुसूची ३ मा राखिएका छन्, परन्तु अनुसूची ३ को अन्तिम १२ नं. बुँदामा के लेखिएको छ भने- "माथि भनिएका सबै बुँदाहरू कालान्तरमा हस्ताक्षर गरिने सन्धि वा संझौतामा समाहित गरिनु पर्नेछ ।"

*अनुसूची- ३* को अन्तिम बुँदामा यस्तो लेखिदिएपछि माथि जनुसुकै राम्रा शर्त परे पनि त्यसबारे संझौता हुनै बाँकी छ भनेर पन्छने

*ब्रिटिश सरकार र नयाँ भारत सरकारले भारतस्थित गोर्खाली सेनाको बाँडफाँड गरे । २० बटालियनमध्ये ८ बटालियन छानेर ब्रिटिशले लाने भो, १२ बटालियन भारतमै रहने भयो ।*



*आन्दोलनरत भू.पू. ब्रिटिश गोर्खा सैन्यहरू*

*अहिले सन्दर्भ बदलिएको छ । गोर्खा भर्ती अब शीतयुद्धको अन्त्यपछि ब्रिटेन आफैले आफ्नो स्वार्थबस बन्द गर्न लाग्दैछ ।*

जालसाजीपूर्ण चोरबाटो ब्रिटिशहरूलाई मिल्ने भयो ।

यो संझौता अवैध र अन्तरिम देखिन्छ, किनकि नेपालले राखेका मूलभूत बुँदाहरूबारे संझौतामा अन्तिम टुंगो गरिएको छैन । पछि कालान्तरमा बिस्तृत छलफल गरेर संझौता वा सन्धिद्वारा यसबारे अन्तिम टुंगो लगाइनेछ, भनिएको छ । यसको मतलब तब मात्रै वैध र अन्तिम संझौता हुनेभयो, जब यी सवालहरूबारे बिस्तृत छलफल भएर अन्तिम टुंगो लाग्छ । त्यसअघिको सहमति त अन्तरिम कालको लागि गरिएको कामचलाउ अस्थायी सहमति मात्र हुनेभयो । यो कुरा केबाट पुष्टि हुन्छ भने यो सहमतिपत्रबारे ब्रिटिश रक्षामन्त्रीले १ डिसेम्बर १९४७ मा ब्रिटिश हाउस अफ कमन्समा र पंडित जवाहरलाल नेहरूले १० नोभेम्बर १९४७ मा संविधान सभामा जानकारी दिंदा "अन्तिम टुंगोको लागि थप वार्ताको अवाश्यकता हुनेछ" भनेरै जनकारी दिएको देखिन्छ । (हेर्नुहोस्, दुवैको वक्तव्यको बुँदा नं. २)

यो संझौता अर्को कारणले पनि अवैध छ, किनकि सहमतिपत्रमा एकदमै विरोधाभाषपूर्ण शर्तहरू एकसाथ राखिएका छन् : एकातिर, "गोर्खाली सेनालाई पदोन्नति र कुनै पनि सुविधामा ब्रिटिश मूल सेनाको अरू यूनीटसरह समान हैसियतको ब्यवहार गरिनेछ ताकि 'भाडाको सैनिक' भन्ने दाग सधैंको लागि मेटियोस्" भन्ने शर्त सहमतिपत्रको अनुसूची-३ को पहिलो बूँदामै राखिएको छ । अर्कोतिर, यही सहमतिपत्रको अनुसूची-१ मा "गोर्खा अधिकृत र सिपाहीहरूको तलबको आधारभूत दर वर्तमान इण्डियन पे कोडमा तोकेसरह हुनेछ" भनेर खालि ब्रिटिश सरकार र भारत सरकारका प्रतिनिधि मात्र बसेर हस्ताक्षर गरेको सहमतिलाई पनि सहमतिपत्रको अभिन्न अंग बनाइएको छ । यी दुवै शर्तहरू एकसाथ वैध र प्रभावी कसरी हुनसक्छन् ? नेपालीहरूको तलबबारे मूल कारणी नेपालको अनुपस्थितिमा सिर्फ ब्रिटिश र भारत पक्षमात्र बसेर कसरी निर्णय गर्नसक्छन् ? निर्णय गरे नै भने पनि त्यो वैध कसरी हुन्छ ?

त्यसैले, सन् १९४७ को त्रिपक्षीय संझौता कुनै वैध र अन्तिम संझौता नै होइन । यो मूलतः गोर्खाली फौज भारत र ब्रिटेनले बाँडेर लिने कुरामा नेपालसहित बसेर गरिएको प्रारम्भिक अन्तरिम सहमतिपत्र हो । यसमा नेपालले आफ्ना नागरिकको सेवा शर्तहरू स्पष्टसित राखेको थियो र ब्रिटेनको प्रतिनिधिले त्यो सिद्धान्ततः स्वीकार गरेको थियो ।

परन्तु अहिलेसम्म ब्रिटिश सरकार काइते र जाली कुरा गरेर आफ्नो तात्कालीन प्रतिवद्धताबाट पछिरहेछ । उसले लगातार कुन तर्कअघि सारेर नेपालीमाथि चर्को भेदभाव र अन्याय गरिरहेछ भने - गोर्खाली जवानलाई ब्रिटिशसरह समान तलब सुविधा दिन सन् १९४७ को त्रिपक्षीय संझौताले छेक्छ । यथार्थ यस्तो देखिन्न । त्रिपक्षीय- संझौताले त गोर्खाली सेना ब्रिटिश मूल सेनाको अभिन्न अंग हो, यसलाई पदोन्नति र सुविधालगायत कुनै पनि कुरामा 'भाडाको सैनिक'को दाग लाग्ने गरी कुनै पनि किसिमको भेदभाव गर्न पाइन्न भन्ने सिद्धान्त पो स्वीकार गरेको छ । यो सिद्धान्तले समान तलब दिन छेक्ने होइन, समान तलब नदिन मात्र छेक्छ । समान तलब दिन छेक्ने त भारत र ब्रिटिश दुई पक्षमात्र बसेर गरेको अवैध द्विपक्षीय सन्धिले हो, जसमा नेपालको हस्ताक्षर नै छैन ।

नेपाल सरकारले यतिखेर ब्रिटिश सरकारसमक्ष उठाउनु पर्ने मूलभूत दुइटा प्रश्न के हो भने 'प्रजातन्त्रको जननी' भनेर चिनिएको बेलायतले समान कामको लागि समान तलब सुविधाको प्रजातान्त्रिक सिद्धान्त मान्छ कि मान्दैन ? मान्छ भने त्यो सिद्धान्त ब्रिटिश सेनामा काम गर्ने नेपालीको हकमा चाहिं लागू हुनुपर्ने ठान्छ कि ठान्दैन ? दोश्रो, ब्रिटिश सरकारले गोर्खाली सैनिकहरूलाई ब्रिटिश सैनिकसरह समान हक र हैसियत भएका सार्वभौम मुलुकका नागरिक हुन्, ती भाडाका सैनिक होइनन् भन्ने सिद्धान्त त्रिपक्षीय सन्धिकै बेला स्कवीकार गरेको सत्य हो कि होइन ? सत्य हो भने ब्रिटिश सरकारले त्यो अनुकूलको ब्यवहार देखाउनुपर्छ कि पर्दैन ? नेपालले ब्रिटिश सरकारलाई भन्नुपर्ने कुरा के हो भने - युद्धमा गोली थाप्दाचाहिं नेपालीले समान रूपमा थापे, तलब र पेन्सन थाप्दाचाहिं उनीहरूले असमान थाप्नुपर्ने कारण के ? आधार के ?

परन्तु समस्याको अर्को जरो के देखिएको छ भने बहुदलीय प्रजातन्त्र आएपछि पनि नेपालको कुनै पनि सरकारले - बेलायतसित कूटनीतिक संबन्ध बिग्रिन्छ भन्ने निहुँमा यी मूलभूत सैद्धान्तिक प्रश्नहरू ब्रिटिश सरकारसमक्ष कहिल्यै तेर्स्याएनन् । उनीहरूले नेपाल र नेपालीहरूको बराबरीको राष्ट्रिय हक र हैसियतको सवाल ब्रिटिश सरकारसमक्ष कहिल्यै प्रस्तुतनै गरेनन् । थोरै तलब सुविधा कृपापूर्वक, दयापूर्वक बढाइदिन बिन्तीमात्र गरे । परन्तु भू.पू. सैनिकहरूले मागेको कुरा ब्रिटिशहरूको दया र कृपा होइन, ब्रिटिश सेनामा नेपालीहरूलाई समानताको हक हो, नेपालको बेलायतसरह बराबरीको राष्ट्रिय हैसियत हो ।

त्यसमाथि थप, नेपालको सार्वभौम संसदले २०५४/५५ सालतिर परराष्ट्र मंत्रालयको अनुरोधमा ब्रिटिश गोर्खाली सेनाको समस्याबारे विशेष खोज अनुसन्धान गरेर, एकमतले परराष्ट्र तथा मानव अधिकार समितिबाट समेत पास गरेर सरकारलाई के सुझाव दिई सकेको छ भने- गोर्खालीहरूको तलब 'इण्डियन पे कोड' अनुसार गर्नु सरासर अवैध र अन्यायपूर्ण छ । यो द्विपक्षीय सन्धि नेपालले स्वीकार गर्न हुन्न । नेपालले ब्रिटिश समकक्षी सरह तलब पेन्सन र सारा सुविधा गोर्खालीले पाउनु पर्छ भन्ने अडान लिनुपर्छ । परन्तु, कांग्रेस सरकाले सार्वभौम संसदकै प्रस्तावसमेत कार्यान्वयन गरिरहेको छैन ।

हिजो नेपालमा कम्युनिष्टहरूले - "गोर्खा भर्ती बन्द गर" भनेर सशक्त आवाज उठाएका थिए । नेपालका नागरिकहरूलाई भाडाका सैनिकका रूपमा भर्ती गर्ने र साम्राज्यवादी स्वार्थका लागि स्वतन्त्र देशका नागरिकहरूको प्रयोग गर्ने - अन्यायपूर्ण र गलत प्रणालीको जायज विरोध थियो त्यो । त्यसको सान्दर्भिकता अहिले पनि बाँकी छ ।

परन्तु अहिले सन्दर्भ बदलिएको छ । गोर्खा भर्ती अब शीतयुद्धको अन्त्यपछि ब्रिटेन आफैले आफ्नो स्वार्थबस् बन्द गर्न लाग्दैछ । पक्लिहवा र धरानको भर्ती केन्द्र बन्द भैसक्यो । खालि पोखराको बाटुलेचौरमा मात्र भर्ती केन्द्र बाँकी छ । ब्रिटिश सेवामा केवल २८०० गोर्खालीहरू बाँकी छन् । अब नयाँ सवालमा आन्दोलन गर्नु जरूरी भएको छ । अब इतिहासको कुरा भैसकेको गोर्खा भर्तीमा काम गरिसकेकाहरूमाथि राष्ट्रियताको आधारमा साम्राज्यवादीहरूबाट भएका अन्याय र भेदभावविरूद्ध एकढिका भएर आन्दोलन गर्नु जरूरी भएको छ । अब आवाज उठाउनु परेको छ -

**गोली थाप्दा मात्र समान**
**तलब-पेन्सन चाहिं किन असमान ?**

❑

सन्दर्भ सामग्री स्रोतहरू

◆ *हिमाल, कात्तिक-मंसिर २०५५ को शोध ग्रन्थ*

◆ *Mary Katherine Des chene, Relics of Empie : A Cultural history of Gurkhas, 1815-1987, 1991*

◆ *Prem F. Uprety, Nepal, a small nation in the Vortey of International conflicts, Pugo Mi, 1984*

◆ *Pratyoush Raj Onta को शोध ग्रन्थ The Politics of Bravery : A History of Nepali Nationalism, 1996.*

◆ *गोर्खा सैनिक आवाजका विभिन्न अंकहरू*

◆ *The Gorkha Recruitment : An Dverviend नामक डा. सुरेन्द्र के.सी.को लेख*



# समान हकको लागि चलिरहेको लडाइँबारे पद्मबहादुर गुरूङ्गसँग गरिएको ताजा कुराकानी



*एकजना ब्रिटिश गोर्खा सैनिक बिलबहादुर गुरूङ*

ब्रिटिश सेनामा उही दर्जा र जिम्मेवारी भएका गोर्खा सैनिक र गोरा सैनिकका तलब भत्ता र पेन्सन रकममा ठूलो भेदभाव र अन्याय गरिएको कुरा भूतपूर्व ब्रिटिश गोर्खा सैनिकहरूले सर्वप्रथम २०४७ सालमा बाहिर ल्याए । भर्खरै आएको बहुदलीय प्रजातन्त्रले उनीहरूलाई यसो गर्न आवश्यक स्वतन्त्रता र उत्प्रेरणा दियो । त्यसपछि २०४७ साल जेठ २३ गते लेफ्टिनेण्ट कर्नेल लालकाजी गुरूङको अध्यक्षतामा नेपाल भूतपूर्व सैनिक संघ तदर्थ समिति बन्यो । यो सरकारपक्षधर संघ भएको र यसबाट भूतपूर्व सैनिकहरूको हक हितको सुरक्षा हुनसक्दैन भन्ने निस्कर्ष निकालेर २०४७ साल असार २७ गते गोर्खा भू.पू. सैनिक संघ नामक अर्को संस्था पद्मबहादुर गुरूङको अध्यक्षतामा स्थापना भयो ।

यी दुवै संघहरू अहिले अस्तित्वमा छन् र अलग अलग माग राखेर आन्दोलनमा उत्रिरहेका छन् । परन्तु बहुसंख्यक गोर्खा सैनिक र तिनका परिवारहरूले पद्मबहादुर गुरूङको नेतृत्वमा गठित गोर्खा भू.पू. सैनिक संघको आन्दोलनलाई ज्यादा साथ दिइरहेको देखिएको छ । सडकमा निक्लिएका विरोध प्रदर्शन र राष्ट्रिय अन्तर्राष्ट्रिय मंचहरूमा गोर्खालीहरूको समस्याको वकालत र जानकारीको निम्ति गरेको पहलको आधारमा यो कुरा सजिलै अनुमान लाउन सकिन्छ । यो गत ५ वर्षदेखि निरन्तर रूपमा आन्दोलनरत छ र आफ्नो संघर्षमा ज्यादाजसो सफल पनि भइरहेको छ ।

यसै सम्बन्धमा अहिले आन्दोलकनमा लागि रहनुभएका भू.पू. सैनिक संघका अध्यक्ष पद्मबहादुर गुरूङ्गसँग हामीले कुराकानी गरेका थियौं ।

उहाँको जन्म स्याङ्जा जिल्लाको फेदी खोला गा.वि.स.मा वि.सं. २००१ सालमा भएको थियो । २०१५ सालमा १५ वर्षको उमेरमा उहाँ ब्रिटिश सेनामा भर्ना हुनुभएको थियो । र २०२५ सालमा अवकास प्राप्त गर्नुभएको थियो । अहिले उहाँ पूर्णकालीन रूपमा नै आन्दोलनमा लागि रहनुभएको छ ।

यहाँ प्रस्तुत छ – उहाँसंग गरिएको कुराकानीको सार–संक्षेप ।

◆ मुक्ता श्रेष्ठ

झण्डामुनि बसेर, एउटै कसम खाएर, एकै किसिमको सेवा गर्दै अझ नेपाली सैनिकहरू ब्रिटिश सैनिकहरूले भन्दा कठोर काम गर्नुपर्छ । तैपनि नेपाली सैनिकहरू र ब्रिटिश सैनिकहरूबीचमा किन यत्रो भेदभाव ?

प्रजातन्त्रको मूलभूत सिद्धान्त समानता र समान कामको लागि समान ज्याला हो भने खोई त नेपालीलाई त्यो समान व्यवहार प्राप्त भएको ?

त्यसैले ब्रिटिश सरकारसँग हाम्रो माग छ- यस्तो एउटा जिम्मेवार प्रजातान्त्रिक राष्ट्रले सोझा, सिधा नेपालीहरूलाई उनीहरूको सिधापनबाट फाइदा उठाएर त्यसरी नठगोस्, शोषण नगरोस् र समान कामको लागि समान तलब सुविधा देओस् ।

तेस्रो कुरा, पेन्सन प्राप्त ब्रिटिश सैनिकहरू पेन्सनले नपुगेर ५० वर्षको उमेरमा पनि अरू मुलुकहरूमा कामको खोजीमा भौँतारिनु परेको छ ।

त्यस्तै किसिमले, ब्रिटिश सेनामा भर्ना भएका मानिसहरूका छोराछोरीहरू राम्रो शिक्षा प्राप्त गर्न नपाएर अधकल्चो स्थितिमा बस्नु परेको छ । उनीहरू निरासिएका छन् र बिकृतितिर उन्मुख भइरहेका छन् । त्यसैले ब्रिटिश सरकारले पेन्सन प्राप्त सैनिकहरूलाई बेलायतमै काम गर्न पाउने व्यवस्था मिलाई देओस् र ब्रिटिश सैनिकका छोराछोरीहरूको जस्तै राम्रो शिक्षाको र कामको व्यवस्था गरिदेओस् ।

चौथो सवाल हो- प्रथम र दोस्रो

# हाम्रै देशको सरकारबाट यस्तो हुन नदिन कसरी षडयन्त्र भयो ?

**पदमबहादुर गुरूङ्ग**

*◆ अहिले गोर्खा भूतपूर्व सैनिक संघले जुन आन्दोलन चलाइरहेको छ, त्यो आन्दोलन केको लागि चलाइएको हो ?*

- हाम्रो पहिलो सवाल के हो भने जब ब्रिटिश सरकारलाई युद्धको लागि सैनिकको आवश्यकता पर्दछ, तब नेपाली जवानहरूलाई सेनामा भर्ना गरिन्छ । युद्ध सकिएपछि उनीहरूलाई खालि खुट्टा नै नेपाल फर्काइन्छ ।

त्यसरी फर्काइएका नेपालीहरूको अहिलेसम्म कुनै लेखाजोखा छैन । जस्तो, उदाहरणको लागि, इतिहासकारहरूको भनाइअनुसार दोस्रो विश्वयुद्धमा मात्रै १ लाख ५५ हजार नेपाली युवाहरूलाई ब्रिटिश सेनामा भर्ना गरिएको थियो । युद्ध सकिएपछि ब्रिटिशले ८ बटालियन सैनिकहरू आफूले लगेर १२ बटालियन सैनिकहरू भारतमा छोडेर गएको थियो । २० बटालियन भनेको २० हजार सैनिक हुन् । १ लाख ५५ हजार भर्ना गरिएकोमा २० हजार मात्र बाँकी देखियो, बाँकी १ लाख ३५ हजार सैनिकहरू कहाँ गए ?

यस्तै अरू पनि थुप्रै घटनाहरू छन् । कसरी कुन अवस्थामा ती नेपालीहरूलाई नेपाल फर्काइयो वा युद्धमा मारियो, त्यसको हिसाव हामी ब्रिटिश सरकारसँग माग्न चाहन्छौं ।

अर्को कुरा, ब्रिटिश सेनामा रहेका नेपाली तथा ब्रिटिश सैनिकहरूले 'ब्रिटिश झण्डामुनि बसेर ब्रिटिश सार्वभौमसत्ता र राजमुकुटको रक्षा गर्नेँ छौं' - भनेर एकै किसिमको कसम खान्छन्, एकै किसिमको जोखिम उठाउँछन् । तर ब्रिटिश सैनिकहरूलाई दिइने तलब सुविधा र नेपाली सैनिकहरूलाई दिइने तलब सुविधामा एकदमै भेदभाव गरिएको छ ।

त्यसैले हामी ब्रिटिश सरकारसँग यो पनि सवाल गर्छौं कि- एउटै

**विश्व युद्धपछि ब्रिटिश सरकारले खालि खुट्टा फिर्ता पठाएका नेपाली सैनिकहरूले अहिले निकै विजोगको स्थिति भोग्नु परिरहेको छ । त्यो अवस्था देखेर ब्रिटिश आफैलाई नै लाज लाग्नुपर्ने हो ।**

*ब्रिटिश गोर्खा सैन्यसामुन्ने बेलायती महारानी*



विश्व युद्धपछि ब्रिटिश सरकारले खालि खुट्टा फिर्ता पठाएका नेपाली सैनिकहरूले अहिले निकै विजोगको स्थिति भोग्नु परिरहेको छ । त्यो अवस्था देखेर ब्रिटिश आफैलाई नै लाज लाग्नुपर्ने हो । यी नेपाली सैनिकहरूलाई उनीहरूको सेवाको कदर गर्दै स-सम्मान पेन्सनको व्यवस्था मिलाई देओस् ।

यिनै सवाल हुन्, जसको लागि हामी अहिले बिना पूर्वाग्रह शान्तिपूर्वक आन्दोलन गरिरहेका छौं ।

◆ *तपाईंले एउटै सेवा गर्दागर्दै पनि ब्रिटिश सैनिक र नेपाली सैनिकहरूबीच ठूलो भेदभाव छ भन्नुभयो । ती भेदभावहरू के के हुन् ?*

अहिलेको हाम्रो आन्दोलन खालि आर्थिक भेदभाव हटाउने मागमा मात्र सीमित छैन । २०० वर्षसम्मको अवधिमा हामीले ब्रिटिशको निमित्त रगत बगायौं । हजारौं लाखौंले जीवन बलिदान गरे, तर त्यसको बदलामा हामीले केही पनि पाएनौं र आफ्नो देशमै पनि अपमान सहनु पर्‍यो । हामीमा न नेपालीपनको विकास भयो, न हामीले युरोपीयपनलाई नै अंगाल्न सक्यौं । यसको हरहिसाब पनि हामीले खोजेका छौं ।

पहिलो कुरा त, ब्रिटिश सेनामा काम गर्ने हामी नेपालीहरूले १५ वर्षसम्म ब्रिटिश सेनामा नोकरी गर्दा ३ वर्ष मात्र परिवारसंग बस्न पाउँछौं । १२ वर्षसम्म परिवारबाट छुटेर बस्दा हामीले त्यसको कुनै क्षतिपूर्ति पाउँदैनौं । तर ब्रिटिश सैनिकहरू एक हप्ता मात्रै छुटेर बस्दा पनि उनीहरूले 'सेपरेशन एलाउन्स' अर्थात् छुटेर बसे बापतको क्षतिपूर्ति पाउँछन् । दोस्रो कुरा, गोरा सैनिकहरूका छोराछोरीहरूको शिक्षाको सम्पूर्ण जिम्मा ब्रिटिश सरकारले लिन्छ, तर नेपालीहरूका छोराछोरीहरूको शिक्षाको जिम्मा लिंदैन ।

तेस्रो असमानता तलबमा रहेको छ । सन् १९६५ मा म मलायामा हुँदा हामी नेपालीहरूको तलब ४२ मलेशियन डलर थियो । तर त्यही दर्जाका गोराहरूको भने ४००/४५० मलेशियन डलर थियो । सन् १९९७ मा हङकङमा भएका सैनिकहरूको पनि त्यस्तै फरक थियो । त्यहां नेपाली सैनिकहरूको तलब १५/१६ सय हङकङ डलर थियो भने त्यही दर्जाका गोराहरूको ६/७ हजार हङकङ डलर थियो ।

नेपाली र गोरा सैनिकहरूको पेन्सनमा पनि यस्तै फरक रहेको छ । उही स्तरका नेपाली पेन्सनवाला सैनिकहरूको पेन्सन २४ पाउण्ड हुँदाखेरि गोरा पेन्सनवाला सैनिकले ५०० पाउण्ड जति पेन्सन पाउँछन् अर्थात् - नेपालीभन्दा २० गुणा बढी ।

अहिले हामीले आन्दोलन चलाएपछि ब्रिटिश सरकारले 'युनिभर्सल पे'को घोषणा गरेको छ । 'युनिभर्सल पे' भनेको भत्तासहित जोडेर पाउने तलब हो । यो घोषणा भएपछि भत्तासत्ता गरी नेपाली सैनिकहरूको तलब पनि करीब करीब गोरा सैनिकहरूको जति नै पुर्‍याइएको छ । ब्रिटिश सरकारले विश्वका सामु नेपाली र गोरा सैनिकहरूको तलब समान छ भनेर देखाउनको लागि मात्र यो 'युनिभर्सल पे' लागू गरेको छ । आधारभूत तलब अर्थात् 'बेशिक पे' त अहिले पनि नेपाली र गोरा सैनिकहरूको २० गुणा नै फरक छ । त्यसैले अहिले 'युनिभर्सल पे' पाएका नेपाली सैनिकहरूले अवकासपछि ६० पाउण्ड पेन्सन पाउँछन् । जब कि त्यही स्तरका गोराहरूले कम्तिमा ५०० पाउण्ड पेन्सन पाउँछन् । यो कुरा माथिल्ला स्तरका सैनिकहरूमा पनि लागू हुन्छ ।

त्यस्तै गरेर, नेपाली सैनिक र ब्रिटिश सैनिकहरूको बस्ने ठाउँ र खाने भान्छासमेत अलग अलग नै गरिएको छ । तर ती नेपाली अफिसरहरूलाई पनि गोरा अफिसहरूको मेसमा जान दिइदैन । यसको मूल कारण के हुनसक्छ भने, ब्रिटिशहरूले र नेपालीहरूले खाने, बस्ने सुविधामा पनि धेरै फरक छ । त्यही कुरा देख्लान् र नेपाली सैनिकहरूले विरोध गर्लान् भनेर नै त्यस्तो गरेको हो ।

◆ *तपाईंहरूको आन्दोलन भएपछि ब्रिटिश सरकारले सिपाहीहरूको पेन्सन २८० पाउण्ड र अफिसरहरूको ६०० पाउण्ड तोकेको छ भन्ने कुरा सुनिन्छ नि ?*

- यो कुरा आधिकारिक रूपमा सुन्न पाइएको छैन । अपुष्ट रूपमा यो कुराको चर्चा धेरै ठाउँमा भएको सुनिन्छ । यो आन्दोलन चर्किसकेपछि गत नोभेम्बर वा सेप्टेम्बरतिर होला, 'अब उप्रान्त सेवारत रहेका गोर्खालीहरूको मृत्यु भएमा गोरासमान सुविधा पाउने' भनेर ब्रिटेनका प्रधानमन्त्री टोनी ब्लेयरले हाउसमा घोषणा गरेका थिए । यो घोषणा कोसोभोमा बलराम राईको मृत्यु भएपछि भएको थियो । बलराम राईको मृत्युपछि ब्रिटिशमा भएका गोर्खा सैनिकहरूको पे र ग्रायचुटी कसरी दिने भन्नेबारेमा ब्रिटिश रक्षामन्त्रीको अध्यक्षतामा एउटा कमिटी गठन भएको थियो । त्यसै कमिटीले पेन्सन नभएका गोर्खा सिपाहीलाई ५० पाउण्ड, पेन्सन पाउँदै गरेका सिपाहीलाई २८० पाउण्ड र अफिसरलाई ६०० पाउण्ड दिने भन्ने सिफारिस गरेछ । परन्तु त्यो सिफारिसबारे बेलायती परराष्ट्रमन्त्री रबीन कूकले तात्कालीन नेपाली परराष्ट्रमन्त्री राम शरण महतलाई जानकारी गराएपछि नेपाली परराष्ट्रमन्त्रीले के प्रतिक्रिया जनाए कुन्नि, एक्कासी बाहिर घोषणा हुँदा २८० पाउण्ड पेन्सन भनिएकोमा ६० पाउण्डमात्र गरियो, ६०० पाउण्ड भनिएकोमा २०० पाउण्ड मात्र गरियो ।

यो कुरा रहस्यमय ढंगले खुल्न आएको छ । यो कुरा नेपालको तात्कालीन परराष्ट्रमन्त्री रामशरण महत र ब्रिटिश परराष्ट्रमन्त्री रविन कूकको बीचमा कुराकानी भएको थियो भन्ने कुरा एउटा क्याबिनेटकै मन्त्रीले उहाँका कार्यकर्ताहरूलाई सुनाएका थिए । मन्त्रीको नाम म अहिले लिन्नँ । चितवनका भू.पू. सैनिकसंग सोध्नु भयो भने उहाँले बताउनु होला ।

ब्रिटिश सरकारले यो कुराको घोषणा गरेको साँचो हो भन्ने हामीलाई लाग्छ, तर नेपाल सरकारले त्यसलाई अस्वीकार गरेको बुझियो ।

नेपाल सरकारले अस्वीकार गरेको होइन भने, हामीले डिसेम्बरमा 'ब्रिटिश सरकारले नेपाली ब्रिटिश सैनिकहरूलाई २८० पाउण्ड पेन्सन दिने भनेर घोषणा गरेको थियो तर तात्कालीन नेपाल सरकारले यो खाइदियो' भनेर नेपालभरि घोषणा गर्दै हिंडेका थियौं । यदि नेपाल सरकारले अस्वीकार नगरेको भए किन हामीले भनेका कुरालाई खण्डन गरेन ?

यसबाट पनि हामीलाई के विश्वास भएको छ भने ब्रिटिश सरकारले २८० र ६०० पाउण्डको घोषणा गरेको सही हो । तर यहाँनिर हाम्रै देशको सरकारबाट यस्तो हुन नदिन कसरी षड्यन्त्र भयो ? यो कुरा चाहिं हामीले अझै पनि बुझेका छैनौं ।

◆ *अहिलेसम्म ब्रिटिश सेनामा नेपाली सैनिकहरू कति भर्ना भएका छन् ? कति त्यहां अझै पनि बाँकी छन् र कतिले पेन्सन पाएका छन् ?*

- यसै सम्बन्धमा २०० वर्षको इतिहासमा कति नेपालीहरू ब्रिटिश सेनामा भर्ना भए ? कुन कुन युद्धमा कति कति नेपाली सैनिकहरू मारिए ? कति घाइते भए ? भर्ना भएका सैनिकहरू कति फर्काइए ? कुन अवस्थामा फर्काइए ? युद्धमा मारिएका सैनिकका परिवारहरूले क्षतिपूर्ति पाए कि पाएनन् ? त्यसको जानकारी पाऊँ भनेर हामीले रक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय तथा मन्त्री परिषदका विरूद्ध सर्वोच्च अदालतमा रीट दायर गर्‍यौं । सर्वोच्च अदालतले श्री ५ को सरकारलाई आदेश पनि जाहेर गर्‍यो । तर लाजमर्दो कुरा के भयो भने, श्री ५ को सरकारसँग यसको कुनै तथ्याङ्क नै छैन भनेर

जवाफ दिइयो ।

यद्यपि इतिहासमा यसका केही तथ्याङ्कहरू भेट्टाउन सक्छौं । इतिहासकारहरूको भनाइअनुसार प्रथम विश्वयुद्धमा २ लाख नेपाली युवाहरूलाई ब्रिटिश सेनामा भर्ना गरिएको थियो । दोस्रो विश्वयुद्धमा १ लाख ५५ हजार भर्ना गरिएका थिए । अरू समयमा पनि ब्रिटिशलाई आवश्यकता परेअनुसार नेपाली युवाहरूलाई ब्रिटिश सेनामा भर्ना गरिएको छ । इतिहासविद्हरूले उल्लेख गरेको र केही ब्रिटिश अफिसरहरूले लेखीराखेको तथ्याङ्कअनुसार अहिलेसम्म ब्रिटिश सेनामा ६/७ लाख नेपालीहरूले सेवा गरे ।

६/७ लाख नेपालीहरू ब्रिटिश सैनिकमा भर्ना भएकोमा अहिले २६ हजार नेपालीहरूले मात्र पेन्सन पाइरहेका छन् । त्यसमध्ये पनि १२ हजारले कल्याणकारी पेन्सन पाएका छन् । (कल्याणकारी पेन्सन भनेको पहिला खालि खुट्टा फर्काइएका, तर पछि उसको अवस्था हेरेर दिने पेन्सन) त्यस्तो पेन्सन पहिले १२००/- नेपाली रूपियाँ थियो, अहिले २०००/- नेपाली रूपियाँ पुगेको छ । बाँकीलाई केही व्यवस्था छैन । अहिले आएर ब्रिटिश सेनामा सेवा गरिरहेका नेपाली सैनिकहरू ३५०० जवान मात्र बाँकी छन् ।

◆ *ब्रिटिश सरकारले नेपालीहरूलाई उनीहरूको सेनामा भर्ना गरेर रोजगारी दिएको छ र त्यसबाट नेपालीलाई काफी फाइदा भएको छ भनिन्छ नि । के यो कुरा साँचो हो ?*

- यो कुरा बिल्कुल भूठ हो । हामीले आन्दोलन गर्नुभन्दा पहिले हामीले नेपालीहरू ब्रिटिश सेनामा भर्ना भएदेखिको १८५ वर्षको इतिहास अध्ययन गऱ्यौं । त्यो अध्ययनमा हामीले के देख्यौं भने, ब्रिटिशको राजकीय कोषबाट नेपालीहरूले एक कप चिया पनि खाएका छैनन् । बरू उसले आफ्नो सेनामा नेपालीलाई भर्ना गरेर त्यसबाट काफी नाफा कमाएको छ । कसरी त भने, हिजो बेलायत भारतमा बस्यो । लाखौंको संख्यामा ब्रिटिश सेनामा नेपालीहरूलाई भर्ति गरियो । भारतकै आम्दानीबाट उनीहरू पालिए । ब्रिटेनले भारत छोडेर जाँदा १२ हजार नेपाली सैनिकहरूलाई भारतमा नै छोडेर ८ हजारलाई आफूले लिएर गयो । बाँकी लाखौं नेपालीहरूलाई खालिखुट्टा नेपाल फर्काई दियो ।

त्यसबेला मलायाका कम्युनिष्टहरूले आन्दोलन चलाइरहेका थिए । उनीहरूलाई दवाउने ठेक्का मलायन सरकारसँग ब्रिटिश सरकारले लियो । त्यसवापत त्यतिखेर ब्रिटिश सरकारले मलायाको सरकारसँग एउटा नेपाली सैनिकको ४५० मलेशियन डलर भाडा लिएको थियो । तर नेपाली सैनिकहरूलाई भने ४२ मलेशियन डलर मात्र दियो । यसरी उसले एउटा नेपाली सैनिकबाट मात्रै ४०८ मलेशियन डलर मुनाफा गऱ्यो । सन् १९४८-५६ सम्म उसले यसरी नेपालीबाट करोडौं डलरको नाफासहितको व्यापार गऱ्यो ।

मलायामा कम्युनिष्ट दवाइसकेपछि उसले ८ हजार नेपाली सिपाहीहरूलाई हङकङमा लगेर राख्यो । त्यहाँ पनि उसले हङकङकै सरकारबाट नेपाली सैनिकहरू पाल्यो । संन् १९९७ सालमा हङकङ चीनलाई सुम्पियो । त्यसपछि उसले जम्मा २५०० नेपाली सैनिकहरू मात्र ब्रिटिश सेनामा बाँकी राखेर अरू सबैलाई नेपाल फर्काइदियो । २५०० मध्ये पनि १५०० लाई बेलायतमा लगेर राख्यो, बाँकी एक हजार सुल्तानको सुरक्षाको निम्ति भनेर ब्रुनाइको सुल्तानलाई धेरै पहिलेदेखि नै दिइसकिएको थियो ।

> ***"ब्रुनाइ सरकारले १ बटालियन गोर्खाली सेनाको लागि बेलायतलाई वर्षमा ३ करोड पाउण्ड दिन्छ । एक बटालियन गोर्खाली सैनिकलाई पाल्न वर्षमा ६० लाख पाउण्डले पुग्छ । बाँकी २ करोड ४० लाख पाउण्ड उसले चोखो मुनाफा गरेर बेलायत लैजान्छ" ।***

सन् १९७९ मा म ब्रुनाइ गएको थिएँ । त्यतिबेला त्यहाँको 'पेलिटा' नामक एउटा सरकारी अखवारले लेखेको थियो- "ब्रुनाइ सरकारले १ बटालियन गोर्खाली सेनाको लागि बेलायतलाई वर्षमा ३ करोड पाउण्ड दिन्छ । एक बटालियन गोर्खाली सैनिकलाई पाल्न वर्षमा ६० लाख पाउण्डले पुग्छ । बाँकी २ करोड ४० लाख पाउण्ड उसले चोखो मुनाफा गरेर बेलायत लैजान्छ" ।

यसरी १९७९ मा नै उसले एक हजार गोर्खालीलाई ब्रुनाइमा राखेबापत प्रतिवर्ष २ करोड ४० लाख पाउण्ड नाफा गर्थ्यो । यो जगजाहेर छ, ब्रुनाइसँग प्रत्येक वर्ष उसले सलामी बढाउँदै लगिरहेछ । थाहा छैन, अहिले त पहिलेभन्दा कति ज्यादा उसले नाफा खाइरहेको छ । अहिले बेलायतमा जति नेपाली सैनिकहरू राखेको छ, त्यसको सम्पूर्ण खर्च त उसले ब्रुनाइबाटै उठाउँछ ।

यसैगरी, उसले इष्ट टिमोर, कोसोभोमा पनि नेपाली सैनिकहरू राखेको छ । त्यहाँबाट पनि उसले पूरा सलामी लिन्छ । गोरखालीहरूलाई थोरै अड्कलेर दिन्छ र बाँकी चोखै आफूले लिन्छ । अझ गजवको कुरा त के भने, इष्ट टिमोरमा जुन सैनिकहरू लगिएका छन्, तिनीहरू ब्रुनाइमा भएका सैनिकहरू लगिएका हुन् । ब्रिटिश सरकारले एउटै सैनिकको सलामी इष्ट टिमोर र ब्रुनाइ दुवै देशबाट खाइरहेको छ ।

युद्ध हुन्जेलसम्म उसले नेपालीहरूलाई युद्धको मैदानमा लडायो । अहिले विश्वमा युद्ध छैन । उसले विभिन्न मुलुकमा नेपालीहरूको प्रदर्शन गरेर चर्को नाफादायक मानव-व्यापार गरिरहेको छ । यो नेपालीहरूमाथि ब्रिटिश सरकारले गरेको ठूलो अमानवीयता र ठगी हो ।

◆ *गोर्खा भर्तिकेन्द्र नै बन्द हुनुपर्छ भनेर नेपालमा बर्षौंदेखि आवाज उठिरहेको छ । यसबारे तपाईं के भन्नुहुन्छ ?*

- अहिले हाम्रो मुख्य सबाल भनेको गोर्खा भर्तिकेन्द्र बन्द गर्ने सवाल होइन । यो बन्द त ब्रिटिश सरकारले नै अघोषित रूपमा गरिसकेको छ । हाम्रो देशमा युवाहरूको कमी भएको बेलामा उसले लाखौंलाख युवाहरूलाई भर्ना लियो जब कि त्यति बेला नेपालमा बेरोजगारीको समस्या थिएन । अहिले नेपालमा थुप्रै युवाहरू बेरोजगार भएका छन् । यस अवस्थामा किन भर्तिकेन्द्र बन्द गर्ने ?

प्रमुख कुरा त यो भर्तिकेन्द्र यथावत राखेर ब्रिटिशसँग १८५ बर्षसम्मको हरहिसाव खोज्ने हो । जबसम्म हामी हिसाव चुक्ता गर्दैनौं, तबसम्म हामी भर्तिकेन्द्र बन्द गर्ने पक्षमा छैनौं ।

◆ *भारतीय सेनामा काम गर्ने नेपाली सैनिकहरू र ब्रिटिश सेनामा काम गर्ने नेपाली सैनिकहरूको बीचमा के कस्ता अन्तरहरू छन् ?*

- हुन त एउटा स्वतन्त्र राष्ट्रका नागरिकहरू दोस्रो मुलुकको सेनामा भर्ना हुन जानु स्वाभिमानी कुरो त होइन । यद्यपि भारतीय सेनामा भर्ना भएका नेपाली सैनिकहरूलाई भारत सरकारले नागरिकताको आधारमा भेदभाव गरेको छैन । ब्रिटिश सेनामा भर्ना भएका मानिसहरूमा जत्ति त्यहाँ भर्ना भएका सेनाहरूमा बिकृति पनि आएको छैन । फेरि, भारत सरकारले नेपाली सैनिकका छोराछोरीहरूलाई पूर्ण रूपमा शिक्षित पनि बनाइदिएको छ र रोजगारी पनि दिएको छ । भारतीय सेनामा भर्ना भएका भू.पू. सैनिकहरू कामको आवश्यकता पऱ्यो भने फेरि झोला बोकेर भारतमै जान्छन् । त्यहाँको सरकारले पनि सर्टिफिकेटको आधारमा तुरून्त जागिर दिन्छ । छ महिना जागिर खाएर असारमा रोपाईं गर्न फेरि नेपाल फर्कन्छन् । उनीहरूको छोराछोरीहरूले पनि बाबु भारतीय सेनामा काम गरेको आधारमा काम पाउँछन् । तर यो सुविधा ब्रिटिश सेनामा काम गरेका नेपाली सैनिकहरूले पाएका छैनन् ।

◆ *सन् १९४७ को त्रिपक्षीय सन्धिअनुसार नै ब्रिटिश सेनामा नेपाली जवानहरूलाई भर्ना गरेर लगेको भनिन्छ । तर अहिले त ब्रिटिश सेनामा काम गर्ने नेपालीलाई 'इण्डियन पे कोड' अनुसार तलब दिने काम भइरहेको छ भनिन्छ । यो इण्डियन पे कोडसम्बन्धी समझदारीमा नेपालले हस्ताक्षर गरेको पनि भेट्टाइएको छैन । यो हस्ताक्षर नै नभएको सन्धि कसरी नेपालीमाथि लागू भइरहेको छ त ?*

- यो एउटा अचम्मको कुरा भइरहेको छ । पहिलो कुरा त सन् १९४७ को त्रीपक्षीय सन्धिलाई ब्रिटिशले एकतर्फी ढंगले उल्लंघन गरिरहेको छ । यस सन्धिमा कसैको आन्तरिक मामिलामा हस्तक्षेप गर्न नेपाली सैनिकहरूलाई भर्ना गर्न पाइँदैन भनेको छ । तर ब्रिटिशले मलाया, ब्रुनाइ, इष्ट टिमोर, कोसोभो आदि देशहरूको आन्तरिक मामिलामा नेपाली सैनिकहरूलाई प्रयोग गरेको छ । अर्को, त्यस सन्धिमुताविक ब्रिटिश सेनामा काम गर्ने नेपाली सैनिक कटौती गर्दा नेपाल सरकारसंग सोध्नुपर्थ्यो । त्यो पनि उसले बेलाबेलामा एकलौटी रूपमा नेपाली सैनिकहरू कटौती गर्दै लगेको छ । त्रिपक्षीय सम्झौताको मूल सन्धिमा तीन देशले हस्ताक्षर गरेका छन । त्यसमा ब्रिटिश र नेपाली जवानका बीचमा तलब सुविधामा भेदभाव गरिने छैन भनेर लेखिएको छ । तर त्यो समान सुविधा नेपाली सैनिकहरूलाई दिइएको छैन ।

यसरी पूर्ण रूपमा त्रीपक्षीय सम्झौताको उलंघन ब्रिटिश सरकारले गरिरहेको छ ।

अहिले उसले 'इण्डियन पे कोड'अनुसार ब्रिटिश सेनामा काम गर्ने नेपालीले तलब पाउने भनेर जुन कुरा गरिरहेको छ, त्यसमा नेपालको हस्ताक्षर नै छैन ।

सन्धिको १२ पेजको एउटा दफाको हेडिङ्गमै लेखिएको छ - "Agreement between united kingdom and dominant government of India" ।

त्यसमा नेपालको नामै उल्लेख छैन ।

यसरी ब्रिटिश सरकारले त्रिपक्षीय सन्धिको एक पक्षीय ढंगले उलंघन गर्दा र आफ्नो हस्ताक्षर नभएको 'इण्डियन पे कोड' ब्रिटिश सेनामा कार्यरत नेपालीमाथि लागू गर्दा पनि किन नेपाल सरकार केही बोल्दैन ? परराष्ट्र मन्त्रालयमा कोही ज्यूँदा मन्त्री, कर्मचारी छन् कि छैनन् ?

◆ *आफ्ना मागहरूको पूर्तिको लागि तपाईहरूले के कस्तो आन्दोलन अघि बढाईरहनुभएको छ त ?*

- अहिले नेपालमा भएका राजनैतिक पार्टीहरूसंग, पत्रकारहरूसँग, मानवअधिकारवादी संघ-संस्थाहरूसंग तथा जसजसले यसमा चासो राखेका छन्, ती सबैसंग हामीले सम्पर्क राखेका छौं र अन्तरराष्ट्रिय जगतमा पनि हामीले सम्पर्क राखेका छौं । अहिले बेलायतको नटिंघमशायरबाट जितेर आउनुभएका एकजना सांसदले यो इष्युलाई एकदम राम्रोसंग उठाइरहनु भएको छ । जेनेभा र हवानामा भएका मानवअधिकारवादीहरूको सम्मेलनमा हामीलाई निमन्त्रणा आएको थियो । ती सम्मेलनहरूमा पनि हामीले हाम्रा कुराहरू राख्यौं । आउँदो असोजसम्ममा विश्वका मानवअधिकारवादी प्रोफेसरहरूलाई बोलाएर नेपालमा हामीले एउटा सेमिनार गर्दैछौं । त्यस सेमिनारमा युद्ध सकिएपछि ब्रिटेनले खालिखुट्टा पठाएका हजारौं युद्धपिडितहरू र युद्धमा हराएका सैनिकहरूका श्रीमतीहरूलाई उपस्थित गराउँनेछौं । उनीहरूले कसरी दुःख पाइरहेका छन् भन्ने कुरा प्रस्तुत गर्नेछौं ।

त्यसपछि डिसेम्बरतिर लण्डनमा एउटा कार्यक्रम गर्नेछौं । ब्रिटिश सरकारले नेपाली सैनिकहरूलाई भेदभाव गरेका कुराहरू त्यहाँका नागरिकहरूलाई जानकारी गराउँदछौं, जुन कुरा अहिलेसम्म त्यहाँका नागरिकहरूलाई जानकारी छैन । महिनौं दिनसम्म महारानीको दरबार-बकिंघम प्यालेस तथा संसदअगाडि बसेर पर्चा बाँड्नेछौं र त्यहाँका नागरिकहरूसंग सहयोग माग्नेछौं ।

अहिले हामीले गर्न लागेको आन्दोलन यस्तै आन्दोलन हो । □

# गोर्खा भू.पू. सैनिकहरु आन्दोलन गरिरहेछन् !

**ब्रिटिश गोर्खा भूतपूर्व सैनिकहरूको समस्याको बारेमा समर्थन र ऐक्यबद्धता हासिल गर्न काठमाण्डौमा २०५७ साल आषाढ ३१ गते होटेल आर्किडमा गोर्खा भूपू सैनिक संघले अन्तर्क्रियाको आयोजना गरेको थियो । त्यस अन्तर्क्रियामा नेपालका विभिन्न पार्टीहरू, प्रशिद्ध बौद्धिकहरू, लेखक-संपादकहरू, जनवर्गीय संगठनका प्रतिनिधिहरूले आ-आफ्ना धारणाहरू राखेका थिए । हामीले स्थानाभावले यहाँ पार्टीका प्रतिनिधिहरूको धारणा मात्र प्रस्तुत गर्न सकेका छौं । यी धारणाहरू अन्तर्क्रिया कार्यक्रममा गरिएको रेकर्डिङ्गबाट लिइएको हो । तर रेकर्डमा राष्ट्रिय जनआन्दोलन संयोजन समितिका, संयोजक भक्तबहादुर श्रेष्ठ, नेकपा मार्क्सवादीका अध्यक्ष प्रभुनारायण चौधरी, नेकपा संयुक्तका प्रकाश अधिकारीको रेकर्ड नभएकोले हामीले चाहेर पनि यहाँ उहाँहरूको धारणा प्रस्तुत गर्न सकेनौं । - मूल्यांकन।**

* ०५४/५५ सालतिर जुनबेला म पनि संसदको सदस्य थिएँ, र मानवअधिकार तथा परराष्ट्रसम्बन्ध समितिको सदस्य पनि थिएँ र त्यसको अध्यक्ष हिरण्यलाल श्रेष्ठ हुनुहुन्थ्यो, त्यतिबेला श्री ५ को सरकारको परराष्ट्र मन्त्रालयले "भू.पू. ब्रिटिश गोर्खा सैनिक संघको समस्या समाधानको निम्ति आवश्यक सुझाव देओस्" भनेर समितिमा एउटा चिठी पठायो । त्यसपछि यो समितिले भू.पू. ब्रिटिश गोर्खा सैनिक संघ, अन्य संघ-संस्था, ब्रिटिश राजदूतावाससँग सर-सल्लाह गऱ्यो । विभिन्न डकुमेन्टहरू संकलन गऱ्यो । र, त्यसको प्रतिवेदन तयार गर्नको लागि जेष्ठमा माननीय जयप्रकाश गुप्ताको संयोजकत्वमा एउटा उपसमिति पनि निर्माण गऱ्यो । त्यस समितिमा विभिन्न दलहरूको प्रतिनिधित्व थियो । समितिका सदस्यहरू धरान, पोखरा आदि ठाउँहरूमा गएर विभिन्न व्यक्तिहरूसँग भेटेर तथ्यहरू संकलन गरियो र प्रतिवेदन तयार गरियो । प्रतिवेदन तयार भएपछि उपसमितिले मूल समितिमा प्रतिवेदन पेश गऱ्यो । मूल समितिले त्यसलाई संसदमा पेश गरेपछि संसदमार्फत् त्यो प्रतिवेदन श्री ५ को सरकारमा गयो । त्यस प्रतिवेदनलाई सरकारले महत्वका साथ लिएर समस्या समाधानको लागि जुन पाइला चाल्नुपर्थ्यो, त्यो कुरा अहिलेसम्म व्यवहारमा देखिएको छैन ।

त्यस प्रतिवेदनले गोर्खालीहरूले ब्रिटिश सेनामा काम गरेको इतिहासलाई अगाडि सारेको छ । ब्रिटिश सेनामा नेपालीहरूलाई भर्ना गर्नको लागि ब्रिटिश सरकारले नेपाल सरकारलाई अनुरोध गरेको छ र नेपाल सरकारले पनि समय समयमा ब्रिटिश सेनामा भर्ना हुनको लागि सनद जारी गरेको छ । करीब सन् १८१५/१६ देखि सुगौली सन्धिपछि सन् १९४७ सम्म नै यो क्रम जारी रहेको देखिएको छ । सन् १९४७ मा भारतबाट ब्रिटेन हटेपछि ब्रिटिश सरकारसँग २० बटालियन नेपाली सेना थियो । २० बटालियनमा ८ बटालियन बेलायतले लग्यो, १२ बटालियन भारतमा छोड्यो ।

सन् १९४७ मा गोर्खा सेनाको विभाजनपछि उनीहरूलाई दिइने सेवासुविधा सम्बन्धमा नेपाल, भारत र ब्रिटिशको बीचमा त्रिपक्षीय सन्धि भयो । तर गोर्खा सैनिकहरूलाई सन् १९४७ को त्रिपक्षीय सन्धिअनुसार ब्रिटिशहरूसरह तलब सुविधा नदिइकन भारत र ब्रिटिश सरकार मात्रको सहमतिमा 'इन्डियन पे कोड'अनुसार तलब दिइएको छ । त्यो दुई पक्षीय सहमतिमा नेपालको हस्ताक्षर नै छैन रहेछ । भारत र ब्रिटिशको मात्र हस्ताक्षर रहेछ । ब्रिटिश सेनामा काम गर्ने गोर्खा सैनिकहरूले यही इण्डियन पे कोडअनुसार तलब सुविधा पाउनुपर्छ भन्ने ब्रिटिश सरकारको एकपक्षीय आग्रह छ ।



## "हाम्रो सुझाव मागियो, तर सुझावलाई रद्दीको टोकरीमा फालियो"

*- सी.पी. मैनाली, पोलिटब्यूरो सदस्य, नेकपा (माले)*

सबै सम्बन्धित डकुमेन्टको अध्ययन गर्दा हामी के निर्चोडमा पुग्यौं भने, नेपाल पक्षको हस्ताक्षर नै नभएको सन्धि मान्न नेपालबाध्य हुनुपर्दैन । यो अवैधानिक, अन्तर्राष्ट्रिय कानूनको विपरीत र गलत छ ।

सन् १९४७ को मूल सन्धिमा ब्रिटिश सेनामा काम गर्ने नेपालीहरूको हैसियत खुलाइएको थिएन । त्यसबेला पद्म शमशेरले 'नेपाली सैनिकहरू भाडाका सैनिकहरूजस्तो देखियो भने नेपालीहरूलाई ब्रिटिश सेनामा भर्ना गर्न मन्जुर छैन' भनेर अडान लिएको देखिएको छ । ब्रिटिश पक्षले 'ब्रिटिश सेनामा काम गर्ने गोर्खालीहरू ब्रिटिश सेनाका सदस्यहरू हुन् । त्यसैले 'उनीहरूको भर्ना, उनीहरूलाई दिइने तलब, सुविधा, प्रमोशन हरेक कुरामा ब्रिटिश सैनिकसरह नै हुनेछ । ब्रिटिश सैनिकसरह नै व्यवहार गरिने छ । उनीहरूलाई त्यस्तो व्यवहार गरिने छैन, जसबाट ब्रिटिश सेनामा काम गर्ने गोर्खालीहरूलाई 'भाडाका सैनिक'को धब्बा लागोस्' भनेर लिखित बचन दिएपछि मात्रै नेपाल ब्रिटिश सेनामा गोर्खाली सेना पठाउन सहमत भएको देखियो ।

परन्तु ब्रिटिश सरकारपछि आफैले दिएको यो लिखित बचन विपरीत गएको पाइएको छ । उसले नेपाललाई धोका दिएको देखियो ।

त्यसैले हामीले श्री ५ को सरकारलाई 'इण्डियन पे कोड'अनुसार जान मिल्दैन, ब्रिटिश सरकारले 'ब्रिटिश आर्मीसरह समान हैसियत दिने र समान सुविधा दिने' भनेर लेखेको पत्रअनुसार श्री ५ को सरकारले कदम चाल्नुपर्छ, हाम्रो प्रतिवेदनको पहिलो बुँदामा नै यो कुरा उल्लेख भएको छ ।

यो कुराबाहेक, हामीले के पायौं भने, ब्रिटिश सरकारले त्रिपक्षीय सन्धिमा उल्लेख भएका धेरै कुराहरू कार्यान्वयन गरेको छैन । त्रिपक्षीय सन्धिमा 'नेपाली सैनिकहरूलाई अरू देशको आन्तरिक मामिलामा



खाडी युद्धमा सहभागी गोर्खा सैन्यहरू

# नेपालको सार्वभौम संसदले भू.पू. ब्रिटिश गोर्खा सैनिकबारे के निर्देशन दिएको छ ?

विनाहतियारका जनताविरूद्ध प्रयोग गरिने छैन' भन्ने कुरा पनि उल्लेख भएको छ । तर ब्रिटिश सरकारले नेपालसँग कुनै राय सल्लाह नगरीकन नै नेपाली सैनिकहरूलाई मलाया, इण्डोनेशियालगायत विभिन्न देशहरूमा निशस्त्र जनता दवाउन पठाएको छ । यो बाहेक ब्रिटिश सरकारले त्रिपक्षीय सन्धिको प्रावधानविपरीत एकतर्फी रूपमा ब्रिटिश सेनामा काम गर्ने गोर्खाली सेनाहरूको कटौती गरिरहेको छ । अहिले आएर ब्रिटिश सेनामा २५ सय ३ हजारको संख्यामा मात्र गोर्खाली सैनिकहरू ब्रिटिश सेवामा छन् । यसो गर्न पनि त्रिपक्षीय सन्धिअनुसार ब्रिटिश सरकारले नेपालको सहमति लिनुपर्थ्यो ।

यस किसिमको असमानता र सन्धिको विपरीत ब्रिटिश सरकारले गरेको कामको विरूद्धमा अहिले ब्रिटिश गोर्खालीहरूले आन्दोलन चर्काइरहेका छन् । ब्रिटिशको बोलीमा लोली मिलाउनेहरूले के भनिरहेका छन् भने यसरी आन्दोलन गरियो भने ब्रिटिशले गोर्खा सैनिक भर्ना गर्ने काम नै समाप्त गरिदिन्छ । तर यसलाई समाप्त गर्ने हो वा जारी राख्ने हो भने पनि फेरि नेपाल पक्ष र ब्रिटिश पक्षको बीचमा सहमति हुनुपर्‍यो । सल्लाह हुनुपर्‍यो । सम्झौता हुनुपर्‍यो । यदि भर्ना नै बन्द गर्ने हो भने पनि नेपाल पक्षले डराउनुपर्ने छैन । ब्रिटिश सेनामा संलग्न गोर्खालीहरूको रक्षा हुनसक्छ, हित हुनसक्छ, त्यसमा विचार पुर्‍याउनु पर्‍यो । उनीहरूले सेवाबाट अवकास पाउने हो भने तिनीहरूको वैकल्पिक व्यवस्था कहिलेसम्म कसरी मिलाउन सकिन्छ, ती तमाम कुराहरूमा मध्यनजर राखेर मात्रै श्री ५ को सरकारले सहमति र सम्झौता गर्नुपर्छ । त्यसैले ब्रिटिश पक्षका मानिसहरूले जुन हल्ला गरिरहेका छन्, त्यो सन्धिको विपरीत छ ।

यी सबै कुराहरूको अध्ययन गरेर श्री ५ को सरकारलाई हामीले लिखित प्रतिवेदन पेश गरेका थियौं । त्योभन्दा अगाडि शेरबहादुर देउवा प्रधानमन्त्री भएको समयमा अन्य मुलुकको भ्रमणमा जाँदा राजकीय भ्रमण नभएता पनि औपचारिक भ्रमणमा भ्रमण टोली बेलायत पुगेको थियो । त्यस टोलीमा म पनि थिएँ । त्यसबेला प्रधानमन्त्री शेरबहादुर देउवाले भू.पू. गोर्खा सैनिकको बारेमा कुरा राख्नुभएको थियो । तर उहाँले अलि अलि तलब बढाइदिनु पर्‍यो भनेर आंशिक कुराहरू मात्र राख्नुभयो । या त उहाँले समस्याको मर्म बुझ्नु भएन या मर्म बुझेर पनि यसलाई राख्ने आँट गर्नुभएन । त्रिपक्षीय सन्धि तथा २००४ सालमा ब्रिटिश सरकारले गरेको लिखित वचनवद्धताअनुसार नेपाली र ब्रिटिश सैनिकहरूबीच समान व्यवहार गर्ने, तलब, पेन्सन तथा अन्य सुविधाहरू समान रूपमा दिने भन्ने कुरा ब्रिटिशले लागू गर्नुपर्छ भनेर सशक्तताका साथ दवाव दिन सक्नुभएन ।

त्यसपछि पनि लगातार रूपमै नेपाली काँग्रेस नै सत्तामा रहेको छ । ती सरकारहरूले यो समस्या समाधान गर्न कति प्रयत्न गरे ? अहिले पनि उहाँकै पार्टी सरकारमा छ । उहाँकै पार्टी सरकारमा भएको बेला ब्रिटिश सरकारले सुविधा बृद्धिको कुराहरू गर्‍यो । तर ब्रिटिश सरकारले जति सुविधा बृद्धि गर्न चाहेको थियो, त्यसलाई समेत नेपाली कांग्रेस सरकारबाट स्वीकार गरिएन ।

परराष्ट्रमन्त्री रामशरण महतले 'नेपालीहरूको जीवनस्तर थोरै छ, अलिकति मात्रै बढाए पुग्छ' भन्ने किसिमको कुरा गर्नुभयो भन्ने कुरा पनि आएको छ । म एउटा पूर्वसांसद र त्यस समितिको सदस्यको हैसियतले के भन्छु भने, संसदको गरिमा राखेर त्यस समितिले जुन प्रतिवेदन दिएको थियो, त्यसको अनादर भएको छ र त्यसको अवमूल्यन भएको छ । त्यसलाई सरकारले कुनै रद्दीको टोकरीमा फ्याँकेजस्तो मलाई लागिरहेको छ । संसदीय परिपाटीको सरकारले संसदीय समितिको कार्यलाई बिल्कुलै सम्मान गरेन । नेपालको हस्ताक्षरै नभएको 'इण्डियन पे कोड'अनुसार नेपालीहरूको तलब सुविधा जुन भइरहेको छ, प्रतिवेदनमा हामीले त्यसबारे सशक्त आवाज उठाएका थियौं । त्यसबारे पनि श्री ५ को सरकारले बेलायती समकक्षसित एक शब्द पनि उठाएन ।

यसरी एकातिर सरकारले गोर्खा सैनिकको समस्याको बारेमा मौन धारणा गरिरहेको छ भने अर्कोतिर, विपक्षमा रहेका पार्टीहरूले पनि अहिलेसम्म संसदमा एक शब्द बोलेको मैले सुनेको छैन । कुरा उठाएको भए म नभएको बेलामा उठाए कि, थाहा छैन । यदि नउठाएको भए म माननीय साथीहरूलाई यतापट्टि ध्यान आकृष्ट गर्न चाहन्छु । संसदको मर्यादा राखिदिनुस् । यो रिपोर्ट पढेर यो रिपोर्टले निर्देश गरेको कुरा सरकारले लत्याउन मिल्दैन भनेर तपाईंहरूले कुरा उठाउनु जरूरी छ ।

ब्रिटिशहरूको कुरा पनि हामीले सुन्यौं । उनीहरूको कुरा छ - "जति वर्षसम्म ब्रिटिश नागरिकहरूले सेनामा सेवा गर्छन्, त्योभन्दा अगावै नेपालीहरू विमुख हुन्छन्, कोही थोरै समयमै सेवाबाट अलग हुन्छन् । अर्को ब्रिटिशलाई दिने पेन्सनमा कर काटिन्छ तर नेपालीलाई दिने पेन्सनमा कर काटिदैन । तर भूपू गोर्खाहरूको माग के छ भने, समयको हिसावले समानुपातिक रूपमा बराबरी दिउन् र ब्रिटिशको कानूनअनुसार दिउन् । त्यहाँको कानूनअनुसार समान हैसियत पाउनुपर्‍यो । बराबरीको व्यवहार पाउनुपर्‍यो ।

यसलाई पनि हामीले सकारात्मक ढंगले लियौं र यो कुरा पनि रिपोर्टमा समावेश गरेका थियौं । नेपालको सरकारले ब्रिटिश सेनामा काम गर्ने नेपाली नागरिकहरूको सही आवाज सुनेर कूटनीतिक ढंगबाट समस्या समाधान गरिदिनु पर्‍यो । यो श्री ५ को सरकारको जिम्मेवारी हो ।

हामीहरू एमालेमा भएको बेलादेखि नै हामीहरू यो आन्दोलनको पक्षमा थियौं र समर्थन गरेका थियौं । कम्युनिष्ट आन्दोलनको शुरूवाततिर गोर्खालीहरूलाई 'भाडाको सैनिक'जस्तो व्यवहार गरेको, अरू मुलुकको लागि लड्नुपर्ने बाध्यता, अरू मुलुकमा भएको बिद्रोहलाई दवाउन हाम्रा दाजुभाइको प्रयोग गरेको देखेर कम्युनिष्ट पार्टीले 'गोर्खा भर्ती बन्द गर' भन्ने नारा उठाएको थियो ।

यो दृष्टिकोण कम्युनिष्ट आन्दोलनमा धेरै समयसम्म रह्यो । जब यस पेशामा रहेकाहरूले आफ्ना कुराहरू, असमानता र भेदभाव उजागर गरेर अगाडि बढे, मलाई लाग्छ नेपालका सबै कम्युनिष्टहरूले यसप्रति लिनुपर्ने नीतिका बारेमा केही समायोजन गरेका छन् । एउटा सार्वभौम राष्ट्रका नागरिकहरू अरू मुलुकको लागि काम गर्नु कम्युनिष्टहरूको लागि कहिल्यै मान्य हुनसक्दैन । एक दिन त यो भर्तीको व्यवस्था अन्त्य हुन्छ हुन्छ र हुनुपर्छ ।

अहिले गोर्खा भू.पू. सैनिकहरूले आफ्नो श्रमको उचित मूल्य र समान हैसियत पाउन आवाज उठाइरहेका छन् । यस आन्दोलनप्रति कम्युनिष्टहरू सकारात्मक र सहयोगी हुन्छन् नै । यो आन्दोलन खालि गोर्खा सैनिकहरूको मात्र छुट्टै आन्दोलन होइन । यो आन्दोलन देशको राष्ट्रको इज्जत, गौरव, सार्वभौमसत्ता र अस्मिता रक्षाको लागि चलाइएको आन्दोलन पनि हो ।

यही दृष्टिकोणबाट हामीले यस आन्दोलनलाई हेरेका छौं । 'सबै पार्टीहरूले यो समस्या हल गरिदिन लागीदिनुपर्छ' भन्ने उहाँहरूको आग्रह वडो सटीक छ भन्ने हामीलाई लाग्छ । र, यो आन्दोलनलाई हाम्रो पार्टी नेकपा (माले)ले सदा समर्थन गरिरहनेछ । ❑

**यो आन्दोलन खालि गोर्खा सैनिकहरूको मात्र छुट्टै आन्दोलन होइन । यो त देशको राष्ट्रको इज्जत, गौरव, सार्वभौमसत्ता र अस्मिता रक्षाको लागि चलाइएको आन्दोलन पनि हो ।**

# देशको स्वाभिमानसँग जोडिएको समस्या हो यो

– डिलाराम आचार्य –
राष्ट्रिय जनमोर्चाका प्रतिनिधि,
सांसद तथा राजमो केन्द्रिय सल्लाहकार

राष्ट्रिय जनमोर्चा यो आन्दोलनको पक्षमा छ । यसको पक्षमा हामीले सदनभित्र र बाहिर बोल्दै आएका छौं । यो आन्दोलनलाई राष्ट्रिय स्तरबाट माथि उठाएर अन्तरराष्ट्रिय स्तरसम्म पुऱ्याउनु भएकोमा म गोर्खा भू.पू. सैनिक संघका पदाधिकारीहरू तथा परिवारलाई हार्दिक बधाइ दिन चाहन्छु ।

यो आन्दोलन नेपालीहरूको रगतको मूल्य खोज्ने आन्दोलन हो । गोर्खा भू.पू. सैनिकहरूले कुनै उपहार खोजिरहेका छैनन् । तिनीहरूले आफ्नो अधिकार खोजिरहेका छन् । उनीहरू आफूले बगाएको रगतको समान मूल्य खोजिरहेका हुन् । ब्रिटेनका आफ्नै देशका नागरिकहरू युद्ध लड्न जाँदा उनीहरूको रगतको मूल्य धेरै हुने, उनीहरूको पसिनाको मूल्य धेरै हुने तर अरू देशका नागरिकहरू त्यही उद्देश्यको लागि लड्दा उनीहरूको रगतको मूल्य कम हुने तथा पसिनाको मूल्य कम हुने हुन्छ ? यदि त्यसो हुन्छ भने के आधारमा हुन्छ ?- ब्रिटिश सरकारले प्रष्ट पार्नुपर्छ ।

संसारमा त्यस्तो कुनै कानून छ भने, त्यस्तो कुनै मान्यता छ भने देखाउनु पऱ्यो । होइन भने एउटै किसिमको सेवा गरेवापत गोर्खाली सैनिकहरू र ब्रिटिश सैनिकहरूको बीच किन यस्तो असमान व्यवहार ?


यस्तो कामलाई हामीले तीव्र रूपमा भर्त्सना गर्नुपर्छ । यस्तो कार्यलाई अगाडि नबढाउन र तुरुन्त रोक्न लाउनको लागि सरकारलाई दबाव दिनुपर्छ ।

गोर्खा भू.पू. सैनिकहरूले गरेको आन्दोलनबाट नेपाल र ब्रिटिश सरकारको कूटनैतिक सम्बन्ध बिग्रन्छ भनेर सरकारले जुन तर्क दिएको छ, त्यसमा म के भन्छु भने, हामी मुफ्तमा आफ्नो नागरिकको रगत दिएर, पसिनाको मूल्य दिएर कूटनैतिक सम्बन्ध राम्रो पार्न चाहन्नौं । हामीले आफ्नो नागरिकको रगतको समान मूल्य माग्दैमा, पसिनाको समान मूल्य माग्दैमा कसैसित कूटनैतिक सम्बन्ध बिग्रन्छ भने बिग्रोस् । त्यसमा हामी डराउनु आवश्यक छैन भन्ने कुरा म यहाँहरूसँग राख्न चाहन्छु ।

यस आन्दोलनमा हामीले हाम्रा दुइवटा कुरामा ध्यान दिनु जरूरी छ ।

पहिलो कुरा त नेपालका सत्तासीनहरू यो आन्दोलनलाई पूर्ण रूपमा सफल हुन दिन चाहँदैनन् । बेलायती परराष्ट्रमन्त्री रविन कूक नेपाल आएको बेलामा हाम्रा विदेशमन्त्रीले सदनमा दिएको जवाफबाट नै के स्पष्ट भएको छ भने, ६० पाउण्ड पेन्सन पुऱ्याएकोलाई नै कांग्रेस सरकारले ठूलो उपलब्धि मानेको छ । ब्रिटिश सरकारले २८० पाउण्ड पेन्सन दिने कुरा निर्णय भएकोमा पछि बेलायती परराष्ट्रमन्त्रीले कांग्रेस सरकारसित कुराकानी गरेपछि ६० पाउण्डमै झार्ने टुंगो गरेको तथ्य हुँदाहुँदै सत्तासीनहरू त्यसैलाई नै 'ठूलो उपलब्धि भएको' हल्ला फिजाउँदै छन् ।

यसरी नेपालकै सत्तासीनहरूले नै यो भू.पू. गोर्खा सैनिकहरूको आन्दोलनलाई सफलताको बिन्दुमा पुऱ्याउँन नचाहेको कुरा प्रष्ट नै देखिन्छ ।


आन्दोलनको क्रममा भएको जुलूस

त्यसको साथै, यो आन्दोलनको अर्को समस्या भारतले नेपाललाई आफ्नो सुरक्षाको छाताभित्र राख्न चाहने भावना हो । ब्रिटिश सरकारले भारत छोड्ने समयमा त्रिपक्षीय सन्धिअनुसार भारतमा भएका २० बटालियन नेपाली सैनिकहरूमध्ये १२ बटालियन भारतमै छोडेर ८ बटालियन मात्र ब्रिटिश सरकारले आफ्नो देशमा लगेको थियो ।

तर ब्रिटेनमा लगेका नेपाली सैनिकको तलबभत्ताको निर्धारण चाहिं इण्डियन पे कोडअनुसार हुने भनेर नेपालको हस्ताक्षर र सहमतिविना नै ब्रिटेन र भारतको दुईपक्षीय सन्धिअनुसार गरियो । ब्रिटिश र भारत दुई पक्षले मात्र हस्ताक्षर गरेको, नेपालले सही नै नगरेको सन्धि नेपाललाई कसरी लागू हुन्छ ? यस प्रश्नसँग हाम्रो राष्ट्रिय स्वाभिमानको कुरा जोडिएको छ । त्यसैले यो आन्दोलन देशको स्वाभिमान तथा राष्ट्रियता र सार्वभौमसत्तासँग जोडिएको आन्दोलन हो ।

दुनियाँभरि 'भाडाका सिपाही'को रूपमा चिनिएका र त्यसैको रूपमा बदनाम भइसकेका मान्छेहरूले स्वाभिमानको लागि टाउको उठाउनु, हाम्रो विगतको इतिहासको मूल्यांकन गर्नु, हिजो भएका षडयन्त्र र जालझेलहरूको विश्लेषण गरेर ब्रिटेनजस्तो शक्तिशाली मानिएको र प्रजातन्त्रको जननी भनिएको देशलाई अन्तरराष्ट्रिय क्षेत्रमै निर्वस्त्र पार्नसक्नु ठूलो कुरा हो । यस आन्दोलनले नेपालभित्रै गाउँगाउँका मानिसहरूदेखि अन्तरराष्ट्रिय क्षेत्रसम्म ब्रिटिश सरकारले गरेका बदमासीका कुराहरू पुऱ्याउनसक्नु यसको ठूलो उपलब्धि हो । यसरी नै आन्दोलनलाई अगाडि बढाउँदै लैजाने हो भने यसले ठूलो उपलब्धि हासिल गर्नसक्ने छ । त्यसमा हाम्रो दल, राष्ट्रिय जनमोर्चाको पूर्ण रूपमा समर्थन र सहयोग रहँदैआएको छ र रहँदैजानेछ । ❑

# विदेशमा बस्ने कुरालाई भने दुरूत्साहित गर्नुपर्छ



सीताराम तामाङ,
महासचिव नेकपा (मालेमा)

*साम्राज्यवादीहरूले आफ्नो हितको निम्ति नेपालका जनजातिहरूलाई उपयोग गर्ने काम गर्दै आएका छन् । यो काम राणाकालमा अझ चर्को रूपमा भएको थियो । किनभने नेपालमा राणाहरूको निरंकुश तथा जहानीया शासन टिकाउनको लागि भारतमा राज गरिहेका साम्राज्यवादी अंग्रेजहरूको सहयोगको आवश्यकता थियो । त्यही सहयोग पाउनको लागि राणाहरूले बेलायतीहरूको निरन्तर सेवा गरिरहेका थिए । जंगबहादुर आफै नेपाली सैनिकहरू लिएर अंग्रेजहरूका विरूद्ध आन्दोलन गरिरहेका भारतीय जनतालाई दवाउन भारत पुगेका थिए । त्यस्तै, प्रथम विश्वयुद्ध तथा दोस्रो विश्वयुद्धमा पनि राणाहरूले अंग्रेजहरूलाई ठूलो जनधन दिएर सहयोग गरे । अहिले पनि ब्रिटेनले स्वतन्त्रता आन्दोलन चलाइरहेका जनतालाई दवाउन नेपाली सैनिकहरू पठाइरहेको छ ।*

*यसरी ब्रिटिश स्वार्थमा लडिरहेका र उनीहरूकै सेवा गरिरहेका गोर्खा सैनिकहरूलाई असमान व्यवहार गर्नु कहाँको न्याय हो ? यसले के प्रष्ट गरेको छ भने साम्राज्यवादीहरू न्यायको पक्षमा हुँदैनन् । भू.पू. ब्रिटिश गोर्खाको आन्दोलन भनेको समान काम गरेवापत समान ज्याला प्राप्त गर्नको लागि भएको आन्दोलन हो ।*

*कम्युनिष्टहरूले यो कुरालाई पहिलेदेखि नै उठाउँदै आएका छन् । त्यसैले अहिले गोर्खा भू.पू. सैनिकहरूले उठाइरहेका कुराहरू जायज छन् । यी उठाउनै पर्ने कुराहरू हुन् । नेपाल कम्युनिष्ट पार्टी मालेमा यो आन्देलनलाई सहयोग गर्न बाचनवद्धता प्रकट गर्दछ । यो आन्दोलन लगातार अगाडि बढिरहोस् । एकतावद्ध भएर यो आन्दोलनलाई अगाडि लैजानुपर्छ । सबै राजनैतिक पार्टीहरूले यसलाई सहयोग गर्नुपर्छ । म मेरो पार्टीको तर्फबाट र मेरो व्यक्तिगत रूपमा पनि आफ्नो प्रतिवद्धता जाहेर गर्छु ।*

*'बेलायतका आवासीय भिसा पाऊँ' भन्ने एउटा माग रहेछ । मेरो विचारमा यो ठीक भएन । हामीले आफ्नै देशमा लड्नुपर्छ, विदेशमा बस्ने कुरालाई भरसक दुरूत्साहित गर्नुपर्छ भन्ने मेरो सुझाव छ । अर्को एउटा मेरो सुझाव हामी सबैले लिखित हस्ताक्षर गरेर लिखित दवाव श्री ५ को सरकारलाई दिनुपर्छ भन्ने छ ।* ❑

# गोर्खा भू.पू. सैनिक संघले उठाएका समस्याहरुमा एमालेको पूर्ण समर्थन छ



- युवराज कार्की
*केन्द्रीय सदस्य (नेकपा एमाले)*

वास्तवमा अहिले गोर्खा भू.पू. सैनिक संघले उठाएको गोर्खा सैनिकहरूको समस्या हामीले यो संघको स्थापना हुनअगाडिदेखि नै उठाउँदै आइरहेका थियौं । गोर्खा सैनिकहरू धेरै अन्यायमा परेका छन् भनेर हामीले धेरै पहिलेदेखि नै आवाज उठाउँदै आएका छौं । निरंकुश पंचायतकालमा त्यही आवाज उठाएबापत हामीले डण्डा पनि खाएका हौं । यसरी नेकपा एमालेले गोर्खा सैनिकको समस्यालाई लिएर हिजैदेखि लड्दै आएको थियो र अहिलेको यो आन्दोलनलाई पनि हाम्रो समर्थन र सहयोग छ ।

बहुदलको स्थापनापछि नेपालमा प्रथम पटक वामपन्थी सरकार बनेको बेलामा तात्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी बेलायत भ्रमणमा जानुभएको थियो । त्यतिबेला बेलायत सरकारसमक्ष पहिलो पटक नेपाल सरकारले औपचारिक रूपमा गोर्खा सैनिकको समस्या राखेको थियो ।

हाम्रो पार्टी एकीकृत हुँदाको बेला संसदको मानवअधिकार तथा परराष्ट्र समितिमा जुन धारणाहरू, जुन विचारहरू र जुन दृष्टिकोण बनेका छन्, अहिलेसम्म पनि हाम्रो त्यही धारणा र दृष्टिकोण रहेको छ । हामी त्यस धारणाप्रति प्रतिबद्ध छौं र संसदमा जोडदार रूपले कुरा उठाएका छौं । सरकारको नीति र कार्यक्रममाथि हामीले संशोधन प्रस्ताव पेश गरेका छौं । संसदको शून्य समयमा कुरा उठाएका छौं, विशेष समय लिएर बोलेका छौं । त्यस कारण 'प्रतिपक्षको दृष्टिकोण नै स्पष्ट छैन, यस आन्दोलनलाई उपेक्षा गरेको छ' भनेर उठाइरहेको कुरा अलि बढी गुनासो भयो कि ? भन्ने मलाई लागेको छ । यस्तो अवस्थामा नेकपा एमाले छैन ।

हामी तपाईंहरूको आन्दोलनलाई साथ दिनको निमित्त हरहमेशा तयार छौं । वास्तवमा यो समस्याको समाधान गर्ने जिम्मेवारी त सरकारको हो । हामीले त आवाज उठाउनेसम्म हो । हाम्रो कर्तव्य भनेको तपाईंहरूको आन्दोलनलाई साथ दिनु हो । त्यसैले तपाईंहरू संघर्षमा उत्रनु भयो भने हामी जस्तोसुकै साथ दिन पनि तयार छौं ।

तपाईंहरूले उठाउनु भएको आन्दोलन जायज छ । तपाईंहरूको माग जायज छ । अझ यो आन्दोलन गोर्खा सैनिकको मात्र आन्दोलन नभएर, खास समुदायको मात्रै आन्दोलन नभएर यो नेपालको राष्ट्रिय आन्दोलन हो । यो राष्ट्रिय अस्मिता तथा सार्वभौम सत्ताको लागि उठाइएको आन्दोलन हो ।

तपाईंहरूको मनमा जति चोट पुगेको छ, त्यति चोट हाम्रो मनमा पनि पुगेको छ । त्यसकारण तपाईंहरूको संघर्षमा हाम्रो एक्यबद्धता रहने छ । तपाईंहरूको कुनै पनि जायज कदमप्रति हाम्रो पार्टीको पूर्ण समर्थन रहने छ । ☐



# गोप्य सन्धि नै गोर्खा सैनिकको समस्याको जड हो



- चेतेन्द्रजंग हिमाली
*(हरियाली पार्टी)*

भारत स्वतन्त्र हुने बेलामा नेपालमा राणा प्रधानमन्त्रीमध्ये सबभन्दा सोझा प्रधानमन्त्री पद्म शमशेर थिए । उनलाई भारतमा बोलाइएको थियो । तर उनी त्यहाँ जान मानेनन् । फलस्वरूप ब्रिटिश इण्डियाका प्रतिनिधि नेपालमा आए । उनलाई त्रिपुरेश्वर गेष्ट हाउसमा राखियो । उनीसँग कुराकानी हुँदा "भाडाका सैनिक होइनन् नेपालीहरू, ब्रिटिश सेनाको अभिन्न अंगको रूपमा नेपाली जवानलाई मानिनेछ भन्ने हो भने 'म सन्धिमा हस्ताक्षर गर्छु, नत्र गर्दिनं" भनेर पद्म शमशेरले अडान लिए । त्यसै आधारमा सन् १९४७ को त्रिपक्षीय सन्धि भयो । त्यो सन्धिमा ब्रिटिश सेनाको अभिन्न अंगको रूपमा नेपालीलाई स्वीकार गरियो र तलब सुविधा सम्पूर्ण समान हुने लिखित वचनबद्धता ब्रिटिश सरकारको तर्फबाट जाहेर गरियो । यही सन्धिअनुसार भारतमा भएका नेपाली सैनिकको २० बटालियनमा, ८ बटालियन ब्रिटिशले लैजाने र भारतले १२ बटालियन राख्ने गरी बाँडफाँड गरियो ।

तर त्यसपछाडि भारतको तात्कालीन अन्तरिम सरकारको विशेष अनुरोधमा बेलायतले 'इण्डियन पे कोड'अनुसार मात्र नेपाली जवानहरूले तलब सुविधा पाउने कुरामा सहमति जनाएर छुट्टै गोप्य रूपमा द्विपक्षीय सन्धि गऱ्यो । त्यही सन्धि नै अहिले सम्पूर्ण समस्याको जड हो ।

अब आएर यो समस्याको जडलाई अन्त्य गर्ने हो भने ब्रिटिश सरकारले नेपालसमक्ष क्षमायाचना गर्नु पर्‍यो कि त्यतिखेर भारतीयहरूको षडयन्त्रमा सामेल भएर त्रिपक्षीय सन्धि र लिखित बचनबद्धताको विपरीत गएर नेपालीहरूलाई अन्यायपूर्ण, असमान व्यवहार गरेको हो । अब उप्रान्त त्यसो गरिने छैन ।

यस्तो गर्न लाउनको लागि श्री ५ को सरकारले पहलकदमी गर्नु पर्‍यो ।

नेपालको केन्द्रीय तथ्याङ्क विभागमा भएको जनगणनाको तथ्याङ्कअनुसार प्रथम र दोस्रो विश्वयुद्धमा गरेर ३ लाख ५५ हजार नेपाली विदेश गएको देखिन्छ । मर्नेहरूको संख्या कति भयो, त्यसको तथ्याङ्क चाहिं न त सरकारसितै छ न ब्रिटिशहरूले दिएका छन् ।

नेपाल सार्वभौमसत्ता सम्पन्न मुलुक हो भनेर भन्ने हो भने त्रिपक्षीय सन्धिको विपरीत गएर बेलायत सरकारले गोर्खाली जवानहरूलाई 'इण्डियन पे कोड' मुताबिक असमान तलब सुविधा दिएको छ, त्यसको नेपालको सरकारले डटेर विरोध गर्नुपर्ने हो । आफ्नो देशको सार्वभौमसत्ता र राष्ट्रिय मर्यादाकै रक्षा गर्न सक्दैन भने यो सरकारले अरू के गर्छ ?

आज हामी थुप्रै पार्टीका प्रतिनिधिहरू, सांसदहरू र बुद्धिजिवीहरूले भू.पू. गोर्खा सैनिकहरूको आन्दोलनमा ऐक्यबद्धता जनाउनु आवश्यक छ । किनकि यो राष्ट्रिय स्वाभिमान र सार्वभौम सत्तासँग जोडिएको आन्दोलन हो । हामी सबैले आ-आफ्नो ठाउँबाट यो आन्दोलनलाई साथ दिऊँ र सरकारलाई पनि दबाव दिऊँ । ☐

# असमान व्यवहार ठीक भएन

अनिलकुमार शाह
*आधिकारिक प्रतिनिधि, नेपाल सदभावना पार्टी*

*गोर्खा भू.पू. सैनिक संघले अघि बढाएको आन्दोलन र मागहरूप्रति नेपाल सद्भावना पार्टीका तर्फबाट म ऐक्यबद्धता जाहेर गर्न चाहन्छु । ब्रिटिश सरकारलाई आफ्नो साम्राज्य बढाउने काममा नेपाली नागरिकहरूले जुन इमान्दारिताका साथ सहयोग गरे, त्यसबापत न्यायोचित पारिश्रमिक तथा ब्रिटिश सैनिकसरह समान व्यवहार पाउन नसकेको कुरा सुन्दा हामीलाई ठूलो दुख र आश्चर्य लागेको छ । ब्रिटेनजस्तो मानववादी र प्रजातान्त्रिक भनेर चिनिएको देशले एउटै काम गरेबापत आफ्नो नागरिक र नेपालीहरूलाई असमान व्यवहार गर्नु न्यायोचित भएन । युद्धको मैदानमा छातीमा गोली थाप्दा नेपाली र ब्रिटिश सैनिकहरूले समान रूपमा थाप्नुपर्ने, तर तलब सुविधा दिंदा चाहिं असमान व्यवहार भोग्नुपर्ने- यो ठीक काम भएन । नेपाल सदभावना पार्टी ब्रिटिश सरकारको यो असमान र अन्यायपूर्ण व्यवहारको भर्त्सना गर्दछ । र, गोर्खा सैनिकको आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गर्दछ ।*

*नेपालमा तीन थरिका जनताहरू छन्- मदिशेहरू, सेता मगुरालीहरू र बा.क्षे.का.द.सा. । निश्चित रूपमा मदिशे र सेता मगुरालीहरूसँग यो देशमा न्याय भएको छैन । म नेपाल सदभावना पार्टीको तर्फबाट के स्पष्ट गर्न चाहन्छु भने शायद ब्रिटिश गोर्खामा बा.क्षे.का.द.सा.को सहभागिता बढी भएको भए नेपाल सरकारले पहिले नै सुनवाइ गरिसक्यो । तर यसमा बढीसेबढी जनजातिहरूको सहभागिता भएको कारणले नै यो समस्या अहिलेसम्म बाँकी भएको हो । (बाक्षेकादसा भनेको -बाहुन, क्षेत्री, कामी, दमाई र सार्कीहरू हुन्) यो हाम्रो पार्टीको आधिकारिक कुरा हो । ☐*

# भू.पू. ब्रिटिश गोर्खा सैनिकका समस्यालाई कसरी अन्तर्राष्ट्रियकरण गरिंदैछ ?



◆ डा. ओम गुरुङ्, *समाजशास्त्री*

मैले साढे दुई वर्षदेखि यो भू.पू. गोर्खा सैनिक संघको आन्दोलनमा सक्रिय रूपले भाग लिइरहेको छु । आन्दोलनले विभिन्न चरणहरू पार गरिसकेको छ । मेरो बिचारमा नेपालमा भएका विभिन्न जनवर्गीय संगठनहरूले गरेका आन्दोलनहरूमध्ये यो संगठनको आन्दोलन सफलतापूर्वक अघि बढिरहेको छ । यो आन्दोलन एउटा निश्चित दिशातिर उन्मुख भइसकेको छ र यसले आफ्नो गति लिइसकेको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा पनि यो आन्दोलन स्थापित भइसकेको छ । यो आन्दोलन शुरू भएदेखियता सडक आन्दोलन, सभा, सेमिनार, पत्रकार सम्मेलनबाहेक दुईवटा महत्वपूर्ण प्रक्रिया यो आन्दोलनले पार गरेको छ । त्यो हो – २०५६ साल आश्विन १, २ र ३ गते काठमाण्डौमा भएको अन्तर्राष्ट्रिय सम्मेलन र सन् २०००, मार्च २६ देखि अप्रिल २८ सम्म जेनेभामा भएको राष्ट्रसंघीय '५६ औं मानवअधिकार अन्तर्राष्ट्रिय सम्मेलन'मा आफ्नो प्रतिनिधित्व गर्नु ।

यी सम्मेलनहरूमा गोर्खा भू.पू. सैनिक संघको राजनैतिक, आर्थिक, सामाजिक तथा मानवअधिकारको हिसाबले भएका आन्दोलनबारे बिस्तृत रूपमा ब्याख्या विश्लेषण गर्ने मौका पाइयो । हाम्रो कुरा सुनिसकेपछि 'यो गोर्खा सैनिकहरूको समस्या भनेको नेपालको राष्ट्रिय समस्या हो । नेपालका राजैतिक पार्टीहरू, मानवअधिकारवादीहरू, कानूनविद्हरू, विज्ञहरू तथा अन्य सबै क्षेत्रबाट आन्दोलनको पक्षमा सशक्त आवाज उठाइनुपर्छ' भन्ने कुराहरू त्यो अन्तर्राष्ट्रिय सम्मेलनले पारित गऱ्यो ।

जेनेभा सम्मेलनमा गोर्खा भू.पू. सैनिकहरूको स्थिति, सैनिक संघका मागहरू र आन्दोलनहरूको उल्लेख गरेर मैले एउटा कार्यपत्र प्रस्तत गरेको थिएँ । कार्यपत्रको प्रस्तुतिपछि त्यहाँ उपस्थित प्रतिनिधिहरू छक्क परे । ब्रिटिशहरूले त्यसरी भेदभाव गरेका होलान् र ? भनेर उनीहरूले कल्पनासम्म पनि गरेका थिएनन् ।

उनीहरूको भनाइ थियो– एक देशका मान्छेहरू अरू देशमा गएर जागीर खाने चलन अन्य देशहरूमा पनि छ । उनीहरू आफ्नो मूल्य-मान्यता र आफ्नो हैसियतका साथ जागीर खान्छन् । यस्तो किसिमको विभेद अरू देशमा भएको देखिंदैन ।

यो कुरा सुनेर ब्रिटिशहरूले कुनै किसिमको जवाफ दिन सकेनन् । उनीहरू चुप लागेर बसिरहे । यदि हामीले भूठो कुरा बताएको भए उनीहरूलाई 'राइट टु रिप्लाइ' भन्ने एक किसिमको प्रोभिजन हुँदोरहेछ । त्यसै प्रोभिजन अर्न्तगत हामीले भनेका कुराहरूमा 'कुनै सत्यता छैन, यी आधारहीन कुराहरू हुन्' भनेर ब्रिटिशले जवाफ दिन सक्नेरहेछ । तर हामीले भनेका कुराहरू सही र तथ्य भएका हुनाले उनीहरू नाजवाफ हुनुपऱ्यो । अरू प्रतिनिधिहरूले ब्रिटिशहरूको मुखमा हेरे । त्यहाँ उपस्थित बुद्धिजिवीहरू, मानवअधिकारवादीहरू अतिप्रभावित भए । उनीहरूको समर्थन हामीलाई प्राप्त भयो ।

त्यहाँ सम्मेलन सकेपछि हामीहरू यूरोपका ८ वटा देशहरू घुम्यौं । ती देशहरूका राजनैतिक पार्टीहरू, बौद्धिकहरू, मानव अधिकारवादीहरू, अन्तर्राष्ट्रिय कानूनविद्हरू तथा विभिन्न संघ-संस्थाहरूसमक्ष हाम्रा कुराहरू राख्यौं । हामीले चलाइरहेका आन्दोलनप्रति उनीहरूको नैतिक समर्थन लिन हामी समर्थ भयौं ।

यसबाहेक पनि ब्रिटेनकै नागरिकहरूले 'गोर्खालीहरूलाई त्यस्तो भेदभाव गरिनु हुँदैन, यसले गर्दा अन्तर्राष्ट्रिय क्षेत्रमै हाम्रो बेइजति

> *जेनेभा सम्मेलनमा गोर्खा भू.पू. सैनिकहरूको स्थिति, सैनिक संघका मागहरू र आन्दोलनहरूको उल्लेख गरेर मैले एउटा कार्यपत्र प्रस्तत गरेको थिएँ ।*

भइरहेकोछ, यस्तो खालको भेदभावको अन्त्य गरिनुपर्छ' भनेर ब्रिटिश सरकारलाई दवाब दिइरहेका छन् । ब्रिटिश संसदमा त्यहाँका एकजना विपक्षी दलका संसद सदस्यले यो कुरा उठाएर ब्रिटिश सरकारलाई दवाव दिइरहेका छन् ।

यसरी गोर्खा सैनिकहरूको आन्दोलनले अन्तर्राष्ट्रिय क्षेत्रमै समर्थन प्राप्त गरिसकेको छ । तर यतिले मात्र यो आन्दोलनले पूर्ण सफलता पाउन सक्तैन । यो आन्दोलनले पूर्ण सफलता पाउनको लागि हाम्रै देशको सरकारको सहयोगको खाँचो पर्दछ । तर अहिलेसम्म गोर्खालीहरूको आन्दोलनको बारेमा सरकारले कुनै किसिमका आधिकारिक कुराहरू सार्वजनिक गरिसकेको छैन । त्यसको सट्टा बरू आन्दोलनलाई भड्काउने, बिथोल्ने, दबाउने तथा विदेशीहरूको दलाली गरेर आन्दोलनलाई निस्तेज गर्ने प्रयत्न गरिएको छ ।

यो आन्दोलनसँग जोडिएको राष्ट्रियता, स्वाभिमान, सार्वभौमिकताका सवालहरूमा हाम्रो देशको सरकार लाचार भइरहेको छ । यो आन्दोलनप्रति सरकारले जुन किसिमको मौनता देखाएको छ, त्यो ठीक भएन । किनभने यो राष्ट्रिय आन्दोलन हो, यो देशका नागरिकहरूले उठाएको आन्दोलन हो । यो समस्याको समाधान गर्ने जिम्मेवारी नेपाल सरकारले लिनुपर्दछ । चाहे त्यो कुटनैतिक हिसाबले होस् चाहे अन्य कुनै किसिमले ब्रिटेनसँग यसको छिनोफानो गरिनु पर्दछ ।

गोर्खा सैनिकहरूकै आन्दोलनको कारणले गर्दा ब्रिटिश सरकारले केही समयअघि गोर्खालीहरूको पेन्सन बढाउन बाध्य हुनुपरेको छ । तर त्यो पनि 'इन्डियन पे कोड'को आधारमा गरिएको छ ।

त्यसकारण नेपालका राजनीतिक पार्टीहरूले, मानवअधिकारवादी संगठनहरूले, विभिन्न जनवर्गीय संगठनहरूले र बुद्धिजिवीहरूले यो आन्दोलनसँग गाँसिएका प्रश्नहरू जायज छन् कि छैनन्, ती राष्ट्रिय मुद्दा हुन् कि होइनन्, ब्रिटिशहरूको व्यवहारले हाम्रो राष्ट्रियतामा, स्वाभिमानमा, सार्वभौमिकतामा आँच पुऱ्याउँछ कि पुऱ्याउँदैनन् ? भन्ने कुरा गहिरिएर हेर्नु जरूरी छ । र, यस आन्दोलनमा ऐक्यबद्धता जाहेर गर्नु जरूरी छ । ❑


**मूल्यांकनको आगामी अंकमा**

'नौ वामहरू मिलेर चार वाम बन्नु पर्छ'

नेपाली वाम आन्दोलनको स्थिति र एकताका संभावनाहरू बारे आनन्ददेव भट्टको विशेष लेख !



नव युवा

'मूल्यांकन' मासिकको सह प्रकाशन 'नव युवा' मासिक पनि इन्टरनेटमा राखिएको छ ।

यसको ठेगाना हो : www.yuwa.itgo.com

# ◀ पाठकको कुरो

## नारायण ढकालका भनाइहरू

गताङ्कमा कामरेड खगेन्द्र संग्रौलाले लेख्नुभएको टिप्पणीमा मेरा भनाइहरू निम्न प्रकार छन् :

१. मेरो किताब 'शोकमग्न यात्रीहरू'मा मैले जिकिर गरेका तमाम मान्यताहरू मेरो लागि अहिले पनि उत्तिकै सही छन् । मैले त्यस विषयमा पहिले नै स्पष्ट भनिसकेको हुँ । म मेरा हतियारहरू कम्पुकोतको अँध्यारोमा थन्क्याएर एमालेमा जान लागेको होइन । यस विषयमा मैले थप्नुपर्ने कुरा यति मात्र हो - हिजो नेकपा एमालेभित्र रहेर राष्ट्रियता र प्रजातन्त्रको मामलामा मैले चलाएको संघर्ष ठीक थियो । तर त्यही दौरानमा नेकपा (एमाले) फुटाउने मेरो कदम चाहिँ ऐतिहासिक रूपले गलत सिद्धभयो । यो कुरा धेरैअगाडि मैले सार्वजनिक गरेको तथ्य थियो ।

२. म एमालेमा सयका सय कुरा मिलेर फर्केको होइन । आधारभूत रूपमा धेरै कुरामा मेरो मेल देखिएर मात्र म त्यहाँ पुगेको हुँ । हो, मैले स्वीकार गर्नैपर्छ कि दुई वर्ष पाँच महिनाअगाडि मेरो यस्तो धारणा थिएन । म एमालेभन्दा राम्रो हुन्छ भनेर मालेमा लागें, मालेभन्दा राम्रो हुन्छ भनेर तेस्रो धारमा लागें । त्यस बीचमा मैले अन्य मध्यवर्ती रूझान राख्ने वाम समूहहरूलाई पनि हेरें । तिनीहरू झन् अन्यौलमा छन् । तिनीहरू नेकपा माओवादी वा नेकपा एमालेको कार्यनीतिको चेपुवामा परेका छन् । चुनाव वा जनसंघर्षको बेला त्यो प्रकट हुने गरेको छ । त्यसैले मलाई अस्पष्ट हुन मन लागेन । कि म नेकपा माओवादीमा जानु पर्थ्यो । म राजनीतिक रूपमै माओवादीसित असहमत भएकोले त्यहाँ गइँन ।

३. नेकपा एमाले र माले छोडेपछि म रचनात्मक रूपले धेरै सक्रिय भएँ । तर असंगठित हुँदा मैले पनि केही गल्ती गर्न थालेको रहेछु । जस्तो : म जुन कुराको विनिर्माण गर्ने कलम चोप्दैछु -अनि निर्माणचाहिँ के गर्दैछु ? यो प्रश्नले मलाई मार्क्सवादी पण्डित भएर सबैलाई उपदेश मात्र दिने हीनग्रन्थीको गनगने पिचाश भएर रहन मन लागेन । केही समयअगाडि मैले आफूलाई जण्ड सुधारवादी काँटको मानिस भनेको पनि हो । मेरो त्यो सुधारवादी आग्रह म हिजो नेकपा एमालेमा रहँदा पनि यथावत् थियो । पजेरो, रातो पासपोर्ट, सुत्केरीको ओखतिका विरोधमा म थिएँ । ती मान्यताहरूमा म आज पनि अडिग छु । यस्तो अवस्थामा म कसरी 'शोकमग्न यात्रीहरू'को विरोधमा भएँ ?

- नारायण ढकाल
*मूलपानी, काठमाण्डौ*

## निर्मल लामा बारेको सामग्री

मूल्यांकनको ७६ औं र ७७ औं दुवै अंकमा निर्मल लामासम्बन्धी सामग्री विशेष रूपमा दिएको पाउँदा हामी पाठकहरूलाई अग्रज वाम नेताको जीवनसँग परिचित हुने मौका मिलेको छ । कम्युनिष्ट योद्धाको जीवन-कहानी दिने राम्रो परंपरा यस पत्रिकाले राखेकोमा धन्यवाद । ७७ औं अंकमा संपादकीय, 'घटना र प्रवृत्ति'को माओवादी प्रकरण एवं मसाल र एकताकेन्द्रको कुरो तथा 'आँखीझ्याल'को विवरण पनि पठनीय छ । 'विश्व कम्युनिष्ट आन्दोलन'ले नयाँ प्रेरणा दिएको छ । 'दर्शन' र 'नीति संस्कृति' तथा 'विद्यार्थी गतिविधि पनि राम्रो लाग्यो ।

- शिवप्रसाद खनाल
*डेढगाउँ- ९, नवलपरासी हाल केउरानी ।*

## चन्द्रदेव नेपालीको लेख

हाम्रा वामपन्थी मित्रहरूमा संकीर्णता र अस्पष्टताले कतिसम्म असर गरेको छ भन्ने कुरा ने.क.पा. (एकताकेन्द्र)को व्यवहारले देखाएको छ । 'क. लामाको शवलाई टुँडिखेलमा राख्नै हुन्न, नत्र परिवारजनले ढ्याङ्ग्रो ठोक्छन्' भन्ने भ्रमात्मक प्रचार गरी परिवारजनलाई संकीर्ण देखाउने प्रयास एकता केन्द्रका केही नेताहरूले गरेको कुराबारे पनि चन्द्रदेव नेपालीले उल्लेख गर्नु जरूरी थियो । हामी उक्त पार्टीका कार्यकर्ताहरूले भन्ने आँट गर्न नसकेका कुराहरू उहाँले लेखीदिनु भएकोमा धन्यवाद !

- विष्णु आचार्य
*नारायणगढ, चितवन ।*

## नारायण ढकालबारे

कुन त्यस्तो स्वार्थ हो, जसको लागि नारायण ढकाल एमालेमा पस्नुभयो ? - गत अंकमा खगेन्द्र संग्रौलाको लेख पढ्दा यो निकै चाखलाग्दो प्रश्न मेरो मनमा उठ्यो । महाकाली सन्धिबारे एमालेलाई उहाँले गर्नुभएको हिजोको आलोचना के एमालेसँग 'मोलतोल' गर्ने निहुँमात्र थियो त ?

- तीर्थराज शाक्य
*स्वयंभू, काठमाण्डौ ।*

## आलोचना र मूल्यांकन

यस मूल्यांकन मासिकले सबै पक्षहरूको निरन्तर मूल्यांकन, आलोचना गर्दै आएकोमा म लगायत सम्पूर्ण पाठकहरू आभारी छौं । यसरी नै यस पत्रिकाले विविध पक्षहरूको निरन्तर आलोचना एवं मूल्यांकन गर्दै लगेर वर्तमान परिप्रेक्ष्यको एक चुनौतीपूर्ण पत्रिका बन्न सफल होस् ।

- रबिन 'प्रेमी'सेलिङ
*ओयाम-२, सिक्तेन, पाँचथर ।*

## ७८ अंकबारे

अमेरिकी साम्राज्यवाद र त्यसको मतियार कोलम्बिया सरकारविरूद्ध करीब चार दशकदेखि लड्दैआएका वामपन्थी छापामारहरू आगामी ५ वर्षभित्रमा विजयी हुने खबर मूल्यांकनमार्फत् राजेन्द्र महर्जनको आवरण कथाबाट पढ्न पाउँदा अत्यन्त खुसी तुल्याएको छ । छापामारहरूको युद्धप्रति हार्दिक ऐक्यवद्धता जाहेर गर्दै शिघ्र सफलताको कामना गर्दछु ।

के माओवादी र सरकारबीच वार्ता होला ?, खगेन्द्र संग्रौलाको *लेखकको शव पछि पछि शोकमग्न यात्रीहरू*, चन्द्रदेव नेपालीको *मार्क्सवाद भिन्नमत देखेर तर्सन्छ ?* र विमल निभाको व्यंग्य समसामयिक र सान्दर्भिक छन् ।

- प्रकाश शाह 'अभागी'
*धनगढी-२, सरस्वतीनगर, कैलाली*

## महिला स्तम्भ भेटिएन

मूल्यांकनको ७७ औं अंकमा महिलाको फोटोसम्म नभेटिएकोले हामी आधी आकाश भनेर चिनिए पनि नून खोर्सानी पिध्नेमा मात्र आधा रहेछौं जस्तो लाग्यो । *प्रगतिशील लेखक संघ पोखरामा* शीर्षकमा आँखा गए । तर बिस्तृत विवरण केही रहेनछ । धेरै दिनअघि पाठक प्रतिकृयामा मैले पनि माग राखेकी थिएँ- नेपाली समाजलाई प्रभाव पार्ने स्तरयुक्त पुस्तक समीक्षा राखियोस् भनेर । ढिलो भए पनि कामको शुरूवात भएकोमा खुशी लाग्यो । इसासमा फराकिलो दृष्टिकोण हुनु आवश्यक छ । जनवादी र वैज्ञानिक संस्कृतिको निर्माणमा बाधा परेको देखिन्छ ।

पुराना जमानाका सामन्तहरू साठी नाघेपछि छोराको लोभमा जेठी, माइली, कान्छी भित्र्याउने गर्थे । ती सामन्त र मोहनविक्रम सिंहमा के भिन्नता भयो त ? सम्पूर्ण पुरूष जातिसँग मेरो प्रश्न छ । दुर्गादेवी पौडेल दिदीलाई पनि प्रश्न छ कि - तपाईंले सम्पूर्ण नारी जातिको अपमान गर्नुभएको छ- 'बूढो पोइ रोजेर' । हामी सम्पूर्ण सचेत महिलाले यस्ता प्रवृत्तिको विरोध गर्नुपर्छ ।

सुश्री विमला ढुंगाना
*रीस्कू- ७ उदयपुर ।*

## क. लामाका विचारहरू

यस अंकबारे सबभन्दा उल्लेखनीय एवं विचारणीय पक्ष स्व. क. निर्मल लामाको पछिल्ला नयाँ विचारलाई लिन सकिन्छ । आजसम्म कसैले नसोचेको यी विचारलाई व्यवहारमा ल्याउन सकेमात्र वाम शक्तिलाई ठूलो सहयोग पुग्ने देखिन्छ ।

कोलम्बियाको क्रान्तिबारे यस मासिकले पाठक वर्गलाई विस्तृत जानकारी गराउन पहल गरेकोमा धेरै धन्यवाद !

खगेन्द्र संग्रौलाले नारायण ढकालमाथि गर्नुभएको प्रहार त्यति सुपाच्य देखिन्न । यो खुट्टो तान्ने र हिलो छ्याप्ने प्रवृत्ति मात्र हो ।

- **होम,** *हाल : चरिकोट*

## गतांक : केही टीपोटहरू

*अरूण :*

अरूण आयोजनालाई अर्को जामा पहिऱ्याएर फेरि ल्याउने राष्ट्रघाती प्रयत्नबारे 'मूल्यांकन'ले ध्यानाकर्षण गरेको छ । यसबारे अरू विज्ञहरू र आम जनताको सरोकार बढ्नु जरूरी छ ।

*क्यूबाको विजय :*

बालक एलियानले घर फर्किन पाएको खबर पढ्दा खुसी लाग्यो । अमेरिकी साम्राज्यवादको एउटा हारको रूपमा यो घटना देखा परेको छ ।

*एस.एल.सी. परीक्षा :*

यस पटकको नजीजाबारे डा. विद्यानाथ कोइरालको छोटो मीठो टीप्पणीमा उहाँको ठहर के छ ? यो प्रष्ट नभएझैं लाग्यो ।

*आलोक प्रवृत्ति :*

आलोकलाई कारबाही भयो, आलोकले आत्मालोचना गरे । तर आलोक जस्तो प्रवृत्ति बोक्नेहरू पोलिटब्यूरोमा सजिलै पुग्ने प्रणाली नेपाली क.पा.हरूमा हावी हुन कहिले छाड्ला ?

*चैतन्य मिश्रको स्तंभ :*

यो शुरू हुनु एकदमै खुसीको कुरा हो । डा. मिश्र जस्तो विद्वानहरूबाट सटीक र समय सान्दर्भिक टीप्पणीहरूको आशा गर्दछु ।

*निर्मल लामाका विचारहरू :*

सरकारमा जानुपर्छ भन्ने लामाजीको विचार मननयोग्य छ । के मसाल र एकताकेन्द्रले स्वीकार्लान् ?

- रमेश श्रेष्ठ
*पाटनढोका, ललितपुर ।*


"ONE OF THE WORLD'S BEST BEERS"
SINCE 1890
San Miguel
BEER
San Miguel
SINCE 1890
San Miguel
LAGER BEER
SINCE 1890
San Miguel
PREMIUM
LAGER BEER
Nepal's Favourite Beer
San Miguel®
BEER

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

